# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' कथासङ्ग्रहमा प्रयुक्त मुख्य प्रमुख पात्रहरूको चारित्रिक अध्ययन रहेको छ ।

## १.२ शोधार्थी प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय महेन्द्र बहुमखी क्याम्पस, नेपालगन्ज मानविकी तथा समाजशास्त्र सङ्काय अन्तरगत नेपाली स्नाकोत्तर कार्यक्रम नेपाली विभागमा एम.ए दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि रहेको छ ।

## १.३ विषय परिचय

विश्वेश्वरप्रसाद कोइराला नेपाली जगतका राष्ट्रियता,समाजबाद र राजनीतिक त्रिवेणी हुन् । वि.स.१९७१ भाद्र २४ गते भारतको पवित्र तीर्थस्थल बनारसमा पिता कृष्णप्रसाद कोइराला र माता दिव्यदेवी कोइरालाका कोखवाट जन्म लिएका विश्वेश्वरप्रसाद कोइराला बहुआयामिक व्याक्तित्वका धनी मानिन्छन् । आधुनिक नेपनली कथाा फाटमा मनोवैज्ञानिक यथार्थवादी धाराको प्रर्वर्तन र सबर्द्धन उल्लेखनीय भूमिका खेलेका कोइरालाले आफ्ना कथाहरूमा सिग्मण्डफ्रायडको मनोवैज्ञानिक र चेखवको सूत्रात्मक लेखनलाई आत्मसात गरी साहित्य सिर्जना गरेको पाइन्छ ।

मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली कथाको फाँटमा ऋद्धिबहादुर मल्लको सम्पादनमा प्रकाशित 'शारदा'पत्रिकामा वि.स.१९९२ सालमा 'चन्द्रवदन' कथा प्रकाशित गरेर देखा परेका हुन् । कोइरालाका जीवन रहदा र मृत्यु पश्चातगरी दुई ओटा कथासङ्ग्रहहरू प्रकाशित। ती हुन् :'दोषी चश्मा' (२००६) र 'श्वेतभैरवी' (२०३९) । कोइराला पहिलो कथासङ्ग्रहको रुपमाप्रकाशित 'दोषी चश्मा'(२००६) कथासङ्ग्रहमा जम्मा १५ आटा कथाहरू सङ्ग्रहित रहेका छन् ।

## १.४ समस्याकथन

आधुनिक नेपाली कथाका फाँटमा मनोवैज्ञानिक यथार्थवादी धाराको श्री गणेश गर्ने सफल स्रष्टा विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' कथासङ्ग्रहहरूको बारेमा विभिन्न तवरवाट अध्ययन विश्लेषण भएपनि निम्न समस्याहरू रहेका छन् :

क) कथाकार कोइरालाको कथा यात्रा के कस्तो रहेको छ ?

ख) उनको 'दोषी चश्मा'कथासङ्ग्रहका प्रयुक्त मुख्य पात्रहरूलाई के कसरी वर्गीकरण गर्न सकिन्छ ।

ग) 'दोषी चश्मा'कथासङ्ग्रहका पात्रहरूको चरित्र के कस्तो रहेको छ ।

यिनै समस्याहरू यस शोधका मुख्य समस्या हुन् । जसको समाधानका निम्ति शोधपत्र उन्मुख रहेको छ ।

## १.५ शोधपत्रको उद्देश्य

शोधपत्रका निम्ति लिखित उद्देश्यहरू रहेका छन् :

क) कथाकार विश्वेश्वर प्रसाद कोइरालको कथाकारिता र कथायात्राको परिचय दिनु ।

ख) 'दोषी चश्मा' कथासङ्ग्रहमा प्रयुक्त पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गरी कथासङ्ग्रहमा सङ्ग्रहीत कथाहरूको समीक्षात्मक अध्ययन गर्नु ।

ग) 'दोषी चश्मा' कथासङ्ग्रहमा प्रयुक्त पात्रहरूको चारित्रिक अध्ययन गर्नु ।

## १.६ पूर्वकार्य विवरण र समीक्षा

वि.स. १९९२ मा 'शारदा' पत्रिकामा आफ्नो नेपाली कथा 'चन्द्रवदन' प्रकाशित गरी आधुनिक नेपाली कथा साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराको सूत्रपात गर्न पुगेका विश्वेश्वर प्रसाद कोइराला र उनका विविध कृतिहरूको विभिन्न सोधार्थी समालोचक एवम् पत्रपत्रिकामा विभिन्न टिकाटिप्पणी प्रकाशन भएको पाइन्छ । 'दोषी चश्मा' कथासङ्ग्रहमा रहेका कथा एवम् 'दोषी चश्मा' कथासङ्ग्रहका बारेमा समेत विभिन्न शोधार्थी विद्वान तथा समालोचकहरूले विभिन्न पुस्तक, गन्थ्र तथा पत्रपत्रिकामा विभिन्न चर्चा परिचर्चा भएको पाइन्छ । ती शोधपत्र पाठ्यपुस्तक एवम् पत्रपत्रिका अध्ययन विवरणहरूलाई क्रमिक रुपमा यसप्रकारले प्रस्तुत गरिएको छ ।

कुमार वहादुर  जोशीले आधुनिक नेपालीकथाको सेरोफेरो : एक सरसर्ती सर्वेक्षण (प्रज्ञा वर्ष १, अंक ३, २०२७) मा उल्लेख गरेका छन् - विश्वेश्वरप्रसाद कोइरालाले यौनवैज्ञानिकको आधारमा लेखिएका अध्ययन प्रस्तुत गर्नमा आफ्नैपनको नवीनता दर्शाएका छन् ।

नेपाली साहित्यका वरिष्ठ समालोचक बासुदेव त्रिपाठीले 'विचरण' (भानु प्रकाशन, २०२८, काठमाडौँ) मा कोइरालाका कथाका बारेमा चर्चा गर्दै उल्लेख गरेका छन्- कोइरालाका कथामा उच्च मध्यम र निम्नवर्गको जीवनलाई पृष्ठभूमि बनाइएको हुन्छ । समाजका विभिन्न वर्गमा मानिसहरू कोइरालाका कथाहरूमा पाइन्छन् । ती पात्रहरूमध्य कुनै शोषक र पुँजीपति हुन्छन भने कुनै शोषित पीडित पनि देखिन्छन् ।

समालोक यदुनाथ खनालले 'साहित्यिक चर्चा' साझाप्रकाशन २०३४ मा लरेन्सवाट प्रभाव ग्रहण गरेका कोइरालाका कथापात्र यौन र सामाजिक समस्याबाट ग्रसित रहेका देखिन्छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

कुमार आचार्यले आफ्नो स्नातकोत्तर शोधपत्र 'विश्वेश्वर प्रसाद 'कोइरालाको व्यक्तित्व परिचय र उनका कथा एवम् कथाकारिताको विश्लेषण र मूल्याङ्कन २०३७ मा कोइरालाले आफ्ना कथामा उच्च, माध्यम र निम्न आर्थिक स्थितिका पात्रहरूको समावेश गराएका छन् । तर ती सबै पात्रहरुलाई एउटै मानसिक रोगले सताएको छ । शोक हर्षले दुःखी सुखी तुल्याएको छ र यौन मानसिक स्तरका ती कोही पनि उचनिच देखिदैनन् भनी उल्लेख गरेका छन् । दयाराम श्रेष्ठले आफ्नो विद्यावारिधि शोधग्रन्थ 'नेपाली कथा र यथार्थवाद '२०३८ मा लेखेका छन् -कथाकार कोइरालाको विश्लेषणात्मक रुचीलाई प्रतीक प्रयोग, विचार, प्रभाव, ढाँचापरकता मनोग्रन्थि आदिले व्यापक सीमा प्रदान गरेका  छन् । 'दोषी चश्मा' कथामा आफ्नो कमजोरी ढाक छोप गर्न चश्माको दोष देखाइएको छ र त्यसैका आधारमा कथासङ्ग्रहको नामाकरण भएको छ ।

ज्ञाननिष्ठ ज्ञवालीले आफ्नो स्नातकोत्तर शोधग्रन्थ 'विश्वेश्वरप्रसाद कोइरालाका कथाका पुरुष पात्रहरूको अध्ययन' (२०५७) मा उनले कोइरालाका छब्बीस ओटा कथाका पुरुषपात्रहरूको समग्र रुपमा मात्र विश्लेषणात्मक अध्ययन गर्न खोजेको पाइन्छ ।

यसरी विभिन्न समालोचक, शोधार्थी विद्धानहरूले विभिन्न पत्रपत्रिका, पुस्तकहरू र शोधपत्रहरूमा विश्वेश्वरप्रसाद कोइरालाका कथाकारिता र उनको 'दोषी चश्मा' कथा सङ्ग्रहका वारेमा पशस्त अध्ययन र टिकाटिप्पणीहरू गरेको पाइन्छ । ती विद्वानहरू कतै नेपाली साहित्यको विश्लेषणका क्रममा त कतै कृतिगत अध्ययनकै क्रममा उक्त टिकाटिप्पणी गरेका भएपनि उक्त कार्यहरू एकपक्षीय कुनै टिप्पणी मात्रै र कुनै चाहिँ संक्षिप्त भएकाले तिनले 'दोषी चश्मा' कथासङ्ग्रहमा प्रयुक्त पात्रहरूको वर्गीकरण गरी चारित्रिक अध्ययन

समग्ररुपमा भने गर्न सकेको पाइँदैन । ती सम्पूर्ण अग्रज विद्वानहरूको अध्ययन र टिकाटिप्पणी मध्यनजर राख्दै विश्वेश्वर प्रसाद कोइरुालाको 'दोषी चश्मा' कथा सङ्ग्रहमा प्रयुक्त पात्रहरूको चारित्रिक अध्ययन गरिएको छ ।

## १.७ शोधपत्रको औचित्य र महत्व

यौन अस्तित्वलाई मूलविषय वस्तु वनाई अवचेन मनस्थितिका मानसिक क्रिया प्रतिक्रियालाई देखाउन चाहने कोइरालाका 'दोषी चश्मा' कथासङ्ग्रहका पात्रहरूको पात्रगत चारित्रिक अध्ययनका अभाव भएकाले यसको अध्ययन गर्नु नै यस शोधपत्रको औचित्य र महत्व रहेको छ ।

## १.८ शोधको क्षेत्र र सीमा

प्रस्तुतत शोधको क्षेत्र र सीमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिताका परिचय दिँदै उनका 'दोषी चश्मा' कथासङ्ग्रहमा प्रयुक्त पात्रहरूको चारित्रिक अध्ययन गर्नु रहेको छ ।

## १.९ शोधविधि

सामग्रीसङ्कलनबाट सङ्कलित सामग्रीहरूलाई सामान्यीकरण गरी व्याख्या विश्लेषण गर्न वर्णनात्मक र विश्लेषणत्मक विधिलाई अङ्गालिएको छ ।

## १.१० सामग्री सङ्कलनविधि

शोधकार्य गर्ने क्रममा सामग्रीसङ्कलन गर्नकालागि पुस्तकालयीय अध्ययन विधिलाई मूल आधार मानी सम्वन्धित विषयका पुस्तक तथा पत्रपत्रिका र विभिन्न अग्रज शोधार्थीहरूका शोधग्रन्थ अध्ययनगरी  सामग्री सङ्कलन गरिएको छ साथै सम्वन्धित विषयका अध्येता तथा लेखक एवम् गुरुवर्गहरूका साथै समालोचक आदिवाट पनि आवश्यक सल्लाह र सुझाव लिइएको छ ।

## १.११ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रुपमा प्रस्तुत गर्नका लागि शोपत्रलाई निम्न परिच्छेदहरूमा विभाजन गरिएको छ ।

परिच्छेद पहिलो : शोधपरिचय

परिच्छेद दोस्रो : कथाकार विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिता र कथायात्राको परिचय

परिच्छेद तेस्रो : 'दोषी चश्मा' कथासङ्ग्रहमा प्रयुक्त पात्रहरूको वर्गीकरण र समीक्षात्मक अध्ययन

परिच्छेद चौथो : 'दोषी चश्मा' कथासङ्ग्रहमा प्रयुक्त पात्रहरूको चरित्रिक अध्ययन

परिच्छेद पाँचौ : शोध निष्कर्ष तथा उपसंहार

# परिच्छेद दुई

# कथाकार विश्वेश्वरप्रसाद कोइरालाको कथाकारिता र कथायात्राको परिचय

## २.१ परिचय

विश्वेश्वरप्रसाद कोइराला साहित्यिक र राजनितिक व्यक्तित्व सम्पन्न विशिष्ट प्रतिभाको नाम हो । वि.स. १९७१ भाद्र २४ गते पिता कृष्णप्रसाद कोइराला र माता दिव्यादेवी कोइरालाको सुपुत्रका रुपमा भारतको पवित्र तीर्थस्थल काशीमा यिनको जन्म भएको हो । न्वारनको नाम चूडामणि कोइराला भएपनि उनका ठुलाबा कालिदासले यो बालकको नाम काशीका आदिदेवका नाममा राख्नुपर्छ भनेपछि उनी युगान्तकारी वीर पुरुष विश्वेश्वरप्रसाद कोइरालाका नामले प्रसिद्ध हुन पुगेका हुन् ।

विश्वेश्वरप्रसाद कोइरालाका बाबु कृष्णप्रसाद कोइरालाका तीन ओटी धर्मपत्नी थिए । जसमध्ये जेठीपत्नीको तर्फबाट कुनै सन्तान भएनन् । माहिली पत्नीबाट जेठा छोरा मातृकाप्रसाद कोइरालाको जन्म भएको थियो । कान्छी पत्नी दिव्याबाट विश्वेश्वरप्रसाद लगायत केशवप्रसाद, तारिणीप्रसाद, गिरिजाप्रसाद कोइरालाको जन्म भएको हो । यस अर्थमा के भन्न सकिन्छ भने विश्वेश्वरप्रसाद कोइराला आमा दिव्या कोइरालाको जेठा छोरा हुन् र बाबु कृष्णप्रसाद कोइरालाका माहिला छोरा हुन् । तौलिहवा निवासी कमलप्रसाद दाहालकी सुपुत्री शुशीला दाहालसँग विश्वेश्वरप्रसाद कोइरालाको विवाह वि.सं. १९९४ मा भएको हो । सुशीलाका बाबु स्वयं विवाहको प्रस्ताव लिएर विश्वेश्वरप्रसादका घरमा गएको कुरा आत्मवृतान्तमा उल्लेख भएबाट उनको मागी विवाह भएको पुष्टि हुन्छ ।[१] विश्वेश्वरप्रसाद कोइरालाका प्रकाश कोइरालाका, श्रीहर्ष कोइराला, र शशाङ्क कोइराला गरी तीन छोरा र चेतना नामकी एक छोरी छन् । विश्वेश्वरप्रसाद कोइरालाले वनारसको हरिचन्द्र विद्यालयबाट माध्यमिक स्तरको शिक्षा हासिल गरे भने वि.सं.१९९१ मा हिन्दुविश्वविद्यालयबाट वि.ए. उत्तीर्ण गरे र कलकत्ता विश्वविद्यालयबाट बि.एल. परीक्षा उत्तीर्ण गरे । विश्वेश्वरप्रसादलाई नेपाली, अङ्ग्रेजी, संस्कृत, हिन्दी, उर्दु, नेवारी, मैथली आदि भाषाहरूको राम्रो ज्ञान रहेको पाइन्छ ।[२] बालककालमा स्वस्थ र सुन्दर देखिने विश्वेश्वरको आकार र सौन्दर्य जस्तै प्रतिभापनि तीक्ष्ण र तीब्र थियो ।

सिग्मण्ड फ्रायडको मनोविज्ञान र चेखवको सूत्रात्मक शैलीलाई आत्मसात् गरी साहित्य सिर्जना गर्ने विश्वेश्वरप्रसाद कोइरालालाई नेपाली साहित्यका विशिष्ट प्रतिभा

१. कुमार आचार्य, विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व परिचय र उनका कथाकारिताको विश्लेषण र मूल्याङ्कन-काठमाडौं, स्नात्तकोत्तर शोधपत्र त्रि.वि कीर्तिपुर, २०३७ ) पृ. २ ।

२. नरेन्द्र चापागाई, दधिरा सुवेदी विश्वेश्वरप्रसाद कोइरालाका साहित्यको समग्र अध्ययन, (विराटनगर प्रतिभा पुस्कार २०५१) पृ.७ ।

मानिन्छ । नेपाली साहित्यका उपन्यास, कविता, निबन्ध आत्मवृतान्त आदि विधामा सफलताप्राप्त गरेपनि कोइरालाको प्रथम व्यक्तित्व कथाकारका रुपमा रहेको छ ।[३] सर्वप्रथम हिन्दीभाषामा कथा लेखन सुरु गरेर नेपालीमा वि.सं. १९९२ को शारदा पत्रिकामा प्रकाशित चन्द्रवदन कथाबाट आफ्नो कथायात्रा सुरु गरेका कोइरालाले एक रात (२०३९) कथासम्म पुगेर विश्राम लिएका हुन् ।

कथाकार विश्वेश्वरप्रसाद कोइराला प्रथम मनोविश्लेषणवादी कथाकार हुन् । गुरुप्रसाद मैनालीको नासो (वि.सं.१०९२) ले नेपाली कथामा आधुनिकताको सूत्रपात गरिएतापनि पहिलो फ्रायडवादी कथा चन्द्रवदन (वि.सं. १९९२) देखि नेपाली कथामा आधुनिकताको पूर्ण वरण भएको हो भन्ने धारणा पाइन्छ ।[४] कोइरालाका दुई कथासङ्ग्रह दोषी चश्मा (२००६) र श्वेतभैरवी (२०३९) मा सङ्कलित कथाहरूलाई हेर्दा यिनको कथाकारिता को मूल क्षेत्र मनोवैज्ञानिक यथार्थवाद नै हो । कामवासनालाई नै जीवनको मूलआधार बनाइएको यिनका कथामा दमित इच्छाले मानिसको चेतन क्रियामा पार्ने प्रभावको अतिप्रभावकारी वर्णन गरिएको पाइन्छ । रतिरागात्मक भावना र यौन समस्यालाई लिएर लेखिएका यिनका कथाका पात्रहरू यौन कुण्ठाका शिकार बन्न पुगेका छन् । यस बाहेक पनि परिचितले निर्धारण गरेको वाध्यता, व्यक्तित्वको मानसिक उतारचढाव र द्वन्द्वलाई एकातर्फ चित्रण गरिएको पाइन्छ भने अर्कोतर्फ सामाजिक असमानता, दास मनोवृत्ति, आर्थिक वाध्यताको चित्रण पनि उत्तिकै स्वभाविक रपमा गरिएको पाइन्छ ।[५]

## २.२ कथालेखनको प्रेरणा र प्रभाव

हुने विरुवाको चिल्लोपात भनेझैं वि.प्र. कोइरालाको वाल्यकालदेखि नै तीक्ष्ण बुद्धि रहेको थियो । विश्वेश्वरप्रसाद कोइरालाको वाल्यकाल बनारसमा बितेको थियो । बनारसको हरिश्चन्द्र मा.वि.मा माध्यमिक शिक्षा आर्जन गर्ने क्रममा नवौं कक्षामा अध्ययनरत रहँदा शान्तिप्रिय द्विवेदीसँग विश्वेश्वरप्रसाद कोइरालाको परिचय भएको थियो । उनै शान्त प्रिय द्विवेदीबाट बाल्यकालमा विश्वेश्वरले साहित्यिक प्रेरणा पाएका थिए । यस कुराको उल्लेख स्वयं वि.प्र. ले आफ्नो कथा (२०४०) मा प्रस्तुत गरेका छन् । स्कुलमा जब म नवौं क्लासको परीक्षाका लागि  तयारी गरिरहेको थिए, ...... परिचय जो पछि गएर प्रगाढ मैत्रीमा परिणत हुन पुग्यो । हिन्दी साहित्यमा उदयमान भइरहेका अत्यन्त भावुक हृदयका व्यक्तिसँग जसले

३. ज्ञाननिष्ट ज्ञवाली, विश्वेश्वरप्रसाद कोइरालाका पुरुष पात्रहरुको अध्ययन, (काठमाडौं अप्रकाशित शोत्र पत्र त्रि.वि त्रिचन्द्र २०५७ ) पृ. ९ ।

४. दयाराम श्रेष्ठ (सम्पादक) आधानिक नेपाली कथा पृष्ठभूमी र प्रवृति २५ वर्षका नेपाली कथा, (काठमाण्डौ : ने.रा.प्र.प्र. २०३९ ) पृ.९ ।

५. गोपीकृष्ण शर्मा र रामप्रसाद दहाल, एक भाषा अनेक साहित्य, (भोटाहिटि काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ( २०५५) पृ. ५४ ।

मेरा आँखा, मानौं साहित्यको सौन्दर्यपट्टि उघारिदिए । साहित्यको उद्यानमा निनताका म केवल भट्कीरहेको थिएँ, शायद अन्तर्चेतनामा त्यसको मनोरमतालाई अङ्कित गर्दै, तर मलाई यो थाहा थिएन कि साहित्यमा पनि कलाको त्यस्तो नियम छ, जसको अध्ययन हुन्छ र जसद्वारा मानिसको सौन्दर्य चेतना र संवेदनशीलता विस्तृत हुन्छ । कोइरालाको मनोरञ्जन पक्षमा अन्तरनिहित रहन्छ- शिल्प र शिक्षा अर्थात कलासेवी र कलाका आस्वादक दुबैसँग कलाले बौद्धिक चिन्तन र अनुशासनको माग गर्दछ, नत्र भने कलाकारले दिएको कला छिपछिपे खालको हुन्छ र त्यसको आस्वादन गर्ने रसिकको मनोरञ्जन पनि तदनुरुप अस्थायी अथवा अस्थिरमान हुन्छ । शान्तिप्रिय द्विवेदीले मेरो हात समातेर साहित्यको उद्यानमा घुमाए, त्यहाका फूलका क्यारीहरूसँग मेरो परिचय गराउँदै आफ्नो समालोचनात्मक विलक्षणताद्वारा तिनको कलात्मक गुण, दोष निरीक्षण गर्दै उनी कवि मिजासका थिए र हिन्दी बाहेक उनलाई अर्को कुनै भाषाको ज्ञान थिएन । त्यसो हुनाले गम्भीर विद्वताको कमी थियो होला उनमा जसलाई उनले स्वचिन्तनद्वारा पूरा गरेका थिए । मेरो विकसित मानस चेतनका लागि कुनै ठूलो विद्वतापूर्ण अभिभावकत्वको आवश्यकता थिएन । हुनसक्छ यदि शान्तिप्रियमा विद्वताको गम्भीरता केही अधिक मात्रामा भएको भए म त्यति सजिलै स्वभाविक रुपसँग साहित्यपट्टि प्रवृत्त हुने थिइनँ, तर्सिएर तर्किने थिए र साथै शान्तिप्रिय र ममा साख्यसम्बन्ध पनि स्थापित हुनसक्ने थिएन, जब सम्बन्धमा उनको साहित्यिक कलात्मक रुचि पारस्परिक आदानप्रदानको न्याय ममा पनि सर्न गयो ।[६]

शान्तिप्रिया द्विवेदीको प्रेरणा र प्रभावबाट प्रभावित भई कथाकार विश्वेश्वर प्रसादले वाल्यकाल देखि नै साहित्यिक यात्रा आरम्भ गरेको पाइन्छ । सुरुसुरुमा कवितातर्फ रुचि देखाएका कोइराला प्रकाशनका दृष्टिले कथाकारकै रुपमा आफ्नो परिचय स्थापित गर्न सफल भए । प्रारम्भमा विश्वेश्वरप्रसाद कोइरालाले हिन्दीका कथा लेखकका रुपमा नै आफ्नो साहित्य यात्रा थालेको पाइन्छ । यिनको प्रथम साहित्यिक कृति कथाको रुपमा 'वहाँ' हिन्दी मासिक पत्रिका 'हंस' वर्ष १ अङ्क ७ वि.सं. १९८७ माघ पृष्ठ १३ मा प्रकाशित भएछ । यो लघुकृति भए पनि कथाकृति नै हो ।[७] वि.सं. १९९२ मा ऋद्धिबहादुर मल्लको सम्पादनमा प्रकाशित 'शारदा' पत्रिकामा प्रकाशित 'चन्द्रवदन' भन्ने कथाका साथ नेपाली साहित्यमा कोइरालाको प्रवेश हुन्छ र उनी आधुनिक नेपाली कथाको मनोवैज्ञानिक क्षेत्रका अग्रणी कथाकारका रुपमा प्रतिष्ठित हुन्छन् । वि.प्र. ले वि.सं. १९९४ मा कलकत्ता विश्वविद्यालयबाट बि.एल. परीक्षा उत्तीर्ण गरेपछि वकालत गर्ने क्रममा दार्जिलिङ जाँदा उनको सम्पर्क इतिहासकार तथा

६. विश्वेश्वर प्रसाद कोइराला, आफ्नो कथा ते.स. (काठमाडौं चेतना साहित्य प्रकाशन, २०४०) पृ.१४४.४५ ।

७. तुलसी भट्टराई विश्वेश्वरप्रसाद कोइराला नेपाली वाङमयका ध्रुवतारा विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचार (जीवन चन्द्र कोइराला सम्पादक ) (काठमाण्डौ वि.पि अनुन्धिान केन्द्र २०५३ ) पृ.१० ।

समालोचक सूर्यविक्रम ज्ञवालीसँग भयो । ज्ञवालीसँगको सम्पर्कको कारण वि.प्र. को सूर्यविक्रम ज्ञवालीको सम्पादकत्वमा दार्जिलिङबाट निस्कने 'कथा कुसुम' पत्रिकामा वि.सं. १९९५ मा 'शत्रु' 'विहा' र 'सिपाही' कथाहरू प्रकाशित भए । यी कथाहरू पछि 'दोषी चश्मा' (२००६) कथासङग्रहमा सङ्ग्रहित छन् ।

कथाकार विश्वेश्वरप्रसाद बाल्यकालदेखि नै' साहित्यिक क्रियाकलापप्रति एवम् अभिरुचि राख्थे । यिनले पूर्वीय, पाश्चात्य तथा नेपाली साहित्यको गहन अध्ययन गरेका थिए । पश्चिमी चिन्तन र साहित्यको अध्ययन मनन गरेर पर्याप्त प्रभाव ग्रहण गरेका थिए । दन्त्यकथा एवम् रामायण र महाभारतका कथाहरूपनि यिनले पढेका थिए । पश्चिमी चिन्तन र साहित्यको अध्ययन मनन गरेर पर्याप्त प्रभाव ग्रहण गरेका कोइरालाले मूलतः फ्रायडका विचाररुको खोज र अध्ययनमा अभिरुचि लिएको देखिन्छ । यसका साथै रविन्द्रनथ टैगोर, शरदचन्द्र चटर्जीका कथा र उपन्यास हरूको अध्ययन गरेका विश्वेश्वरप्रसाद डार्विन र मार्क्सका विचारबाट पनि प्रभावित देखिन्छन् । मानवीय मनोलोकको यथार्थ अनुभूतिलाई कलामूल्य प्रदान गर्न सक्षम वि.प्र. ले नेपाली कथाका क्षेत्रमा नयाँ मूल्य र मान्यताहरूको खोजी गरेका छन् । मूलत : फ्रायड एडलर तथा युङ्गका सिद्धान्तहरूको अध्ययन गरेका कोइराला टल्सटाय, कर्गनेभ, गोर्की, डी . एच लरेन्स मोपाँसा र चेखवका सिद्धान्तबाट पनि प्रभावित छन् ।

यसरी विश्वेश्वरप्रसाद, कोइराला आधुनिक नेपाली कथाको यथार्थवादी र मनोवैज्ञानिक धाराका अग्रणी कथाकार मानिन्छन् । उनले मानिसका मनभित्रका अनेक थरी मसिना भावना र मनोग्रन्थिलाइ केलाउँदै कथाहरू लेखेका छन् । भने उनका कथामा विपरीत लिङ्गी नरनारीका बिचको परस्पर आकर्षण, चाहना र सम्बन्धको विषयलाई अत्यन्त शिष्ट र मर्यादित रुपमा चित्रण गरिएको हुन्छ । उनी फ्रायड, एडलर र युङ्गका सिद्धान्तबाट प्रभावित भएकाले उनका धेरैजसो कथाहरू रतिरागकेन्द्री छन् तर केही कथाहरूमा भने यो प्रवृत्ति देखिँदैन । यसका साथै उनका कथाको विषयवस्तुका रुपमा मुख्यत : नेपालका सामाजिक, आर्थिक साँस्कृतिक, राजनैतिक आदि अनेक पक्ष पनि रहेका छन् । यसो हुनुको मूलकारणमा वि.प्र. कोइराला नेपाली विविध पक्षमा घुलमिल भएर प्रत्यक्ष प्रभाव ग्रहण गरेका थिए भन्न सकिन्छ । चेखवको सूत्रात्मक लेखन शैलीलाई मुख्य रुपमा अङ्गालेका हुनाले वि.प्र. का कथामा परिपुष्ट र स्थुल कथावस्तु नभइ झिनो र पातलो हुने गर्दछ ।

शिक्षित घरायसी वातावरण, तत्कालीन, निरङ्कुश राणशासनमा समाजसुधारक बाबुको राजनीतिक देशनिकालाको फलस्वरुप उनको अन्तर हृदयमा परेको छाप अनि बनारसमा अध्ययन गर्ने सिलसिलामा विभिन्न प्रतिष्ठित व्यक्तिको सङ्गतले उनी स्वयंमा

प्रतिभा, व्युत्पत्ति र अभ्यास क्रमिक रुपमा आएको देखिन्छ । पाश्चात्य फ्रायडवादका समर्थक वि.पि. कोइराला आफ्ना कथाहरूमा यौनजस्तो विषयलाई नाङ्गो नपारी कलात्मक ढङ्गले विषयवद्ध गर्न निपूर्ण देखिन्छन् । उनी सम्पूर्ण युरोपेली प्रसिद्ध स्रष्टाहरूबाट पनि परिचित रहेको पाइन्छ ।

## २.३ व्यक्तित्व

वि.प्र. बीसौं शताब्दीका एक विशिष्ट व्यक्तित्व मानिन्छन् । वि.सं. १९७१ मा जन्मेका कोइराला आधुनिक नेपाली साहित्यका उज्वल नक्षत्र हुन् भने नेपालको राजनीतिमा समर्पित राजनीतिज्ञ हुन् । त्यसैले उनको व्यक्तित्वलाई चिनाउँदा एकातिर ख्यातिप्राप्त चर्चित साहित्यकारका रुपमा चिन्न र चिनाउन सकिन्छ भने अर्कोतिर कुशल राजनीतिज्ञको रुपमा परिचित गराउन सकिन्छ । साहित्यमा वि.प्र. सफल साहित्यिक सर्जक हुन् भने राजनीतिमा आफ्नो दृष्टिकोण प्रतिपादन गर्ने कुशल सिद्धान्तकार एवम् समयसापेक्ष दर्शन प्रस्तुत गर्ने प्रत्यक्ष भोक्ता र राजनीतिज्ञ हुन् ।[८] वि.प्र. वास्तवमै बहुमुखी प्रतिभाशाली, असाधारण व्यक्तित्वका धनी थिए । यहाँ यिनै बहुआयमिक व्यक्तिका धनी वि.प्र. को विभिन्न व्यक्तित्व पक्षलाई संक्षेपमा अध्ययन विश्लेषण गर्न खोजिएको छ ।

### २.३.१ साहित्यिक व्यक्तित्व

आधुनिक नेपाली साहित्यको क्षेत्रमा वि.प्र. को साहित्यिक व्यक्तित्वलाई द्रष्टा र स्रष्टा पनि व्यक्तित्वका दुई रुपबाट हेर्न सकिन्छ । अर्थात् वि.प्र. कोइराला नेपाली साहित्यिक स्रष्टा मात्र होइनन् द्रष्टा पनि हुन् । लेखक मात्र होइनन्  आलोचक पनि हुन् ।[९] तर आलेचक कोइराला लेखक कोइराला भन्दा कम सक्रिय छन् । उनको लेखको व्यक्तित्व आलोचक व्यक्तित्वका तुलनामा अधिक शक्तिशाली र अग्रणी छ ।

#### २.३.१.१ स्रष्टा व्यक्तित्व

वि.प्र. कोइरालालाई साहित्यिक व्यक्तित्व अन्तर्गतको स्रष्टा व्यक्तित्वलाई अध्ययन विश्लेषण गर्दा कथाकार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, कवि व्यक्तित्व, आत्मवृतान्त तथा निबन्ध लेखक व्यक्तित्वको रुपमालिन सकिन्छ ।

---

८. ज्ञाननिष्ठ ज्ञवाली आख्यानकार विश्वेश्वर प्रसाद कोइराला कथाखण्ड प्रर्दशनी मार्ग, (काठमाडौँ : हजुरको प्रकाशन प्रा.ली., २०६१) पृ.२३ ।

९. कुमार आचार्य विश्वेश्वरप्रसाद कोइरालको, व्यक्तित्व उनका कथा एवम् कथाकारिताको विश्लेषण र मूल्याङ्कन पूर्ववत् पृ.७ ।

### २.३.१.१.१ कथाकार व्यक्तित्व

साहित्यकार वि.प्र. कोइरालाको प्रथम व्यक्तित्व कथाकारको हो । उनी आधुनिक नेपाली कथाको नेतृत्वकर्ता हुन् । शारदासँग झुल्केको आधुनिक नेपाली कथाको प्रथम प्रहरको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइराला नेपाली कथाको सर्वाधिक गतिशीलताका सङ्केतक हुन् ।[१०] भारतको वनारसमा जन्म भएको र त्यही बाल्यकाल बितेको साथै माध्यमिक देखि उच्चतहसम्मको अध्ययनपनि भारतमै भएको, साहित्य लेखनको प्रेरणा पनि भारतीय समालोचक शान्तिप्रिय द्विवेदीबाट प्राप्त गरेका वि.प्र. कोइरालामा सुरुमा हिन्दी भाषाको प्रभाव परेको थियो । फलस्वरुप यिनले कथाक्षेत्रमा कथालेखनको प्रारम्भ सुरुमा हिन्दी भाषामै गरे यिनको प्रथम कथा 'वहाँ' हो । यो कथा वि.सं. १९८७ मा वनारसबाट प्रकाशित हुने हंस नामक पत्रिकामा छापिएको थियो, जुन हिन्दी भाषामै लेखिएको थियो । हिन्दी भाषामा प्रकाशित यिनका अन्य कथाहरू हुन् 'पथिक' (१९७८), मैयादाइ (१९८८),'अपनी तरह' (१९८८) ।

कथा क्षेत्रमा सुरुमा हिन्दी भाषाका कथामा कलम चलाएका कथाकार वि.प्र. कोइरालाको नेपाली भाषाको पहिलो कथा 'चन्द्रवदन' हो । यो कथा वि.सं. १९९२ मा शारदा पत्रिकामा प्रकाशन भएको थियो । शारदा पत्रिका मार्फत 'चन्द्रवदन' कथा लिएर आधुनिक नेपाली कथा जगत्मा उदाएका वि.प्र. कोइरालाले आफ्नो जीवनकालमा नेपाली कथा साहित्यलाई २६ वटा मौलिक कथा दिएका हुन् । कथा ग्रन्थका रुपमा स्रोहवटा मौलिक कथा सङ्ग्रहीत भएको 'दाषी चश्मा' (२००६) र चारवटा कथाहरू सङ्ग्रहीत भएको 'श्वेतभैरवी' (२०३९) कथासङ्ग्रह प्रकाशित भएका छन् । विश्वेश्वरप्रसाद कोइरालाका कथा सङ्ग्रहमा सङ्ग्रहीत भएका कथा र विभिन्न पत्रपत्रिकामा प्रकाशित अन्य कथाहरू हुन्- 'चन्द्रवदन' 'विहा' 'शत्रु' 'सिपाही', 'प्रेम' 'पहिलो' 'कर्नेलको घोडा' 'पवित्रा' 'कथा', 'पुस्तक' 'स्कुलमास्टर' 'सखी' 'स्वेटर', 'वौलाहा' 'रिक्सा तान्ने', 'सान्नानी' ''राइटरबाजे', 'एकरात' र श्वेतभैरवी' ।

यी कथाका माध्यमबाट विश्वेश्वरप्रसाद कोइराला नयाँ विषय, नयाँ युगचेतना र नयाँ कलाका कथाकारका रुपमा प्रतिष्ठित छन् । यिनले आधुनिक नेपाली कथामा खासगरी फ्रायडवादी ढाँचामा सर्वप्रथम मनोवैज्ञानिक यथार्थवादी कथाको थालनी र विकाश गरेको देखन्छ । मूलत : पश्चिमी प्रभाव र राष्ट्रिय सन्दर्भमा नेपाली कथाको जग बसाल्ने मध्ये कोइराला पनि एक मानिन्छन् । उनको कथाकारिताको बारेमा यतो टिप्पणी पनि गर्न सकिन्छ । अन्तरमनका प्रवृत्तिहरू विशेषत : रतिरागका सन्दर्भमा उहाँका कथाहरू लेखिएका

---

१०. वासुदेव त्रिपाठी, विचरण, (काठमाण्डौ भानु प्रकाशन २०२८) पृ. ५३ ।

छन् । वहाँ यस फाँटमा अग्रणी कथाकार मानिनु भएको छ तर सामाजिक कार्य र सहानुभुतिहरूपनि उहाँका कथामा पर्न्यात पाइन्छन् । कथानकहीन कथा र बोलचालको भाषाका यथार्थवादी कथाका दृष्टिले पनि कोइराला अग्रगण्य हुनुहुन्छ ।[११] कोइराला मनोवैज्ञानिक कथालेखनको प्रवर्तन र प्रवर्धनकर्ताका रुपमा परिचित छन् । यिनका कथाले मानववादी युगचिन्तनको सेरोफेरोमा समाजका गलत परम्परा, रुढिगत प्रचलन, धार्मिक सांस्कृतिक कट्टरतालाई सामाजिक परिवेशको रुपमा स्वीकारेका छन् । उनका प्रत्येक कथाले मानववादी जीवनदर्शन प्रस्तुत गर्दछन् र सामाजिक कुरीति तथा विकृतिप्रति कलापूर्ण असहमति वा व्यङ्ग्य जाहेर गर्दछन् । वि.प्र.का प्राय : कथाहरू चरित्र प्रधान भएकाले कथामा सूक्ष्मता, सरलता, गम्भीरता र स्वाभिकता रहेको पाइन्छ । जुन विशेषत : उनका समकालीनहरूमा पाइँदैन । कथामा पात्रको अचेतन अवस्थाबाट सिर्जित मनोभावलाई विश्लेषण गर्ने कथाकार कोइरालाका कथाहरू पाश्चात्य कथाकार चेखवसँग तुलनीय रहेका छन् । छोटो भनाइले मुटुलाई च्वाट्ट छुन भने सक्ने विशिष्ट कलाको प्रयोगमा कोइराला सफल सावित भएका छन् ।

विश्वेश्वरप्रसाद कोइरालाका कथा संरचनालाई हेर्दा कथावस्तुमा मुख्यत : फ्रायडवादी सिद्धान्त अन्तरगत मानवजीवनमा यौनशक्तिको भूमिकामा जोड दिइएको पाइन्छ ।[१२] आफ्ना अधिकांश कथाहरूमा यौनको मर्यादित सीमाभित्र रही भित्री मान्छेको वास्तविक अनुहारलाई स्पष्ट रुपमा देखाउन सक्ने फ्रायडवादी कथाकार सार्वभौमिक पात्रको प्रयोगकर्ताको रुपमा देखिन्छन् । यिनका कथा सीमित परिवेश र जातिको धेराभित्र बाँचेका छैनन् । सिङ्गो समाजलाई नै समेट्न सक्ने यिनका पात्रहरू विशाल परिवेशमा हुर्कन पाएका छन् । यिनकापात्रहरू राष्ट्रिय परिवेशमा मात्र होइनन् अन्तर्राष्ट्रिय परिवेशमा पनि भेट्न सकिन्छ । कथाकार व्यक्तित्वमा कोइरालाको कथागत कार्यकरणको श्रृङ्खला तयार पार्न कोइरालालाई फ्रायडवादी मनोविश्लेषण इव्सेनको नारी समस्यागत दृष्टि, चेखवको शैली तथा कामको अस्तित्वादी चिन्तनले प्रभावकारी भूमिका लेखेका छन् ।[१३] आधुनिक नेपाली कथामा मौलिक विषय, प्रस्तुति र वस्तुको संयोजन गरी कथा लेखेर आफ्नो छुट्टै अस्तित्व कायम गर्न सफलकथाकार कोइराला विदेशी कथाकारहरू चेखव, तुर्गनेभ, मोपाँसा, डी. एच लरेन्स इव्सेन आदिबाट प्रभावित भएपनि उनका नेपाली कथाहरूमा शैली र आत्मा दुबै नेपाली छन् ।

---

११. घट्टराज भट्टराई प्रतिभै प्रतिभा र नेपाली साहित्य, (काठमाण्डौ एकता वुक्स डिष्ट्रिव्यूटर्स प्रा.ली. २०५१ ) पृ.२४१ ।

१२. दयाराम श्रेष्ठ (सम्पादक) नेपाली कथा भाग ४ दास्रो संस्करण (ललितपुर साझा प्रकाशन २०६०)पृ.५७ ।

१३. गोपीकृष्ण शर्मा र रामप्रसाद दहाल एक भाषा अनेक साहित्य रामदहाल राकेश, नेपाली साहित्य ,विभिन्न साझा प्रकाशन २०५५) पृ.११९ ।

आधुनिक नेपाली कथाजगमा प्रथम मनोवैज्ञानिक कथाकारका रुपमा कोइराला स्थापित हुन पुगेका छन् ।

### २.३.१.१.२ उपन्यासकार व्यक्तित्व

आधुनिक नेपाली कथा जगत्मा मनोविश्लेषणवादी कथाकारका रुपमा स्थापित वि.प्र. कोइराला आधुनिक नेपाली उपन्यासका  क्षेत्रमा वैचारिक उपन्यासकारका रुपमा चर्चित भएका छन् ।  वि.प्र. कोइरालाको उपन्यासकारका व्यक्तित्व साहित्यिक योगदानका क्रममा दोस्रो महत्वको रुपमा देखिन्छ । ‘‘उपन्यासकारका रुपमा यिनको व्यक्तित्व विशाल वटवृक्षको जस्तो रहेको छ । उनी एक लोकप्रिय र लब्ध प्रतिष्ठित उपन्यासकारका रुपमा परिचित छन् ।[१४] वि.प्र. कोइरालाले १०१७ देखि २०२५ सालसम्माको जेल जीवनमा रचना गरेका ६ ओटा उपन्यासहरू रहेका छन् । वि.प्र. कोइरालाका उपन्यासलाई प्रकाशनका आधारमा निम्न अनुसार देखाउन सकिन्छ ।

१) तीन घुम्ती (२०२५)

२) नरेन्द्र दाइ (२०२६)

३) सुम्निमा (२०२७)

४) मोदिआइन (२०३६)

५) हिटलर र यहुदी (२०४०)

६) बाबु आमा र छोरा (२०४५)

विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना ६ ओटा उपन्यासहरूमा मानवीय समस्या, नियति, चिन्तन र अस्तित्वलाई महत्वपूर्ण स्थान दिएका छन् । यसका साथै कलामा हुनुपर्ने नित्यनवीनता र विशेष मार्गदर्शन पनि यिनका उपन्यासहरूमा पाइन्छन् । वि.प्र. कोइराला लघु र मध्यम आकारका उपन्यास लेख्ने उपन्यासकार हुन् । कोइरालाले आफ्ना उपन्यासहरूमा निजी अनभूतिहरूलाई पनि समावेश गरेर त्यसलाई वर्तमान समय सन्दर्भसँग जोडेका छन् । यौन र अस्तित्वलाई मूल विषयवस्तु बनाइ देखाउन चाहने यिनले आफ्ना पात्रहरूको छनौट मनोरोगी, सुरहराएका चिन्ताले भरिएका राख्दछन् । मनोविश्लेषणवादी उपन्यासकार भएकाले यिनका साहित्यको अस्तित्वलाई सिद्धान्तको रुपमा प्रयोग गरेका छन् । कोइरालाको अस्तित्ववाद मूलरुपमा व्यक्तिकेन्द्रित भएकाले व्यक्तिलाई महत्वदिने धारणामा आधारित रहेको छ । कोइराला नारी - विषयप्रधान उपन्यासकार भएकाले यिनका उपन्यासमा

---

१४. रामदयाल, राकेश, नेपाली साहित्य, साझा प्रकाशन, २०५५, पृष्ठ ११९ ।

नारी माथिको शोषण, उत्पीडन, तिरस्कार यातनाजस्ता पीडाजन्य अवस्थामै रहेका भन्दा पनि नारी आस्मिताका पक्षमा आवाज उठाउने स्वतन्त्र नारी पात्रहरू रहेका छन् । यिनका नारीपात्रहरूले आत्मविश्वासी, स्वतन्त्र र स्वावलम्बी भएर बाच्न मनपराएको देखिन्छ ।[१५] कोइरालाका ६ ओटै उपन्यास विशेषत : नारी समस्या, मानवीय नियति, शरीर र आत्माको सङ्गमका रुपमा प्राप्त जीवन सार्थकता र मानव हैसियतलाई कलामूल्य प्रदान गरेका छन् । सामाजिक यथार्थतालाई पूर्ववर्ती उपन्यासकरहरूको, जिम्मा लगाएर, परम्परागत मूल्य र मान्यता भताभुङ्ग पारेर नयाँ नयाँ सम्भावनाहरूको अन्वेषण गर्दै विश्लेषणात्मक शैलीले नेपाली उपन्यास जगतलाई गतिशील बनाउँदै मनोविश्लेषण र अस्तित्ववादी विचारको एकै ठाउँमा सहज चित्रण गर्नु कोइरालाको औपन्यासिक विशेषता हुन् ।[१६] कोइरालाका उपन्यासमा जीवन समस्या जीवन चिन्ताले जुन सहज उत्कृष्ट कलाकारी प्राप्त गरेको छ । त्यो उचाइ अन्य उपन्यासकारका उपन्यासहरूमा कमै पाइन्छ । कलामा नित्यनवीनता र विशेष मार्गदर्शनको अपेक्षा राख्ने कोइरालाले उपन्यासका माध्यमबाट यही सङ्कल्प पूरा गरेका छन् ।[१७]

वि.प्र. कोइरालाको जन्म प्रथम उपन्यास 'तीन घुम्ती' (२०२५) उपन्यासमा नायिका इन्द्रमायाले लिएका उसका जीवनका तीनवटा निर्णयहरूलाई उपन्यासको कलामार्फत अत्यन्त सुन्दर ढङ्गले चित्रण गरिएको छ । नायिका इन्द्रमायाले लिएको पहिलो निर्णय भनेको आफ्नो समाज र बाबुआमाको इच्छा विपरीत जीवनको इच्छा विपरीत आफू प्रेमिका बनेको र पीताम्बरलाइ प्रेमी छनौट गरेकी छन् । इन्द्रमायाले सामाजिक मर्यादा र आदर्शलाई गलतमान्दै आफ्नो जीवनको बाटो आफैं खन्नुपर्ने मान्यता अगाडि सारेको पाइन्छ । उसले जीवनमा आफ्नो भविष्यको लागि आफै यात्राको तयार गर्नुपर्ने सन्देश दिन खोजेको बुझिन्छ । इन्द्रमायाको जीवन पहिलो घुम्ती भनेको उसले समाज र अभिभावकको इच्छा विपरीत पीताम्बरलाई रोज्नु हो । यस्तै गरी इनद्रमाया पीताम्बरको प्रेमिका भइसकेपछि उसको जीवनमा आउने अर्को महत्वपूर्ण घुम्ती पत्नीत्व हो इन्द्रमायाले पीताम्बरलाई अवलम्वन गरेपछि स्वेच्छाले प्रेमिका त बनेकी थिई तर पीताम्बरको जेल जीवनले उसमा रहेको पत्नीत्वको अभाव महसुस हुन पुग्यो । त्यसमा पनि उसको प्रभाव पार्ने दोस्रो मूल चरणका रुपमा पत्नीत्वलाई देखाइएको छ । इन्द्रमायामा एषणाको माग पूरा हुन त सकेन त्यसमा पनि उसको दमित यौनावेगको जैविक प्रक्रिया त अपूरा नै रहन पुग्यो । त्यसैको क्षतिपूर्ति गराउनु

१५. ज्ञाननिष्ट ज्ञवाली, आख्यानकार विश्वेश्वर प्रसाद कोइराला कथाखण्ड पूर्ववत् पृ.७ ।

१६. भूपति दकाल, विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरुमा विचार पक्ष (पोखरा : जय नेपाल प्रकाशन २०५६) पृ.३५० ।

१७. हरिप्रसाद शर्मा, विश्वेश्वर प्रंसाद कोइरालाको साहित्यिक व्यक्तित्व गरिमा (वर्ष १०,अङ्क ८ पूर्णङ्क ११७,२०४९) पृ. ११.१२ ।

पनि व्यक्तिको नैसर्गिक जैविक अधिकार थियो । त्यो अधिकारलाई इन्द्रमायाले रमेशबाट पूरा गरी रमेशसित पत्नीत्व ग्रहणगर्नु पनि सामाजिक र सांस्कृतिक विद्रोह थियो । मान्छे आफ्नो कामवासना पूरा गर्न दमित यौन चाहना पूरागर्न पति धेरै विद्रोह गर्न सक्दो रहेछ भन्ने मनोवैज्ञानिक यथार्थलाई इन्द्रमायाका दोस्रो निर्णयले पुष्टि गरेको छ । त्यसैगरी उपन्यासमा अर्को उल्लेखनीय र अन्तिम घुम्ती भनेको इन्द्रमायाको तेस्रो निर्णय हो । इन्द्रमायाले पीताम्बर जेलबाट मुक्त भएर आएपछि अर्को महत्वपूर्ण निर्णय लिन पुग्छे त्यो पीताम्बरलाई त्याग्दै रमेशसितको सम्पर्कबाट जन्मेकी छोरीलाई कि मलाई छोड्ने भनी दुईओटा बाटो खुला गरिदिन्छ । त्यसको निर्णयगर्ने जिम्मा इन्द्रमाया आएपछि उसले आमा बन्ने निर्णय गर्छे । इन्द्रमायामा रहेको मातृत्व वात्सल्य प्रेम एषणालाई सो समयमा प्रभाव पारेको देखिन्छ । यदि इन्द्रमायाले छोरीलाई त्यागेर पीताम्बरलाई लिएकी भए उस भित्रको मातृत्व स्थानले धिक्कार गर्थ्यो ।  त्यसो नगरी उसले आमा बनेकी अवस्थालाई एउटी नारीले त्याग्न सक्दैन भन्ने कुराको पुष्टि गरेकी छ । यो उसको निर्णय उपन्यास तथा उसको जीवनको तेस्रो घुम्ती हो । यसरी उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला तीन घुम्ती उपन्यासका माध्यमबाट जातिय र सामाजिक विद्रोह गरी पीताम्बरलाई आफ्नो इच्छाले प्रेमी मानेर आफू प्रेमिका बन्ने निर्णय, पीताम्बर जेलमा लामोसमयसम्म बसेपछि पत्नीत्वको पुराणका लागि रमेशसितको शारीरिक सम्बन्ध राख्ने निर्णय र अन्तमा पीताम्बरलाई छाडेर भएपनि आफूले जन्माएकी छोरीलाई लिएर आमाको भूमिकालाई अहम्स्थान दिने तेस्रो निर्णय लिएको देखिन्छ ।

'नरेन्द्रदाइ' कोइरालाको दोस्रो महत्वपूर्ण उपन्यास हो । यो नारीमूल विचार प्रधान उपन्यास हो । प्रस्तुत 'नरेन्द्रदाइ' उपन्यासमा दैहिक र आत्मिक प्रेमको प्रतीक नरेन्द्र, मुनरिया र गौरीका माध्यमबाट त्रिकोणात्मक प्रेमको अभिव्यक्ति गर्ने क्रममा नियति र परिस्थितिको चक्रमा पेलिएका पात्रहरू प्रस्तुत गर्दै अस्तित्ववादी विचार र तियतिवादी विचारको आफ्नै मौलिक भावभूमि प्रयोग भएको छ ।[१८] नरेन्द्रले गौरीमा पुष्ट शरीरको चाह राखेको थियो तर त्यस अनुसारको पुष्टता नपाएपछि मुनरियासित प्रेम गर्न तम्सेको कारण मनोदुर्वलता र यौन दुर्वलताको प्रस्तुति भएको छ ।

गौरी शारीरिक रुपमा विकसित हुननसकेपनि मानसिक रुपमा तीव्रचेत भएकी गौरीमा अध्यात्म चेतको राम्रो प्रभाव परेको देखिन्छ । गौरीमा ग्लानि, पीका, व्यथा र छटपटी रहेको पाइन्छ । त्यस्तै नरेन्द्रप्रति सधवा र विधवाको पोसाकमा रहनु, सानो बाबुलाई अँठ्याएर चुम्बन गर्नु भावुक चिठी लेखी मनका तहलाई धुने प्रयत्न गर्नु जस्ता क्रियाकलापले

१८. काशीराम देवकोटा, अख्यानकार विश्वेश्वरप्रसाद कोइरालाको कथा र उपन्यासको विश्लेषण (काठमाडौं : लुम्बिनी प्रकाशन,२०६५) पृ.२०५ ।

गौरीको अध्ययन भएको छ । नरेन्द्रले मुनरियालाई लिएर  जाँदा विद्रोह नगरी भित्रभित्रै पीडा सहेर वाँच्न सक्ने सहनशील स्वभावले उसको मानसिक संरचना निर्माण भएकासे छ । गौरी र मुनरिया दुवैमा शारीरिक आनन्दको ईच्छा हुँदाहुँदै पनि गौरीमा सामाजिक चेतनाको प्रभाव र मुनरियामा अचेतन मनको प्रभावमा उसको मन बाधिएको छ । मुनरियामा व्यक्तिगत यौनानन्दमा लिप्त हुने मानसिक संरचना पाइन्छ । मुनरिया प्रकृतिवादी जैविक चाहनाले ग्रसित मानसिक संरचना भएकी नारी हो । मुनरियामा परपीडनग्रन्थि रहेको छ । [१९]

उपन्याससकार कोइरालाको चौथो उपन्यास 'सुम्निमा' मा आध्यत्मिक र भौतिक तत्वको सङगमबाटै मानवजीवन सार्थक बन्न सक्छ भने विचार प्रस्तुत भएको पाइन्छ । प्रस्तुत उपन्यासमा मनोविश्लेषण भन्दाबढी आध्यात्मिक र भौतिक दर्शनको द्वन्द्व पैदा गर्ने प्रयोजनले प्रयोग गरिएका वेजोड तर्कहरू छन् । यसमा आर्य र किराँत संस्कृतिका विचमा विचार तथा विमर्श प्रस्तुत गरिएको छ । यसमा चित्रित किराँत सभ्यताले भौतिकवादी प्रवृत्तिको प्रतिनिधित्व गरेका छन् । शरीर र अध्यात्मको समन्वयद्वारा मानवजीवनलाई अभिव्यक्त गर्नु सुम्निमाको मूलभाव हो । उपन्यासमा देहवाद र आत्मवादको वैचारिक द्वन्द्व नै मूलरुपमा आएको छ । कोइरालाले देह र आत्माको समन्वय विना आदर्श र यथार्थको संयोगलाइ सिङ्गो मानव जीवनको शक्ति र सीमा मान्दछन् । आर्य र अनार्यबीचको दर्शन एकअर्का विना अधुरो रहेको र समन्वय पछि मात्र जीवनको सार्थकता प्राप्त हुने दर्शन लाई यस उपन्यासमा तार्किक रुपले स्थापित गरिएको छ । उपन्यासकार कोइरालाले विभिन्न विवादका विषयहरूलाई पनि समन्वयनमा ल्याएर मानव जीवनमा समन्वयको नै महत्वपूर्ण भूमिका रहनेकुरा बताएका छन् ।  चौथो उपन्यास 'मोदिआइन' ले इतिहासले भन्न नसकेका र शास्त्रले किट्न नसकेका कुरालाई पनि साहित्यले किटान गर्दोरहेछ भन्ने कुराको व्याख्या गरेको  पाइन्छ । मान्छेलाई मान्छे वन्न र ईश्वरलाई मान्छेमाथि नयाँ दर्शन र तर्क नथुपार्न आग्रह गरिएको मोदिआइन उपन्यासको चिन्तन प्रणालीलाई मानवतावादको सापेक्षतामा रहेर हेर्दा औचित्यपूर्ण मानिन्छ । त्यसैगरी युगीन सत्यको आधारलाई समयान्तरमा व्याख्या गर्नुपर्छ भन्ने चिन्तन यसमा कोइरालाले गरेका छन् । मोदिआइन उपन्यासमा महाभारतमा कृष्णले अर्जुनलाई युद्ध गर्नु कर्तव्य हो र यो सत्यको पक्षमा छ भनेको तर्क माथि खिल्ली उडाउँछ लाखौ विधवा नारीको पीडित स्वरलाई उद्घटित गरिएको छ । यस उपन्यासको मूलमर्म पाठकलाई एकपटक  दर्शनमा  डुवाउनु र त्यसपछि आफूलाई छाम्न  वाध्य गराउनु  रहेको

१९. पूर्ववत्, पृष्ठ २१५ ।

देखिन्छ । धर्मका नाममा पापगर्नु  सवैभन्दा ठुलो पाप हो भन्ने विचार प्रस्तुत उपन्यासमा गरिएको छ ।

यात्रा स्मरणात्मक जस्तो प्रतीत हुने वि.प्र.को पाँचौ उपन्यास 'हिटलर र यहुदी' मानवमूलक वैचारिक उपन्यास हो । यस उपन्यासको मूल आधार युद्धजन्य घटना छन् । भने प्रस्तुतिको आधार यात्रा वर्णन र सहयात्रीसंगको विमर्श रहेको छ । ऐतिहासिक मानवसंहारक वनेको हिटलरलाई मुख्य पात्र बनाएपनि उसको वर्णनयत्र यस कृतिमा पाइन्छ । अप्रत्यक्ष रुपमा पात्र बनेको हिटलर उपन्यासको भन्दापनि युद्धकाली नसंहारक घटनाको मूल पात्र हो । 'हिटलर र यहुदी' उपन्यास गीता दर्शनमा आधारित रहेको छ । आफ्नो  हैसियत नभुली मानिसले काम गर्न र असल बन्न सके मानव समाजमा शान्ति र समुन्नति कायम गर्न सकिन्छ भन्ने यसको मूल आसय देखिन्छ । प्रकाशनका दृष्टिले अन्तिम उपन्यास अर्थात कोइरालाको छैटौं उपन्यास मानवअस्तित्वको खोजकालागि विसङ्गतिको प्रस्तुति हो । यस उपन्यासमा कहाँनिर मानव अस्तित्व पाइन्छ त भन्ने अवस्था सिर्जना भएको देखाइएको छ । विसङ्गति वोधपछि मात्रै अस्तित्वको वोध गर्न सकिन्छ भन्ने दृष्टिबाट 'बाबु आमा र छोरा' उपन्यासलाई विश्लेषण गर्न सकिन्छ ।  एउटी नारी एउटै पुरुषको चित्रण यसमा गरिएको छ । जीवन नियतिले डोऱ्याएको गोरेटोमा अघि बढ्छ । जीवनमा जे जस्ता घटनाहरू घट्छन् । ती सबै नियतिले गर्दा घट्ने हुन् । मानव जीवनमा हाम्रो केहीपनि हात नहुने, सबै कुरा भाग्यको खेल हो । हाम्रो भाग्य र नियतिले डोऱ्याएको बाटोमा हिड्नेकाम मात्र हाम्रो हो भन्ने यथार्थता प्रस्तुत उपन्यासले दर्शाएको छ ।

समष्टिगत रुपमा कोइरालाका उपन्यासहरूको अध्ययन गर्दा उनका उपन्यासमा मूलरुपमा वैचारिक भावना प्रवल रुपमा आएको देखिन्छ । भने उपन्यासमा नियतिवाद, अस्तित्ववाद, विसङ्गतिवाद,समाजचित्रण, समन्वयवाद, सांस्कृतिक वोध र व्यक्तिगत स्वतन्त्रताका पक्षमा उपन्यासहरूले राम्रो स्थान हासिल गरेको पाइन्छ ।

### २.३.१.१.३ कवि व्यक्तित्व

आफ्नो साहित्य सिर्जनाका क्रममा सर्वप्रथम हिन्दीभाषामा गद्य कविता बाट साहित्यिक जीवनको सुरुवात गर्ने वि.पि. कोइरालाका झण्डै एक दर्जन जति कविताहरू प्रकाशित भएका छन् । यिनको कवि व्यक्तित्व कथाकार र उपन्यासकार जस्तै श्रेष्ठ नभएपनि श्रेष्ठ व्यक्तित्व हो । जीवनको अनन्त ज्वालाबाट टिपेको शब्दमा बाँधिन सकेको भावनाको नाजुक फिलिङ्गो जसले निहित अर्थको सङ्केत हाम्रो चेतनामा झल्काउँछ त्यो  नै कविता हो भन्ने वि.प्र.को "मैले कविता लेखिन र मेरो त्यो उद्देश्य पनि रहन सकेन । यद्यपि मलाई कविता असाध्य मनपर्छ ममा ध्वनिगत असर नपरेकाले लयको प्रतीक कविता मैले लेखैं हुँला ती खास कविता

उपलब्धि होइनन् । मेरा रचनाहरू तस्वीर कोरिएजस्ता हुनुले पनि म कविता लेख्न सक्तिन भन्ने कुरा प्रमाणित गर्छु । कविता सङ्ग्रह मैले छपाइन यदि छपाएको भएपनि मलाई त्यो गौरवको विषय हुने थिएन'' [२०] भन्ने आत्मस्वीकृतिबाटै पनि कवि वि.प्र. कविताका क्षेत्रमा सशक्त हुन नसकेको बुझिन्छ । कथा, उपन्यासको शिल्पमा अतुलनीय कोइराला आफ्नो कविता शिल्पदेखि असन्तुष्ट देखिन्छन् । कविताको भाषा, शैली र चिन्तन चेतनामा उनी प्रयोगवादी अ‍ात नवस्वच्छतावादी तथा प्रतीकवादी र अतियथार्थवादी रुपमा देखापरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाका प्रकाशित केही कविताहरू यस प्रकार छन् :

(क) बम्बई के प्रति (वि.सं. १९८७, हंस)

(ख) पोखरा (वि.सं. २०२५, पुजा)

(ग) बारीको कुरो (वि.सं.२०२६) सिउँडी)

(घ) विष्टा पुष्प (वि.सं.२०२६, सिउँडी)

(ङ) बगरको घोचो (वि.सं.२०२६, छहरा)

च) छोरी छाँया वि.सं. २०२७, कल्पना त्रैमासिक)

छ) एक सन्धि : एक सम्झौता (वि.सं.२०२९, नेपाल)

(ज) नखिचिएको तस्वीर सुन्दर (वि.सं.२०४३, बिहान)

(झ) बादल गोल गोला, कोमल कोमल (वि.सं.२०३९, एकता)

(ञ) वर्षाले पोतेको दृष्य (वि.सं.२०४३, राजधानी)

(ट) कोशी कौशिकी (वि.सं.२०४७, नेपाल पुकार)

(ड)टाढाको कल्पना (वि.सं. २०५२, मधुपर्क)

यी कविताहरूमा अध्ययनका आधारमा प्रेम चाहना, रतिरागमूलक विषय, प्राकृतिक, पौराणिक लोक कथात्मक र यौनमनोवैज्ञानिक देश्य विम्बको प्रयोग सरल अर्थपूर्ण शीर्षक चयन, प्रकृति चित्रण, आदि यिनका कविताका प्रवृत्तिहरू हुन भन्न सकिन्छ ।

### २.३.१.१.४ आत्मवृत्तान्तकार व्यत्तित्व

विश्वेश्वरप्रसाद कोइराला आत्मवृत्तान्त लेखनमा पनि नेपाली साहित्यमा अग्रस्थानमा रहेका छन् । यिनका आत्मवृत्तान्तमा आफ्ना जीवनका अनेक पक्षहरू समाविष्ट छन् । वि.प्र. को वि.सं २०२१/२०२२ तिर सुन्दरीजल वन्दीगृह मा रहेका बेला लेखिएको 'आफ्नो कथा' (२०४०) आत्मवृत्तान्तमा कोइराला परिवार मकवानपुरमा आई बसेको र त्यसै वंशमा दामोदर

---

२०. जीवनचन्द्र कोइराला (सम्पादन) विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा (काठमाडौं वी.पी. अनुसन्धान तथा सेवा केन्द्र २०५३ ) पृ. ४२८ ।

नाउँका व्यक्ति त्यहाँ राज्यको काजी पदमा रहेर ठुलो ख्याति कमाएको अनि त्यही कोइराला वंश उपत्यका देखि पुर्वी इलाकामा पर्ने दुम्जा डाँडामा आई वसोवास गर्न थालेको सङ्क्षिप्त पुष्टभूमि र कोइरालाका हजुरवा नन्दीकेशरको  उपस्थिति गराएदेखि आरम्भ भएको र आफ्ना पिताको राजनीतिक प्रवासी जीवनको वृत्तान्त दिँदै "स्कुलमा  पढ्दा अध्यात्ममा भावुक रहस्यवादी, साहित्यमा छायावादी रोमान्चकारी र राजनीतिमा गान्धीको आदर्शवादी थिएँ म"[२१] । भनेर आफ्नो जीवनको वृत्तान्त लेखी अन्तगरेको पाइन्छ । वि.प्र. का अन्य दुइ महत्वपूर्ण कृति 'जेलजर्नल' (२०५४)  र 'आत्मवृत्तान्त' (२०५५) हुन् । यी मध्य आत्मवृत्तान्त कोइराला स्वयमले लेखेको नभई टेपरेकर्डबाट साभार गरिएको हो भने 'जेलजर्नल' चाँहि दैनिक पञ्जिकका रुपमालेखक स्वयम्कै हस्ताक्षरमा आधारित कृति हो 'जेल जर्नल र 'आत्मवृत्तान्त'  कोइरालाका राजनैतिक दस्तावेज हुन् तर साहित्यिक कलामूल्यका दृष्टिले महत्वपूर्ण छन् । जेलजर्नलमा कोइरालाले जेलजीवन विताउन बाध्य  हुँदाका क्षणहरूको अनुभूतिका साथै राजनीतिक, साहित्यिक, कला र संस्कृतिका विभिन्न पक्षहरूलाई पनि समावेश गरेका छन् । जेलजर्नलको सुरुमै शिशिर र बसन्त ऋतुमा देखिने प्राकृतिक अवस र त्यसको  प्रतीकात्मक चित्र प्रस्तुत गरिएको छ । यसमा वि.प्र. का औपन्यासिक धारणाहरू पनि व्यक्त भएका छन् ।  उनले यसमा उपन्यासको, भाषा, विचार, वाक्यविन्यास, परिवेश, चरित्र आदिका बारेमा आफ्ना  धारणा प्रस्तुत गरेका छन् । पूर्वीय र पाश्चात्य जगतका ग्रन्थहरूको अध्ययन गरेका प्रसङ्गहरू पनि जेलजर्नलमा आएका छन् । आत्मवृत्तान्तमा कोइरालाको साहित्यिक जीवनको सुरुवाताका सन्दर्भहरू ङ्गहरू पनि जेलजर्नलमा आएका छन् । आत्मवृत्तान्तमा कोइरालाको साहित्यिक जीवनको सुरुवाताका सन्दर्भहरू छन् - तत्कालीन राजा महेन्द्रसँग विताएका राजनैतिक एवम् साहित्यिक क्षणहरू यस कृतिमा वर्णन गरिएका छन् । वि.प्र. ले अनुभवहरूलाई समावेश गरेका छन् , जीवन भोगाइ महत्वपूर्ण क्षण, घटना, सन्दर्भ, व्यक्तिगत विचार, रोचक प्रसङ्ग, सहानुभुति, राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, नैतिक पारिवारिक घटना विवरणलाई वि.प्र. ले आत्मवृत्तान्तमा सस्मरणात्मक, कलात्मक र रोचक ढङ्गबाट प्रस्तुत गरेका छन् । यसरी कोइरालाका विभिन्न चिन्तन र भावधारामा दृष्टिले महत्वपूर्ण रहनुका साथै गद्य साहित्यिक मूल्य मान्यताका दृष्टिले महत्वपूर्ण रहनुका साथै गद्य साहित्यका फाँटमा विशिष्ट स्थान ओगट्न सफल छन् ।

---

२१. पूर्ववत्, पृष्ठ ४३७ ।

### २.३.१.१.५ निवन्धकार व्यक्तित्व

विश्वेश्वप्रसाद कोइराला बहुआयमिक व्यक्तित्वका सफल प्रयोक्ता साहित्यका कथा उपन्यास, कविता, निवन्ध, आत्मवृत्तान्त, जीवनी आदिमा कलम चलाएका वि.प्र. का साहित्यिक विधाको अध्ययन गर्दा कथा र उपन्यास श्रेष्ठ विधाको रुपमा रहेका छन् भने अन्य विधामा श्रेष्ठता कायम राख्न नसकेतापनि सिर्जनशीलतालाई चाँहि अवश्य नै आत्मसाथ गरेका छन् । विश्वेश्वरप्रसाद कोइराला चिन्तनप्रधान वौद्धिक निवन्ध लेख्ने निवन्धकार हुन् । यिनी भारतबाट निस्कने 'बीणा' पत्रिकाको वर्ष १८ अङ्क मा २००२ सालमा "जीवनशक्ति" निवन्ध नै प्रथम प्रकाशित निवन्ध हो ।[२२] निवन्धकार कोइराला पाश्चात्य निवन्धकार मोन्तेनको भन्दा फ्रान्सिस वेकनको निवन्धात्मक शैलीबाट ज्यादा प्रभावित छन् । उनका निवन्धहरू छोटा सूत्रात्मक तथा वौद्धिक चिन्तनले पूर्ण र तर्किक हुन्छन् । वेकनको वस्तुवादी शिल्पद्धतिबाट ज्यादा प्रभावित रहँदो रहँदा पनि उनको जस्तो कोरा वौद्धिकता मात्र होइन अनुभुति र भावनाको तरलता र शिल्पको कलात्मकताको उच्चता कोइरालाका निवन्धमा पाइन्छ र पाश्चात्य निवन्धकारहरू वेकन, वेन जोन्सन, डा. जोन्सन, मेकाले तथा वाल्टर पिटरका निवन्ध परम्परालाई रुचाएर निजात्मक पाराका निवन्ध लेख्न विश्वेश्वरप्रसाद कोइराला सिपालु छन् । उनका निवन्धमा कलात्मकता र युगीन भावनाको अपूर्ण सङ्गम पाइन्छ । यिनका 'प्रेमको व्यवहार, साहित्यमा प्रगतिशीलता,' कला, कलाको दायित्व र मानवजीवन मेरो जीवन कथा एवम् 'धर्म, ईश्वर र नियति उल्लेख्य निवन्धहरू मानिन्छन् । 'साहित्यमा प्रगतिशीलताा निवन्धमा साहित्यमा संवेदनशीलता, सौन्दर्य र मानव अनुभूतिको अपरिहार्यतालाई स्वीकार्दै आग्रहपूर्ण प्रगतिशीलतालाई अस्वीकार गर्नुपर्ने धारणा प्रस्तुत गरिएको छ । निवन्धकार विश्वेश्वरप्रसाद कोइरालाका निवन्धको प्रस्तुतीकरण र भाषाशैली सरल, सरस र परिस्कृत रहेको पाइन्छ । कोइरालाका निवन्ध वर्गले सहज रुपमा आस्वादन गर्न सक्ने वैशिष्टले भरिएका छन् । निवन्धको आस्वादनबाट जीवनजगत् सम्वन्धी दृष्टिकोणलाइ ग्रहण गर्न जटिलता रहेको पाइदैन । सरल र सहज भाषाशैलीको प्रयोग गरी सम्प्रेषणमा सहजता ल्याउनु उनको निवन्धगत वैशिष्ट्य रहेको छ । यसरी कलात्मक र भावनात्मक रुपमा आफ्ना विचारहरू लेख्ने साहित्यिक स्रष्टा व्यक्तित्व कोइरालाई निजात्मक निवन्धकारको रुपमापनि चिनाउन सकिन्छ ।

---

२२. रमासशिवा कोटी, निवन्धकार विश्वेश्वरप्रसाद कोइराला, जीवनचन्द्र कोइराला (सम्पादक) विश्वेश्वरप्रसाद कोइराला : समालोचना र विचारमा -काठमाडौं : क्यू एण्ड अफसेट प्रेस, २०५८) पृ. ४३७ ।

### २.३.१.२ द्रष्टा व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइराला साहित्यकार र राजनीतिज्ञका रुपमा परिचित छन् । राजनीतिज्ञका रुपमा कुशल राजनीतिक राजनेता र वकिल अर्थात् कानुनी व्यक्तित्व लिएर अगाडि बढेको देखिन्छन् भने साहित्यिक व्यहित्यिक व्यक्तित्वमा कुशल स्रष्टा व्यक्तित्व र सफल द्रष्टा व्यक्तित्व गरी दुई व्यक्तित्व लिएर अगाडि बढेको पाइन्छ । हुन कोइराला साहित्यका क्षेत्रमा मूलतः कथाकारका रुपमा परिचित छन् तापनि उनको विवेचक व्यक्तित्वपनि उल्लेखनीय रुपमा देखापर्छ । कोइरालाले जे जति आलोचनात्मक अभिव्यक्ति व्यक्त गरे ती सबै कलात्मक र परिस्कृत छन् । आत्मालोचनाका प्रसङ्गमा कोइराला आफ्नो कलात्मक कृतिहरूमा टिप्पणी गर्छन् । र मान्यताहरू पनि प्रस्तुत गर्दछन् । उनले गरेका स्वकीय कलासम्बन्धी टिप्पणीहरू ज्यादै चिन्तनमूलक र तथ्यपरक छन् भने उनका मान्यताहरू अझ तथ्यपूर्ण र कलात्मक मानिन्छन् । विभिन्न पत्रपत्रिकाहरूलाई दिएको कलात्मक या साहित्यिक अन्तर्वार्ताहरूमा पनि कोइरालाले यस्तै विचार व्यक्त गरेको पाइन्छ ।[२३]

समालोचकमा ज्ञान सीपको पर्याप्तता हुनुपर्ने र साहित्य सभ्यताको प्रतीक मान्ने कोइराला समालोचनात्मक गुणले सम्पन्न भएका कुशल द्रष्टाका रुपमा परिचित छन् । यिनका निवन्धात्मक रचनाहरूमा समालोचकीय चिन्तन पाइन्छ । उपन्यासकार पारिजातको 'शिरीषको फूल' भरतजङ्गको 'कालो सूर्य र आफ्नो 'मोदी आइन' जस्ता उपन्यासहरूको विवेचना गरेर कोइरालाले आफूलाई समीक्षकका रुपमा प्रस्तुत गरेका छन् । त्यस्तै लक्ष्मीप्रसाद देवकोटा, सडक कविता क्रान्ति र अन्य साहित्यिक मूल्य र मान्यता सम्बन्धी यिनले व्यक्तगरेका विचारहरू हेर्दा कोइराला साँच्चै समालोचकीय दृष्टिकोण भएका व्यक्तिका रुपमा देखापर्दछन् । यिनले चिठी पत्र, भेटवार्ता, जीवनी निवन्ध आदिका माध्यमबाट पनि समालोचकीय दृष्टि प्रस्तुत गरेका छन् ।[२४] साहित्यलाई सभ्यताको प्रतीक मान्ने कोइराला प्रगति पत्रिकामा साहित्यमा प्रगतिशीलता' भन्ने लेखमा तत्कालीनमा नेपाली साहित्यमा देखा परेको खोक्रो प्रगतिशीलतामाथि व्यङ्ग्य गर्छन् । त्यस्तो प्रगतिशीलतालाई प्रतिक्रियावादी पलायनका र अनुभुतिशून्य नारा अभिव्यक्तिको सैद्धान्तिक आरोप लगाउँछन् र साहित्यमा तरलतम् भावना अर्थात् पग्लदो अनुभूतिको आवश्यकता दर्शाउछन् । वि.प्र. ले आफ्ना कथाहरू चर्चित भएको कारणका रुपमा तत्कालीन समय मनोविज्ञानको प्रयोग अन्य कथाहरूका कथाहरूमा नभएर आफ्नो कथामा तर्क अघि सारेका वास्तवमा म आफूलाई

---

२३. कुमार आचार्य, विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व र उनका कथा एवम् कथाकारिताको विश्लेषण र मूल्याङ्कन पूर्वत पृ. २३ ।

२४. ज्ञाननिष्ठ ज्ञवाली, आख्यानकारिता विश्वेश्वरप्रसाद कोइराला कथा खण्ड, पूर्वत पृ. १३ ।

साहित्यिक सम्झन, मेरो क्षेत्र त राजनीति हो भन्ने कोइराला साहित्यमा अराजकतावादी व्यक्तिका रुपमा प्रस्तुत भएका देखिन्छन् । कोइरालाले चिठी पत्रका माध्यमबाट कलात्मक प्रस्तुति दिएका छन् । कलात्मक सिर्जनामा बौद्धिक पक्षलाइ भन्दा हार्दिक अनुभूतिलाई आत्मसात् गर्ने कोइराला देवकोटाका नजिक छन् । वि.पि. कोइराला, सिर्जनाहरूमा क्लिष्ट र परिस्कृत भाषाको प्रयोग गर्ने स्रष्टालाई अरुबाट प्रभावित र लेख्ने बानीकम भएको ठान्छन् । वि.प्र. को विचारमा सिर्जना अनुभूतिमूलक र संवेदनशील हुनुपर्छ । कनैपनि साहित्यिक सिर्जना प्रगतिशील र अप्रगतिशील हुँदैन, सुन्दर कि असुन्दर हुन्छ । साहित्यको सानो पक्ष वैचारिक भएपनि राजनीतिक पक्षको समर्थनमा लेखिएको साहित्यलाई कोइरालालाई प्रगतिशील साहित्यको संज्ञादिनु औचित्यहीन मानेका छन् । साहित्य सिर्जनामा गुण दोषलाई छुट्याउँदै साहित्यले राजनीतिको सेवामा लागि पर्नुपर्छ भन्ने मान्यता प्रगतिशील साहित्यको पक्षमा सिर्जना गर्ने स्रष्टाका धारणा हुन् भन्दै साहित्यले आफू हिड्ने बाटो आफै निर्माण गर्दछ अरुले हिँडिसकेको बाटो हिड्न मन पराउँदैन, कला सुरक्षा चाँहदैन, स्वतन्त्रा चाहन्छ । नियम, कानुनका अङ्कुश, धर्मवाद, राजनीति रीतिस्थितिमा बाँधिन चाँहदैन भन्ने साहित्यकार कोइराला प्रगतिशील साहित्यको पक्षमा आफूलाई राख्न रुचाउँदैनन् ।

'समालोचक भनेका साहित्यका रजहाँस हुन् भन्ने विश्वेश्वरप्रसाद कोइरालाले साहित्यकारहरूको दोष राम्ररी प्रस्ट्याइदिने प्रवुद्ध समालोचक, विद्वान, पाठक र विष्पक्ष समीक्षकको अभाव अनुभव गरेका छन् । आलोचना अभाव अनुभव गरेका छन् । आलोचना अभाव यी टीकाटिप्पणी सुन्न, सहन र पचाउन सक्ने क्षमतावान् साहित्यकारहरूपनि हामीहरूमा धेरै छैनन् । लेखकको साधना नगरी सतही कुरामा लेख्छन् । यिनै कारणले गर्दा हामी स्थायी साहित्य सिर्जना गर्न सक्षम भइरहेका छैनौ[२५] भन्ने कोइराला लेखकहरूमा बाहिरी प्रभाव र लेख्ने वानी कम भएको हुँदा रचनाहरू सरल, सरस र वोधगम्य नभएको कुरा प्रष्ट पार्दछन् । यसरी कोइरालाको द्रष्टा व्यक्तित्वलाई नियाल्दा साहित्य के हो ? साहित्यको प्रयोजन के हो ? साहित्य कस्तो हुनुपर्छ ? साहित्यमा शिल्प पक्षको के कस्तो भूमिका रहन्छ ? आदि कुराहरूको जिज्ञासा समाधान गर्न कोइरालाको द्रष्टा व्यक्तित्व सफल भएको छ । तसर्थ कोइराला स्रष्टा मात्र नभएर कुशल द्रष्टा व्यक्तित्वका धनी मानिन्छन् ।

### २.३.२ राजनीतिज्ञ व्यक्तित्व

**परिचय**

बहुआयामिक व्यक्तित्वका धनी विश्वेश्वरप्रसाद कोइरालालाई व्यक्तिगत परिप्रेक्षमा नियाल्दा उनको अर्को प्रमुख व्यक्तित्व राजनीतिज्ञ व्यक्तित्वपनि हो । कोइराला यस सम्बन्धमा

२५. जीवनचन्द्र कोइराला (सम्पादक) " समालोचक भनेका साहित्यका रजहाँस हुन" विश्वेश्वराप्रसाद कोइरालाका छरिएका सामग्री पूर्वत पृ. २४२ ।

स्वयम् भन्दछन् । 'वास्तवमा म आफूलाई साहित्यिक सम्भन्नँ । मेरो क्षेत्रत राजनीति हो । राजनीतिमा म एउटा अन्तप्रेरणाले उकासिएको छु भने साहित्यमा ठीक विपरीत । म राजनीतिमा समाजवादी हुँ भने साहित्यमा अराजकतावादी । कला सुरक्षा चाहदैन स्वतन्त्रता चाहन्छ, उसलाई हिँडीसकेका बाटोमा खुट्टा हाल्न मन लाग्दैन आफूले हिडेको बाटो आफै बनाउन चाहन्छ । भौतिक तृप्तिभन्दा दैवी असन्तोषलाई उ अँगाल्छ फ्रायड सिद्धान्तलाई मान्छु तर अभ्क अघिबढेर म आज नैतिकतामा पुगेको छु ।'[२६] यो उनको आत्मस्वीकृतिबाट नै सिद्ध हुन्छ की उनमा राजनीतिक कौशलतापनि रहेको विश्वेश्वरप्रसाद कोइरालाको राजनीतिक राजनीति व्यक्तित्वलाई राजनीतिक व्यक्तित्व र कानुनी व्यक्तित्वगरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### २.३.२.१ राजनीतिक व्यक्तित्व

विश्वेश्वरप्रसाद कोइरालाका बाबु समाजसेवी कृष्णप्रसाद कोइरालालाई समाजका लागि सुभ्काव दिएको अभियोगमा तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरले देशनिकाला गरिदिएपछि आफ्ना बाबुसँग निर्वासित जीवन विताउन विवश विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो राजनीतिक जीवनको आरम्भ अंग्रेजविरोधी अभियानका क्रममा वि.सं.१९८७ मा पहिलो पटक वनारसमा जेल परेका थिए । राजनैतिक वातावरण र रहनसहनमा हुर्केका कोइरालाले भारतमा डा. राजेन्द्रप्रसाद, जयशंकर प्रकास जगजीवनराम जस्ता प्रोढ राजनीतिज्ञहरूका साथ कारावासको यातना भोगेका थिए । यिनी सन् १९४६ मा पटनाबाट नेपाली भाषामा पहिलो औपचारिक भाषणमा यी उद्‌गार व्यक्त गरेका थिए । जनताको राज्य स्थापित गर्नलाई जनताकै सहायता चाहिन्छ कुनै वर्ग वा सम्प्रदायसँग हाम्रो शत्रुता कदापि छैन । नेपालमा बस्ने वा नेपालीसित कुनै प्रकारका सम्बन्ध हुने सबै व्यक्ति हाम्रा दाजुभाइ हुन् । सम्पूर्ण देशको लक्ष्य र विकाश नै हाम्रो अभीष्ट हो । राष्ट्रको उन्नति र अभ्युदयमा नै हामी प्रयत्नशील बजेका छौँ । वि.सं.२००३ सालमा नेपाली काङ्ग्रेस पार्टीको स्थापना गर्न अग्रणी भूमिका खेलेका कोइराला नेपाली काँग्रेसको स्थापनापछि नेपाल फर्केका थिए । त्यसपछि यिनी वि.सं.२००७ सालको साङ्गठनिक प्रक्रियाका प्रणेता वि.सं.२०१५ सालमा प्रथम जननिर्वाचित प्रधानमन्त्रीका पद सम्हालेका कोइराला १८ महिना पछि वि.सं. २०१७ देखि वि.सं.२०२५ सालसम्म जेलजीवन विताउन वाध्य भएका थिए । जेलजीवनको मुक्तिपछि पुनः भारतमा नै वसी त्यहाँबाट नेपाली राजनीतिक परिवेशलाई नियाली रहेका कोइराला वि.सं.२०३३ सालमा राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्केका थिए ।

---

२६. विश्वेश्वरप्रसाद कोइराला, मोदिआइन, सा.ह. (ललितपुर : साभ्का प्रकाशन, २०६४) प्रकाशकीय भूमिका पृ. दोस्रो ।

विश्वेश्वरप्रसाद कोइरालाको राष्टियता प्रजातन्त्र र समाजवादसम्बन्धी आफ्नै किसिमका मूल्य र मान्यताहरू छन् । कोइरालाको आफ्नै भनाइ थियो - राष्ट्रिय एकता प्रजातन्त्रको जगमा मात्र खडा हुन सक्छ र प्रजातन्त्रको जग देशको उत्तरोत्तर विकाश र न्यायपूर्ण आर्थिक अवस्थामा मात्र बलियो हुन सक्छ । तसर्थ हाम्रो दृष्टिकोणमा राष्ट्रियता, प्रजातन्त्र विकाश र उन्नति एकअर्कोमा आधारित तत्व हुन् । राजनीतिमा पहिलो गान्धीवादी, त्यसपछि आतङ्कवादी र मार्क्सवादी अनि समाजवादी बन्न पुगेका कोइरालाले नेपाली राजनीतिमा धेरै उकाली ओरालीमा आफ्नो राजनैतिक जीवनलाइ पीङ् खेलाएको पाइन्छ । साथै उनको प्रजातान्त्रिक अभ्यास ज्यादै सङ्कटमय देखा पर्दछ । उदाहरणार्थ वि.सं.२००४ सालदेखि २०३९ सालसम्म उनले प्राप्तगरेको प्रजातान्त्रिक त्याग र तपस्याका सकारात्मक-नकरात्मक उपलब्धिहरूलाई लिन सकिन्छ । तरपनि कोइरालालाई जस्तै शारीरिक, मानसिक, नैतिक, आर्थिक र पारिवारिक सङ्कट आइलागोपनि उनले आफ्नो प्रजातान्त्रिक धारणामा कुनै आँच आउन दिएनन् । जसले गर्दा उनी एक सफल प्रजातान्त्रिक राजनीतिज्ञका रुपमा मात्र होइन विश्वमै परिचित हुन पुगे र उनले राणाको अन्यायी, अत्याचारी र दमनकारी प्रवृत्तिबाछ पीडित आफ्ना पिता कृष्णप्रसाद कोइरालाको प्रजातान्त्रिक सपना साकार गरे । त्यसैले वि.प्र. नेपाल र नेपालीका एक प्रजातान्त्रिक मार्गदर्शक मानिन्छन् भने उनले आफ्नो व्यतीत जीवनका धेरै प्रतिशत दीर्घकालीन प्रजातान्त्रिक अभ्यास र साधनामा खर्चगर्नुका साथै त्यसको पूर्ण परिपाक समेत प्राप्त गरेको प्रतीत हुन्छ । राजनैतिक कोइरालाको स्थान नेपालमा मात्र होइन विश्वकै राजनीतिक इतिहासमा अविजित रहेको छ ।

विश्वेश्वरप्रसाद कोइराला राष्ट्रियता, प्रजातन्त्र र समाजवादका त्रिवेणी हुन् । त्यसै धरातलमा उनका राजनैतिक दर्शन विकसित भएको पाइन्छ । उनी नेपाली राजनीतिज्ञ इतिहासमा मूलतः प्रजातान्त्रिक समाजवादका अग्रणी व्यक्तित्व मानिन्छन् । नेपाली राजनीतिमा उनको नाम अजर र अमर रहेको पाइन्छ ।

### २.३.२.२ कानुनी तथा वकिल व्यक्तित्व

भारतको कलकत्ता विश्वविद्यालयबाट वि.सं.१९९४ मा वि.एलको औपचारिक शिक्षा पूरा गरेका वि.प्र. कानुनविद्का रुपमा पनि परिचित रहेका छन् । यिनले दार्जिलिङ् जिल्ला न्यायलयमा अधिवक्ता हरिप्रसाद प्रधानको मातहतमा रहेर केही समय वकालत समेत गरेका थिए, न्याय, न्यायसिद्धान्त र त्यसको ऐतिहासिक विकाशको अध्ययन गर्ने चाख भएका कोइरालाले डिग्री हाँसिल गर्ने र पेसाका हिसावले कानुन पढेको पाइदैन । कुनै प्रेरणाले नभएर

स्वेच्छाले इतिहास पढेभ्कै उनले कानुनको अध्ययनमा चाख राखेको पाइन्छ । कानुनको पढाइ सुगम मान्ने कोइरालाले सबै समाजलाई आवद्ध गरेर राख्ने प्रश्नमाथि दिलचस्पी दिएको पाइन्छ र मनोवैज्ञानिक धरातलमा धर्मका आदेश निर्देशनमा सामाजिक मर्यादालाई आमाको दुधका साथ साथै स्वीकारगर्दै सामाजिक सङ्गठनको कौतूहलता ग्रहण गरेको पाइन्छ । जुनकुराको प्राप्तिमा उनको कानुनी व्यक्तित्वले भन्ने हो भने वि.सं.१९९४ को कानुनी स्नातक उनको उर्वर राजनीतिक प्रतिभाको परिपोषण थियो किनकि कुनै पनि राजनीतिक विचारधारा व्यक्ति विशेषको धारणासँग सम्बन्धित वा कानुनसँग सम्बन्धित रहन्छ । यस किसिमको राजनीतिक धारणालाई विकसित तुल्याउनको लागि कानुनको ज्ञान हुन अनिवार्य छ । विश्वेश्वरप्रसादको कानुनी अध्ययनलाई यस सन्दर्भमा आँकला गर्न सकिन्छ । कोइरालाले राजनीतिक नारा दिएर आन्दोलनको सुरुवात गरे । ती सम्पूर्ण राजनीतिक नारा वा आन्दोलनहरू राष्ट्रिय वा अन्तराष्ट्रिय प्रजातान्त्रिक कानुन अनुकुल थिए । यसो हुनुमा उनमा भएको वकिल व्यक्तित्वले मूलभूत भूमिका निर्वाद गरेको पाइन्छ । वि.प्र. लाई राजनीतिक क्षेत्रमा कानुनी व्यक्तित्वले निकै सहयोग पुऱ्याएको देखिन्छ । इतिहासकासम्मुख, जनतासम्मुख आफ्नो आदर्शकासम्मुख यो न्यायालयका र महोदय तपाई न्यायधीशकासम्मुख म आफूलाइ आफूलाई पूर्ण निर्दोष भएको अनुभव गर्दैछु र निर्दोष छु भन्न चाहन्छु तर हाम्रो अध्ययन र विचारमा देश एउटा ठुलो राष्ट्रिय सङ्कटमा छ । यस स्थितिमा यो पक्कै महत्वको कुरा छैन कि म कुनै कानुनको सङ्कीर्ण अवस्थाबाट दोषीमा निर्दोष प्रमाणित हुँ । मुख्य र महत्वपूर्ण कुरा त राष्ट्रिय एकताको हो । जसको आधार प्रजातन्त्र र समाजवाद हुन्छ । यस्तो जीवनमरणको प्रश्नपट्टि ध्यान दिलाउन र तत्परताका साथ राष्ट्रिय एकताका लागि प्रयत्नशील हुने उद्देश्यले हामी नेपाली आएका छौं (कोइराला, हस्तलिपिवयान :१) जस्ता आफूलाई लगाइएका विभिन्न राजनीतिक मुद्दाको सुनुवाइमा अदालतमा दिएका अनेक वयानबाट कोइरालाको कानुनी व्यक्तित्व निकै वेजोड रहेको स्पष्ट हुन्छ । कोइरालाको कानुनी अध्ययनले राजनैतिक कोइरालालाई ज्यादै मद्दत गरेको थियो भन्ने कुराको अर्को वलियो प्रमाणका रुपमा उनका राजनीतिक लेख तथा बयानहरू भित्र रहेको तर्क-प्रधानतालाई पनि लिन सकिन्छ । उनी कानुनी व्यक्तित्वको आडमा रहेर धेरै तर्क प्रधानताका साथ आफ्ना राजनैतिक आभिव्यक्तिहरू व्यक्त गर्दथे । जसको खण्डन वा मण्डन गर्न सम्बन्धित विषयको परिपक्व प्रमाण प्राप्त व्यक्तिले पनि सजिलै हिम्मत गर्न सक्दैनथे । तर वकिल कोइरालाको प्रभाव साहित्यकार कोइराला भन्दा कमै रहेको छ । व्यापक तर्क शक्तिभएका कोइराला साहित्य सिर्जनामा पर्याप्त सम्वेदनशील र कलात्मक देखिन्छन् । अर्थाते कलाकार कोइरालाको कलाकारिता वकिल तथा कानुनी कोइरालाको तर्क भारले थिचिएको छैन । धेरै चोखो र

जीउँदो छ । वि.प्र.को वकिल व्यक्तित्व भन्नु राजनैतिकको अर्को रुप हो अर्थात कोइरालाको राजनीतिक व्यक्तित्वको पूरकका रुपमा उनको वकिल व्यक्तित्व रहेको छ ।

## २.४ विश्वेश्वरप्रसाद कोइरालाको कथायात्रा

आधुनिक नेपाली कथा साहित्यमा सु-प्रसिद्ध मनोवैज्ञानिक यथार्थवादी कथाकार विश्वेश्वरप्रसाद कोइरालाले वि.सं.१९८७ देखि नै कथा रचना गरेको पाइन्छ । तर नेपाली भाषामा कथालेखनको आरम्भ भने वि.सं.१९९२ सालबाट मात्र सुरु भएको हो । तत्कालीन राजनीतिक लगायतका विविध कारणले आफ्नो वाल्यकालीन अवस्था भारतमा विताएकाले उनको साहित्य सिर्जनाको आरम्भ त्यहीबाट भएको देखिन्छ । कोइरालाको कथायात्रालाई हेर्दा वि.सं.१९८७ देखि २०३९सम्म  रहेको छ । वि.प्र.को कथालेखन समयका हिसावले झण्डै आधा शताव्दी भन्दा लामो रहेपनि यसमा निरन्तर गतिशीलता भने रहन सकेन वि.सं. २००६ सम्म निरन्तर लेखनकार्यमा व्यस्त भएका वि.प्र.को वि.सं.२००७ देखि वि.सं.२०१७सम्म राजनीतिक व्यस्तताका कारण साहित्य लेखन वन्द हुन्छ वि.सं.१०१७ साल पछि जेलजीवन विताउन बाध्य भएका कोइरालाले पुनः साहित्य प्रति रुचि देखाउँछन् । वि.प्र. को सोद्देश्यपूर्ण यस लेखनक्रममा तत्कालीन राजनीतिक सामाजिक कारण र यिनका आफ्नै व्यक्तिगत कारणले पनि लेखन प्रकाशन दुवै रुपमा समयको क्रम टुटेको पाइन्छ । साथै यसमा निरन्तरता कायम भएको पाइँदैन । लेखन प्रकाशनको विखण्डित अनुक्रममा विकसित कोइरालाको कथा विकासक्रमलाई निश्चित कालवधिको मापदण्ड बनाई चरणगत विभाजन गर्नु कठिन देखिन्छ ।[२७] खास कालगत र प्रवृत्तिगत दृष्टिले कथाकार कोइरालाका कथा विकासक्रमको चरणविभाजन गर्नु सहज नभएपनि अध्ययनको सुविधाका लागि गर्नुपर्दा शारदापूर्वको यिनको कथालेखन र अझ प्रकाशनको समयको अन्तराल प्रतिनिधि कथा सङ्ग्रह र तिनमा पाइने प्रवृत्तिहरूका आधारमा हेर्न सकिन्छ । समष्टिमा कोइरालाको कथा विकासक्रमलाईप तीन चरणमा विभाजन गर्न सकिन्छ ।[२८]

प्रथम चरण (वि.सं.१९८७–१९९५)

दोस्रो चरण (वि.सं.१९९६–२००६)

तेस्रो चरण (वि.सं २००७–२०३९)

---

२७. हरिप्रसाद शर्मा, कथाकार विश्वेश्वरप्रसाद कोइरालाको विश्लेषण र मूल्याङ्कन, (अप्रकाशित विद्यावारिधिशोध त्रि.वि.२०४५) पृ. ६० ।

२८. ऐजन पृ. १० ।

### २.४.१ प्रथमचरण (वि.सं.१९८७–१९९५)

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको कथालेखनको यो चरण सिर्जनाको प्रसूतावस्था हो साहित्यिक क्षेत्रमा रचनाशीलताको अङ्कुरण हिन्दी कथा लेखनबाट भएको तथ्य सर्वविदितै छ । कथा लेखनको प्रारम्भनै हिन्दी भाषाका कथाबाट गरेका विश्वेश्वरप्रसाद कोइरालाको पहिलो कथा 'वहाँ' हो । जुन हिन्दी साहित्यका प्रख्यात साहित्यकार प्रेमचन्द्रद्वारा सम्पादित 'हंस' पत्रिकामा प्रकाशित भएको थियो । विदेशी भूमिमा जन्मी हुर्की बाल्यकाल व्यतीत गरेका कोइराला हिन्दी भाषाका स्वच्छन्दतावादी कथाकारबाट प्रभावित भएको देखिन्छ । कोइरालाले कथायात्राको प्रथमचरणमा चार हिन्दी चार नेपाली गरी जम्मा आठ कथाहरू लेखेका छन् । वि.सं१९९१ पूर्व यिनले नेपाली इतर हिन्दी भाषामा 'वहाँ' (१९८७) 'पथिक' (१९८७) 'अपनी ही तरह'(१९८८) 'मैयादाइ' (१९८८ जस्ता लघुकथाहरू प्रकाशन भएको पाइन्छ भने यसै चरणमा नेपाली भाषामा 'चन्द्रवदन' (१९९२) 'विहा' (१९९५) 'शत्रु' र सिपाही (१९९५) जस्ता चार कथाहरू लेखेका छन् । 'चन्द्रवदन' शारदा पत्रिकामा र अन्य तीन कथाहरू कथाकुसुम नै यस चरणको उपलब्धि रहेको छ ।

कथाकार कोइरालाको यस प्रथम चरलालाई दुई उपचरणमा बाँडेर हेरेको पाइन्छ । पहिलोचरण वि.सं.१९९१ अघि र दोस्रो १९९२ पछि[२९] वि.सं.१९९१ अघिका कथामा काल्पनिक घटना चयनका साथै नेपाली संस्कृतिभित्रका किंवदन्तीहरूको प्रभाव पाइन्छ भने वि.सं.१९९२ पछि फ्रायडवादी आदर्शका अनुप्रेरणामा यिनका कथाहरू पात्रका आन्तरिक रहस्यको उद्घाटनतर्फ प्रवृत्त भएका छन् । कोइरालाको कथा यात्राको प्रथम चरणको पहिलो उपचरण वि.सं१९९१ अघिका कथाहरूमा कल्पनाप्रसूत घटनावर्णन पाइन्छ । उनको पहिलो प्रकाशित कथा 'वहाँ' काल्पनिक र स्वच्छन्दतापरक जिज्ञासाको वालसुलभ र सर्वव्यापी भावनाको उपज हो ।[३०] सामाजिकतालाई पृष्ठधार बनाएर लेखिएको यस कथामा फ्रायडवादी ढाँचाको मनोवैज्ञानिक अनुप्रेरणा पाइँदैन । उनको दोस्रो प्रकाशित कथा 'पथिक' शैली आकार तथा कथ्य सबै दृष्टिले प्रौढतातिर उन्मुख रहेको पाइन्छ' शैली आकार तथा कथ्य सबै दृष्टिले प्रोढतातिर उन्मुख रहेको पाइन्छ । यस कथामा कोइरालाको प्रिय विषय स्त्री पुरुष सम्बन्ध र त्यसको स्वरुपलाई प्रष्ट सङ्केत देखा पर्छ । तत्कालीन सामाजिक सन्त्रासको कारण यस कथामा सङ्कोचको अवरोध स्पष्ट झल्कन्छन् । गम्भीर आत्ममन्थनको झलक प्रस्तुत गरिएको कोइरालाको तेस्रो चरणको दोस्रो उपचरणका कथाहरूमा मनोवैज्ञानिक यथार्थवादको

२९. हरिप्रसाद शर्मा (सम्पादक) विश्वेश्वरप्रसाद कोइरालाको कथा (ललितपुर : साझा प्रकाशन, २०५०) पृ. ३९ ।
३०. कूलचन्द्र मिश्र, "हिन्दी साहित्यकार विश्वेश्वरप्रसाद कोइराला" विश्वेश्वरप्रसाद कोइराला समालोचना विचारमा पूर्वत पृ. ४० ।

सूत्रपात, फ्रायडीय यौन सिद्धान्तको स्पष्टप्रयोग, विविध यौन प्रतीकहरूको सफल प्रस्तुति, दुर्वल मानसिकता र मनोविकृतिको अध्ययन सामाजिक कुसंस्कारपूर्ण घटनाहरूको पूर्ण चित्रण, मनोवैज्ञानिक र यौन मनोवैज्ञानिक दुवै खाले कथाको रचना, कथामा घटनाको सूक्ष्मता, पात्रमा तदरुपता, चरित्रचित्रणमा मूलतः प्रत्यक्ष र अंशत : नाटकीय पद्धतिको प्रयोग वाह्य भन्दा आन्तरिक परिवेशको उद्घाटन गर्दै समाजसुधारको सन्देश दिनु आदि प्रवृत्तिहरू यस उपचरणका कथागत प्रवृत्तिरहेका छन् ।

## २.४.२ दोस्रो चरण (वि.सं.१९९६ -२००६)

विश्वेश्वरप्रसाद कोइरालाको कथा यात्राको यो चरण समयका हिसावले एक दशकको रहेको छ । गुण र परिणाम दुवैदृष्टिले यिनको कथालेखनको सवैभन्दा महत्वपूर्ण समयावधि र उर्वर अवस्थाको रुपमा यस चरणलाई लिन सकिन्छ । 'दोषी चश्मा' (२००६) कथासंग्रह यस अवधिको प्रतिनिधि कृति हो । यस सङ्ग्रहमा सङ्ग्रहित कथाहरू फुटकर रुपमा पनि प्रकाशित भएका पाइन्छ । वि.सं.१९९९ मा प्रकाशित हुन लागेका कथासङ्ग्रह तत्कालीन राजनीतिक कारणले गर्दा जफत भएको र वि.सं. २००६ सालमा 'दोषी चश्मा' नामले प्रकाशित भएको पाइन्छ । यस अवधिमा कोइरालाले जम्मा अठार कथाहरू लेखेका छन् ती मध्ये 'कथा कुसुम' अन्तरगतका दुई कथा 'विहा' र 'सिपाही' लाई छाडेर अरु 'मधेसतिर (१९९८) 'होड' (२००३), 'दोषी चश्मा' (२००५) हरिदत्त (२००५, 'प्रेम (दोस्रो) पुस्तक' (२००६) 'स्कुलमास्टर' (२००६) 'सखी' (२००६) 'स्वेटर' (२००६) 'बौलाहा' (२००६), र 'रिक्सा तान्ने' (२००६) गरी जम्मा चौधवटा कथाहरू 'दाषी चश्मा' कथासङ्ग्रहमा स्ंगहीत छन् भने यसै अवधिका अन्यकथाहरूमा प्रेम पहिलो (१९९६), 'दुलही (१९९६) 'द्वन्द्व प्रेम' (१९९७) र 'महाराजको सवारी (२००५) जस्ता कथाहरू पत्रपत्रिकामा प्रकाशित कथाहरूका साथै अन्य सङ्ग्रहहरूमा सङ्ग्रहित कोइरालाका सम्पूर्ण कथाहरू हरिप्रसाद शर्माद्वारा सम्पादित विश्वेश्वरप्रसाद कोइरालाका कथा (२०५०) मा सङ्ग्रहीत छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको कथायात्राको पूर्ववर्ती र उत्तरवर्ती समयका सापेक्षतामा यो चरण ज्यादै उत्कर्षमा रहेको छ । यसै चरणमा कतिपयकथहरू उत्कृष्ट कथाका रुपमा ऐतिहासिक मूल्य प्राप्तगर्न सफल भएका छन् । नवीन शिल्प, विषय चयनमा फ्रायडवादी मान्यता र कलात्मक संयोजन कोइरालाको यस चरणका मूलभूत प्राप्तिरहेको छ । यस चरणका प्रवृत्तिहरूलाई सरसर्ती हेर्दा फ्रायडवादी सिद्धान्तका साथै केही सुधारका कुरा आएका छन् । विषय वस्तुगत व्यापकता अँगालिएको छ । यस चरणका कोइराला सफल मनोवैज्ञानिक कथाकारका रुपमा परिचित रहेका छन् । पात्रमा अचेतनको खोज र विश्लेषण

गरिएको पाइन्छ । यिनका यसचरणका प्राय : कथाहरू मात्रभित्रको आतृप्त कामेच्छाकै खोज र विश्लेषणमा केन्द्रित देखिन्छन् । कोइरालाले यस चरणका कथाका पात्रहरूको मानसिक संवेगको खोज र विश्लेषण गरी तिनका गूढतम रहस्यको उद्घाटन गरेको पाइन्छ । ती संवेगहरूलाई मूलतः यौनसँग सम्बद्ध गरिएको पाइन्छ । पात्रका चेतन -अचेतन मनोवृत्तिविच जटिल द्वन्द्वको सिर्जना र विकास गर्नु कोइरालाको यस चरणको उल्लेखनीय विशेषता हो । यसका साथै उनका कथामा सामूहिक अचेतनको खोज र विश्लेषण पनि पाइन्छ । कथाहरूमा कथात्मक मूल्य प्रदान गर्न यौनप्रतीकहरूको प्रयोग गर्नुपनि कोइरालाको यसचरणको विशेषताको रुपमा लिन सकिन्छ । रुसी मनोवैज्ञानिक कथाकार चेखवको प्रभाव, पात्रका विविध मनोग्रन्थिहरूको खोज र विश्लेषण, जीवनका विविध वर्गका पात्र चयन, शिष्ट मर्यादित र श्लील यौन अनुभूतिलाई कलामूल्य प्रदान गर्नु मझौला आकारमा कथाको विस्तार गर्नु, शीर्षक चयनमा संक्षिप्तता, सार्थकता र प्रभावकारिता झल्काउनु, अभिधात्मक तथा प्रतीकात्मक दुवै अर्थ सापेक्ष अनुरुप कथाहरू लेखिनु, कथाको ढाँचा रैखिक हुनु नै मूलतः बाह्य दृष्टिकेन्द्र पात्रको प्रयोग गरिनु , प्राय, एकै दृश्यावलीमा कथाको रचना, सरल शब्दको प्रयोग, सहज विम्बविधान अलङ्कारको प्रयोग आदि प्रवृत्तिका साथै संख्यात्मक एवम् परिमाणात्मक तथा गुणात्मक दृष्टिले यस चरणमा कोइरालालाई सफलताको शिखरमा पुऱ्याएका छन् । फलस्वरुप कोइराला कालजयी कथाकारका रुपमा आफ्नो पहिचान राख्न सफल सावित भएका छन् । साथै प्रष्ट रुपमा भन्ने हो भने नेपाली कथा साहित्यको इतिहासमा मनोवैज्ञानिक यथार्थवादी धाराका संस्थापक र प्रवर्धकका रुपमा कोइरालालाईसम्मान गर्ने कथाचरण नै यही हो भन्न सकिन्छ ।

### २.४.३ तेस्रो चरण (वि.सं.२००७–२०३९)

मनोवैनिक यथार्थवादी कथाकार वि.पी कोइरालाको कथा यात्रा तेस्रो चरणलाई शैथिल्यकाल वा अपकर्षकालका रुपमा लिन सकिन्छ । कोइराला कथा यात्राको उत्तरार्धका रुपमारहेको यस चरणमा समयको लामो अन्तराल देखिएपनि वि.सं.२००७ साल देखि २०१७ सालसम्मको अवधि राजनीतिमा व्यस्तरहेकाले कथा लेखनमा वाधा उत्पन्न भएको देखिन्छ । सङ्ख्यात्मक रुपमा अत्यन्त थोरै अर्थात् जम्मा चार यस चरणमा लेखिएको देखिन्छ । ‘श्वेतभैरवी, ‘सान्नानी, राइटर बाजे’ र एक रात’ जस्ता कथाहरूलाई अध्ययनगर्दा पूर्वाधको युवा पूर्णतः: फ्रायडवादी कथाकार का लक्षणहरू भन्दा प्रौढ नैतिक र नियतिवादी कथाकारका वैशिष्ट्यहरूको अन्तरविकाश भएको पाइन्छ । फ्रायडवादी सिद्धान्तलाई मान्दामान्दै पनि अहिले आएर कथाकार कोइराला नैतिकतामा पुगेको प्रमाण यस चरणका कथाहरूले प्रस्तुत गरेका

छन् । रुढ नीति र आदर्शतर्फ  उन्मुख नभई समाजमानस यथार्थ भित्रै मानिसको दृष्टि, आदर्श व्यवहार र वास्तविक कर्तव्य र मूल्यको खोज गर्नु कोइरालाका यस चरणका कथाहरूको विशेषता हो ।[३१] कथाकार  कोइरालाको यस चरणको प्रतिनिधि कृति 'श्वेतभैरवी' (२०३९) कथासङ्ग्रह हो ।  समयको हिसावले वि.सं२०१८  देखि वि.सं.२०२० सालसम्मको अवधिमा रचनागरिएका चार कथाहरू को सङ्ग्रहनै 'श्वेतभैरवी' नामक कथाहरू रहेका छन् । 'श्वेतभैरवी' कथा प्रकाशनका दृष्टिले सर्वप्रथम वि.सं.२०२८ सालमा मुकुट पत्रिकामा प्रकाशित भएको हो । कथाकार वि.पि कोइरालाको मृत्यु पश्चात पूर्वप्रकाशित 'श्वेतभैरवी' र अन्य तीन कथाहरू 'सान्नानी', राइटरबाजे' र एकरात समेतगरी चार कथाहरूको सङ्गालो 'श्वेतभैरवी' (२०३९) प्रकाशित भएको छ ।

वि.पि. कोइरालाको यस चरणको कथा 'सान्नानीमा मानवीय नियतिको केन्द्रियामा बाल मनोविज्ञानको अध्ययन विश्लेषणका साथै स्थानीय परिवेशको वर्णन गरिएको छ । कथाकारले वाल - हृदयका स्वाभाविक जिज्ञासाहरूको चर्चा गरेका छन् । 'सान्नानी' कथाको आत्मका रुपमा बालमनोविज्ञान भित्रको यौनचेतन र सामाजिकतालाई स्वीकार गरिएको छ । कोइरालाले यसकथाका माध्यमबाट सहर र गाउँले परिवेशको भिन्नतालाई देखाउनुका साथै वालमनोविज्ञान  भित्रका यौन चेतन जो अवचेतनरुपमा नै रहेको हुन्छ । यसले पनि नारीत्वको साहचर्य सुखकर ठान्छ भन्ने धारणालाई देखाएका छन् । 'राइटरवाजे' कथामा पाप पुन्य, कर्तव्य, अकर्तव्य विचको विश्लेषण गरिएको छ । कोइरालाले यस कथामा यौनचाहनाको तृप्तिमात्रै नारी जीवनको सहज पक्ष हो भन्ने कुरालाई मानेका छैनन् । यस कथामा राइटर वाजेकी प्रेयसी जो आज कुष्ठरोग पीडित भएर मृत्युको अन्तिचम घडीमा पुगेकी छ उ आफ्नो पतिको प्राण रक्षाका लागि आफ्नै शरीर अर्कालाई समर्पित गरेकी राइटरनी उसका दिदीहरूका तुलनामा निकै उच्च ठहर्छे भने मानवीय कर्तव्यको पथप्रदर्शन तथा मर्यादाको कामनाका साथै नियतिको परिणाम स्वरुप 'एक रात' कथा रहेको छ ।  उक्त कथा सत्य घटनामा आधारित छ र राजनीतिक वलिदान दिन तयार भएको युवकको मनस्थितिको चित्रण यसमा पाइन्छ । 'श्वेतभैरवी' कथामा उपर्युक्त तीन कथा भन्दा भिन्न मानवीय असामान्य यौन अचेतनको खोज गरिएको  पाइन्छ । यो कथा यौन सिद्धान्तका दृष्टिले निकै महत्वपूर्ण कथा मान्न सकिन्छ । मानिस भित्र दमित रुपमा रहेको काम बासना कुनै एकान्त क्षण प्राप्त हुँदा कसरी वेगको पराकाष्ठमा जागृत हुन पुग्छ र त्यस तीव्र संवेगका क्षणमा मान्छेले आफूभित्र रहेको संयमम, भमय र लज्जालाई गुमाउँदै उत्तेजनात्मक मनस्थितिका साथ के-कस्ता विद्रुप

---

३१. हरिप्रसाद शर्मा (सम्पादक) पूर्वत पृ. ७९ ।

प्रतिक्रिया व्यक्त गर्न पुग्दछ भन्ने यौन मनोविश्लेषणात्मक चर्चा कथाकारले रोचक पाराले गरेका छन् ।

यसरी आफ्नो कथा यात्राको दोस्रो चरणका पूर्णतः फ्रायडवाद कुरा प्रभावित कथाकारले तेस्रो चरणसम्म आइपुग्दा स्थानीय रङ्गविधानको व्यापक सीमा ग्रहण गर्ने सामाजिक चाल चलन, रीतिस्थिति र व्यवहारको चित्रणमा अझ रुचि लिएको देखिन्छ । नेपाली समाजका पात्रको दुर्वल मानसिकता र मनोवृत्तिको खोज तथा विश्लेषण भन्दा खास वैचारिक मूल्य प्रतिपादनको केन्द्रयि ध्येय यस चरणका कथाहरूमा पाइन्छ । यस तेस्रो चरणमा पूर्ववर्ती कथाका सापेक्षतामा निकै लामा रहेका छन् । साथै पूर्ववर्ती कथा लेखन भन्दा कारुणिक संवेदनाको सिर्जनाद्वारा मानवीय दायित्व र मर्यादाका प्रश्न उसका नैतिक, सामाजिक कर्तव्यहरू तथा मानवीय विपत्तिको प्रकृति र परिरणामको अभिव्यक्ति यस चरणका कथाहरूमा टड्कारो रुपमा देख्न सकिन्छ । जुन यसचरणका कथाहरूको खास प्राप्ति पनि हो । संस्कृतिसापेक्षतावादका सिद्धान्तको प्रभाव ग्रहण गरेका यस चरणका कोइरालाका कथामा नेपालका पहाड, तराइ, उपत्यकाका स्थान, संस्कृति र भाषाको प्रभाव पाइन्छ, शीर्षक चयनमा संक्षिप्तता, सार्थकता र प्रभावकारिता पाइन्छ भने अभिधात्मक तथा अन्योक्तिमूलक अर्थ सापेक्षतामा कथाहरू लेखिएको पाइन्छ । कथानक ढाँचा रैखिक प्रकारको देखिन्छ । वाध्य सीमित र आन्तरिक परिधीय दुवै दृष्टिविन्दुको प्रयोग गरेको पाइन्छ । पात्रमा तद्रुपता, चरित्रचित्रणमा नाटकीय र प्रत्यक्ष दुवै पद्धतिको प्रयोग गरिएको छ । घटनाको विस्तार र व्यापकतामा कथा आधारित भएकाले कथाको आकृति अपेक्षाकृत विस्तृत देख्न सकिन्छ । मध्यमवर्गीय जीवनस्तर भएकाले नेपाली जनजीवनको चित्रण लगायत पात्रका अचेतन जीवनको अध्ययनका तुलनामा नीति र आदर्शवाद तर्फ उन्मुख पात्रहरूको चयन आदि प्रवृत्तिहरू मान्न सकिन्छ । यसर्थ कथाकार वि.पि. कोइरालाको कथा लेखन तथा प्रकाशन को समयावधिलाई ध्यानमा राखेर गरिएको चरण विभाजनका आधारमा हेर्दा वि.सं.१९८७ देखि वि.सं.२०३९ सालसम्मको बाउन्न वर्ष अर्थात पाँच दशकको समयावधिभित्र कोइरालाको कथायात्रा विखण्डित रुपमा रहेको छ । यसमा पनि कथालेखनका दृष्टिले वि.सं.१९८७ देखि वि.सं.२०२० सालसम्म र प्रकाशनका दृष्टिले वि.सं.१९८७ वि.सं.२०३९ सालसम्म गरी कोइरालाको कथायात्राको विकास प्रकृया अगाडि बढेको पाइन्छ भने भाषा वर्गीकरणका सन्दर्भमा हेर्दा कोइरालाका कथाहरू विशेषगरी हिन्दी र नेपाली गरी दुई भाषामा विभाजन गरिएको पाइन्छ । विषयवस्तु प्रस्तुतिको चासो कल्पनाशील, तर्कपरक रुचि र आख्यानप्रतिको झुकावका रुपमा उनका हिन्दी कथाहरू रहेका छन् भने अस्तित्ववादी, यौन मनोवैज्ञानिक नारी मनको विश्लेषण, नारी पुरुष विचको रतिरागात्मक प्रस्तुति, नेपाली सामाजिक

परिवेशको चित्रण अन्धविश्वासको व्यङ्ग्यात्मक चित्रण, व्यक्तिको स्वतन्त्रता जस्ता पक्षलाई समावेश उनका नेपाली कथाहरूले स्पष्ट रुपमा गरेका छन् ।

## २.५ विश्वेश्वरप्रसाद कोइरालाको कथागत प्रवृत्तिहरू

कथाकार वि.पि. कोइराला आधुनिक नेपाली साहित्यको फाटका २० औँ शताब्दी उज्वल नक्षत्र हुन् । फ्रायडको मनोविश्लेषणलाई आफ्ना  कथामा तत्कालीन नेपाली समाजका विविध पक्षको चरित्र गर्न सक्षम कथाकार कोइरालाका कथागत प्रवृत्तिहरूलाई निम्न अनुसार अध्यन गर्न सकिन्छ ।

### २.५.१ फ्रायडवादी कथाकार

नेपाली कथाको इतिहासमा आधुनिकतालाई सवल तुल्याउने फ्रायडवादी कथाकार हुन् । नेपाली कथाको आधुनिक कालको प्रारम्भमा देखापरेका कोइरालालाई गुरुप्रसाद मैनाली जस्तै ऐतिहासिक मूल्यका दृष्टिबाट हेरिन्छ । निश्चय नै नेपाली, कथामा आधुनिकताको प्रारम्भ गर्ने मूल श्रेय मैनालीलाई छ तर इतिहासको निर्माण कुनै एक व्यक्तिबाट नभई कुनै एउटा समुदायको शक्तिबाट भएको हुन्छ । नेपाली कथाको फाटमा मैनालीले सामाजिक विषयवस्तु र यथार्थवाद ग्रहण गरेर आधुनिकता ल्याउने काम गरेका थिए तर आधुनिकतालाई अझै वलियो वनाउने काम  वि.पि. कोइरालाले गरे । सामाजिक पृष्ठभूमिमा मनको अन्तर्यथार्थको खोज गर्ने काम सर्वप्रथम कोइरालाबाटै भएको हो । यसरी वाह्य सामाजिक यथार्थ र आन्तरिक मनको यथार्थलाई एकसाथ अघि वढाउने काम कोइरालाबाट भएको हो । विश्वेश्वर कोइरालामा पूर्णत : पाश्चात्य दृष्टिकोणको प्रभाव परेको छ । कोइरालाको कथाका चिन्तन र शैली दुवैमा पाश्चात्य साहित्यको प्रभाव छ । उनका कथामा पाश्चात्य चिन्तन फ्रायडवादलाइ साहित्यिक वा कलात्मक रुपमा प्रस्तुत गरिएको छ । फ्रायडवाद पूर्णत पाश्चात्य चिन्तन हो र ज्ञान र विज्ञानका क्षेत्रमा वीसौँ शताब्दीमा देखा परेको महत्वपूर्ण उपलब्धि पनि हो । कोइरालाले आफ्नो पहिलो कथा चन्द्रवदन (१९९२) मा फ्रायडवादको प्रभावलाई भित्राएर सवल पार्ने काम गरे ।

आधुनिक नेपाली कथा साहित्यमा मनोविज्ञानलाई प्रयोग गर्ने पहिलो कथाकार कोइराला नै हुन् ।  कोइरालाले प्रारम्भ गरेको मनोवैज्ञानिक यथार्थवादी परम्परामा देखा पर्ने कथाकारहरूको निकै लामो इतिहास छ । यस परम्परामा भिक्षु, गोठाले, विजय मल्ल पोषण पाण्डे, प्रेमा शाह  परशुराम प्रधान र देवकुमारी थापा आदिको नाम लिन सकिन्छ यसरी सामाजिक यथार्थवादको सामानान्तर रुपमा मनोवैज्ञानिक यथार्थवादको परम्परा

विकसित  भएको छ । यो ऐतिहासिक शक्ति निर्माण गर्ने श्रेदा (..) कोइरालालाई प्राप्त भएको छ ।

आधुनिक नेपाली कथामा मनोवैज्ञानिकलाइ लोकप्रिय बनाउने पहिलो कथाकार कोइराला नै हुन् । नेपाली साहित्यलाई अग्रगति प्रदान गर्नमा पाश्चात्य साहित्यको विभिन्न वादहरूको प्रभावको ठूलो महत्व रहेको छ । कोइरालाका कथामा साहित्यिक मनोविज्ञान पाइन्छ । नेपाली साहित्यमा फ्रायडवादी प्रवृत्तिलाई लोकप्रिय वनाउने कथाकार कोइरालाबाटै भएको हो भन्न सकिन्छ ।

## २.५.२ अचेतन मनको विश्लेषण गर्ने कथाकार

कथाकार वि.पि. कोइराला अचेतन मनको विश्लेषण गर्दछन् ।  कोइरालाका यौन विषय भएका कथा हुन वा नभएका कथा हुन् त्यहाँ अचेतन मनको विश्लेषण भने भएकै हुन्छ । कर्नेलको घोडा'  यौन भएको अचेतन मनको विश्लेषण गरिएको कथाको उदाहरण हो । भने दोषी चश्मा यौन नभएको तर अचेतन मनको विश्लेषण गरिएको कथा हो । कथाकार कोइरालाका अवचेतनमनले चेतन मनलाई पार्ने प्रभावको विश्लेषण गर्दछन् ।  'दोषी चश्मा' को केशवराजको मनोविश्लेषणमा यही अचेतनमनले चेतन मनलाई पार्ने प्रभावको विश्लेषण भएको छ । राणाकालीन दास भावनाले सताइएका केशवराजले जर साहेवलाई स्वस्ति गर्न चुक्ता उसको उचेतन मनको औधि सफल विश्लेषण 'दोषी चश्मा'  मा पाइन्छ ।  यसैले गर्दा केशवराज आफ्नो चश्मालाई दोष दिन्छ, भान्सा घरमा धुवाँ भएकोमा स्वास्नीलाई गाली गर्छ र आँफैसँग पनि रिसाउँछ । उसका चेतनका यी व्यवहारको मूल अचेतनमा दमित भएर रहेको इच्छानै हो । यस्ता चेतनका यथावत् क्रियाकलापहरू अचेतनमनहरूबाट पनि उनका कथामा देखाइएको  हुन्छ । यही पात्रको चेतनको क्रियाव्यापारमा देखा पर्ने कुराहरूको मूल अचेतनमा दयित कुनै इच्छा रहेको हुन्छ । कोइराला फ्रायडवादी सिद्धान्तका आधारमा चेतन का दमित  इच्छा वा वासनाको उद्घाटन गर्दछन् । कोइराला मूलत : अचेतनलाई यौनसँग गाँसेर हेर्ने कथाकार हुन् ।  उनका कथामा  यौन मनोग्रन्थि पाइन्छ । मानिसको इच्छा कसरी अचेतनमा दमित भएर जान्छ र त्यसलाई यौनसँग सम्बद्ध गरेर कोइराला आफ्ना कथामा देखाउँछन् अचेतन दमित  यौन भावनाबाट उत्पन्न विकृतिका विभिन्न रुप हुन्छन् । कहिलेकाँही यो अवसरोन्माद वा असामान्य स्थितिको रुपमा देखा पर्दछ । कर्नेलको घोडा' कथाकी पात्र कर्नेलनी घोडाप्रतिको अनुराग विकृतिनै हो र 'श्वेतभैरवी' कथाकी फगुनीको म पात्र प्रतिको आकर्षणको रौद्ररुप अवसरोन्माद हो ।

### २.५.३ मानवजीवनमा यौन शक्तिको भूमिकामा विश्वास गर्ने कथाकार

कथाकार विश्वेश्वरप्रसाद कोइराला फ्रायडबादी कथाकार हुन् । उनी मानव जीवनमा यौन शक्तिको भूमिकामा विश्वास गर्दछन् । फ्रायडले मानवका सम्पूर्ण जीवनको परिचालन यौनबाट नै हुन्छ भन्ने कुरा मान्दछन् । फ्रायडका विचारमा आधुनिक मानव सभ्यता संस्कृतिको विकाशमा यौन शक्तिको भूमिका रहेको हुन्छ । मान्छे साहित्यकार कलाकार अभिनेता आदि हुनुमा यौन शक्तिको प्रवल भूमिका रहेको हुन्छ भन्ने विश्वास उनीमा रहेको छ । मानव ज्ञान देखि लिएर उसका यावंत भौतिक क्रियाकलापहरूमा यौन शक्तिले नै काम गरेको हुन्छ भन्ने कुरा मान्दछन् । उनका अनुसार हाम्रो मन चेतन र अचेतनमा विभक्त छ । मानव मनलाई चार खण्ड गर्दा अचेतन मन तिन खण्ड र चेतन मन एक खण्डमा मात्र छ । उसैले मान्छेको चेतन मन भन्दा अचेतन मन शक्तिशाली छ र मान्छेका चेतनाबाट हुने सारा क्रियाकलापहरू अचेतन मनबाटै सञ्चालित हुन्छन् । शक्तिशाली अचेतन  मनले चेतन मनलाई प्रभाव पारेको हुन्छ भन्ने फ्रायडवादी सिद्धान्तलाई कथाकार कोइरालाले आफ्ना धेरैजसो कथाहरूमा प्रयोग गरेका छन् । जस्तै ‘चन्द्रवदन’ कथा यसको ज्वलन्त उदाहरण हो ।

वि.पी. कोइरालालाई मानव यौनमनोविश्लेषणमा उत्कृष्ट अभिरुचि रहेको छ । फ्रायडवादीको अर्थ यौनलाई मुख्य विषयवस्तु बनाई कथा लेख्ने भन्ने हुन्छ मनोविश्लेषणमा पात्रहरूमा रहेका यौनका विभिन्न अवस्थाहरूको विश्लेषण गरिएको हुन्छ । यौनका विभिन्न अवस्थाहरूले गर्दा पात्रहरूका विभिन्न कुण्ठा र विकृतिहरूको जन्म हुन्छ । ती तृष्णा र विकृति आदिको कारण सहित घटनाक्रम देखाउनु मनोविश्लेषण हो । कोइराला फ्रायडबादीबाट अत्याधिक प्रभावित भएकाले जहाँ जहाँ यौनलाई विषयवस्तु बनाएका छन् र त्यहाँ मनोविश्लेषण गरेकै छन् । तसर्थ कथाकार कोइराला मनोविश्लेषणमा आधारित यौन विषयका कथा लेख्ने कथाकार हुन ।

यौनलाई कोइरालाले मानव अचेतन मनसंग सम्वन्ध गरेका छन् ।मानवको जीवन चेतन मनले भन्दा अचेतन मनले सञ्चालित छ भन्ने धारणा फ्रायडबादी चिन्तनमा पाइन्छ । मानव मनमा यौनको पाशिवक वृत्ति ढाक्ने गरिएको छ । कोइरालाका कथामा यौनलाई अचेतन मनसँग सम्बन्धित बनाएर प्रस्तुत गरिन्छ ‘चन्द्र वदन ’ कथाको चन्द्रवदन आफ्नो घरछेउँको पट्टा गुण्डासँग हुने यौन आर्कषण अचेतन मनबाट प्रेरित भएर विकसित भएको  छ । यौन र अचेतन सम्बन्धको मात्रामा अचेतन को मात्रा जति वढी हुन्छ त्यति कथा गहन हुने गर्दछन ।‘पवित्र’ कथाकी भान्से पवित्राको आफ्नो मालिकप्रतिको अनुरागअचेतन यौनको रुप हो ।

कथाकार कोइराला यौनका सत्तही रुपको वर्णन नगरी गहिराइमा पुगेर वर्णन गर्दछन । कोइरालाका पात्रहरू यौन तृप्तिका मुखापेक्षी छन् कोइरालाले यौनलाई विषय वस्तु कथाका पात्रहरू यौन वृत्तिका मुखापेक्षी रहेका देखाएका छन् । मनोविज्ञान मा मनका दुई अवस्था देखिन्छन् अचेतन र चेतन-अचेतनका जहिले पनि द्वन्द्व हुन्छ चेतन मन जहिले पनि सामाजिक वन्धनमा हुन्छ यसैले यो मानवीय प्रतिष्ठा नीतिनियम र मानवीसँग सम्वन्धित हुन्छ तर अचेतन मन सधै आनन्द चाहन्छन् । मनोवैज्ञानिक मनको अर्को पनि अवस्था मानिन्छ । जो उच्च अहम् हो यो उच्च आकाङ्क्षा हो र यो सबै मानिसमा हुँदैन । ठुला माहात्मा प्रकाण्डविद्धान् महान् कलाकार हुन चाहनु उच्च अहम हो । यौन तृप्तिको सम्बन्ध अचेतन मनसँग छ । अचेतन मन जहिलेपनि तृप्ति चाहन्छ । कोइरालाका पात्रहरू जहिलेपनि अचेतन तृप्तितिर उन्मुख भइरहन्छ । 'मधेशतिर' कथाकी विधुवा युवतीबाटो हिड्दा भेटभएको अज्ञात गोरोासँग घरजमगरी बस्ने चाहनाले बढ्दै गएको अनुराग उसको अचेतन तृप्ति तर्फको उन्मुखता हो । यसले गर्दा उ गोरेलाई धेरै खाने कुरादिने र साथै हिडेर कुरा गर्ने गर्छे तर अन्त्यमा गोरेले उसको सबै गहना चोरेर भागे पछि साह्रै दुःखी हुन्छे । बास्तवमा त्यो दुखाइमा अचेतनको तृप्तिको चाहना प्रतिबिम्वित भएको पाइन्छ । विधुवाको सारा क्रियाकलाप यौन तृप्तिसँग सम्वन्धित रहेको छ । यौन तृप्तिको भावना हरेक मानिसमा हुन्छ । तर कसैमा बढी कसैमा कम यौन भावनालाई रवरको हावा भरिएको भकुन्डोसँग तुलना गरिन्छ । रवरको भकुण्डोलाई जति थिच्यो वा दबायो उति बाहिर त्यसको हावा निस्कन खोज्दछ । त्यसैगरी यौनको भावनालाई जति दबायो उति त्यो बाहिर प्रकट हुन थाल्दछ । त्यस्तो दमित यौन भावनाले विकृतिको जन्म दिन्छ । यौन भावनाको दमनबाट कतिपय शारीरिक रोग जन्मनुका साथै मान्छेको चारित्रिक आचरणलाई असामान्य बनाइ दिन्छ । कोइराला प्राय : कथाका पात्रहरूले अचेतन क्रिया देखाउँदछन् । त्यस्ता अचेतन क्रियाहरू लिनेले खालि यौनको तृप्तिको चाहना गरेका हुन्छन् ।

## २.५.४ कथामा मनोरचना र मनोग्रन्थिलाई यथार्थमा समायोजन गर्ने कथाकार

वि.पी. कोइरालाका कथामा पात्रको मानसिकता र संवेगात्मक जीवनको तीव्रता प्रकट गरिएको हुन्छ । कथामा पात्रको मनोरचनालाई देखाउने काम गरेको हुन्छ । मनोरचना भनेको अचेतनबाट प्रेरित भएर चेतनामा प्रकट भएको कार्य व्यापार हो । मान्छेका अचेतनमा प्रकट रुपमा बसेका बासनाहरू चेतनामा बाहिर प्रकट हुँदा अर्को रुपमा प्रकट हुनु नै मनोरचना हो । दोषी चश्मा कथामा जरसाहेवलाई स्वस्ति गर्ने चुक्दा केशवराको अचेतनमा रहेको इच्छा धुवांसँग चश्मासँग र आफैसँग रिस भएर चेतनामा देखिनु मनोरचना हो । (प्रेम)

कथाको रामनाथ पनि बाटोमा पर्ने हिलोले चेतनामा रिसाउनु नै मनोरचना हो । (हरिदत्त) कथाको हरिदत्तले आफ्नो कमजोरी ढाँक छोप गर्न खोज्नु र पढाइमा असफल भई व्यापारमा लाग्नु पनि मनो रचना हो । यस्तै पवित्रा कथाकी पवित्रा बज्यै मालिक प्रति भित्री रुपमा अनुराग वा जैविक सम्बन्ध गाँसे पनि विवाह हुने कुरामा छिमेकीसँग हर्ष प्रकट गर्नु मनोरचनाकै उदाहरण हो । यसरी मनोरचनालाई कथामा यथास्थानमा गर्ने क्षमता कथाकार कोइरालामा प्रवल रुपमा रहेको पाउन सकिन्छ । यस्ता मनोरचनाको प्रयोगले उनका कथामा पात्रको मानसिक संवेगात्मक जीवन तीव्र रुपमा प्रकट गरिएको पाइन्छ ।

## २.५.५ कथामा मानसिक द्वन्द्वको प्रधानता उजागर गर्ने कथाकार

द्वन्द्व कथाको प्रमुख तत्व भएकोले कोइरालाका कथामा मानसिक द्वन्द्वको प्रधानता रहेको पाइन्छ । उनका सामाजिक र मनोवैज्ञनिक सबै कथामा मानसिक द्वन्द्व वा अन्तरद्वन्द्व पाउन सकिन्छ । वस्तुत : द्वन्द्वको केन्द्रविन्दु मानिस नै हुन्छ । कथामा मानिस र समाज बिच, मानिस र प्रकृतिबिच मानिस र मानिस बिच तथा मानिसको आफ्नै मनको बिच द्वन्द्वलाई देखाइएको हुन्छ । त्यसैले मानसिक द्वन्द्वको कारणमा समाज र संस्कृति रहेको हुन्छ । अनि कार्य रुपमा मानसिक द्वन्द्व आउँछ । मनोवैज्ञानिक द्वन्द्वमा मानसिक द्वन्द्वको कारणलाई गौण बनाइन्छ र द्वन्द्वलाई प्रधान बनाइन्छ । यस्तो स्थिति उनका हरेक कथामा पाउन सकिन्छ । कोइरालालाई कथामा अचेतन र चेतन मनका बिचको द्वन्द्व हुन्छ । उनका कथाको विश्लेषण गर्दा हरेक पात्रका मनमा दुई तह चेतन र अचेतन देखाइएको हुन्छ । पवित्रा कथाकी पवित्रा बज्यैले अचेतनमा प्रेम र चेतनमा मालिकका रुपमा हेर्ने मानसिक द्वन्द्व हो । चन्द्रबदन कथाकी चन्द्रबदनले अचेतनामा गुण्डा र लोग्नेलाई सम्झनुमा मानसिक द्वन्द्व नै देखा पर्छ । यसरी कोइराका कथामा अचेतन मन र चेतन मनका बिच द्वन्द्व देखाएको हुन्छ । घटनाको तात्पर्य गौण रहेको हुन्छ । अनि अचेतन र चेतनको द्वन्द्वको प्रमुखता रहेको हुन्छ । कथाकार कोइरालाका कथामा मानसिक द्वन्द्वको आधार सांस्कृतिक सापेक्षवादलाई शब्दावली विशेष परियोजनका निमित्त प्रयोग गरिन्छ । कुनै पनि पात्रको मानसिकताको निर्माणमा उसको परिवेश समाज संस्कृतिको सापेक्ष प्रभाव रहेको हुन्छ । यसरी परिवेश समाज र संस्कृतिको प्रभाव सापेक्ष पात्रका मानसिकताको निर्माण भएको देखाउनुलाई संस्कृति सापेक्षवाद भनिन्छ । यसबाट मनेबैज्ञानिक कथामा पात्रहरूको मानसिक स्थितिलाई देखाउनु ठुलो सहयोग हुन्छ । यसरी मान्छेको मानसिकताको विकासमा समाजले प्रभाव पारेको हुन्छ । समाज भन्नाले समाज भित्रको सांस्कृतिक छाप आइहाल्छ । कोइरालाका कथामा पात्रहरूको मानसिकता पनि नेपाली समाज र संस्कृति अनुरुपकै पाइन्छ ।

कोइरालाले नेपाली परिवेश नेपाली संस्कृति सापेक्ष बनाएर आफ्ना कथामा पात्रहरूको मानसिक द्वन्द्वलाई देखाएका छन् । उनका कथामा पात्रको द्वन्द्व समाज निरपेक्ष छैन । कथालेखनमा समय र स्थानको प्रभाव पर्दछ । भिन्नाभिन्नै समय र छुट्टै स्थानका कथामा पाइने समाज र संस्कृतिको अन्तर देखाउनुमा त्यसैको पुष्टि हुन्छ । कुनै पनि समाजको संस्कृतिमा समय र स्थानले कथाकारको कथालेखनमा सहयोग गर्दछ । कोइरालाका कथाका पात्रको मानसिकता खास समय र स्थान अनुरुप बनेको नेपाली समाज संस्कृतिको सापेक्ष छ । कोइरालाले पाश्चात्य कथाकारको प्रभाव लिएर कथा लेखेता पनि त्यसलाई नेपाली संस्कृति सापेक्ष बनाएर प्रस्तुत गरेका छन् । चेखवको बहिदारको मृत्यु कथाबाट प्रभावित भएर 'दोषी चश्मा' लेखेतापनि त्यलाई नेपाली परिवेश र संस्कृति सापेक्ष बनाएर प्रस्तुत गरेका छन् । चेखवको बहिदार आत्महिनताले मर्नु र कोइरालाको केशवराज नमर्नुमा रुसी समाज र संस्कृति नेपाली समाज र संस्कृतिको अन्तरले हो । यसरी कोइरालाका कथाको मानसिक द्वन्द्व संस्कृति सापेक्ष रहेको छ । कथाकार कोइरालाका कथामा मानसिक द्वन्द्वको कार्यकारण सम्वन्ध रहेको हुन्छ । नेपाली समाज र संस्कृतिका कारणको रुपमा रहेको हुन्छ र त्यसैअनुरुप पात्रको मानसिकता कार्यको रुपमा आएको हुन्छ । यसरी उनका कथामा पात्रका मानसिकता कार्यको रुपमा आएको हुन्छ । यसरी उनका कथामा पात्रका मानसिक द्वन्द्वको आधार नेपाली परिवेश वातावरण वा समाज रहेको हुन्छ जो सांस्कृतिक सापेक्षवाद हो ।

## २.६ विश्वेश्वरप्रसाद कोइरालाको कथामा पाइने कथात्मक प्रवृत्तिहरू

### २.६.१ मनोवैज्ञानिकता

आधुनिक नेपाली कथा साहित्यका फाँटमा कलम चलाउने सशक्त कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथामा पाइने  पहिलो प्रवृत्तिका रुपमा मनोवैज्ञानिकतालाई लिइन्छ । कोइरालाले आफ्ना नेपाली भाषामा रचना गरेका सबै कथाहरूमा मनोविश्लेषणलाई प्राथामिकता दिएका छन् । मानवीय अन्तस्तलमा निहित रतिरागको भावनाले मान्छेको अनुभूति सोचाइ र क्रियाकलापमा पर्ने प्रभावको अध्ययन उनका कथाले गरेका छन् । कथाका पात्रले आफ्नो इच्छा र आकाङ्क्षालाई सहज रुपमा बाध्य प्रकटीकरण गर्न नपाउँदा उसले कुण्ठित भएर बस्नुपर्ने हुन्छ । फलतः उसका मनमा द्वन्द्वको सिर्जनाको  विकास हुँदै जान्छ । कोइराला पनि आफ्ना कथाका पात्रहरूमा द्वन्द्वको उपस्थापनद्वारा मानसिक संवेगको खोज र विश्लेषण गर्दछन् । विशेषता विश्वेश्वरप्रसाद कोइराला फ्रायड्वादी कथाकार भएकाले जीवनमा काम शक्तिको भूमिकामा विश्वास राखी मनोवैज्ञानिक सत्यको रहस्य उद्घाटन/विश्लेलेषण  गर्दछन् । अर्को शब्दमा भन्ने हो भने जीवनका साधरण कुरालाई

टप्पक टिपेर सूक्ष्म र गूढतम् अध्ययन आफ्ना कथामा प्रस्तुत गर्नु कोइरालाको विशेषता हो । मानिस यथार्थमा आन्तरिक तहबाट परिचालित हुन्छ । समाजको वाह्य पक्षको अध्ययन गर्नु सामाजिक कथाकारको प्रमुख धेय रहेको हुन्छ । भन्ने मनोवैज्ञनिक कथाकार ठीक त्यसका विपरीत रहेका हुन्छन् । आधुनिक नेपाली कथाका क्षेत्रमा कोइरालाले नै फ्रायड्द्वारा प्रतिपादित मनोविश्लेषणको परिपाटीलाई साहित्यिक पाराले नेपाली साहित्यमा भित्र्याएका हुन् । प्रथम कथा 'चन्द्रवदन' देखि अन्तिम कथा 'एकरात' सम्मका कथा पात्रहरूमा सबैमा कुनै न कुनै पक्षबाट मनोवैज्ञानिकताको उद्घाटन गरेको पाइन्छ । कोइरालाका सबै कथामा मनका विभिन्न तह (चेतन–अचेतन ) मा हुने द्वन्द्वको विश्लेषण गरिएको पाइन्छ ।

### २.६.२ सामाजिकता

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको कथाको अर्को प्रमुख कथात्मक प्रवृत्ति भनेको सामाजिकता हो । यिनले नेपाली समाज सापेक्ष पात्रको चयन गरी त्यसलाई आवश्यक कला मूल्य प्रदान गरी कलात्मक अभिव्यक्ति दिएका छन् । पात्रका मानसिक द्वन्द्वको सिर्जना र विकास गर्न नेपाली समाजको चित्र प्रस्तुत गरेका छन् । व्यक्ति चित्रमा नै केन्द्रित रहेपनि त्यसका पछाडि समाज हुने भएकाले कोइरालाका कथामा सामाजिक परिवेश रहेको छ । सामाजिक संरचना, मूल्यमान्यता, परम्परा र परिस्थिति जस्ता कुराहरूले व्यक्तिलाई प्रभावित पारेको हुन्छ । व्यक्तिलाई अन्तर्तहमा परेका असर र त्यसबाट उत्पन्न क्रिया प्रतिक्रियाको विश्लेषण यिनका कथामा गरिएको छ । त्यसैले सामाजिक सन्दर्भ नै कोइरालाका कथाको आधार स्तम्भ हो । नेपाली समाजका सामाजिक, आर्थिक, राजनैतिक सास्कृतिक र बैबाहिक मान्यताहरूको स्पष्ट प्रभाव परेको पात्रहरू यिनका कथामा प्रयुक्त भएका छन् ।कोइरालाले आफ्ना धेरै जसो कथामा पात्रको दमित यौन अचेतनलाई बढी महत्व दिएका छन् तरपनि त्यस अवस्थामा विभिन्न मनोदशामा पुगेका पात्रहरूका पछाडि समाजिक आर्थिक कारण नै मूलरुपमा रहेको छ । दमित यौन अचेतनले गर्दा असामान्य अवस्थामा पुगेकी 'पवित्रा ' कथाकी पवित्रा 'श्वेतभैरवी 'कथा की फगुनी 'हरिदत्त' कथाको हरिदत्त जस्ता पात्रहरू सामाजिक परिस्थितिका कारणले नै उक्त अवस्थामा पुगेका हुन कथाकार कोइरालाले व्यक्तिलाई मनोरोगी बनाउने नेपाली समाजका खरावी र विकृतिप्रति कलात्मकका साथ व्यङ्यतथा विरोध प्रकट गरेका छन् । वालविवाह, बहुविवाह, शैक्षिक, सामाजिक विकृति र विसङ्गतिको उदाङ्गो रुप यिनका कथामा देखाइएको छ । तत्कालीन नेपाली समाजमा व्याप्त रहेको चाकरी प्रथाप्रति तीखो व्यङ्ग्यवाण प्रहानर गरिएको छ । कोइरालाले आफ्ना कथामा सामन्ती वर्गको नाङ्गो रुप प्रस्तुत गरेर शोषित-पीडित चाकरीबाज व्यक्तिले समाजमा अपाङ्ग

जस्तो बनेर हिड्नुपर्ने तत्कालीन अवस्थाको चित्रण गरेका छन् । तत्कालीन समाजमा निम्न बर्गीय समाजको यथार्थ चित्रण उत्तार्न पनि कथाकार सफल देखापरेका छन् कोइरालाको 'महराजको सवारी' कथामा सामन्ती प्रवृतिलाई उद्घटित गरिएको छ । भने 'पुस्तक ' कथामा अशिक्षित किसानहरूको सामाजिक-शैक्षिक अवस्थालाई प्रस्ट पारिएकोछ । शैक्षिक प्रवृतिको यथार्थ चित्रण 'स्कुल मास्टर' कथामा गरिएको छ । कोइरालाका सबैजसो कथाहरू समाजको मूल आडमा रहेर व्यक्तिका मानसिक अवस्थालाई केलाउन सर्मथ छन् । यही साक्ष्यमा सामाजिकता कोइरालाका कथाका मूल प्रवृत्ति मान्न सकिन्छ ।

## २.६.३ अभिनय कौशलता

साहित्यिक र राजनैतिक विषयमा ध्रुवीय व्यक्तित्वका धनी कथाकार कोइरालाका कथामा भएको अल्पपात्र प्रयोग र सम्वादात्मक अभिव्यक्तिले गर्दा अभिनयको कौशलतालाई प्रवृतिको रुपमा लिन सकिन्छ । कोइरालाका कथाहरू मञ्चनको उद्देश्य राखी लेखीएका नभएतापनि अभिनयनत्मकता भने पाउन सकिन्छ । यिनका कथामा वर्णनसँग दृश्य र दृश्यसँग सम्वाद साथसाथै मनोवादको पनि समावेश भएकाले उनका कथाको भाषा एवम् शैलीमा नाटकीयता पनि प्रशस्त मात्रामा रहेको पाइन्छ साथै कतै प्राकृतिक दृश्यको छोटो छोटो वर्णन पनि भेटिन्छ ।[३२] कोइरालाले आफ्नो 'सिपाही' कथामा म पात्र र सिपाहीका बिच उत्कृष्ट अभिनयात्मक सम्वाद प्रस्तुत गरेका छन् । यस कथामा म पात्रका अनुसार पहिलो उसले मलाई सोध्यो । ए बाबु कता हिडेको ? ओहो हाँस्दा सुनको पाताले बाधेको अगाडिको दात प्रकाशमा टल्क्यो । म पनि उतै जान लागेको छु । आज दिनभर त साथै हुने भयो हगि दाइ [३३] जस्ता संवादको प्रस्तुतिले गर्दा कथाले सहजता र सरलताका साथै कलात्मकता पाइएको छ । यसरी नै पात्रको स्वरुप वर्णन गर्ने क्रममा कोइरालाले कालोकोट, फौजीटोपी, खाकीपाइन्ट । त्यसको कालो कोटको जेवबाट एउटा सस्तो फाउन्टेन पेनको क्लिप पनि टल्किरहेको थियो । क्विन एन घडी पनि त्यसको नाडीमा बाँदिएको थियो । जो उसले हात उठाउँदा बोल्दा खेरी बिचबिचमा हात उठाउने उसको बानी देखिन्थ्यो । एउटा ठुलो रातो रुमाल आफ्नो घाँटीमा त्यसले बेरिराखेको थियो । [३४] यिनी सिपाहीको सजीव चित्रण गरेका छन् । यिनको 'दोषी चश्मा' कथामा केशवराजले जर्सावलाई चश्माको कारणले समयमा स्वस्ति गर्न सकेनन् र भन्न थाले धत्त् यस चश्माबाट ठ्यामै काम नचल्ने भयो । त्यसपछि पश्चतापको राकोमा रन्कदै घरमा पुगेका केशवराज आफ्नी श्रीमतीसँग 'बडो सिपालु म छु

३२. वासुदेव त्रिपाठी (सम्पादक), नेपाली साहित्य श्रृङ्खला (भाग२) ( काठमाडौं : एकता डिष्ट्रिव्युटर्स प्रा.ली., २०५२) पृ. १५६ ।

३३. विश्वेश्वरप्रसाद कोइराला, दोषीचश्मा कथासंग्रह छै.स. (ललितपुर साझाप्रकाशन, २०५४) पृ. ९७ ।

३४. ऐजन पृ. ९७-९८ ।

आफूलाई मान्छे' घमण्ड छ । यसले आफ्नो पोइलाई टाइममा भातसम्म पनि खुवाउन सक्दिन । ए मोरी के गरिरहेको थिइस यतिका बेर ? दुई घडी रात गएपछि लागिरहिछस् ? काममा बाहिर गयो लखतरान भई घर फर्क्यो र अब गाँस टिप्न पाइएला भनेको त यहाँ [३५] पनि गर्जन्छे । केशवराजका यी कथनमा नाटकीय, संवादात्मक, प्रस्तुति सहजै पाउन सकिन्छ ।

यस्तै कोइरालाका समग्र कथाहरूलाई उत्कृष्ट मानिएको 'कर्नेलको घोडा' कथामा पनि यस्ता अभिव्यक्ति पाउन सकिन्छ । कर्नेल बाहिरबाट घरमा आउँदा सधैं केही न केही समान लिएर आउँथे । यसै शिलशिलामा एकदिन कर्नेलनीले भनिन- मैलै कति चोटी हजुरलाई भने,- मलाई यी सब सामानहरू चाहिँदैनन् । व्यर्थ हजुर किन पैसा फ्याक्नु हुन्छ ।[३६] यसैगरी दिनप्रतिदिन पति पत्नी बिचको वैमनस्य बढ्दै जाँदा तिमीलाई के को दुःख छ र यो सबै कुरा मलाई सुनाउँछ्यौं ? तिम्रो मनमा के को अशान्ति छ र घोडाको सुश्रुषा नगरेर तिमीलाई शान्ति हुँदैन ? तिम्रो मेरोप्रति पनि त कर्तव्य छ नि ! घोडालाई गरेको जति पनि कहिले एकछिनका लागि मरो विचार पऱ्यो ? साँचो भन- मलाई त घोडादेखि इर्ष्या छ- तिम्रो चालले कर्नेलनी कर्नेलले रुँला रुँला जस्तो गरेर भने । यसरी कोइरालाका केही कथामा उपयुक्त अभिव्यक्ति जस्तै अन्य कथामा पनि यस्ता नाटकीय पात्रका समबादत्मक अभिव्यक्ति थुप्रै पाउन सकिन्छ । तसर्थ कोइरालाका कथामा अभिनय कौशलतालाई कथात्मक प्रबृतीका रुपमा लिन सकिन्छ ।

## २.६.४ प्रकृति प्रेम / प्रकृति चित्रण

वि.पी.कोइराला रुसोको प्रकृति फर्क भन्ने मान्यताद्वारा पूर्ण प्रभावित भएका कथाकार होइनन् । लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे र सिद्धिचरण श्रेष्ठझैं प्रकृतिकै काखमा रमाउने प्रवृत्ति पनि कथाकार कोइरालामा पाइँदैन । कवि कोइराला जति प्रकृति नजिक छन् त्यति कथाकार कोइराला छैनन् । कवि कोइरालाका छाँया कथाकार कोइरालामा परेको छ । यसर्थ उनका कथामा प्रकृति प्रेमका दृष्यहरू देख्न सकिन्छ । मनोवैज्ञानिक प्रस्तुतिका माध्यमबाट प्रकृति प्रणय र मानवतालाई व्यक्त गर्नु समग्रमा साहित्यकार कोइरालाको अभीष्ट हो ।[३७] पात्रको मानसिक अध्ययन गर्दा परिवेशको चित्र खिच्ने क्रममा कोइराला प्रकृति नजिक पुगेका छन् । उनको 'सान्नानी' कथामा कोशी नदीको मङ्गालो पुर्विया धारको चित्रण यसरी गरेका छन् -सहस्रधारा कोशीको एउटा ठूलो 'मंगालो

३५. ऐजन पृ. ३ ।

३६. ऐजन पृ. ३० ।

३७. हरिप्रसाद शर्मा, "विश्वेश्वरप्रसाद कोइरालाका कवितामा प्रकृति, प्रणय र मानवता" समकालिन साहित्य, (बठ ८ अङ्क २ पूर्णाङ्क ३०, २०५५) पृ. १३८ ।

गाँउको पूर्वपट्टिको थियो । त्यहि हो पूर्विया धारा अहिले नदी मन्द गतिले बगिरहेको छ । सूर्यको किरण त्यसमा पर्दा टाढाबाट तपक लगाएर टल्केकी कुनै तन्वी नारी यी जस्ती अलिक वंकिम भङ्गिमा पूर्वपट्टि मोहडा गरेर बालुवाको राशी उपर कोल्टे पल्टेकीथी ।[३८] उल्लेखित चित्रणले लेखकमा निहित प्रकृति प्रेमको छाप स्पष्ट हुन्छ । त्यस्तै उनले 'दोषी चश्मा' कथामा साझ पर्न लागेको थियो सूर्यलाई पश्चिमतिरको पहाडले ढाकिदिएको हुनाले हाम्रो पृथ्वीत अँध्यारिदै आएको थियो । तर आकाशतिर सूर्यका लामा रश्मि तेर्सिरहेको थियो । साथीभाइसँग छुट्टिएका, बाटो विराएका एक-दुई बादलका टुक्रा आकाशमा रङ्गमङदिदै थिए ।[३९] भनेर केशवराजको मनमा पत्र केलाउन प्रकृतिको साथ लिएका छन् ।

कथाकार कोइरालाका प्रायः सबै जसो कथामा प्रकृतिको उपस्थिति रहन्छ । यिनले पछिल्लो चरणमा लेखेको 'श्वेत भैरवी ' कथा यस दृष्टिले अझ बढी महत्वपूर्ण रहेको छ । पूर्वी नेपालको तराईमा पर्ने कोशी नदीको किनारमा बस्ने केवट जातिकी फागुनीको मानसिक अध्ययन र उनीहरूको जातीय संस्कारको अध्ययनका लागि पृष्ठभूमि निर्माण गर्दै कथाकार प्रकृतिको वर्णन यसरी गर्दछन्- वर्षा ऋतु सिद्धिएर शरदको प्रथम चरण पृथ्वीमा परेको थियो, कोशी आफ्नो रौद्र नर्तनले विध्वंसकारी प्लावनतामा जाति क्षेत्र र आख्या ग्राम, गृहमनुष्य र पशुहरूलाई त्यस वर्षका लागि ग्रस्नु थियो, ग्रसेर पुनः आफ्नो सीमित परिधिमा प्रवेश गर्न लागेको थियो, तर अझै त्यस नदीको उत्पातका चिन्ह ठाँउ-ठाँउमा जमेको राशि, दह, पैनी हुलो, दल, चारै तिर देखापर्ने, मानौंताण्डव त थामियो तर त्यसको थर्कन अझै वायुमण्डलमा कापिरहेको थियो । पृथ्वी प्रसवबेदनाबाट ब्यूझिएकी जस्ती थिइ त्यसै चिसी र काटर । नदिको किनारमा टल्किने मुकुर हावामा हल्लिरहेको थियो । फाट फुट रङ्गीविरङ्गी पुतली हावामा रङ्गले उत्तपात संग पोतेको हल्का ढुङ्गा जस्तो यता उता बगीरहेका थिय । बायुमा चिसोपन प्रवेश गरिरहेको अनुभव शरिरलाई हुन्थ्यो ।बायु मधुरो वेगले बग्थ्यो,जसले त्यसै मनुस्यलाई फुर्ती आउथ्यो ।धानका खेत कही पहेलिन पनि थालेका थिय । जीवन निर्धक्क निरशङ्क थियो ।[४०] यसैगरी कोइरालाको कथायात्राकै अन्तिम कथा 'एकरात' मा रात्रीको प्राकृतिक दृष्य यसरी चित्रण गर्दछनत् त्यो पनि सधैको जस्तो साधरण जाति थियो ।अन्धकार मानिसको लोक थाकेर मरेको-चिसो, जाडो ले कठ्याग्रीएको । काजलको आकासमा एक नास संग सलमा सितारा झल्केका हेरिदिने कोही छैन । घरघरमा वत्ती निभेका छन् झ्याल टम्म छन । शुन्य सडकका खामामा वत्ती घेरिएर भुँइ तिर हेरिरहेका छन् र तिनको टाँउकोमा बन्न लाको पातलो हुसु रात्रीको निस्वास जस्तो बत्ती-बत्ती मुनी झुण्डिएर अडिरहेको छ । निषपट्ट

---

३८. विश्वेश्वरप्रसाद कोइराला, श्वेतभैरवी (कथासङ्ग्रह) पूर्ववत् पृ. ५ ।
३९. विश्वेश्वरप्रसाद कोइराला, 'देषी चश्मा' (कथासङ्ग्रह) पूर्ववत् पृ. १ ।
४०. विश्वेश्वरप्रसाद कोइराला, श्वेतभैरवी (कथासङ्ग्रह) पूर्ववत् पृ. ३९ ।

शान्ति छ शहरमा झन जाडाले शान्तिलाई जमात जस्तो डल्लो पारेर अडाइ दिएको छ ।[४१] कोइराला प्रकृति वर्णनलाई केन्द्र विन्दु मानी कथा लेख्ने कथाकार होइनन् । उनका कथामा पात्रको स्थिति अनुरुप र आफ्नो लक्ष्य अनुकूलको प्रकृति र सजीवताका साथ उपस्थित देखिन्छ । यसले कोइरालाको कथाकारिता अर्न्तगत शिल्पगत संरचनामा थप बल पुगेको छ । यसर्थ यिनका प्रवृतिहरू मध्ये 'प्रकृति प्रेम'लाईपनि महत्वपूर्ण रुपमा लिन सकिन्छ ।

## २.६.५ तर्किकता

विश्वेश्वरप्रसाद कोइरालाका विविध व्यक्तित्वहरू मध्ये कानुनी ब्यक्तित्व पनि एक हो । कानुनका विद्यार्थीका रुपमा देखापर्ने कोइरालाको तार्किकशैलीको प्रभाव कथामा पनि पाउन सकिन्छ । तार्किकताका दृष्टिले आफ्नै समकालीन कथाकार पुष्कर शमशेरका सापेक्षतामा भने यिनको कथालेखन पुग्न सकेको देखिदैन । यति हुँदा हुँदै पनि कोइरालाका कथामा तार्किकता पाउन सकिन्छ । यिनले आफ्ना कथामा कथापात्रको मानसिकताको अध्ययन क्रममा कथापात्रलाई तार्किक अभिव्यक्ति प्रकट गर्न लगाएतका छन् । यिनका पात्रले आफ्नो वरिपरिको परिवेश र त्यसले आफूमा पारेको प्रभावलाई बढो सहज पाराले प्रकट गरेका छन् । कथाकार कोइरालाको 'एकरात' कथामा कमिश्नरले युवकको अन्तिम इच्छा के छ ? भन्ने प्रश्नमा युवकले अभिव्यक्त गरिएको तमाम किशोर युवकहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भव हुन जाओस ।[४१] भन्ने भावपूर्ण उत्तरमा तत्कालीन निरङकुशाशनको अन्त्य र हामी जस्ता युवाहरू स्वतन्त्र भई बाँच्न पाउँ भन्ने तार्किक अभिव्यक्ति छ । यसैगरी कोइरालाको 'कर्नेलको घोडा' कथामा कर्नेलले गरेको आफु प्रतिको व्यवहारबाट निराश कर्नेलनी भन्छिन् म बाहुनी होइन भान्सामा ढुकिरहने मलाई जे मन लाग्छ त्यही गर्छु । घोडाको हेरविचार गर्दा शान्ति पाउँछु । त्यतिपनि तिमीलाई असह्य भयो [४२] कर्नेल्नीका यी कथनले नारी पुरुषका निम्ति खेलौनाका साधन मात्र होइन । उनीहरूको पनि मौलिक आकाङ्क्षा र दृष्टिकोण रहेको हुन्छ । आफ्ना अन्तर्मनले चाहेको कार्य गर्न पाउनु मनवीय अधिकार हो भन्ने विचार बुझ्न सकिन्छ । यिनका अन्य कथामा समेत यस्ता तार्किक अभिव्यक्ति पाउन र केलाउन सकिन्छ । उक्त प्रवृतिले कोइरालाको कथालेखनलाई उल्लेख्य सहयोग पुऱ्याएको छ ।

४१. विश्वेश्वरप्रसाद कोइराला, श्वेतभैरवी (कथासङ्ग्रह) पूर्ववत पृ.२९ ।
४२. विश्वेश्वरप्रसाद कोइराला दोषी चश्मा (कथासङ्ग्रह) पूर्ववत पृ. ३२ ।

### २.६.६ प्रतीकात्मकता

कथाकार कोइराला फ्रायडबादी मनो विश्ब्लेषणलाई साहित्यिक कला प्रदान गरी कथा लेख्ने कथाकार हुन् ।प्रतीक प्रयोगका माध्यमबाट कथाका पात्रहरूका चरित्र चित्रण गर्नु कथाकार कोइरालाको कथात्मक प्रबृति मध्ये अर्को प्रवृत्ति मान्न सकिन्छ । प्रतीक प्रयोगले यिनका कथाहरू सशक्त बनेका छन् । प्रतीक प्रयोगकै माध्यमबाट थोरैमा धेरै /कुराहरू व्यक्त गरिएका छन् भने प्रतीक प्रयोगकै माध्यमबाट कतिपय गोप्य रहस्यहरूलाई पनि शिष्ट र ढङ्गबाट प्रस्तुत गर्न सहयोग पुगेको छ । साहित्यकारहरूले विशेषगरी फ्रयडीय मनोविश्लेषण परम्परित रुपमा प्रयोग हुँदै आएका सामाजिक संस्कारबोध प्रतीक गरि तीन किसिमका प्रतीक विधान पद्धतिलाई अँगाल्छन् । यस किसिमका वैशिष्टय कथाकार कोइरालामा पनि छ । फ्रायडका अनुसार लामा आकारका वस्तु, चक्कु, छुरा, तरवार, पेन्सिल आदि पुरुष जनेन्द्रिय प्रतीक हहुन भने गोला तथा खुल्ला आकारका वस्तुहरू जस्तो बोतल गुफा स्टोभ आदि स्त्री जनेन्द्रियका प्रतिक मानिन्छन् ।

कथाकार कोइरालाले आफ्ना कथाहरूमा फ्रयडीय प्रतीक विधानका अतिरक्ति अन्य प्रतीकहरूको पनि प्रयोग गरेकाछन् । यिनको प्रथम नेपाली कथा ‘चन्द्र बदन’ मै कोठा, भौवरा, मकुराको जालो जस्तो प्रतीक रहेका छन् । यी मध्ये कोठालाई स्त्री यौनी भौँवरालाई प्रेम र माकुराको जालोलाई सामाजिक संस्कार वा अहम्को प्रतीकका रुपमा अर्थ्याउन सकिन्छ । कर्नेलको धोकामा घोडा आरोहण पवित्रामा नक्कली दुलहा चुरा,चोलो,कोठा कौवा धारा जस्ता प्रतीकहरू प्रयोग भएका छन् । ‘दोषी चश्मा’ कथामा चश्मा नै प्रतीकको रुपमा प्रयोग गरिएको छ ।श्वेतभैरवी कथामा फगुनीको भैरवी रुप कोशी नदीको बाढी कोशीको भङ्गालो ठिङ्गुरिएको आँपको रुख काँटी बाँस, कोठा,बाल्टी आदि प्रतीकहरूको प्रयोग गरिएको छ । स्वेटर कथामा श्वेटर मैयाको दमित पुरुष प्रेमको प्रतीकका रुपमा रहेको छ भने मधेशतिर कथामा गहनाको पोको विधुवाको यौन उत्तेजनाको प्रतीकका रुपमा प्रयोथ गरिएको छ ।

कथाकार कोइरालाले उक्त विभिन्न प्रतीकहरूका माध्यमबाट कथामा पात्रका मानसिक अवस्थाको अध्ययन गरेका छन् । सामाजिक सांस्कृतिक परिपाटी अनुरुप प्रतीक विधानको पद्धतिलाई आत्मसाथ गरी आफ्ना कथा कृतिलाई उच्चकला प्रदान गरेका छन । कथाकार कोइरालाले आफ्नो कथाहरूमा घट्नाको अवस्था पात्रको स्तर र समाजिक परिवेश अनुकूल प्रतीक बिधान पद्धतिलाई अबलम्बन गरी आफ्नो उच्च कथा लेखन सार्मथ्यलाई प्रस्तुत गरेका छन् । उनको कथा यात्राको आरम्भदेखि अन्त्यसम्म कथामा प्रतीकात्मक अभिव्यक्तिलाई निरन्तरता दिएको छ । कोइरालालाई सफल कथाकारको श्रेय प्राप्त हुनुमा

प्रसस्त प्रतीक विधान पद्धतिले महत्व पूर्ण भूमिका खेलेको छ । यसर्थ यिनका कथा प्रबृतिहरू मध्ये प्रतीकात्मक कार्य पद्धतिको प्रयोग पनि उल्लेख रहेको छ ।

## २.६.७ लघुता/संङ्क्षिप्तता

कथाकार वि.पी कोइरालाको कथालेखन शैलीमा पाश्चात्य कथाकार चेखवको गद्यशैलीको प्रभाव पाइन्छ । चेखव जस्तै लघु आयामका कथा कोइरालाका रहेका छन् । आफ्ना कथाहरूमा लघुता अथार्थ संङ्क्षिप्तता प्रदान गर्न कथाकार दृश्य विधानमा सरदर दुई दृश्यहरूको मात्र संयोजन कोइरालाले गरेको पाइन्छ ।[४३] कोइरालाका कथा सरल पाराले रैखिक ढाँचामा अघि बढेका हुन्छन् । दृश्यात्मक तथा संङ्क्षेपत्मक गति पद्धति यिनको कथामा पाइन्छ । यी दुवै पद्धतिको प्रयोग कोइरालाका कथामा भएतापनि गुरुप्रसाद मैनालीको जस्तो कथामा औपन्यासिक स्तरका कथा निमार्णमा कोइरालाको रुचि देखिदैन र त्यस्ता कथारहेका पनि छैनन् । मैनालीका कथा ६-७ दृश्यमा तन्कियका छन् भने कोइरालाका कथा दुई दृश्यमै खुम्चिएका छन् । पुष्कर शंमशेर भवानी भिक्षु,रमेश विकल,गोविन्द गोठाले आदि कथाकारहरूका सापेक्ष्यतामा पनि कोइराला संङक्षिप्ततामा रुचि लिने कथाकारका रुपमा देखिएका छन् ।

कोइरालाका सबैभन्दा लामो आयामको कथा सान्नानी को प्रारम्भमै लेखिएको सृष्टिमा सबै भन्दा असाहाय प्राणी त्यो पीतवर्ण बालक हो । जो एक्कासी शहरबाट चुँडिएर कुनै गाँउमा रोपिन आइपुग्छ ।[४४] भन्ने वाक्य सूत्रात्मक अभिव्यक्तिको नमुना हो । यस्तै राइटर बाजे कथामा मानब समाजबाट यति टाढा पृथ्वीको एउटा कुनामा बसेर म आफ्नो शरिरलाई यसो नियाल छु । अब यसका रेसा रेसामा महारोगका किटाणु स्याउ स्याउ गर्दै रङमगि रहेका छन् ।[४५] एकरात कथामा त्यो रातिपनि सधैंको जस्तो साधरण रात्री थियो । अन्धकार मानिसको लोक थाकेर मरेको चिसो जाडोले कठ्याङग्रीएको तथा किशोरले आफ्नो इच्छा प्रकट गर्ने क्रममा भन्छ तमाम किशोर युवकहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भबहुन जाओस[४६] आदि जस्ता पङ्क्तिहरूले संङक्षिप्तता मै विस्तृत अर्थ बहन गर्न सक्षम छन् । कोइरालाले आफ्ना कथाको पात्र प्रयोगमा पनि धेरै पात्रको प्रयोग गराउन मन पराउदैनन् । यिनका कथामा आख्यानको अभिव्यक्ति घुमारो हुँदैन । आयामको दृष्टिले पनि छोटा र मीठा कथा पाइन्छ । यिनी सरल बाक्य निमार्ण गर्दछन् । पाठकले बुझ्ने सरल र

४३. हरिप्रसाद शर्मा, "विश्वेश्वरप्रसाद कोइरालाका कवितामा प्रकृति, प्रणय र मानवता" समकालिन साहित्य, (बठ ८ अङ्क २ पूर्णङ्क ३०, २०५५) पृ. १३८ ।

४४. विश्वेश्वरप्रसाद कोइराला, श्वेतभैरवी (कथासङ्ग्रह) पूर्ववत पृ. ५ ।

४५. विश्वेश्वरप्रसाद कोइराला, 'देषी चश्मा' (कथासङ्ग्रह) पूर्ववत पृ. १ ।

४६. विश्वेश्वरप्रसाद कोइराला, श्वेतभैरवी (कथासङ्ग्रह) पूर्ववत पृ. ३९ ।

सहज भाषाशैली यिनका कथामा पाउन सकिन्छ । यिनका कथामा समय तथा स्थानको सीमा रहन्छ । कथाको गति द्रूत नभएर मन्द रहेको छ [४७] कथाकारले आवश्यक मात्रामा सङ्क्षिप्त आयम र त्यसमै दृश्यात्मकताको प्रयोग गरी कला आदर्शको पालना गरेका छन् । आफ्ना कथाको उद्देश्य व्यापक र विस्तृत राखेका छन् । सङ्क्षेपात्मक प्रस्तुति मै विशेष किसिमको लक्ष्य संयोजन गर्न सक्नु यिनको मौलिक पहिचान हो । यिनै उल्लेख्य पृथक बैशिष्ट्यहरूले लघुता वा संङक्षिप्तता एउटा छुट्टै प्रवृतिको रुपमा रहेको छ ।

## २.६.८ यथार्थवादिता

कथाकार कोइरालाले आधुनिक नेपाली कथाको यथार्थ बादी धारामा रहेर कथा लेखेका छन् । यिनको मनोवैज्ञानिक यथार्थबादी कथालेखनमा रुचि देखिन्छ । यथार्थवादी चेत अर्न्तरगत कोइरालाले सामाजिक यथार्थ र मनोवैज्ञनिक यथार्थलाई आफ्ना कथामा प्रस्तुत गरेका छन् । सामाजिक वस्तु यथार्थका असल खरब पक्ष एवम् सङगति असंङगति र स्वभाव तथा विकृतिका साथै मूल्य विचलनको वैयतिक आग्रह रहित प्रमाणित आलेखन कै हैसियतमा यथार्थवादी विशुद्धता उभिन्छ[४८] कोइराला पनि यस किसिमको मानवबाट विचलित देखिदैनन् । यिनले विशेषगरी पात्रको आन्तरिक यथार्थ खोतल्ने काम गरेका छन् । यसका लागि पृष्ठभूमिका रुपमा रहेको तत्स्यानिक परिवेशको जीवन यथार्थलाई प्रस्तुत गरिएको छ । सामाजिक परिवेशमा जीवनका यथार्थका विचबाट नै मानव पात्र वा चरित्रलाई टिपी समाज र मानिसका बिचका सम्बन्धको र मानिसकै भित्री मनको अवस्थाको सकेत उनका कथाले गरेका छन् [४९] कथाकार गुरुप्रसाद मैनालीले आर्दशमूलक सामाजिक कथाको र बालकृष्ण समले मनोविज्ञानोन्मुख बौद्धिक आर्दशमूलक कथाको प्रवर्तन गरेका छन् भने कोइरालाले अन्तर चेतनामुलक यथार्थवादी प्रवृतिको प्ररम्भ र विस्तार गरेका छन् । आर्दशवादको मनोगत चेतना नीतिबादी औपदेशिकता र रोमान्टिक आत्मपरकता विपरित वस्तुगत यथार्थ प्रति निष्ठा नै यथार्थवादीको टङ्कारो रुप हो ।[५०] कोइरालामा यस किसिमको वैशिष्टय सहजै रुपमा पाउन सकिन्छ तर यिनको यथार्थ मैनालीको भन्दा चाहि पृथक रहेको छ ।

गुरुप्रसाद मैनालीले प्राय हिन्दी भाषाका कथा सम्राट प्रेम चन्द्रका आदर्शलाई अँगालेर हिडेका छन् भने सम रसियाली कथकार लियो रल्सटाय, हिन्दीका जयशंकर प्रसाद, बंगालीका

---

४७. हरिप्रसाद शर्मा (पूर्वत, पृ ९२ ।

४८. वासुदेव त्रिपाठी पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (दो.भा.), ललितपुर : साझाप्रकाशन २०४९ ) पृ. ५३ ।

४९. वासुदेव त्रिपाठी (सम्पा( नेपाली साहित्य श्रङ्खला -(भाग२) पूर्ववत पृ. १५० ।

५०. वासुदेव त्रिपाठी पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (दो.भा.), पूर्ववत पृ. ५०० ।

रविन्द्रनाथ ठाकुर र शरद चन्द्रका नजिक देखिन्छन् । तर पनि दुवै आर्दश उन्मुख यथार्थवादी प्रवक्ता हुन् । कोइराला भने समाजबादी, राजदर्शन, फ्रायडको मनोविश्लेषणबाद तथा डार्विनको विकासबाट सोभ्कै प्रभावित हुदै डी एच लरेन्स, चेखन र मोपाँसाका कथा शिल्य र मूल्यका प्रेणामा सिर्जनशील रहेका देखिन्छन् र उनी नेपाली कथा साहित्यमा यौन केन्द्रित मनोविश्लेषणत्मक अन्तरचेतनामूलक यथार्थ बादका प्रथम प्रवक्ता भएका छन् । अभ्क यौनबाद र मनोविश्लेषणवाद मात्र होइन शुद्ध यथार्थकै दृष्टिले पनि उनी अग्रणी मानिएका छन् ।[५१] कोइरालाको यथार्थबादी कथालेखनले समाज र व्यक्तिको चिन्तन मनमा रुचि देखाएको छ । आफू यथार्थबादी भएको तथा समसामयिक नेपाली जनजीवनलाई राम्ररी ठम्याएको कुरा विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना कथाद्वारा स्पष्ट पारेका छन् । ‘दोषी चश्मा’, विहा, बौलाहा, रिक्सा तान्ने, मधेशतिर, महाराजको सवारी कथामा चाकरी जीवी र सामन्त तन्त्रले शोषित साधारण व्यक्ति तथा पुरुष शोषित समाजका हद भाग्य नारीका दुर्दशाको चित्रण गरेर कोइरालाले समाजका आचार विचारका भाष्यकार हुने सीपको उच्च प्रतिमान प्रस्तुत गरे ।[५२]

सामाजिक यथार्थबादी मन्दिर निर्माण गरी त्यसमा सुनको गजुर राखी दिनु मैनालीको कामना हो भने वस्तुस्थितिको कथात्मक प्रस्तुति र मनोमर्मको उदघाटन् कोइरालाको अभीष्ट हो । कथाकार कोइरालामा नैतिकता अनैतिकताको प्रश्नमा अथवा आर्दशवादी मूल्यका पुष्टिमा कुनै रुचि देखिदैन उनी राजनैतिक र वैज्ञानिक चेतनाका साथ सिर्जनात्मक र भावनात्मक रुपले जीवनको यथार्थ चित्रणमै रमाउँछन र त्यसमा अर्न्तनिहित सौन्दर्य र कुरुपताको अनुसन्धानमै व्यस्त रहन्छन् ।[५३] कोइरालाले आफ्नाकथामा मानवीय मनको शाश्वत सत्यलाई सफलतापूर्वक खोज र विश्लेषण गरेका छन् । यथार्थबादी चेतनाको धागाले सामाजिक वस्तुस्थिति सहयोग मनोजगतको यथार्थ अङ्कन गर्नु यिनको लक्ष्य रहेको छ ।

## २.६.९ मौलिकता

रुसी मनोवैज्ञानिक यथार्थबादी कथाकार चेखवको विषय ग्रहण विश्लेषण प्रक्रिया र शिल्प संचेतना जस्ता कुराहरूको अनुप्रेरणा कथाकार कोइरालाका कथामा पाइएता पनि वस्तु चयन प्रस्तुतीकरण कलात्मकका दृष्टिले कोइरालाका कथा मौलिक छन् । तसर्थ मौलिकता कथाकार कोइरलाको कथात्मक प्रबृत्ति मध्येको एवम् एक प्रवृत्ति मान्न सकिन्छ ।

---

५१. केशवप्रसाद उपाध्याय, विचार र व्याख्या (दो.स.) ( ललितपुर साभ्काप्रकाशन, २०५०) पृ. २६४ ।
५२. ईश्वर बराल (सम्पा) भ्क्यालबाट (छौ.स.) (ललितपुर : साभ्काप्रकाशन २०५३) पृ. २५३ ।
५३. केशवप्रसाद उपाध्यय, विचार र व्याख्या, पूर्ववत्, पृ. २६ ।

कथाकार कोइरालाले आफ्ना कथाका विषयवस्तु नेपाली समाज सापेक्ष विभिन्न क्षेत्र र विषयसँग सम्बन्धित रहेको पाइन्छ । जुन उनको मौलिकता हो । मनावैज्ञानिक विषयलाई उनले उदाङ्गोनो नग्न, अर्मायादित,अशिष्ट,ढंगले प्रस्तुत नगरी शिष्ट र मर्यादित ढङ्गबाट प्रस्तुत गरेका छन् । यो उनको मौलिकताको कसी हो भन्न सकिन्छ । मौलिकताको सम्बन्धमा वि.पी कोइरालाको प्रबृतिलाई समाचोलक दयाराम श्रेष्ठ भन्छन् उनको कथाकार जीवनीको निर्माणमा चेखवले ठूलो प्रभाव पारेका छन् । तर उनी चेखवको जुठो चपाउने कथाकार होइनन् । बरु आफ्नो चोखोपन प्रदर्शनगर्ने कथाकार हुन । [५४] यसै गरी कोइरालाको मौलिकताको आत्म स्वीकृतिलाई लिन सकिन्छ । कला सुरक्षा चाहिदैन स्वन्त्रा चाहिन्छ । उनलाई हिडिसकेकोबाटोमा खुट्टा हाल्न मन लाग्दैन आफू हिड्नेबाटो आफै बनाउन चाहन्छन् । ......‘फ्रायड सिद्धान्तलाई म मान्छु तर अझ अधिबढेर म अझ नैतिकतामा पुगेको छु ।’ [५५]

### २.६.१० व्यङ्ग्यात्मकता

कोइरालाको कथात्मक प्रबृतिहरूमध्ये अर्को एक प्रबृत्तिका रुपमा व्यङ्ग्यात्मकतालाई पनि लिन सकिन्छ । यस दृष्टिबाट पनि कोइरालाका कथाहरू उत्कृष्ट रहेका छन् । पात्रका सामान्य तथा असामान्य अवस्थाको विश्लेषण गर्ने क्रममा यिनी समाजका विकृति र विसङ्गति प्रति पनि व्यङ्ग्य वाण प्रहार गर्न सफल भएका छन । कौतूहलका सहायताले कथात्मक तारतम्य कायम राख्दै चरण विन्दुको सिर्जना गर्न निपूर्ण कोइरालाको प्राय हरेक जसो कथाको मूलस्तर व्यङग्यात्मक छ ।[५६] कथाकार कोइरालाका तत्कालीन समाजको खराव पक्ष प्रति व्यङ्ग्य गर्ने दृष्टिले ‘दोषी चश्मा, रिक्सा तान्ने, ‘बौलाहा,’ ‘स्कुल मास्टर,’ ‘विहा’ आदि कथाहरू महत्वपूर्ण रहेका छन् । कोइरालाले आफ्ना कथामा मानवताका खोल ओढेर र आफूलाई सभ्य देखाउन खोज्ने मानवताहीन मनुष्य जन्तुलाई कसिलो र चोटिलो प्रहार गर्न खोजेका छन् । समाजको असमान अवस्थाप्रति व्यङ्ग्य प्रहार गरेका छन् भने निम्न वर्गप्रति स्नेह र सदभाव राखी उच्च वर्गप्रति घृणा र दोष प्रकट गरेका छन् कथाकार कोइरालाले पात्रका क्रममा पनि स्त्री-पुरुष उच्च मध्यम तथा निम्न वर्गका प्रतिनिधितत्व गरेका छन् । यिनका कथामा उच्च वर्गका ठूला ठूला वा सामन्त र मध्यम वर्गका ‘स्कुल माष्टर’ सरकारी जागिरेहरू तथा निम्न वर्गका रिक्सा चालक सिपाही, भरिया, नोकर, नोर्कनी  आदि रहेका

---

५४. ऐजन पृ. २६६ ।
५५. विश्वेश्वरप्रसाद कोइराला दोषी चश्मा (कथासङ्ग्रह) पूर्ववत पृ. ६ ।
५६. वासुदेव त्रिपाठी (सम्पा( नेपाली साहित्य श्रङ्खला (भाग२), पूर्ववत पृ.१५४ ।

छन् कोही वैभवको विलासमा आरामदायी जीवन बिताउँदछन् भने कोही गाँसबासका समस्याले मधेस झर्दछन् । कमारा कमारी गएर बस्छन् ।तत्कालिन समाजमा देखा परेका चाकरी प्रथा प्रति व्यङ्ग्य गदै दोंषी चश्मा कथामा कथाकार भन्छन् -जर्साव त असाध्यै रिसानी भएछ । उनी निरासभएर घर पुगेर आफूले लगाएको कुनै लुगा नफुकाली विछौनामा पल्टिएर त्यपछि उनले आफ्नी पत्नीलाई खान्न भनेर समाचार पठाए ।[५७]

यसैगरी यिनका कथामा अनमेल विवहा बालविवाह जस्ता समस्या रहेका छन् । वि.प्र को विहा कथामा सुव्वा कटकबहादुर चौध वर्षे हरिमतीसँग विहे गर्दछन् । कर्नेलको घोडा कथामा ४५ वर्ष कर्नेल १९ वर्षे केटीलाई भित्र्याउछन् भने 'कथा' कथामा समाधिमा ध्यान मग्न ऋषि स्त्री प्रतिको आकर्षणका कारण घरजम सुरु गर्दछन् । यस्तै पवित्रा कथाकी पवित्रा गलगाँड युक्त छिन् । उनी केशवदेवकी सुसारे भान्से बाहुनी र नोकर्नी बने की छिन । कोइरालाले आफ्नो सवै कथामा विशेष समस्यालाई लिएर व्यङग्यात्मक पाराले आफ्नो उद्देश्य प्रस्तुत गरेका छन् । यिनले सोझो पाराले भन्दा घुमाउरो पाराले समाज सापेक्ष बनी पात्रका मानसिक कष्ट निर्माणमा सहयोगी बन्ने तत्व तथा अन्य समस्याप्रति व्यङ्ग्य हानेका छन् । उनी आफ्ना कथामा ज्यादा जसो सिधै कुनै विचार वा चिन्तन पोख्दैनन् भने मनोबैज्ञनीक र समाजिक सत्य मिली बनेको सत्य भन्दा बढी कुनै पनि आर्दश वा नीति विचार उपदेश पनि उनको कथाको ध्येय वा लक्ष्य रहेको देखिदैन ।[५८] कौतूहलका सहयताले कथात्मक तारतम्य कायम राख्दै चरम बिन्दुको सिर्जना गर्न निपूर्ण कोइरालाका प्राय हरेक जस्तो कथाको मूलस्तर व्यङग्याग्त्मक छ । व्यङग्य परिहासमय र कोमल छ ।त्यसमा क्रोध र घृणा नभएर एक प्रकारको सहानुभूतिपूर्ण करुणा छ ।[५९] कोइरालाका कथामा गम्भीर र मार्मिक जीवन सत्यको उद्घाटनका निम्ति व्यङ्ग्यात्मको मन्द मुस्कान छरिएको हुन्छ ।[६०] यसरी कथाकार विश्वेश्वरप्रसाद कोइरालाले मनोविश्लेषणमा रुचि लिदा लिदै पनि आफूलाई समाज निरपेक्ष बनाएका छैनन् । उनका प्राय सबै कथामा कम वेशी मात्रमा भएपनि व्यङग्यत्मक पाउन सकिन्छ । उनले यो प्रवृतिलाई कलात्मक पाराले आफ्ना कथामा समायोजन गरेका छन् ।

अतः अन्तमा के भन्न सकिन्छ भने कथाकार कोइराला फ्रायडको सिद्धान्त र चेखवको सूत्रात्मक शैलीलाई अङ्गालेता पनि यिनका कथामा कथाको प्रस्तुतीकरण कथावस्तु चयन र शिल्प पक्ष चाहि आफ्नै मौलिक रहेको छ ।

---

५७. केशवप्रसाद उपाध्यय, विचार र व्याख्या, पूर्ववत पृ. २६६ ।
५८. ऐजन पृ. २६९ ।
५९. गोपीकृष्ण शर्मा र राजप्रसाद दाहल, एक भाषा अनेक साहित्य पूर्ववत पृ. ५४ ।
६०. विश्वेश्वरप्रसाद कोइराला, मोदिआइन, पूर्ववत ऐ.पृ. ।

## २.७ सैद्धान्तिक मानकका आधारमा विश्वेश्वरप्रसाद कोइरालाका कथाप्रवृतिको सामान्यीकरण

नेपाली कथाको परम्परालाई पहिल्याउँदै जाने हो भने अलिखित रुपमा रहेका लोक कथा सम्म पुग्न सकिन्छ । मानव सभ्यताको आरम्भसँगै मानिसले कथा भन्ने र सुन्ने क्रमपनि सुरुभएको मान्न सकिन्छ । यसैक्रममा विकसित लोककथा र दन्त्यकथालाई आधुनिक कथाको विकासको पृष्ठभूमिमा हेर्न सकिन्छ । जे होस आज हामी जुन प्रकारका कथालाई कथाको संज्ञाले परिचित गराउँछौ । त्यस्तो कथाको जन्म ईसाको उन्नाइसौ शताव्दीमा अमेरिकामा एडगर एलेन पोले गरेका हुन् । नेपाली साहित्यमा रुढ परिभाषित शब्दका रुपमा प्रयुक्त कथाको उद्‌भव पूर्वीय साहित्यमा नभई पाश्चात्य साहित्यमा भएको हो । पश्चिमी देश अमेरिकाबाट कथाको थालनी भएको हुनाले पनि र कथा विधाको सर्वप्रथम चिन्तन मनन् एवम् पारिभाषिक वर्गकिरण गर्ने पहिलो व्यक्ति अमेरिकाली कथाकार र विचारक एड्गर एलेन पो (ई.१८०३-४९) हुन् । विद्वान एड्गर एलेनपोले दिएको कथाको परिभाषालाई सवैभन्दा मानक र आधुनिक मानिएको छ । तसर्थ पो को परिभाषालाई नै प्रथम आधुनिक कथाको परिभाषा मानिन्छ । यो परिभाषा सबैलाई मान्य भएको छ । एडगर एलेन पोका अनुसार कथा भनेको यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक वसाईमै पढेर सिध्यान सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सवै कुराहरू यसमा रहन दिँइदैन । यो आफैमा पूर्ण हुन्छ ।[६१]

'पो' का अनुसार कथामा कथात्मकता हुनुपर्छ ।कथात्मकता भन्नाले पात्र घट्ना कार्यव्यापार पर्दछन् । यो एक वसाइमा पढी सकिने हुनुपर्छ । कथाले जीवनको एउटा खण्ड वा समाजको कुनै एक सानो आयामलाई टिप्ने काम गरेको हुनुपर्छ। यसैले कथाको आयामलाई निर्धारण गर्दै पो ले भनेका छन् -कथा एउटा यस्तो आरव्यान हो । जुन एक बसाइमा पढेर सिद्धिन्छ । उनी एक वसाइको पनि समय निर्धारण गदै भन्दछन्- कथा आधा घण्टा जतिमा पढी सकियोस् 'पो' ले कथाका निम्ती बताएको अर्को महत्वूर्ण कुरा के छ भने उनी कथामा प्रभावको ऐक्य हुनुपर्छ भन्दछन् । प्रभाव ऐक्य कथामा कसरी निर्वाह हुन्छ भने एउटा कथा धेरै कथांश हुन्छन् यी कथांशहरू आपसमा सम्वन्धित हुन्छन् । तिनै कथांशहरूको अन्तर सम्वन्धबाट सिङ्गो कथा तयार हुन्छ । यसैले ती कथांशहरूलाई कथात्मक ढङ्गले प्रस्तुत गर्नु पर्दछ किन भने कथाको सम्पूर्ण स्वरुप अन्त्यमा गएर सशक्त प्रभाव दिने खालको हुनुपर्दछ ।

---

६१. दयाराम श्रेष्ठ (सम्पा) नेपालीकथा भाग ४, पूर्ववत, पृ. ७ ।

यसरी अन्त्यमा गएर सशक्त प्रभाव दिनका लागि त्यसकथाको योजना वा पृष्ठभूमि पहिले नै निर्माण गरी कथाको बनोटको निर्माण गरिएको हुनु पर्दछ । यसरी प्रभावैक्य ल्याउनलाई कथाकारले कथाको प्रभावमा बाधा पर्ने त्त्वलाई हटााउनु पर्छ । यसैले पो भन्दछन् प्रथावैक्य कथामा ल्याउन त्यसमा बाधा ल्याउने कुरालाई पूर्ण रुपमा निषेध गरिएको हुनुपर्छ ।

एडगर एलेन पो को कथाको विद्यागत परिभाषा सबैभन्दा मानक आधुनिक र प्रथम परिभाषामा पछिल्ला सवै विद्वानहरूको सहमति रहेको छ । यस सन्दर्भमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू पो का मानक कथाका परिभाषाको सिद्धान्त भित्र निकै नजिक रहेका छन् । पो ले परिभाषामा उल्लेख गरिएका शर्तहरूलाई कोइरालाले पालन गरिएको बुझिएको छ । पो का अनुसार एक बसाईमा पढेर सकिने छोटो गद्यात्मक रचनालाई कथा भनिन्छ । यस सन्दर्भमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू निकै नजिक छन् । उनका प्राय कथाहरूको अध्ययन एक बसाईमा नै सकिन्छ । 'पो' का परिभाषालाई गहन रुपमा अध्ययन गर्दा हामीले के कुरा गर्न सक्छौ भने उनको परिभाषा अत्यन्त छोटो र पूर्ण रचनालाई कथाको आधार मानेको पाइन्छ । त्यो मान्नुको अर्थ थोरैमा धेरै पाठकहरूको जिज्ञासा शान्त पार्ने लक्षण हुनु पर्ने बुझिन्छ । जुनकुरा कथाकारका प्राय : सवै कथामा निहित छन् कथाकार कोइरालाका कथाले मानवका सत्यलाई अत्यन्त सरल एवंम सहज रुपमा वकालत गरेको देखिन्छ । कोइराला मनो बैज्ञनिक सत्यलाई आफ्ना कथामा समावेश गर्ने गर्दछन् । मनकाकोइराला मनोबेज्ञानिक सत्यलाई आफ्ना कथामा समावेश गर्ने गर्दछन् ।साथै कोइराला गदकारिता को सरल भाषा शैलीमा कथानिमाण गर्दछन् । कथाका मानक परिभाषले पूर्ण र छोटो रचनाका साथै विधागत तत्वले पूर्णता पाएको एक गद्यभाषाको रचनालाई कथा भनेको पाइन्छ । कथाकथावस्तु पात्र वा चरित्रचित्रण परिवेश द्वन्द्व दृष्टिविन्दु मूलभाव भाव तथा विचार सारतत्व शीर्षक आदि उपकरणहरूलाई कथाका सैद्धान्तिक मानक रुप मानेको पाइन्छन् । यस आधारमा विश्वेश्वरप्रसाद कोइरालाको कथा लेखनमा अत्न्त छोटो अर्थात भिनो कथानकको प्रयोग पाइन्छ । मनोबैज्ञानिक कथाको सिर्जनाकर्ममा लागेकाले उनको रुचि क्षेत्र मानसिक धरातलको उदघाट्न हो । व्यक्तिका मनमा लुकेर रहेका अवस्था समय समयमा कसरि प्रकट हुन्छन् भन्ने कुरालाई प्रस्तुत गर्नु नै कोइरालाको कथालेखन हो । उनले आन्तरिक एवम् बाहय दुवै दृष्टिविन्दुको प्रयोग गरी कथा लेखेको पाइन्छ । कोइरालाका कथामा मानसिक द्वन्द्वले स्थान पाएको छ ।

मानव मन अनेकन आवेगहरूले भरिएर द्वन्द्वात्मक रहेको हुन्छ भन्ने कुराले कोइरालाले आफ्ना कथामार्फत व्यक्त गरेका छन्। 'श्वेत भैरवी,दोषी चश्मा, कर्नेलको घोडा,एकरात र चन्द्र बदन ' जस्ता कथामा कोइरालाले मानसिक द्वन्द्वको उत्कृष्ट अभिव्यक्ति

दिएका छन् । कोइरालाका कथामा छोटा पात्र गठन भएका हुन्छन । थोरै पात्र र तिनका मनोविश्लेषण सूक्ष्म रुप उनको कथा लेखनको प्रवृति हो । उनले आफ्ना कथामा विषयवस्तु अनुसार शीर्षक छनौट गरी त्यस शीर्षकलाई सार्थक बनाउन पुगेको पाइन्छ । त्यसैगरी प्रतीकात्मक भाषा र शीर्षकको प्रयोग पनि सोही अनुरुप हुनुलाई पनि कोइरालाको अर्को महत्वपूर्ण प्रवृति मान्न सकिन्छ ।मानसिक धरातलमा विचार गरेर उनले कथालाई छोटो र पाठकको जिज्ञासा शान्त पार्नै पूर्ण संरचना दिन कथाकार सफल सिद्ध छन् । अतः कथा विधाको गठन गुम्फन पात्रका मानवका आधारमा कोइरालाका कथालेखनलाई सफल र कलात्मक लेखन मान्न सकिन्छ ।

त्यस्तै वि.पि. ले अस्तित्ववादी यौन मनोबैज्ञानिक नारी मनको विश्लेषण नारी-पुरुष विचको रतिरागत्मक प्रस्तुति नेपाली सामाजिक परिवेशको चित्रण व्यक्तित्व को स्वतन्त्रा जस्ता पक्षलाई कथामा समावेश गरी कथाविधाको मानवको आधारमा रोचक र छोटा कथा वस्तुको प्रयोग गरेका छन् । चित्रण गरिएका विषय वस्तु व्यापक भएपनि उनका कथामा सूत्रात्मक कथन रहेको पाइन्छ भने पात्र संयोजनमा छोटकरीपन देखिन्छ । उनी आन्तरिक दृष्टिविन्दुको बढी र बाह्रय दृष्टिविन्दुको कम प्रयोग गर्दछन् । कही कही मात्रै कथा लामा घटनाको बनोटमा तयार पारेका छन् भने अधिकाश कथा रचनामा मानसिक उतारचढावको प्रस्तुति गर्नु उनको कथागत विशेषता हो । उनका कथाहरू एक वसाइमा पढी सकिने खालका छन् र प्रभावकारी पनि छन् । आधुनिक कथाको परिभाषामा समन्वय हुन सक्ने कथाहरू नै कोइरालाका कथा रचना रहेका छन् ।

## २.८ विश्वेश्वरप्रसाद कोइरालाको जीवनी र आख्यानकारिता विचको अन्तरसम्बन्ध

आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाले जीवनमा जे जस्तो उतारचढावको अनुभव गरे त्यसको साहित्यिक अभिव्यक्ति आफ्ना कथा एवम औपन्यासिक रचनाको माध्यमबाट प्रस्तुत गरेका छन् । जीवनमा अनुभव गरेका कतिपय सन्दर्भहरू र आफैलाई समेत कोइरालाले आफ्ना आख्यानत्मक रचना भित्र सामाविष्ट गरेका छन् भन्ने विश्लेषणहरूको पनि धारणा रहेको छ । खास गरी जीवनमा कतिपय सत्य तथ्य पक्षहरू अभिव्यक्ति गर्ने क्रममा स्वयम् आफै आफ्ना आख्यानत्मक रचनाका पात्र बन्नुले पनि कोइरलाको जीवन र आख्यानकारिताको अन्तरसम्बन्ध भएको पुष्टि हुन्छ । उनको जीवनी र आख्यानकारिता के कसरी र अन्तरसम्बन्धित छन् भन्ने कुरा केही आख्यानत्मक रचनाका उदाहरणद्वारा देखाउँन सकिन्छ । कोइरालाको प्रथम चरणको 'विहा' कथामा उनी आफै नै 'म ' पात्रको रुपमा प्रस्तुत गरेका छन् । तत्कालीन अवस्थामा नेपाली समाजमा भएको बाल विवाह र अनमेल विवाहको

उद्घाटन उनी भित्र भित्रै दु:खित वनेको अनुभूति कथामा व्यक्त भएको छ ।त्यसैले स्वयम पात्रको रुपमा प्रस्तुत भएर उनले सामाजिक व्यङ्ग्य प्रहार गरेका छन् ।उमेर छिप्पिएको सुव्वा कटकबहादुरले विहा गरेको हरिमतीको सम्वन्धमा 'म' पात्र कथाकारले भनेका छन् । तर म सोच्छु त्येसो भए कटक बहादुरले विहा किन गरे ? छोरी नभएर छोरीको रहर पुऱ्याउनु ? त्यसो भए त्यसै दिन बढेको कन्याको विहा गरि दिनु पर्ने वीर तिनलाई थप्पिएको हो ।[६२] त्यस्तै 'सिपाही' कथा भित्र पनि कोइराला आफै प्रस्तुत भएर जीवन र आख्यानकारिताको अतः सम्वन्ध स्पष्ट पारेका छन । यसमा म पात्र कोइरालाले लगभग १८ घण्टा जति को सिपाहीको शहचार्यबाट प्राप्त अनुभव गरेपनि आफ्नै जीवनको भोगाइ र पछाडिको परिवेशलाई प्रस्तुत गरेका छन् । पछाडिबाट हिड्दा अनुभव गरेका बटुवा केटीहरू, घसिनी आइमाइहरू, भट्टी पसले र पहाडको नेपाली जनजीवनलाई प्रकाश परेका छन् । आफू समावेश हुदै उनले यस्तो अभिव्यक्ति दिएका छन्- पहाडको बाटोमा एक्लै हिड्न निकै गाह्रो पर्छ मलाई दुई तीन दिनको त्यस्तैबाटो हिड्नु थियो । तर मैले बाटोमा एउटा सिपाहीलाई फेलापारे जसले मेरो यात्रा धेरै सुगम पाऱ्यो ।[६३] मधेशतिर कथामा कोइराला आफै प्रस्तुत भएर पनि आफूले अनुभव गरेका नेपाली समाजका सामाजिक आर्थिक अवस्थाको चित्रण गरेका छन् । पूर्वी नेपालका ग्रामिण र पहाडी जीवनमा भोगेका विशेषत : सुनकोशी र तामा कोशी क्षेत्रको यथार्थतालाई उनले यहा प्रस्तुत गरेका छन् । यसै गरी हरिदत्त कथा कोइरालाको जीवनसँग प्रत्यक्ष सम्वन्ध रहेको छ । हरिदत्त कोइरालाको सहपाठी साथी भएपनि उनलाई पठनमा कमजोर देखाइएको छ । कथाकी पात्र पार्वतीलाई विश्लेषकहरूले यथार्थमा पनि कथाकारकी नोर्कर्नीकी छोरी नै हो भनेका छन् । अर्को दृष्टिले कोइरालाको राजनीतिक आस्था पनि कथामा हरिदत्तको माध्यमबाट प्रकट भएको छ । हाम्रो जीवन चौविसे घण्टा खतरामा रहन्छ । कालापानीका जीवन बिताउनु पर्ने हो कि फाँसीको डोरीमा झुण्डिनु पर्ने हो तर देशको निमित्त मैले त आफ्नो शरीर अर्पण गरी सकेको छु ।[६४] यस्तै कोइरालाको 'पुस्तक' कथाको प्रस्तुतिले रेटी दीपनगर बसाईको जीवनगत घटनाक्रमलाई अभिव्यक्त गरेको छ । ' आफ्नो कथा जीवनी र अन्य रचनामा सयंत कोइरालाले स्पष्ट उल्लेख गरेको तथ्यहरू यस कथामा देखा पर्दछन् ।कोशीको बाढीले मानिसको विच्चली पारेको 'म' पात्र औषधी बाँड्न गएको भुल भएपनि पुस्तक लान बिर्सिएको तथ्य प्रस्तुत कथामा कथाकारले आफै व्यक्त गरेका छन् । कथामा उनको भनाई यस्तो देखिन्छ । मैले त्यसको सोझो अतिथ्यले गद्गद् भएर भने बूढा तिमीले मलाई आफ्नो अतिथ्यले सधै ऋणी पाऱ्यौ ।[६५] मलाई सबै पुगेको छ । 'बौलाहा'

६२. विश्वेश्वरप्रसाद कोइराला दोषी चश्मा (कथासङ्ग्रह) पूर्ववत पृ. १२ ।
६३. ऐजन, पूर्ववत पृ ९७ ।
६४. ऐजन, पूर्ववत पृ. १७ ।
६५. ऐजन, पूर्ववत पृ. ५६ ।

कथामा 'म' पात्रले पण्डित बनेर धर्म उपदेश गरेको प्रस्तुति रहेको छ । जेल पर्नेहरूलाई भेट्ने र सुधार गर्ने जस्ता घट्ना क्रम कथामा देखाइएको छ । मूलतः तत्कालीन समाजको धार्मिक न्यायिक, प्रशासनिक व्यवस्थाको रवैया देखाएर सामाजिक व्यङ्ग्य गरिएको यस कथामा कथाकार आफैले भोगेको सामाजिक अवस्थाको प्रस्तुत रहेको मान्न सकिन्छ । त्यस्तै रिक्सा तान्ने कथामा पनि आफू अनुकूल गरेको असामानता पूर्ण नेपाली समाजप्रति कोइरालाले व्यङग्य प्रहार गरेका छन् । त्यस्तै 'सान्नानी' कथा कोइरालाको बाल्यकालीन जीवनसँग सम्वन्धित रहेको छ । बानारसमा जन्मेर केही वर्ष पछि टेढी गाउँमा बाल्यकाल विताएका कोइराला नै यस कथामा 'म' पात्रको रुपमा आएका छन् । सान्नानी कोइरालाकी बाल्यकालकी अगुवाइ गर्ने साथी बनेकी छे । त्यसैले सान्नानीलाई विश्लेषकहरूले पनि कोइरालाको यथार्थ जीवनसँग सम्बन्धित मानेका छन् । यस कथामा विभिन्न स्थानहरू उपन्यासमा पनि भेटिन्छन् । सान्ननी मुनरीया र सानो बाबु जस्ता पात्रहरू नरेन्द्र दाइ उपन्यासमा पनि भेट्टिनुले कोइरालाको काल्यकालको घट्नासँग स्वतः सम्वन्धीत भएको छ । यसलाई कथामै आएका अंशले पनि पुष्टि गर्दछ । काशीको अन्न जलको हामीले धेरै सञ्चय गरेर राखेका रहेनछौ । पाँच-सात वर्षको हुदाँ नहुदै काशी विश्वनाथले हाम्रो आश्राय खोसे हामी टेडी दीपनगर भन्ने गाँउमा गयौँ ।[६६] कोइरालाको एक रात कथामा पञ्चायत कालीन बर्बरतापूर्ण दमनको प्रस्तुतिको रुपमा रहेको छ । स्वतन्त्राता प्रेमी योद्धाहरू वरु आफूलाई उत्सर्ग गर्न तयार छन् । तर अन्यायका अगाडि शिर झुकाएर बाँच्न चाहादैनन् भन्ने कुरा कोइरालाको किशोर पात्रले अंगालेको छ । किशोर पात्रले भनेको छ । तमाम किशोर युवकहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भव हुन जाओस् ।[६७] यसबाट कोइरालाको राजनीतिक निष्ठा यस कथामा देखिन्छ । त्यस्तै 'श्वेतभैरवी' कथा कोइरालाको बाल्यकालको नयाँ नयाँ अनुभवमा आधारित सत्य एवंम् सशक्त घटनाको रुपमा देखापर्छ । कथाको सुरुमा म ११वर्षको हुदो हुँ भन्न (२०१५चैत्र १०) प्रस्तुत कथा लेखिदा कोइराला ४७ वर्षको देखिनु कथामा ३५ वर्ष अगाडिको भनेर उल्लेख हुनुले कोइरालाको जीवनसँग प्रत्यक्ष सम्वन्धित रहेको पुष्टि हुन्छ । यस बाहेक कथामा देखाइएको कोशीको रौद्र नर्तनले गरेको क्षति त्यहाँ केबटको घर कोशी वरपर को वातावरण आदि कोइरालाको दीपनगर टेढी बसाईसँग मेल खाने हुनाले यो कथा उनको बाल्यकालसँगै सम्वन्धित रहेको छ भन्न सकिन्छ ।

अतः पूर्वी तथा पाश्चात्य साहित्यकार र तिनका कीर्तिबाट जीवनमा प्रभाव र प्रेरणा प्राप्त गरे अनुरुप कथा विधाको दृष्टिले कोइरालाको जीवनी र आख्यानकारिता को अन्तरसम्बन्ध स्पष्ट रहेको छ ।

---

६६. विश्वेश्वरप्रसाद कोइराला, श्वेतभैरवी (कथासङ्ग्रह) पूर्ववत पृ. ५६ ।
६७. ऐजन, पूर्ववत पृ. २९ ।

## २.९ आधुनिक नेपाली कथाको प्रारम्भिक उत्थान र सम्वर्द्धनमा विश्वेवरप्रसाद कोइराला

जीवन जगतलाई हेर्ने वा मूल्याङ्कन गर्ने नवीन मूल्य र मान्यता बोकेको त्यसमा पनि पश्चिमी चिन्तनलाई आत्मसाथ गर्दै काठमाडौँबाट प्रकाशित मासिक पत्रिका 'शारदा' को प्रकाशनले नेपाली साहित्यको विकाशमा आधुनिकता भित्र्याउनमा ठूलो योगदान पु¥यायो । वि.स.१९९१ को बसन्त पञ्चमीको दिनबाट साहित्यकार ऋद्दिबाहादुर मल्लको सम्पादकत्वमा प्रकाशित यस 'शारदा' पत्रिकाले नेपाली बौद्धिक जगतको विशेष गरी साहित्यिक फाँटमा अन्तराष्ट्रिय मूल्यमान्यताले परिपुष्ट लेख रचनाको प्रकाशन गरायो ।[६८] नेपाल भित्र र नेपाल बाहिर तथा विश्वमै विशेषगरी दोस्रो विश्वयुद्धले ल्याएको राजनीतिक सामाजिक कान्ति र त्यसको राम्रो नराम्रो प्रभाव ग्रहण गर्ने र त्यलाई अबलोकन गर्ने यथार्थवादी प्रवृतिका मौलिक रचनाहरू 'शारदा' मा प्रकाशित भए र साहित्यका प्रत्येक विधामा देखिने यस प्रकारको नौलोपन वा आधुनिकताको प्रभाव कथा विधामा पनि पर्न गयो । 'शारदा'को प्रकाशन हुन थालेको एकवर्ष पछि वि.स.१९९२ जेठ महिनामा प्रकाशित वर्ष दुई अङ्क ४ मा गुरुप्रसाद मैनालीको 'नासो' कथा प्रकाशित भयो जसलाई आधुनिक नेपाली कथाको कोसे ढुङ्गो भनिन्छ । 'शारदा पूर्वका नेपाली कथाहरू भन्दा परिष्कृत विशुद्ध मौलिक पाराले सामाजिक यथार्थवादी मूल्यलाई अँगाल्दै लेखिएको हुनाले नासो कथाले नेपाली कथा जगतमा आधुनिकता भित्रयाउन सफल भएको हो । सामाजिक विषय वस्तुलाई समेटनु भाषिक परिष्कार प्रति ध्यान दिनु कथा विधाको सुस्पष्ट परिभाषको झलक दिनु जस्ता प्रवृति मैनालीको उक्त कथामा प्रमुख विशेषता रहेका छन् । नेपालि समाजका विभिन्न क्षेत्र र विषयसँग सम्बन्धित मध्यम वर्गीय पात्रहरूको परिवेश तत्कालीन परिस्थितिमा घटित वा घटन सक्ने कथावस्तुद्धारा नेपली समाजको यथार्थलाई समेट्नेकाम मैनालीको कथामा भएको पाइन्छ । मैनालीकै समसामायिक अर्को कथाकार पुस्कर शंमशेर 'परिवन्द' 'स्वार्थ' 'त्याग' जस्ता यथार्थवादी कथा लिएर देखा परे यिनका कथामा पनि नेपाली समाजमा व्याप्त स्वार्थ अन्ध विश्वास कुसंस्कार प्रति विद्रोहको भावना उर्लेको पाइन्छ अर्को कथाकार बालकृष्ण सम हुन् । यिनीको भाषा शैली परिष्कृत,परिमार्जित शव्द राखेर शुद्धतामा सिङ्गारिएको भाषा शैलीमा नरनारीको सामाजिक मानमर्यादाको असन्तुलित अवस्थालाई वर्णन गर्नु निकै सिपालु देखिन्छन् । समले मध्यमबर्गीय र निम्न वर्गीय पात्रहरूको जीवन शैलीमा देखिएका अनेकौ विकृतिलाई आफ्ना कथाहरूको विषयवस्तु बनाएका छन् उनका थोरै कथाहरू मध्य 'शरण' 'तल तल' 'टाँगन', 'घोडा', र 'खुकुरी' आदि निकै उत्कृष्ट रहेको पाइन्छ ।

---

६८. कुमारबहादुर जोशी "आधुनिक नेपाली कथाको सेरोफेरो एक सरसरी सर्वेक्षण" प्रज्ञा, (वर्ष १, अङ्क ३, २०२७) पृ. ६८ ।

यसरी मैनालीका समकालीन यी भातृद्वय कथाकार बालकृष्ण सम र पुष्करशमशेर राणा कोइरालाको दाँजोमा मैनाली कै समकक्षी मात्र हुन सके । यिनीहरूका कथाहरूमा शैली, शिल्प र कथागत विषयवस्तुमा खासै नौलोपन पाइएन । आधुनिक नेपाली कथामा देखिएको सामाजिक यथार्थ वा आदर्शोन्मुख यथार्थको घेरा भन्दा एक इन्च  पनि माथि उठ्न सकेनन् । यी दुवै कथाकारका कथाहरू मैनालीले देखाइएको मार्गलाई नै कथाकारहरूले पछ्यायाउदै आएको भान हुन्छ । नेपाली समाजको यथास्थितिको चित्रण गर्नु मात्र होइन,समाजिक असमानता कुसंस्कार अन्धविश्वास पुरुष नारी बिचको सामाजिक अस्तित्व जन्य भेदभाव, सङ्कुचित विचार जस्ता कलङ्कबाट पाठकलाई सचेत गराएर नीति आचरणको पाठ सिकाउने जस्तो दृष्टि बिन्दु यी कथाहरूमा रहेको पाइन्छ । नेपालीकथाको जस्तो आधुनिक युगमा भित्रिन आएका प्रमुखबाद भनेको यथार्थबाद नै हो । पश्चिमी मुलुकहरूमा आर्दशबादका विरुद्धमा जन्मिएको यथार्थबाद नेपाली साहित्यको सन्दर्भमा आर्दशबादलाई अंगालेर यथार्थबाद भित्रिएको छ । तर नेपाली कथाको विकाससँगै आधुनिक कालको पहिलो प्रहर ( वि.स. १९९२-१९९५) मा नै यथार्थबाद भित्र आर्दशबादको ठाँउमा मनोबैज्ञनिक प्रकृति पनि देखियो । यसरी यथार्थबाद स्पष्ट रुपमा दुई हाँगामा बाँडियो । सामाजिक आदर्शोन्मुख यथार्थबाद र मनोबैज्ञानिक यथार्थबाद गुरुप्रसाद मैनाली को नासो प्रकाशन प्रकाशित भएको छ  महिना पछि शारदा पत्रिकामा नै पौषको अङ्कमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्र वदन' जस्तो मनोवैज्ञानिक कथा लेखेर प्रारम्भिक यथार्थबादी युगमा मनोबैज्ञनिक यथार्थबाद निम्त्याउने कथाकार विश्वेश्वरप्रसाद कोइरालानै हुन् । आधुनिकताका नाममा भर्खरै मात्र कलम चलाउन थालेका कथाकारहरूमा गुरुप्रसाद मैनाली पुष्कर शमशेर बालकृष्ण सम पश्चिम साहित्य जगतमा निकै पुरानो भई सकेको यथार्थबादलाई भारतीय कथाकारहरूको प्रभाबमा नेपाली साहित्यमा आदर्शोन्मुख यथार्थबादका रुपमा प्रयोग गर्दै थिए भने यसै समयमा सम्पूर्ण पश्चिमी विचार प्रधान मनोबैज्ञानिक प्रवृत्ति लिएर सशक्त रुपमा वि.पी. कोइराला देखापरे आधुनिक नेपालीकथाको प्रारम्भिककालमै नेपाली कथा साहित्यलाई कोइरालाले मनोबैज्ञानिक धाराको सूत्रपात गरि मनोवैज्ञानिक धाराका मार्मिक कथा रचना गरेर यसकालको उत्थान र सम्वर्दन गरेका छन् । उनका कथाले मानव मनका अन्तर आत्माको कुण्ठालाई राम्ररी चिरफलर गरी व्याख्या विश्लेषणबाट निकास दिएको पाइन्छ ।

वि.स. १९९२ सालको 'शारदा' पत्रिकामा प्रकाशित चन्द्रबदन कथाले कोइरालालाई आधुनिक कथाकारको रुपमा चिनाएको हो । भने यसै कथाबाद मनोवैज्ञानिक कथाधाराको सुरुवात पनि भएको हो । नेपाली कथामा गुरुप्रसाद मैनालीको आधुनिकता बोकेको सामाजिक यथार्थबादी ।आर्दशबादी,नासो, कथा र कोइरालाको यौनमनोबैज्ञनिक आधारमा आएको कथा

चन्द्रबदन नै आधुनिकताका दुई ऐतिहासिक रचना हुन्क । यी दुई रचनाको सर्न्दभमा नेपाली कथा आधुनिक धारामा प्रवेश गरेको मानिन्छ । कथाकार कोइरालाको मनोविश्लेषण युक्त कथा रचनाले आधुनिक नेपाली कथाको क्षेत्रमा उत्थान गरेको भन्न सकिन्छ ।कोइराला आधुनिक नेपाली कथाका एक सशक्त स्रष्टा हुन् । उनले सबैभन्दा पहिला नेपाली कथामा मानव मनका अन्तरतहको बैज्ञानिक र सूक्ष्म विश्लेषण गरेको पाइन्छ । कोइरालाका कथामा आधुनिकताको तीव्र चेत रहेका पाइन्छ ।

मनोबैज्ञानिक र समाजबादी भावको प्रभाव कोइरालाका कथामा अत्यन्त गहिरो रुपमा परेको बुझिन्छ । यस रुपबाद नेपाली कथा क्षेत्रमा आधुनिकताको नयाँ रेखा कोरिएको देखिन्छ । नयाँ भावनाको घेराबाट टेकेर शिल्प विधामा पनि त्यस्तै किसिमले अत्यन्त गहिरो कसरत गरेर कोइराला कथाका स्रष्टा बनेका छन् । कथाकार कोइरालाले यस धारालाई उन्नत बनाउन आफ्ना बन्दी जीवनलाई सदुपयोग गरेका हुन् । उनको अधिकांश कथाहरू बन्दी अवस्थामा रचिएका छन् र तिनले परम्परा भिन्न मानस र भौतिक रुपलाई भित्री तहमा पुऱ्याउन कोइरालाको अत्यन्त महत्वपूर्ण योगदान देखिन्छ । कोइरालाले 'दोषी चश्मा' कथाबाट नेपाली समाजलाई मर्मसपर्शी रुपमा केलाएका छन् । उनका अधिकांश कथाहरूले यौन मनोबिज्ञानका साथमा समाजमनोबिज्ञानको विश्लेषणलाई पनि पस्केको छ ।

भावुकता, व्यक्तिगत जीवनको आन्तरिक रुप र यसको स्वतन्त्रता तथा महत्वलाई आधुनिक कथालाई महत्वपूर्ण विषय वनाएर कथालाई माथि उकाल्न सफल छन् । उनले मानिसको मनका विचलन र प्राकृतिक जैविक रुपलाई कथ्य वनाएका छन् । माध्यमिककालीनको धार्मान्धताको विषयमा एकलो बाटामा दौडेका धारालाई रोकेर जीवन यथार्थलाई पस्कनुनै कोइरालाको आधुनिक नेपाली कथाले प्रारम्भ गरेको उत्थान एवम् संबर्द्धन हो । साथे मानवजीवनका अन्तरलाई थामेर त्यसका वास्तविक मर्म नै कोइरालाको उत्थान हो । यसबाट नेपाली कथाको संवर्द्धन हुन पुगेको छ ।

# परिच्छेद तीन

# दोषी चश्मा कथा संग्रहमा प्रयुक्त प्रमुख पात्रहरूको वर्गीकरण र समीक्षात्मक अध्ययन

## ३.१ कथामा प्रयुक्त पात्रहरू र तिनको महत्व

कथा साहित्यमा प्रयोग गरिने पात्रहरू अपरिहार्य तत्वहरू हुन् । विषय भावना वा घटना प्रकाशित गर्ने माध्यम र कथाका सञ्चालक पात्रहरू हुन् । पात्र भनेको कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणहरूलाई क्रमवद्धता प्रदान गर्ने एक अत्यवाश्यक माध्यम हो । चरित्र त्यो माध्यम हो जसको आधारमा कुनै घटनाको कल्पना गरी यर्थाथ को प्रस्तुतीकरणको प्रयास गरिन्छ । कथामा पात्र मान्छे नै चाहिन्छ भन्ने चाहि होइन । मानवेतर प्राणी र जडवस्तु समेत पात्र भएर उपस्थित हुन सक्छन् । यस्तो अवस्थामा कथाले पात्रको रुपमा स्थापित वस्तुलाई मानवीय चरित्र प्रदान गरिरहेको हुन्छ । यस आधारमा हेर्दा कथा निर्माण हुनका लागि चरित्र एक महत्वपूर्ण अङ्ग हो । चरित्र विनाको कथा कल्पना नै गर्न सकिदैँन् । पात्रका क्रियाकलापबाट घटनाहरूको जन्म हुन्छ र तिनै घटनाहरूको श्रृंखलाद्धारा नै कथावस्तु बनेको हुन्छ र आख्यानात्मक कृतिमा पात्रलाई मूल आधार स्तम्भका रुपमा लिइन्छ । पूर्वीय एवम् पाश्चात्य मान्यतामा पनि चरित्रलाई अभिन्न अङ्गका रुपमा लिइएको पाइन्छ । आधुनिक कथामा चरित्र चित्रणलाई अझ बढी महत्व दिइएको पाइन्छ ।

कथा र उपन्यास साहित्यका आख्यानात्मक रचना विधा हुन् । उपन्यासका तुलनामा कथा लघु आकारको हुन्छ । त्यसैले कथामा पात्रहरू पनि न्यून मात्रामा प्रयोग भएको पाइन्छ । कथामा एकातिर पात्रहरूले घटनाको सिर्जना गर्दछन् भने अर्को तिर घटनाले पात्रको अवस्थामा परिवर्तन ल्याउन सक्छ । यसरी घटना र पात्रका बिचमा अर्थात कथावस्तु र पात्रका बिचमा अन्योन्यश्रित सम्बन्ध हुन्छ । यसैले पात्र र घटनाको तारतम्यबाट कथाको निर्माण हुन्छ । यसरी के प्रमाणित गर्न सकिन्छ भने कथामा पात्रको निकै ठुलो भूमिका रहेको हुन्छ । जसरी एउटा चलिरहेको घडीबाट त्यसको ब्यट्री झिकिदिने हो भने घडी ठप्प रोकिन्छ, त्यसैगरी कथाबाट पात्रहरूलाई अलग्याउने हो भने घटनाहरू पनि निर्जीव र अचल बन्दछन् । कथालाई आकर्षक तथा सजीव तुल्याउने काम पात्रको माध्यमबाट सम्भव हुन्छ ।

पात्रलाई शब्दान्तरमा चरित्रपनि भनिन्छ । चरित्र मानवीय र मानवेतर दुवै खालका हुन्छन् । यस संसारमा रहेका विभिन्न किसिमका मानवीय स्वभाव भएका चरित्रहरू नै कथामा पात्रका रुपमा आउँछन् । कथाहरूमा त्यस्ता चरित्रहरूको बिशेषताहरूलाई चित्रण गर्ने काम

कथाकारले गर्दछ । कथाका चरित्र विभिन्न प्रकारका हुन्छन् केही राष्ट्रवादी हुन्छन् भने कोही राष्ट्रघाती हुन्छन् । त्यसै गरी कुनै पात्रहरू दमित यौन इच्छाले कुण्ठित भएका हुन्छन् भने कुनै पात्रहरू उदभुक्ष तथा अन्य समस्याहरूबाट पीडित पनि हुन्छन् । मूलतः यौनमनोवैज्ञानिक कथाहरूमा यौन इच्छाले तृप्ति नपाउँदा पात्रहरू त्यसका सिकार भएका पाइन्छन् । कतिपय कथाहरूमा मानवतावादी सामाजिक र नीतिवादी पात्रहरूपनि उपस्थित भएका हुन्छन् । यस प्रकार पात्रका स्वाभाव प्रवृतिः विशेषता जेजस्ता छन् त्यसलाई सोही अनुरुप कथामा प्रयुक्त गर्ने विधिलाई चरित्र चित्रण भनिन्छ । कुनै पनि कथाकारले आफ्ना कथामा प्रत्यक्ष तथा नाटकीय गरी दुई किसिमको पद्धति अँगालेर चरित्रचित्रण गर्दछन् । प्रत्यक्ष पद्धति अनुसार चरित्र चित्रणगर्दा कथाकार स्वयमले कथाका पात्रको स्वाभाव प्रवृत्ति आदि कुराहरूको बारेमा वर्णन गर्दछ । नाटकीय चरित्रचित्रण पद्धति अनुसार चरित्र चित्रण गर्दा कथाकार स्वयमले कथाका पात्रको स्वभाव प्रवृति आदि कुराहरूको बारेमा वर्णन गर्दछन् । नाटकीय चरित्र चित्रण पद्धति अनुसार चरित्र चित्रण गर्दा पात्रहरूका बारेमा कथाकारले सोझै वर्णन गर्दैन । कथाकार प्रत्यक्ष रुपले चित्रण नगरी वा वर्णन नगरी घुमाउरो पाराले पात्रको चरित्रलाई कथामा प्रस्तुत गरी पात्रका प्रवृति स्वाभाव आदिको जानकारी लिने जिम्मा पाठक स्वयम्लाई नै सुम्पेर कथालाई अगाडि बढाउँछन् । पाठकले यस्ता चरित्र प्रयोग गरिएका कथामा पात्रका क्रियाकलाप विचार व्यवहार आदिबाट त्यो पात्र यस खालको हो भनेर छुट्टयाउनु पर्छ ।

कुनै पनि कथाकारले उत्कृष्ट एवम् कलात्मक कथा सिर्जना गर्न कथामा पात्रको तद्रुपताको कुशल निर्वाह गरेको हुनु पर्छ । अन्यथा कथा कथा नभएर एउटा हास्यस्पद आलेखन बन्न पुग्दछ । कथामा मानवीय पात्र आएको छ भने त्यो भौतिक आकृति भन्दा मनसिक बिम्बसँग बढी सम्बद्ध भएको हुन्छ । मानवीय पात्रले कथामा आफ्ना विचार, भावना, दर्शन, संवेदना जस्ता कुरालाई लिएर आएको हुनु पर्छ । पात्रहरू सामाजिक सांस्कृतिक नैतिक, आर्थिक परिवेश र पृष्ठभूमिका सापेक्षतामा आएका हुन्छन् । परिवेश अनुरुप पात्रहरूको मनस्थिति रहेको हुन्छ । मानिस चेतनशील प्राणी भएको हुनाले उसको अवस्थापनि सोही अनुरुप हुनु पर्छ र कथामा पनि पात्रहरू शुरुदेखि अन्त्यसम्म एउटै स्वाभाव र प्रवृतिका हुनु पर्छ तर विभिन्न परिस्थितिका कारणले पात्रको स्वाभाव विचार र व्यवहारमा परिवर्तन आउन सक्छ । यसरी पात्रमा परिवर्तन आएपनि त्यसलाई विश्वसनीय ढङ्गबाट प्रस्तुत गर्नुपर्छ ।

आधुनिक कथाका कथाकारले आफ्नो काल्पनिक लोकबाट पात्रको उपस्थापन गरेको पाइन्छ । कथाकारले काल्पनिक पात्र आफू जन्मे हुर्केको समाजबाट नै चयन गरेको हुन्छ । डार्विन, फ्रायड, मार्क्स आदिको प्रभाव तीव्र भए पछि कथाकारको कल्पित पात्र वास्तविक

लोकसँग अझ बढी मात्रामा सम्बद्ध हुन पुगेको पाइन्छ । कतिपय कथाहरूमा कथाकार स्वयम् पनि केवल एक दिनको एउटा घटनाको वर्णन गर्न बसेको छु । एउटा सम्पूर्ण दिनपनि होइन केवल अपरान्हको एउटा शान्त घडीमा निर्माण आकाशमा हठात कडकेको बिजुली झै एउटा आइपरेको आकस्मिक घटना । घटनाको वर्णनमा पूर्वकालीन एस्किलसका ग्रीक नाटकहरूका दुई सङ्ख्यक पात्रहरू जस्ता फगुनीको नाटय मञ्चन प्रवेश जरुरी छ, आर्को पात्र त पनि स्वयं म नै हुँ । घटना पनि सानो छ र छोटकारीमा नै सुनाउनु पनि छ मलाई । कथाकारले कल्पना गरेको पात्र भएपनि कल्पनाको आधार समाज हुने भएकाले आधुनिक कथाका पात्रहरू विभिन्न दोषगुणले युक्त सुख दुःखमा परेका मानिसहरू नै रहेका पाइन्छ ।

कथामा प्रयोग भएका पात्रको भूमिकाका आधारमा त्यस कथाको दृष्टिकोण निर्धारण गर्न सकिन्छ । पात्रको उचित संयोजन नभएका कथाका अन्य तत्वहरू पनि सु–सङ्गठित हुन सक्दैनन् । कुनै पनि कथामा कुनै पनि अर्थ हुँदैन् । कथाको प्रमुख अनिवार्य तत्व कथावस्तु मानिन्छ र त्यसलाई अगाडि लैजाने काँध दिने काम चरित्रले गर्दछ । तसर्थ कथामा चरित्र वा पात्रको प्रयोग अत्यन्तै महत्वपूर्ण रहेको पाइन्छ । आजभोलि कथा साहित्यमा कथा वस्तुको ठाँउ चरित्रले लिएको छ । यसले गर्दा पनि आधुनिक कथाहरू घटना प्रधान भन्दा बढी चरित्र प्रधान नै देखिन्छन् र तिनले नै उत्कृष्ट स्थान ओगट्न सफल भएका छन् । चरित्रकै केन्द्रियतामा नै आफ्ना कथालाई कलात्मक मूल्य दिन प्रायजसो कथाकारहरू उन्मुख रहेका छन् । कथाकारहरूले पात्रको अन्तर्तहको खोज एवम विश्लेषण गर्दै तिनको यथार्थ स्थितिलाई कथामा पात्र प्रयोगको ज्यादै महत्वपूर्ण स्थान रहेको हुन्छ । यसरी प्रयोग गरिने पात्रहरू समाजबाट लिइने र समाजकै प्रभावबाटै प्रभावित हुने भएकाले अझबढी महत्व रहेको पाइन्छ । यसरी के भन्न सकिन्छ भने कथाको अनिवार्य तथा अपरिहार्य तत्व पात्र हो । पात्र नभएमा कथा अपाङ्ग मात्र नभएर मुर्कट्टा नै बन्न पुग्छ ।

## ३.२ साहित्यिक विधामा पात्रको चरित्र–चित्रण

व्यक्तिको चरित्रलाई साहित्यमा दिने अभिव्यक्तिलाई चरित्र चित्रण भनिन्छ । आख्यान सहित्यको सबैभन्दा महत्वपूर्ण पक्ष नै चरित्र चित्रण हो । साहित्यकारले चरित्रहरूलाई आफ्ना कृतिमा दिने स्थान सर्वप्रथम उसका आफ्नै रुचि क्षमता र कृतिको उद्देश्यमा निर्भर गर्दछ । लेखकको साहित्यिक प्रतिभा र दक्षताको टड्कारो परिचायक सर्वप्रथम उसले गरेका चरित्र–चित्रण नै हुन्छन् । काव्य नाटक, उपन्यास कथा आदि विभिन्न साहित्यिक विधाहरूमा चरित्रको प्रयोग अथवा चरित्र चित्रणका आफ्ना आफ्नै भिन्दा–भिन्दै तरिका र विधि हुन्छन् ।

कथाका घटनाहरू प्रायः पात्रहरूकै स्वभाव र प्रकृतिका उपज हुन् । त्यहाँ सिर्जिएका देश, काल, वातावरण परिस्थितिहरू चरित्रलाई बढी वास्तविक र स्वाभाविक बनाउनका लागि प्रयोग गरिएका हुन्छन् । पात्रहरूको संवादद्धारा पनि घटना भन्दा बढी उनीहरूको चरित्रिक विशेषता झल्किन्छ । साथै कथाको उद्देश्यको महत्व पनि चरित्र चित्रणमै निहित हुन्छ । चरित्र–चित्रणको आधारमा मनोविज्ञानले पनि साहित्यमा महत्वपूर्ण स्थान प्राप्त गरेको हो । त्यसैले आर्नोल्ड वेनट भन्दछन्–एउटा गतिलो आख्यात साहित्यको आधार चरित्र चित्रण नै हो ।

चरित्र चित्रण वास्तविकताको नजिकै पुग्न सकेमा मात्र पाठक र चरित्रहरूका बीच भावनात्मक सम्बन्ध स्थापित हुन सक्छ जसको फलस्वरुप लेखकका धारणाहरू बढी स्पष्ट र प्रभावकारी हुन सक्छन् चरित्र चित्रण जीवन्त बन्नका लागि पाठकको मनमा यस्तो भावना पलाउनु पर्छ जसबाट त्यो चरित्र आफ्नै अन्तरस्थलबाट परिचालित भइरेहेको छ, जबर्जस्ती लेखकले परिचालन गरिरहेको छैन आत्म वोध, प्रेम, धर्म शक्ति समाज आदि चरित्रलाई परिचालन गर्नका निम्ति प्रयोग हुने तत्वहरू हुन् । कुनै कृतिको अध्ययनबाट पाठकले जति बढी स्पष्ट धारणा बनाउन सक्छ, उति नै कृतिको प्रभावकारिता बढेको कुरा स्पष्ट हुन्छ ।

व्यक्तिको जीवन अनगिन्ती सानातिना घटना, कार्य दृष्टि, विचार, चिन्तन र धारणाले भरिपूर्ण हुन्छ । साहित्यमा व्यक्तिका यस्तै प्रवृतिहरू उतारेर उसको चित्रण गरिन्छ । जीवनमा चाहिने नचाहिने आवश्यक अनावश्यक सबै घटनाहरू समावेश गर्दैमा चरित्र चित्रण सफल नै हुन सक्छ भन्ने कुनै निश्चितता हुँदैन । एउटा सफल साहित्यकारले यिनै घटनाहरू मध्येबाट रोजी–रोजी, छानी–छानी आवश्यक तत्वहरूको साहित्यमा कुशलतापूर्वक र सहजता पूर्वक समावेश गर्न सकेमा त्यो कृति सुन्दर आख्यान बन्न सक्छ । कथा उपन्यासको सफलता र असफलता यिनै आवश्यक र अनावश्यक दैनिक घटनाको साहित्यिक छनौट र समायेजनामै निर्भर गर्दछ ।

सत्यता र वास्तविकता लाई कल्पना र स्मृतिले खेलाएर आख्यानको सृजना गरिन्छ । त्यसैले वास्तविक सत्यका ज्यादै नजिक अनुभव भएतापनि आख्यानको वास्तविकता संसारिक वास्तविकतासँग भने ठ्याक्कै मिल्न सक्दैन् । सामान्य रुपबाट पढदा एकदम यथार्थ लागेतापनि आख्यान साहित्य कल्पनाशील मस्तिष्कमा कलात्मक तवरले जेलिएको हुन्छ । साहित्य हुबहु सत्य घटनाको आद्योपान्त विवरण मात्र होइन, यसले कलात्मक आग्रह राखेको हुन्छ जसमा यसको प्रभावकारिता अझ बढी गठन बन्न पुग्छ ।

साहित्यमा सफल चरित्र चित्रणका लागि लेखक र उनले सिर्जना गर्ने पात्रका बिच कुर्न पनि किसिमको अस्पष्टता रहनु हुँदैन । आफ्ना पात्रका बारेमा लेखकले जति स्पष्ट धारणा बनाउन सक्यो जति बढी जानकारी राख्न सक्यो, उत्तिनै बढी त्यो कृति स्वाभाविक र प्रभावकारी बन्न सक्छ । आख्यान साहित्य बढी अस्पष्ट र जेलिएको हुनुको मुख्य कारण लेखक र उसका पात्रहरू बिचको असमझदारी नै हो ।

साधारण चरित्रले भन्दा जटिल चरित्रले जीवनको जटिलता लाई बढी मुखरित गर्न सक्छ । त्यसैले चरित्र चित्रण गर्दा व्यक्तिको चरित्रलाई जति बढी जटिल बनाउन सक्यो, यो उतिनै प्रभावकारी बन्न सक्छ । कुनै पनि व्यक्तिको जीवन एउटै प्रवृतिबाट प्रेरित हुन्न । प्रवृति एउटा मात्र देखिए पनि अरु प्रवृतिहरू या त त्यही मूल प्रवृतिका प्रभावमा निस्तेज भएका हुन्छन् या त सुषुप्त हुन्छन् । दोस्रो वा तेस्रो प्रमुख प्रवृति जब व्यक्तिको चरित्रमा देखापर्छ । त्यसले त्यो व्यक्तिलाई जटिलता प्रदान गरेर अर्कै किसिमको चरित्र जस्तो बनाइदिन्छ । चरित्रमा जब मूल प्रवृतिहरू बढदै जान्छन् थुप्रै व्यक्तिहरूको पुञ्ज जस्तै चरित्र असाधारण बन्दै जान्छ र यसले कथामा वास्तविकतालाई अझ गाढा बनाउँछ । साथै यस्ता किसिमका जटिल चरित्रलाई पाठकले सहजै अविश्वास गरिहाल्न सक्दैनन् । यस्ता चरित्रहरू बढी ज्युँदा हुन्छन् । चरित्रले मानवीय प्रवृत्तिको प्रतिनिधित्व गर्ने हुँदा मानवीय प्रवृतिलाई सजीवता बनाएर व्यक्त गर्ने विभिन्न तरिकाहरू हुन सक्छन् । जस्तो चरित्रको विकासक्रमको पृष्ठभूमि चरित्रका इच्छा, आकाङ्क्षा र स्वाभावको बलियो प्रमाण दिन सक्छन् । त्यस्तै कुनै खास चरित्रका भावना कार्य उसका विचार दर्शन शारीरिक वर्णनलाई उसका बारेमा अरु पात्रहरूको विचार जस्ता कुराहरू समावेश गरेर पनि चरित्रको प्रवृति पहिल्याउन सकिन्छ । त्यसैले चरित्र चित्रण गर्दा यो कुराहरूमा प्रशस्त प्रकाश पार्न सकियो भने पाठक आँफै जिज्ञासु र परिचालित हुन्छ र उसैले आफैँ चरित्रको मूल्याङ्कन गर्न थाल्छ ।

सबैलाई मिलाएर पात्रहरूको चरित्र चित्रण गर्ने मोटा मोटी दुईवटा मुख्य तरिकाहरू छन् ।

१. प्रत्यक्ष (विश्लेषणात्मक) चरित्र चित्रण ।

२. अप्रत्यक्ष (नाटकीय) चरित्र चित्रण ।

## १. प्रत्यक्ष चरित्र चित्रण

प्रत्यक्ष चरित्र चित्रणमा लेखकले आफ्ना पात्रहरूको बारेमा सोझै पाठकहरूलाई जानकारी दिने गर्दछ । यसमा वर्णनात्मक अथवा विश्लेषणात्मक जुनसुकै शैली अपनाउन सकिन्छ पाठक र पात्रका बिचमा लेखक रहन्छ र पात्रलाई आफूले जति जसरी र जुन

किसिमबाट बुझ्न सक्छ त्यसको बयान सोझै पाठकलाई सुनाउँछ कहिले काही सोझै लेखकले कुनै पात्रको चारित्रिक व्याख्या र विश्लेषण नगरेर अन्य पात्रका माध्यमबाट पनि उक्त पात्रका विषयमा विश्लेषण गर्न लगाउँछ । यस किसिमको चरित्र चित्रणमा चरित्रका बारेमा पाठकले आफ्नै धारणा बनाउन पाउँदैन् ।

**२. अप्रत्यक्ष चरित्र चित्रण**

अप्रत्यक्ष चरित्र चित्रण साधारण तया नाटकहरूमा प्रयोग गरिन्छ । यस किसिमको चित्रणमा पात्रहरूका कार्य र उनीहरूका विषयमा अन्य व्यक्तिहरूका कुराकानीद्वारा उत्पन्न प्रभाव द्धारा नै हामी तिनका विषयमा कुनै धारणा बनाउन सक्छौं । यस प्रकारको चरित्र चित्रणको विशेषता के छ भने यहाँ दर्शक या पाठक तथा पात्रहरूका बिच सिधा सम्बन्ध रहन्छ र पात्रहरूका बारेमा धारणाको निर्माण गर्न पाठक या दर्शकलाई पूर्ण स्वतन्त्रता रहन्छ । नाटकीय चरित्र चित्रण जति व्यञ्जनापूर्ण र संक्षिप्त हुन्छ त्यति नै धेरै प्रभावकारी, प्रभावशाली पनि हुन्छ । तापनि चरित्रका आन्तिरिक सूक्ष्मताहरू र मनौवैज्ञानिक रहस्यहरूलाई यो शैलीद्वारा त्यति स्पष्ट र असन्दिग्छ रुपमा भने प्रस्तुत पार्न सकिदैन जति विश्लेषणात्मक शैलीमा सम्भव हुन्छ ।

यसरी कथा र उपन्यासको चरित्र चित्रणमा अभिनयात्मक तथा विश्लेषणात्मक शैलीलाई मिलाएर चरित्र चित्रण गर्न सकिन्छ । कथा उपन्यासका चरित्र चित्रणमा लेखकलाई व्याख्या र टिकाटिप्पणी गर्ने पर्याप्त स्वतन्त्रता हुन्छ । लेखकले चारित्रिक विशेषताको उद्‌घाटनमा नाटकका अपेक्षा कथा उपन्यासमा निकै बढी विस्तार र गहनताको प्रदर्शन गर्न सक्दछ । नाटक र आख्यानका चरित्र चित्रण स्पष्टता के कुराका सूचक छन् भने नाटकमा कार्यको प्रधानता हुन्छ तर आख्यानको महत्व चारित्रिक विश्लेषणमा नै अधिक मानिन्छ । कार्य वा घटनालाई प्रमुखता दिने आख्यान उच्च कोटिका बन्न सक्दैनन् । यसका विपरीत नाटकमा चरित्र चित्रणको अधिकताले यदि कार्यव्यापारलाई गौण बनाइदिए भने नाटकीयतालाई नै क्षति पुग्न सक्छ । त्यसैले एरिष्टोटल कार्य–व्यापार नभइकन चरित्रको विकास हुन सक्तैन भन्दै साहित्यमा चरित्रको महत्वलाई कथानक भन्दा गौण बनाउँदै नाटकमा देश र कालका सीमाहरूको कारणले चरित्रको विकास पनि त्यति स्वतन्त्र रुपमा देखाउन सकिदैँन । आख्यानहरूमा चरित्रलाई क्रमशः विकसित भएको देखाएर विभिन्न परिस्थितिकहरूमा उसको उत्थान पतनका थुप्रै परिवर्तनहरूलाई चित्रित गर्न सकिन्छ । सुविधा अनुसार उपन्यास नाटकीयता र विश्लेषणलाई समुचित समन्वय गरेर मानवीय मनोवेंग , भाववेंग, विचार, भावना, उद्देश्य आदिको मसिनो भन्दा मसिनो उतार गर्न सक्छ । गति शील चरित्रको सृजनानै

अख्यान साहित्यको मूल कसौटी हो । एउटै पात्रको स्वाभाव तथा त्यसका आधारमा गरिने कार्यहरूमा मनोविज्ञान समस्त परिवर्तन तथा कुनै बखत आर्श्चयजनक विरोधको चित्रण गरेर आख्यात साहित्यमा जुन सौन्दर्यको सृजना गर्न सकिन्छ, त्यो साहित्यका अरु विधाहरूमा त्यति सहज र सम्भव हुँदैन् ।

## ३.३ पात्र र पात्रका प्रकार एवम् बर्गीकरण

पात्र भनेको त्यो व्यक्ति हो जसद्वारा तथा कथा उपन्यास नाटक आदि विधाहरूमा घटनाहरू घटाउँछन अथवा त्यो जो स्वंय विभिन्न घटनाहरूद्धारा प्रभावित हुन्छ । पात्र नभएको आख्यान साहित्यको कल्पना पनि गर्न सकिदैन । पात्र वा चरित्र व्यक्तिबाट अभिभाज्य छ । कुनै कार्य प्रति देखाइएको प्रतिक्रियाबाट व्यक्तिको चरित्र मुखरित हुन्छ । यस अर्थमा साहित्यिक विधाहरूमा पात्र भन्नु नै चरित्र हो । शब्दान्तरमा मात्र पात्र र चरित्र दुई भेद हुन् मूलभूत रुपमा चरित्रका दुइवटा पक्ष हुन्छन्–भौतिक र मनोवैज्ञानिक ।

व्यक्तिका शारिरिक लिङ्ग रुप रङ्ग आकार प्रकार हिडाइ बसाइ लवाइ खवाइका साथै उसका यावत वाह्य चालढाल भौतिक पक्ष अन्तर्गत पर्दछ ।

व्यक्ति–व्यक्ति विचका स्वाभाव गुण अवगुण सोचाइ विचार भावना आदिका पृथकता मनोवैज्ञानिक पक्षबाट प्रभावित हुन्छन् ।

मनोवैज्ञानिक पक्षकै आधारमा चरित्रहरू साधारण, जटिल, नियमित, पूर्ण, अपूर्ण एक पक्षीय आदि हुन सक्छन् । मनोवैज्ञानिक चरित्रका पनि दुईवटा हाँगा छन् । भावनात्मक र वैचारिक ।

भावनात्मक पक्षले व्यक्तिका शास्वत बानी व्यवहारमा जर्वजस्त प्रभाव पार्दछ भने वैचारिक पक्षले उसका क्रियाकलापहरूलाई सचेत अथवा अचेत रुपमा नियन्त्रण गरेर कुनै निर्दिष्ट लक्ष्य प्राप्तिका लागि प्रेरीत गरिरहेको हुन्छ । भावनात्मकताले व्यक्तिलाई उत्तेजित तुल्याउँछ, परिचालित गर्छ, वैचारिकताले उसलाई निर्देशित गर्दछ ।

कृतिम पात्रहरूको अवस्था र कार्य व्यापारका आधारमा चरित्रलाई मोटा मोटी रुपमा चार भागमा वर्गीकृत गर्न सकिन्छ ।

क) स्थिर चरित्र

ख) गतिशील चरित्र

ग) व्यक्तिप्रधान चरित्र

घ) वर्गप्रधान चरित्र

### क) स्थिर चरित्र

आख्यान साहित्यमा धेरै जसो साधारण चरित्रहरू शुरु देखि अन्त्यसम्म लगभग एउटै ढाँचामा देखिन्छन् । जस्तो सुकै परिवेश परिस्थिति र वातावरणमा पनि उसका मान्यता र धारणामा परिवर्तन आउँदैन भने त्यस्ता चरित्रहरूलाई स्थिर चरित्र भनिन्छ । कुनै कुनै कथा वा उपन्यासमा मूलपात्रकै चरित्र पनि यस्तै प्रकारको पाइन्छ । यसका लागि मूल पात्रकै चरित्र को आर्दश र स्थिरता कुनै बलियो तर्क र साधनाबाट प्ररित हुनु आवश्यक हुन्छ । फितलो दर्शन र मानसिकता भएको मूलचरित्रको स्थिरता भने हास्यस्पद बन्न पनि सक्छ । साधारण पात्रका लागि भने स्थिरता स्वाभाविक नै हुन्छ किनकि यस्ता पात्रहरूद्वारा सजिलैसँग परिवर्तन अपनाउन सक्ने मनस्थिति साधारणतया पाउन गाह्रो हुन्छ । स्थिर चरित्रको चित्रण गर्दा खेरी पनि आख्यानकारले पात्रको मुख्य प्रवृत्तिलाई बढी जोड दिएर यही प्रवृत्तिका आधारमा व्यक्तिका छोपिएका आन्तरिक र सुषुप्त मनस्थितिहरूको व्याख्या विश्लेषण गर्न सकिन्छ ।

### ख) गतिशील चरित्र

गति शिल चरित्रमा व्यक्तिको उत्थान पतन आरोह अवरोह भइनै रहन्छ । कथा भित्रका घटनाहरूका टक्करका साथै पात्रकै आन्तरिक पक्षहरूको द्वन्द्वको फलस्वरुप गतिशील चरित्रको विकाश हुन्छ । पात्रको आन्तरिक पक्ष भन्नाले मानवीय ईर्ष्या, प्रतिस्पर्धा, प्रतिद्वन्द्विता र अग्रगामी चाहना जस्ता शाश्वत मानवीय भावनाहरू बुझिन्छ जो कही प्रत्यक्ष र कही अप्रत्यक्ष रुपबाट व्यक्तिको मन र माष्तिकमा प्रभाव पारिनै रहेका हुन्छन् । साथै चरित्रको विकास भन्नाले यहाँ चरित्रको उन्नयन मात्र होइन अवनयन पनि बुझिन्छ गति शील चरित्रको समुचित समायोजन गर्न सकेका खण्डमा आख्यान साहित्य अद्‌भुत रुपमा आकर्षक वन्न सक्छ ।

### ग) व्यक्तिप्रधान चरित्र–जब कृतिको मूल साध्य व्यक्तिको

चरित्र बन्छ र सम्पूर्ण आख्यात व्यक्तिको चारित्रिक विश्लेषणको वरिपरि घुमिरहन्छ भने त्यो व्यक्ति प्रधान चरित्रको रुप हो । यस्तो प्रकारको चरित्रको प्रयोग साधारणतः अस्तिाववादी अथवा पूरै अस्तित्व विमुख आख्यान साहित्यमा बढी भएको पाइन्छ । मझौला खालका अर्थात साधारण पात्रहरूमा व्यक्तिप्रधान चरित्र कमै खोजिन्छ । मूल कुरो के हो भने व्यक्ति कुनै पनि हिसाबले विशिष्ट अथवा बढी आकर्षण युक्त भएमा र उसको वैचारिकता

चरित्र व्यक्ति प्रधान बनाउन सजिलो पर्छ । व्यक्ति प्रधान चरित्र पनि स्थिर अथवा गतिशील जुन सुकै हुन सक्छ ।

**घ) वर्गप्रधान चरित्र**

जव व्यक्तिको चरित्रले कुनै वर्ग वा समुदायको प्रतिनिधित्व गर्छ र कृतिको अभीवट कुनै वर्ग विशेषको सामुहिक समस्यालाई प्रस्तुत गर्ने हुन्छ भने त्यस बखत प्रयोग हुने पात्रहरू वर्ग प्रधान चरित्र वा पात्र हुन्छन् । वर्ग विशेष भन्नाले लगभग एकैनासे चरित्र भएका व्यक्तिहरूको समुदाय भन्ने बभिन्छ । वर्गप्रधान चरित्रहरू स्वाभावले बहिर्मुखी हुन्छन् किनकि आन्तरिक रुपमा हेर्दा एउटै वर्गका भनिएका व्यक्तिहरूका चारित्रिक विशेषता फरक फरक हुन सक्छन् । त्यसैले वर्गप्रधान चरित्र धेरै जसो बहिर्मुखी नै बनाइएको पाइन्छ । अन्तर्मुखी बनाउनसाथ त्यस पात्रले सामान्यतया सम्पूर्ण वर्गको प्रति निधित्व गर्न पनि सक्दैन, जुन वर्ग प्रधान चरित्रका निम्ति अत्यावश्यक शर्त हो ।

उल्लेखित यी माथिका सैद्धान्तिक आधार र कुनै पनि आख्यानात्मक कृतिमा पात्र–पात्रहरूको स्पष्ट पहिचान गर्न समग्र रुपमा निम्न आधारमा पात्रहरूलाई वर्गीकरण गर्न सकिन्छ ।

### ३.३.१ लिङ्गका आधारमा

पात्रहरूको शारीरिक जात छुट्याउने प्रमुख आधार लिङ्ग हो । लिङ्गका आधारमा मानिसका नैसर्गिक प्रवृत्तिहरू छुट्टिने हुँदा आख्यानमा सोही आधारमा स्रष्टाले पात्रहरूको चित्रण गरेको हुन्छ । लिङ्गका आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् – पुरुपपात्र र स्त्रीपात्र ।

### ३.३.२ कार्यका आधारमा

अख्यानात्मक कृतिमा पात्रहरूले गर्ने कार्य वा भूमिकाका आधारमा पात्रहरूको तीन भेद पाउन सकिन्छ । प्रमुख पात्र, सहायक पात्र र गौण पात्र ।

कथामा निश्चित केही पात्रहरूलाई प्रमुख मानिन्छ जसको कथामा प्रमुख भूमिका हुन्छ । उ प्रमुख पात्र हो जसलाई बोली चालीको सरल भाषामा नायक नायिकाद्वारा सम्बोधन गरिन्छ । मुख्य पात्रका सहयोगी बनेर आएका पात्रहरू सहायक मानिन्छन् भने आख्यानमा कुनै ठोस भूमिका नभएको भएपनि कथानक भित्र समेटिएर आएका अन्य केही पात्रहरू गौण पात्र मानिन्छन् । ती पात्र छट्दा पनि आख्यान संरचनामा त्यति ठूलो क्षति पुग्दैन् ।

### ३.३.३ प्रवृतिका आधारमा

प्रवृतिका आधारमा कथामा अनुकूल र प्रतिकुल गरी दुई किसिमका पात्रहरू हुन्छन् । अनुकूल र प्रतिकूल नैतिक, आर्दश सामाजिक मूल्य र मान्यताको विषय हो । अनुकूल प्रतिकूल पात्रका द्वन्द्व वा संघर्षले कथानकलाई गति दिने काम गर्दछ । यस आधारको वर्गीकरणलाई सरल भाषामा भन्नु पर्दा अनुकूल पात्रलाई सज्जन र प्रतिकूल पात्रलाई खल पात्र मानिन्छ ।

### ३.३.४ स्वभावका आधारमा

स्वभावका आधारमा गति शील र गतिहीन(स्थिर) गरी पात्रलाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ । स्थिरता र गतिशीलता कार्यव्यापारबाट निर्क्यौल हुन्छ । सुरु देखि अन्त्यसम्म स्वभाव आचारण र कार्यशैलीमा परिवर्तन नहुने एउटै खालको कार्यव्यापारमा प्रस्तुत हुने अर्थात् परिस्थितिमा परिवर्तन आएपछि आफ्नो स्वाभावमा स्थिर रहने अविचलित स्वाभावको आद्यन्त उस्तै रहने पात्रहरू स्थिर तथा गतिहीन पात्र हुन् भने कार्यव्यापारबाट प्रभावित भई आफ्ना सिद्धान्त मान्यता आचरण सोचाइ र कार्यव्यापारमा समय अनुसार परिवर्तन भएर प्रस्तुत हुने अर्थात् समय र परिस्थिति अनुसार आफ्नो सिद्धान्त स्वाभाव र जीवनधारलाई परिवर्तन गरी प्रस्तुत हुने पात्र गतिशिल पात्र हुन् । भौतिक परिवेशले मनोदशामा प्रभाव पारे पछि मानसिक स्थितिमा स्वतः परिवर्तन आउने हुँदा मनोवैज्ञानिक कथाका पात्रहरू प्रायः गतिशील हुन्छन् ।

### ३.३.५ जीवन चेतनाको आधारमा

जीवन चेतनाका आधारमा पात्र दुई प्रकारका हुन्छन् । वर्गीय अर्थात वर्गगत् पात्र र व्यक्तिगत पात्र । सामाजिक वर्गको प्रतिनिधि गर्ने पात्र वर्गगत् अर्थात् वर्गीय पात्र हो भने सामाजिक वर्गको प्रतिनिधित्व नगर्ने एकपक्षीय पात्र व्यक्तिगत पात्र हो ।

### ३.३.६ सामाजिक सम्बन्धका आधारमा

सामाजिक सम्बन्धका आधारमा पात्रहरूलाई उच्च मध्यम र निम्न गरी तीन वर्गमा विभाजन गरिन्छ । अन्तरमुखी र बहिर्मूखी मात्र स्वाभावका आधारबाट पनि सामाजिक सम्बन्धको पक्ष माथि प्रभाव पारेको हुन्छ । बहिर्मुखी स्वाभावका पात्रहरूले भौतिक सामाजिक पृष्टमूमि आर्थिक पूर्वाधार र त्यसले निर्धारण गरेको कार्यव्यापारलाई व्यक्त गरेको हुन्छ ।

मनोवैज्ञानिक तथा अस्तित्ववादी, विसङ्गति आख्यानात्मक पात्रहरूमा अन्नतर्मुखी प्रवृत्ति पाइन्छ ।

### ३.३.७ आसन्नताका आधारमा

आसन्नताका आधारमा पात्रहरूलाई मञ्चीय र नेपथ्थीय गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ । आख्यानमा सोभै प्रस्तुत भएका पात्रहरूको कार्यव्यापारमा पनि सोभो भूमिका रहेको हुन्छ । कृतिमा भएका घटनाहरू सित तिनको कार्यव्यापारको अन्यान्य भूमिका रहेको हुन्छ । मञ्चमा देखिएका पात्रहरू मञ्चीय हुन् तर दर्शकका अगाडि अभिनय गर्ने क्रममा नदेखिने पात्रहरू नेपथ्यीय पात्र हुन् । मञ्चीय पात्रले वर्तमान बिन्दुमा र नेपन्थीय पात्रहरूले चाहि पूर्वकालमा सक्रियता देखाएका हुन्छन् ।

### ३.३.८ आवद्धताका आधारमा

आवद्धताका आधारमा पात्रहरू वद्ध र मुक्त गरी दुई किसिमका हुन्छन् । कथानकसँग प्रत्यक्ष रुपमा आवद्ध पात्रहरू वद्ध पात्रहरू हुन भने कथानकसँग प्रत्यक्षरुपमा आवद्ध नभएका पात्रहरू मुक्त पात्रहरू हुन् । अर्थात कृतिको पर्याधारमा रहेका सन्दर्भहरूमा वाँधिएका सार्थक हुने पात्रहरू वद्ध पात्र हुन् भने कृतिको पर्याधारबाट स्वतन्त्र भएर सार्थक हुने पात्रहरू मुक्त पात्र हुन् मुक्त पात्रहरूलाई कथाबाट हटाइदिँदा पनि तिनले कथानकको संरचनामा खासै असर पार्दैनन् तर वद्धपात्रहरू कथानकमा भएनन् भने कथानकको संरचना भङ्ग हुन पुग्दछ ।

## ३.४ दोषी चश्मा कथा सङग्रहमा प्रयुक्त प्रमुख पात्रहरूको पात्रविद्यानगत विवरण तालिका

| क्र.स. | कथाको नाम | पात्र | पुरुष | स्त्री | प्रमुख | सहायक |
|---|---|---|---|---|---|---|
| १. | दोषी चश्मा | केशवराज | + | - | + | - |
| | | जर्साव | + | - | + | - |
| | | सइस | + | - | - | + |
| २. | विहा | म | + | - | + | - |
| | | कटकबहादुर | + | - | + | - |
| | | हरिमती | - | + | + | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | हरिदत्त | हरिदत्त | + | - | + | - |
| | | म पात्र | + | - | + | - |
| | | पार्वती | - | + | - | + |
| ४. | प्रेम | रामनाथ | + | - | + | - |
| | | रमा | - | + | - | + |
| | | रामेनोकर | + | - | - | + |
| ५. | कर्नेलको घोडा | कर्नेल | + | - | + | - |
| | | कर्नेल्नी | - | + | + | - |
| | | सइस | + | - | - | + |
| ६. | पवित्रा | केशवदेव | + | - | + | - |
| | | पवित्रा | - | + | + | - |
| | | नेवार्नी | - | + | - | + |
| ७. | होड | पदम | + | - | + | - |
| | | पदमा | - | + | + | - |
| | | विधवा | - | + | - | + |
| ८. | कथा | इन्द्र | + | - | - | + |
| | | ऋषि | + | - | + | - |
| | | अप्सरा | - | + | - | + |
| ९. | पुस्तक | म | + | - | + | - |
| | | हरिहर बूढो | + | - | - | + |
| | | खेतालो | + | - | - | + |
| १०. | स्कुलमाष्टर | नन्दराज | + | - | + | - |
| | | उमानाथ | + | - | - | + |
| | | राधा | - | + | - | + |
| ११. | सखी | चन्द्रकुमारी | - | + | + | - |
| | | चन्द्रमाया | - | + | - | + |
| | | युवक | + | - | - | + |
| १२. | स्वेटर | मैया | - | + | + | - |
| | | जानकी | - | + | - | + |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विमला | - | + | - | + |
| १३. | वौलाह | म पात्र | + | - | + | - |
| | | वौलाह | + | - | + | - |
| १४. | रिक्सा तान्ने | धनविरे | + | - | + | - |
| | | धनमाया | - | + | - | + |
| १५. | सिपाही | सिपाही | + | - | + | - |
| | | म पात्र | + | - | + | - |
| १६. | मधेसतिर | विधवा | - | + | + | - |
| | | गोरे | + | - | - | + |
| | | भोटे | + | - | - | + |

## ३.५ दोषी चश्मा कथा सङग्रहमा सङग्रहीत कथाहरूको समीक्षात्मक अध्ययन

### ३.५.१ कथाको रचना विधान

कथा वास्तवमा विचार तथा भावना सञ्चरण गर्ने एउटा यस्तो कला हो जसले आफ्नो सानो आयतनलाई सुन्दर आकार प्रदान गरेर त्यसमा जीवन वा समाजको सजीव चित्र कोर्दछ । कथा एक यौगिक रचना हो सबै अङ्गगत एकाइ किंवा तत्वहरूको विचमा अन्योन्यश्रित सम्बन्ध रहने हुनाले तिनलाई अलग अलग छुट्याएर हेर्नु युक्तिपूर्ण हुँदैन तापनि साहित्य शास्त्रीहरूले सुविधाका लागि कथाका तत्वहरू भनेर यसरी निर्धारण गरेका छन् ।

१. कथा वस्तु

२. पात्र वा चरित्र

३. संवाद वा कथोकथन

४. देश काल र परिस्थिति

५. भाषा–शैली र

६. उद्देश्य

कथाको उपयुक्त तत्वविभजन पुरानो परम्परावादी अवधारणामा आधारित भएको हुँदा यसप्रति निकै विकसित समालोतनाशास्त्र(नयाँ समालोचना) अनुसार कथाको शरीर रचना अर्थात रचना विधानलाई यसरी दुई खण्डमा विभाजित गरिएको छ (१) **संरचना** र (२) **रुपविन्यास** ।

### ३.५.१.१ संरचना

कथाकारले आफ्ना विचार धारणा वा अनुभूतिलाई कथाहरूमा राखेका हुन्छ । केही नभए कुनै वस्तु घटना वा विचार धारा प्रति उसले आफ्नो प्रतिक्रिया कथाहरूमा जनाएको हुन्छ । त्यसैले कथाहरूमा कथाकारको मस्तिष्क वा भावनाको एउटा अंश प्रतिविम्वित भएको हुन्छ । तर कथाकारले आफ्ना यिनै विचार वा अनुभूतिलाई घटना र पात्रको अन्योन सम्बन्धको एउटा योजना बनाएर ती सबैलाई मिलाएर एउटा कथाको आकार प्रदान गर्दछ । यही आकार नै कथाको संरचना हो । यस भित्र स्पूल तत्वहरू मात्र पर्दछन् जस्तो कथा वस्तु वा कथानक, पात्र वा चरित्र कथात्मक दृष्टिविन्दु र सार वस्तु । यसबाट के स्पष्ट हुन्छ भने संरचनाभित्र कथाकारले प्रस्तुत गरेको कथन वा तर्क वा युक्ति पर्दछ । संरचना अर्न्तगत कथामा पाइने मुख्य मुख्य घटकहरू निम्न अनुसार छन् ।

#### ३.५.१.१.१ कथावस्तु वा कथानक

कथावस्तु वा कथानक नै कथाको वृहत्तम तत्व घटक वा अवयव हो । यसले कथाका संरचनाको सवैभन्दा स्थूल र सबल तत्वको बोध गराउँदछ । कथामा यस तत्वको व्याप्ति सर्वत्र हुने भएकाले अन्य तत्व वा घटकहरूलाई समेत यसले गहिरो रुपमा प्रभाव पारेको हुन्छ । कथानक भनेको घटनावलीहरूको योजनावद्ध ढाँचा हो तर घटनावलीमा क्रिया समूह स्वंयम कथानक हुदैन, त्यसको योजनावद्ध रुप कथानक बन्दछ । कथाभित्र रहने कथानक बन्नका लागि घटनाको कार्यकारण सम्बन्ध मिलेको हुनुपर्छ । कथा कथानकको कच्चा पदार्थको रुपमा रहेको हुन्छ । उक्त कच्चा पदार्थमा तर्क वुद्धि र कल्पनाजस्त रसायनको प्रयोग गरी कथानकको निर्माण गरिन्छ । कथानक भित्र कार्यव्यापार हुन्छ । कुनै पनि कथाको लागि इतिहास, यथार्थ, रागभाव तथा स्वैरकल्पना गरी चार स्रोतबाट अथवा मिश्रित रुपमा कथानक लिन सकिन्छ । वास्तवमा कथावस्तु भन्नु नै स्वयम् कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति वा प्रस्तुति हो । त्यसैले कुनै पनि कथाको मूल्य निर्धारण यसै तत्वले गर्दछ । यसरी कथाकारका विचार धारणा वा अनुभूति मूर्त रुपाकृतिको रुपमा देखापर्ने कथावस्तु लगायत मूल्ययुक्त हुन्छ । आधुनिक कथाको अवधारणा नै फलागत मूल्यमा आधारित छ । यसको अभावमा कुनै पनि कथा निर्जीव बन्दछ ।

कथाको आधार शीलाको रुपमा कथानकलाई लिइन्छ । कथानक भित्र विभिन्न घटना कार्यव्यापार परिवेश र परिस्थितिको अन्वय भएको हुन्छ । कार्य व्यापार कथानकको प्रारम्भिक उपकरण भएकाले यसमा व्यवस्थितिपन तथा घटनावलीको कार्यकारण सम्बन्धको श्रृङखला

मिलेको हुन्छ र समयको क्रमपनि व्यवस्थित रुपमा देखापर्छ ।कथानकमा सामान्य र जटिल घटनाहरूको संयोजन हुन्छ । घटनाहरूलाई एक आर्कामा सम्बन्धित बनाएर सुगठित पार्नेकाम कथानकले गर्दछ । कथानकलाई मुख्य र सहायक गरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ । प्रारम्भ देखि अन्त्यसम्म विस्तारित वा व्याप्तिका साथ अघि बढेको कथानक मुख्य र त्यही मुख्य कथानकलाई सहयोग पुऱ्याउने गरी अगाडि आएका कथानक सहायक हुन् ।

कथानक रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ । रैखिक ढाँचाको कथानकले आदि मध्य र अन्त्यको श्रृखलालाई क्रमवद्ध रुपमा अघि बढाएको हुन्छ भने वृत्ताकारीय कथानकले आदि मध्य र अन्त्यको श्रृंखलालाई क्रमवद्ध रुपमा अघि बढाएको हुँदैन । सामान्यतया कथानक वा कथावस्तुका आदि मध्य र अन्त्य गरी तीन भाग र प्रारम्भ संघर्ष विकास चरमोत्कर्ष ह्रास वा उपसंहार पर्दछन् ।

### ३.५.१.१.२ पात्र वा चरित्र


पात्र वा चरित्र भनेका कथा संरचनाको दोस्रो प्रमुख घटक हो । कथाका स्थापत्यकलामा पात्रहरूले त्यस्तो स्तम्भका रुपमा भूमिका खेल्छन जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई उर्जाप्रदान गर्ने भएकाले यो अङ्गविना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उदाहरणहरू क्रियाव्यापार र द्धन्द्ध को प्रत्यक्ष सम्बन्ध पात्रसँगै हुन्छ । त्यसैले कथामा पात्र (चाहे त्यो मानव होस या मानवेतर) भन्नासाथ अभिप्रेरणा र स्थिरताको कसिम सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्र रुपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुवै ध्यान दिएका हुन्छ । यसका लागि प्रत्यक्ष वा नाटकीय मध्य कुनै पनि वा दुवै विधिलाई प्रयोग गर्ने गरिन्छ । जुनसुकै विधिको प्रयोग गरिएतापनि कथामा पात्रको निजी पहिचान देखिनु पर्दछ ।

यसरी पात्र विना कथाको कल्पना गर्न सकिदैन कथानकसंग सम्बन्ध राख्ने क्रियाकलाप र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसंगै हुन्छ । कथाले पात्ररुपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्रङ्कनलाई खुवै ध्यान दिएको पाइन्छ । पात्रहरूलाई मानवजीवनको व्यापक भाव्य उतार्ने तत्वको रुपमा लिइन्छ । पात्रकै माध्यमबाट समाज, संस्कृति रहन सहन रीतिरिवाज आदिको चित्रण सम्वभव हुन्छ । मान्छेका विभिन्न प्रवृतिको उदघाटन गर्न तथा सामाजिक सास्कृतिक ऐतिहासिक आदि पक्षको प्रकरीकरण गर्न सहयोगी भूमिका निर्वाह गर्दछ ।

### ३.५.१.१.३ दृष्टिविन्दु

कथावस्तुलाई पाठकवर्गका निम्ति संवेघ एवम् प्रेषणीय वनाउने भूमिका कथात्मक दृष्टिविन्दुले खेल्दछ । यो घटक प्रस्तुतीकरणसँग सम्बद्ध हुन्छ । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि कथाकार सामु के प्रश्न आउँछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संचरना प्रदान गर्ने? यस प्रश्नकमो समाधान नै दृष्टिविन्दु ले गर्छ । प्रारम्भिक उपकरण मात्रको सङग्रहबाट कथा बन्दैन यसको एउटा निश्चित संचरना हुनु पर्छ त्यसैले दृष्टिविन्दुले यही संरचनालाई पूर्णता प्रदान गर्ने संवेदनशील कार्य गर्दछ ।

दृष्टिविन्दु त्यो स्थिति स्थान वा सीमा हो जसको माध्यमबाट कथकारले आफ्नो धारणा वा अनुभूति पाठक वर्ग समक्ष पुऱ्याँउछ । कथाकार र पाठक वर्गवीचको सम्बन्ध सूत्र नै दृष्टिविन्दु हो । यसैलाई मध्यनजर बनाएर कथाकारले आफ्नो सामग्रीलाई कथाको आकारमा मूतिपान गर्दछ । कथामा यो कति महत्वपूर्ण छ भने यो विना कथामा प्रयुक्त कार्य पिढीका चरित्र चित्रण भावपरिमण्डल आदिमा सजीवता आउन दृष्टिविन्दु कथाको श्रेष्ठता वा उत्कृष्टताको मापक हो । कथाकार हुनाको दायित्व केवल सटही घटनाको क्रम बाँधिदैमा पूरा हुन सक्दैन् । पात्रको निजी मानसिक–बौद्धिक अवस्थालाई ध्यानमा राखी कुनै क्षणविशेषमा त्यस पात्रले अनुभूत गर्ने कुरा मनका प्रतिक्रिया, विचारक्षमताको सीमा आदि कथामा पात्रका माध्यमबाट व्यक्त गर्ने क्षमता कथाकारमा भएको हुनु पर्दछ । त्यसैले कथात्मक दृष्टिविन्दु भनेको पात्रको मनभित्रको डुवुल्की लगाइ हो । कथात्मक दृष्टिविन्दु दुई प्रकारका हुन्छन् –१ आन्तरिक र २ वाहय । आन्तरिक दृष्टिविन्दु चाहिँ १. सर्वदर्शी र २. सीमित र ३. वस्तुपरक गरी तीन प्रकारका हुन्छन् । यसलाई यसरी रेखाचित्रद्वारा पनि देखाउन सकिन्छ




कथामा पात्र प्रथम पुरुषको रुपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ । अर्थात आन्तरिक दृष्टिविन्दु भएको कथामा वर्णनकर्ताले घटना कार्य व्यापार र पात्रको वर्णन प्रस्तुत गर्दा आफूलाई कथाको कथावस्तु भित्र समाविष्ट गराएको हुन्छ । यस अन्तरर्गत केन्द्रीय दृष्टिविन्दुमा स्वयम कथाकार वा अरु कुनै पात्र म को रुपमा मुख्य पात्र रही कथा प्रस्तुत

हुन्छ । यस दृष्टिविन्दु कथित कथामा मुख्यपात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताकका साथ प्रस्तुत हुन्छन् । परिधीय दृष्टिविन्दुमा चाहि म पात्र त रहन्छ तर कथामा त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ । यस्तो दृष्टिविन्दुबाट लेखिएको कथा मुख्य कथाको केन्द्र अर्के पात्र बनेको हुन्छ र म पात्रले त्यही पात्रलाई केवल प्रस्तुत गर्ने माध्यम भएर भूमिका खेल्दछ ।

कथामा पात्र तृतीय पुरुषमा रहँदा वाहय दृष्टिविन्दु हुन्छ । यस अन्तर्गत सर्वदर्शी दृष्टिविन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना प्रतिक्रिया विचार आदि समाविष्ट गर्दै ती पात्रको आन्तरिक जीवनको चिनारी दिन्छ । कथाकारले सबै पात्रहरूको मनभित्र स्वतन्त्र रुपले चियाउने गर्दछ । सीमित दृष्टिविन्दुमा चाहि केवल एकमात्र पात्रको मानसिक संसारको विचरण गरिएको हुन्छ । यस्तो दृष्टिविन्दु भएको कथामा प्रयुक्त मात्र मध्य एउटालाई वा केही लाई मुखपात्र बनाएर आफ्नो बैचारिक दृष्टिकोण व्यक्त गर्ने प्रयास समाख्याताको रहेको हुन्छ । कथाको कुनै एक पात्रमा कुनै एक विवरणलाई केन्द्रित बनाएर घटनाको वर्णन गर्नु सीमित दृष्टिविन्दुको विशेषता हो । अनि वस्तुपरक दृष्टिविन्दुमा चाहि कुनै पनि पात्रको मानसिक संसारको विचरण गरिएको हुँदैन ।

### ३.५.१.१.४ सारवस्तु

कुनै कथाकृति पढिसकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ कवा अभिप्राय पाउछौं, त्यही नै सारवस्तु हो । अर्थात सार वस्तु भनेको कथाभित्र अन्तर्निहित कथाकारको अभिप्रायलाई बकहन गर्ने आधारविचार हो ।

कथामा कुनै न कुनै विचार वा भावको बीज रुप प्रत्यक्ष वा प्रच्छन्न रुपमा रहेको हुन्छ । जसका आधारमा कथानकको संरचना तयार पारिएको हुन्छ ।

त्यस बीज रुपलाई बिनाआग्रहीकरण कथाकारले कुशलता पूर्वक जति धेरै नाटकीकरण गर्न सक्यो, त्यो कृति त्यति नै उत्कृष्ट बन्न सक्छ । त्यसैले बीज–रुप भनेको कथा संरचनाको सौन्दर्य तत्व हो । जसलाई हामी सारवस्तु भनेर चिन्दछौं । यस अङ्गलाई कथाकारले अभिधात्मक अन्योक्तिमूलक वा प्रतीकात्मक कुनै पनि अर्थको तहबाट प्रदर्शन गर्न सक्तछ ।

कथाका सारवस्तु मानवशरीरको रक्त संचार प्रणाली झै सर्वव्याप्त हुन्छ । सार वस्तु दुई प्रकारको हुन्छन् – शाश्वत वा विश्वजनीन र प्रसङ्गविषयक । यी दुई मध्ये कुनै पनि सारवस्तुमा कथाकारको रुचि रहेता पनि आधुनिक कथा सिद्धान्त अनुसार यो ज्यादै अनिवार्य तत्व भने होइन । अनिवार्य तत्व नभएता पनि कथाको कलात्मक प्रयास भने अवश्य हो । यसले कथामा मानवसमाजका निम्ति नै विभिन्न भाव वा विचार सञ्चार गर्दछ ।

### ३.५.१.२ रुप विन्यास

कथा वस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसके पछि कथाकारले त्यसलाई सुन्दर बनाउन प्रयोग गर्ने युक्ति नै रुप विन्यास हो । यस भित्र कथाका सूक्ष्मतत्वहरू जस्तो पद–विन्यास बिम्ब विद्यान, व्यङग्य प्रतीक–विद्यान तुलना शीर्षक आदि पर्दछन् । कथाबाट अर्थ विचार कथानक सारवस्तु आदिलाई पृथक गर्दा जुन तत्वहरू शेष रहन्छन् ती रुपविन्यास अर्न्तगत पर्दछन् ।

कथा रचना भित्र पर्ने वाहय तत्वको रुपमा रुपविन्यासलाई लिन सकिन्छ । रुप विन्यास भनेको कथाको सौन्दर्य पक्ष हो । कथावस्तुलाई एउटा निश्चित आकार प्रदान गरिसकेपटि कथाकारले त्यसलाई सुन्दर बनाउन् प्रयोग गर्ने युक्ति नै रुपविन्यास हो यसभित्र कथाका सूक्ष्म तत्वहरू भाषाशैली पदविन्यास विम्वविद्यान प्रतीक आदि पक्षहरू पर्दछन् । रुपविन्यास वैयक्तिक हुने हुनाले यसका वृत्त र वितृत दुई पक्ष हुन्छन् । संवृत मा कथाकार सरल अभिव्यक्ति तर्फ उन्मुख हुन्छ तर विवृत्तमा कथाकार बारम्बार विशिष्ट प्रकारको अभिव्यक्तितर्फ उन्मुख हुन्छ र उसले आफ्ना कथामा संरचनाको हाराहारी वा रुपान्तरमा रुपविन्यासलाई पनि उपस्थित गरिदिएको हुन्छ ।

यसरी कथाको रचना विद्यानलाई हामी वाहय तत्व र आन्तरिक तत्वका आधारमा खोज्न सक्छौ । आन्तरिक तत्वलाई कथाको संरचना अर्न्तगत हेरिन्छ भने वाहय तत्वलाई रुपविन्यास अर्न्तगत हेरिन्छ । संरचना अर्न्तगत कथानक पात्र दृष्टिविन्दु सारवस्तु पर्दछन् भने रुप विन्यास अर्न्तगत विम्बप्रतीक भाषाशैली आदि जस्ता पक्षहरू पर्दछन् ।

## ३.५.२ दोषी चश्मा कथा सङग्रहको समीक्षा

वि.स. १९९६ देखि २००६ सम्मका कथाको प्रवृतिलाई दोस्रो चरण मान्न सकिन्छ । यस चरणमा कोइरालाको दोषी चश्मा कथा सङग्रहमा १६ वटा उत्कृष्ट कथाहरू सङग्रहित भएका छन् । सख्यात्मक दृष्टिले धेरै कथाहरू प्रकाशित भए पनि यिनको गुणात्मकता पनि अत्यन्तै राम्रो रहेको पाइन्छ । यस चरणका कथाहरूले मूलतः मनोविश्लेषणात्मकतालाई प्रस्तुत गरेको पाइन्छ । जैविक इच्छाको प्रेरणा प्रक्रिया र प्रभावलाई उनका यसचरणका कथाले निकै मार्मिक रुपमा समावेश गरेका छन् । यसमा उनी समाजिक विसंगति र मानसिक विसङगतिको विश्लेषणमा निकै सफल देखिन्छन् । दोषी चश्मा कथाले नेपाली समाज मनोविज्ञानको कलात्मक अभिव्यक्ति दिएको छ परम्पराको थोत्रो मान्यताले मानसिक मनमा परेको प्रभावलाई यस कथाले उत्कृष्ट शैलीमा उतारेको देखिन्छ । यौन मनोविश्लेषणका साथमा समाजको विश्लेषणगरी मन र समाजको कुरुपतालाई अभिव्यक्त

गर्नु यस चरणको उल्लेखनिय प्रवृति देखिन्छ । कर्नेलको घोडा कथामा यस प्रवृतिको सटीक नमूना पाइन्छ । आर्थिक अभाव रहेको मान्यतालाई उनले मधेसतिर कथामा निकै सुन्दर ढङ्गले उतारेका छन् । आर्थिक दुखाइलाई कथाकार मनोविज्ञानको विश्लेषणको सन्दर्भमा संयोजन गर्ने कला यस चरणको महत्वपूर्ण योगदान देखिन्छ । शारीरिक र मानसिक अवस्थाको सुन्दर र कुरुप पक्षका कारण उत्पन्न हीनतावोध र द्वन्द्वात्मक मनलाई प्रकाश पार्नु यस चरणको अर्को विशेषता हो । उनले वर्गीय पात्रको चयन छोटो घटनामा मर्मस्पर्शी भावको अभिव्यक्ति संवेगात्मक आग्रहबाट मानिसमा उत्पन्न प्रभावको विश्लेषणलाई सुन्दर किसिमले उदघाटन गरेका छन् ।

संस्कृति सांपेक्ष मानसिकताका दृष्टिले यस सङग्रहकथाका कथाहरू निकै महत्वपूर्ण रहेका छन् । स्थानिय रङ्गविधान व्यापक सिमा ग्रहण गर्ने सर्न्दभमा सामाजिक चालचलन रितिरिवाज र व्यवहारको चित्रण यस कथा सङग्रका सबै कथा हरू मा गरिएको पाइन्छ ।

यहाँ दोषी चश्मा कथा संग्रहमा संङग्रहीत कथाहरूको समीक्षात्मक अध्ययन गर्ने प्रयास गरिको छ ।

### ३.५.२.१ दोषी चश्मा कथाको समीक्षा

मनोवैज्ञानिक यथार्थवादी कथाकार विश्वेश्वर प्रसाद कोइरालाको (२००५) युगवाणी पत्रिकामा प्रकाशित दोस्रो चरणमा लेखिएको उत्कृष्ट कथा 'दोषी चश्मा' हो । कोइरालाले यस कथामा नेपाली संरचनालाई मूल आधार बनाएको पाइन्छ । यो कोइरालाको सर्वाधिक चर्चा पाउन सफल कथा हो । कोइरालाले यस कथामा नेपाली समाजको रुग्ण मानसिकता र त्यसले व्यक्तिमा परेको मानसिक द्वन्द्वलाई तृतीय पुरुष शैलीको वर्णन गर्दै नेपाली समाजको मनोवैज्ञानिक कलात्मक अभिव्यक्ति दिएको पाइन्छ । परम्पराको थोत्रो मान्यताले मानिसका मानमा परेको प्रभावलाई यस कथाले उत्कृष्ट शैलीमा उतारेको देखिन्छ ।

कथाकार कोइरालाले सामाजिक पृष्ठभूमिलाई आधार बनाएर व्यक्तिको मनोलोकको अध्ययन र विश्लेषण प्रस्तुत कथाले गरेको पाइन्छ । यस कथामा नेपाली संस्कृति र समाज संपेक्ष विषयवस्तुको छनौट गरिएको छ । कथाकार कोइरालाका आसामन्य पुरुष मनोवैज्ञानिक कथाहरू मध्य सर्वोत्कृष्ट कथाका रुपमा यस कथाले स्थान ओगट्न सफल भएको छ । कथाकार कोइरालाका कथा संग्रह मध्य एउटा संग्रह कै नाम 'दोषी चश्मा' राखिनु ले यस कथाको मुल्याङ्कन उच्च तहमा गर्न सकिन्छ । यस कथामा यौनेत्तर मनोवैज्ञानिक पक्षको मात्र उदघाटन गरिएको छ ।

दोषी चश्मा कथामा सामाजिक परिपाटी माथि गहिरो व्यङग्यात्मक चित्रण गरिएको छ । समाजिक कथनको स्वरुप केन्द्रिय रुपमा यस कथामा पाइन्छ । व्यक्तिको कमजोरीलाई यस कथामा निसाना बनाएको पाइन्छ । केशवराजको चश्मालाई भन्दा पनि हाम्रो नेपाली समाजको चाकरीतन्त्रलाई वा चाकरी तन्त्रमा रहेको दोषी मानसिकतालाई व्यङग्य प्रहार गरेको पाइन्छ । साथै यस कथाले समाजको सामन्ती संस्कार माथि गहिरो प्रहार गरेको पाइन्छ । समाजमा न्यायिक व्यवस्था नरहेको खुलासा यस कथामा गरिएको छ । न्यायिक परिपाटी भएको भए केशवराज जस्ता सोझा व्यक्तिले राणाहरूको चाकारीमा समय बिताउनु पर्ने थिएन दोषी चश्मा कथाका प्रमुख पात्र केशवराज हो । उसका मानसिक स्थितिको विश्लेषण गर्दै मानिसमा देखिने सन्त्रासलाई यस कथाले देखाएको छ । केशवराज चाकरी गरेर जर्साबलाई खुसी पारी आफ्नो भविष्य सपार्ने चाकरीबाज व्यक्ति भएको हुनाले उसमा मानसिक कमजोरी रहेको पाइन्छ । उ असमान्य मनोरोगी पात्रका रुपमा कथामा देखा परेको छ ।

कथाकार कोइरालाले तत्कालीन समाजमा व्याप्त चाकरी प्रथा प्रति मार्मिक ढङ्गबाट तिखो व्यङग्य प्रहार  गर्न सफल छन् । समन्ती वर्गको नाङगो रुप प्रस्तुत गरी शोषित पीडित चाकरीजीवी व्यक्तिलाई समाजमा अपाङ्ग झै बनेर हिँडनु पर्ने तत्कालिन अवस्थाको चित्रण यस कथामा गरिएको छ । तत्कालीन समाजमा देखा परेको निम्नवर्गीय समाजको सटीक प्रस्तुति यस कथामा गरिएको छ ।

सधैभरि जर्साबकहाँ चाकरी गर्न जाने र कतैबाट जर्साब सबारी हुन ढिलो भए पनि कुरेर बस्ने केशवराजको दिनचर्चा नै बनेको छ । सबै चाकरीहरू भन्दा बढी स्याहार सुसार केशवराजले नै गर्दछन् । त्यसैले उ चाकरी पुग्दैन भन्ने कुराले सधै भरि डराइरहन्थ्यो । त्यसैले उसको मनमा डरले डेरा जमाएको पाइन्छ । फलस्वरुप उसको मानसिक प्रतिक्रिया चश्मा, आफू स्वयंम आफ्नो लुगा र श्रीमतीमाथि खनिएको पाइन्छ ।

मानसिक रुपमा जति फतफताए पनि मुखमा बुजो राखेर आफुलाई तल्लो श्रेणीमै राख्नु पर्ने बध्यता देखा पर्छ । मानसिक रुपमा रुग्ण र चाकरी प्रथामा लागेका केशवराजलाई मनमा के कस्ता हुरीले सताएको थियो भन्ने अवस्थाको चर्चा यस कथामा गरिएको छ । नेपाली कथाको फाटमा एउटा दोषी चश्मा जस्ता सामान्य प्रतीकात्मक शब्द छनौट गरी त्यसमा धेरै कुराको सन्देश सुझाव एवम् उपदेश पाउन सक्नु यसकथाको मुख्य भाव रहेको पाइन्छ । शीर्षक अनुसार विषयवस्तु मिलेको पाइन्छ ।

### ३.५.२.२ विहा कथाको समीक्षा

कथाकार विश्वेश्वर प्रसाद कोइरालाको प्रथम चरणको दोस्रो सन्तानको रुपमा लेखिएको एक उत्कृष्ट कथा हो । यस कथामा कथाकारले तत्कालीन नेपाली समाजमा व्याप्त नराम्रो संस्कार प्रति व्यङ्ग्य गरिएको छ । विहा कथामा खासगरी अनमेल विवाह बहुविवाह बालविवाहका समस्या र त्यसले नेपाली समाजमा परेको असरका बारेमा आवाज उठाउन खोजिएको छ । साथै समाजमा परम्परा देखि रहँदै आएको प्रचलन रुढिबादि विश्वासमा रहेको सामाजिक मूल्य मान्यताको प्रचलन स्वरुप एक पटक विहा गरि सकेपछि पनि पुनः अर्को पटक विवाह गरी आफ्नो यौन चाहनाको उपभोग गरेको समस्यालाई प्रस्तुत कथामा देखाउन खोजिएको छ । विहा कथको प्रमुख पुरुष पात्र कटकबहादुर हुन् । उनी पढेलेखेका देखिन्छन् अड्डाको सुब्वा कटकबहादुर शिक्षित भएपनि अमेलविवाह तथा बाल विवाह एवम् बहुविवाह गर्ने समाजको अन्ध परम्पराले जकडिएका छन् । तसर्थ म पात्र भन्दछन्–कटकबहादुर लाई त के छ विवाहको क्षेत्रमा खग्गु र निपूर्ण भइसकेका मानिसलाई दिनभरि अडडामा बसी कलम चलाउँदा र अडडामा साथी भाइसँग खेलठट्टा गर्दा सायद नै १४ वर्षकी हरिमतिको ध्यान आउँदो हो ।

प्रस्तुत कथामा समाजमा व्याप्त कुप्रथा कुसंस्कार र कुपरम्परा को अन्ध विश्वासी जालोलाई उजागर पार्ने काम गरिएको छ साथै नारीका समस्या र त्यसले नेपाली समाजमा पारेको प्रभावलाई देखाएको छ । कटकबहादुर पढेलेखेर जागिर खाएपनि अनमेल विवाह तथा बहुविवाह गर्न राजी भएको छ । छिपिसकेको कटकबहादुर ले १४ वर्षकी हरिमतिलाई आफ्नो घरव्यवहार चलाउन विवाहगरी घरमा भित्र्याएको छ । आफनै छोराको उमेरकी हरिमतिले छोराको रेखदेख र पालन पोषण गर्ने कुरामा उनी विश्वस्त छन् र घरमा नावलक हरिमतिलाई भित्र्याउँछन् ।

कथाकार विश्वेश्वर प्रसाद कोइरालाले समाजमा रहेको अन्ध परम्पराको विश्लेषण मनोवैज्ञानिक ढँगबाट गरेका छन् । समाजमा रहेको नारी र पुरुष बिचको विभेद स्पष्ट रुपमा देखाउने काम यस कथाबाट भएको छ । आजको पुरुष प्रधान समाजमा पुरुषले जे गरे पनि हुने र नारीले चुपचाप सहन गर्नु पर्ने बाध्यतालाई यस कथाले प्रष्ट पारेको छ । साथै श्रीमती को निधनमा पुरुषले जति विवाह गरे पनि हुने तर श्रीमतीको उमेरमै श्रीमानको मृत्यु भएमा आजीवन वैधव्यको जीवन विताउनु पर्ने त्यस्तै श्रीमानले आफूभन्दा कम उमेरकी स्त्रीसँग विवाह गर्न हुने घरमा श्रीमती हुँदाहुँदै अर्की ल्याउनु हुने तर एउटी नारी ले समाज र

परिवारको डरले एक्लो जीवन विताउनु पर्ने बाध्यतालाई कोइरालाले प्रस्तुत कथा मार्फत व्यक्त गरेका छन् ।

### ३.५.२.३ हरिदत्त

कथाकार विश्वेश्वर प्रसाद कोइरालाको दोस्रो चरणको अति महत्वपूर्ण कथाका रुपमा हरिदत्त कथालाई लिन सकिन्छ । यस कथामा कथाकारले वि.स.२००७ साल र त्यस वरपरको राजनैतिक सामाजिक प्रशासनिक प्रजातन्त्र प्रतिको जन अवस्था समेतलाई यहाँ प्रस्तुत गर्ने काम गरेका छन् । हरिदत्त कथाको प्रमुख मात्र हरिदत्त अस्थिर मानसिकता, नैराश्य मानसिक दुर्वलता र हीनताभावले ग्रसित पात्र हुन् । उनी म पात्रकी नोकर्नीकी छोरी पार्वतीसँग प्रेम गर्दछन् तर सफल हुदैन । यौन कुण्ठाको कारण उसका योजनाहरू असफल हुन्छन् । विद्यार्थी हुँदा मिठाइ लगिदिएर र कथाको अन्त्य तिर पार्वतीको नाममा पारु चिया कम्पनीको निउँमा उसभित्र रहेको दमित यौन अचेतनलाई पूरा गर्ने प्रयास गरेको देखाइएको छ ।

हरिदत्त कथाले नेपाली समाजका युवाहरूको अवस्थालाई चित्रण गर्ने काम भएको छ । उमेर पुग्दै जादा कोहीलाई आफ्नो भविष्यको बारेमा चिन्ता हुन्छ र कोही पढाइ लेखाइ भन्दा प्रेमको जालोमा फुसेर आफ्नो भविष्य नै बर्वाद पार्दछन् भने समाजको चित्रण मनोवैज्ञानिक तवरबाट उदघाटन गर्ने प्रयास कोइरालाले गरेका छन् । कथामा म पात्र पढाइ लेखाइ तर्फ रुचि छ भने हरिदत्त अचेतन यौन मनोवैज्ञानिक पीडाबाट ग्रसित पात्र हुन । उनेले अचेतन रुपमा आफ्नै साथी म पात्रको घरमा काम गर्न बसेकी नोकर्नीकी छोरी पारु लाई मन पराउँछन र विवाह गर्नको लागि कुरा मिलाइ दिन आफ्नै साथी म पात्रलाई आग्रह गर्दछन् पढाइलाई समय र ध्यान नदिएकाले परीक्षामा फेल समेत हुन पुग्दछन् तर पनि उनी प्रेम प्रति अशक्त भएर पार्वतीलाई विवाह गरी चिया कम्पनी पार्वतीको नाममा राखी धेरै पैसा कमाउने सपना देख्छन् । आशावादी प्रवृतिमा कथाको समापन भएको देखाएर कथाकार कोइरालाले नेपाली समाजमा व्याप्त गरिवी वेरोजगारी र त्यसले नेपाली समाजमा पारेको प्रभावलाई देखाउन कथाकार निकै सिपालु सिद्ध भएका छन् ।

### ३.५.२.४ प्रेम

प्रेम कथा कथाकार कोइरालाको एक उत्कृष्ट कथा हो । यस कथामा कथाकारले सहरिया परिवेशलाई आफ्नो रुचिक्षेत्र बनाएका छन् । हाम्रो नेपाली समाजको अन्याय अत्याचार असमानता एवम् प्रशासनिक अपरिपक्कता र अदूरदर्शिता प्रकट गरेको पाइन्छ । कथाको भित्री भागलाई हेर्दा माथिल्लो स्तरका व्यक्तिले तल्लो स्तरका व्यक्तिहरूलाई समाजमा कसरी थिचो

मिचो गर्दछन भन्ने कुरालाई देखाउन खोजिएको छ । तत्कालीन राजनैतिक एवम् प्रशासनिक शासन व्यवस्थाको यथार्थ चित्रण यस कथामा पाइन्छ । साथै कथाको प्रमुख पात्र रामनाथको असामान्य यौन मानसिक स्थितिलाई देखाउने काम कोइरालाबाट भएको छ । रामनाथको शिथिल समाजिक चेतना र प्रबल अचेतन यौन मानसिकता स्पष्ट रुपमा अभिव्यक्ति भएको छ ।

प्रेम कथाको प्रमुख पात्र रामनाथ आफ्नी पत्नी माइत गएकाले संसारलाई नै निराश र शून्य देख्न थालेको हुन्छ । उसभित्र लुकेर बसेको हीन मानसिकता र मानसिक दुर्वलताले गर्दा उसका हरेक कार्यमा यौन अचेतनले असामान्य स्थितिको सिर्जना गरेको पाइन्छ । अफिसमा काम गर्न मन नलाग्ने त्यसको रिस हाकिम र आफ्नो पेशालाई दिने । घरमा काम गर्ने नोकर चाकरलाई घरबाट निकालि दिने अवस्थामा पुगेका हुन्छन् । प्रेम शीर्षक पाएर पनि रमाको अभावमा कामदारले प्रेम नपाएको बारेमा कथाकारले आक्रोश प्रकट गरेका छन् ।

कथावस्तु अनुसार रामनाथ एक सरकारी कर्मचारी र घरको रेखदेख देखि अफिसमा गएर दैनिक रुपमा ढोका खोल्नुपर्ने साथै आफिसको कामकाज गर्नुपर्ने बाध्यता उसमा रहेको छ केहीदिनको बसाइलाई माइतगएकी रमाको अभावमा उसले सुरुमा त राम्रैसँग घरव्यवहार चलाएको हुन्छ । रमा माइत बाट आउन केही विलम्ब गरेबाट उसमा रहेको उचेतन मानसिकताले पराकाष्ठ गर्न पुग्छ । रामनाथ र रमाको प्रस्तुतिबाट मानवजीवनमा प्रेम अति आवश्यक हुन्छ । त्यसको पूर्तिका लागि यौन कार्य आवश्यक रहेछ भन्ने कुरा स्पष्ट रुपमा देख्न सकिन्छ साथै मानवीय जीवनमा आफूले चाहेको कुनै पनि वस्तु उपलब्ध नभएमा मानव जीवनको गोरेटोलाई नै अस्तव्यस्त पार्छ भन्ने कुरा रामनाथको व्यवहारले देखाएको छ । प्रेमको पूर्तिले मानव जीवनलाई सुन्दर र शान्त पार्दछ भन्ने कुरालाई कथाकारले यस कथा मार्फत देखाउने काम गरेका छन् ।

### ३.५.२.५ कर्नेलको घोडा

कर्नेलको घोडा कथाकार विश्वेश्वर प्रसाद कोइरालाको कथा यात्राको पहिल्लो चरणको एक उत्कृष्ट कथा हो । यौन मनोविज्ञानलाई मूल आधार बनाएर लेखिएको यस कथाले समाजमा विद्यमान अनमेल विवाहले पति पत्नीमा कस्तो प्रभाव पार्दछ भन्ने कुरालाई देखाउन खोजिएको छ ।

कर्नेलको घोडा कथामा कथाकारले मान्छेले आफ्नो यौन सन्तुष्टि राम्ररी पोख्न नपाएमा त्यसले अनेकौ बाहनामा आफ्नो कुण्ठालाई पोखेर सन्तुष्टि प्राप्त गर्दछ भन्ने कुरा यसकथामा देखाइएको छ । कर्नेल ४५ वर्षको बुढो भएको ले १९ वर्षे कर्नेलनीलाई कर्नेलले

सन्तुष्टि दिन नसकेको कारणले ती दुई बिचमा झगडा भइरहेको स्पष्ट देखिन्छ । उमेरको धेरै फरकले गर्दा कर्नेलले कर्नेल्नीलाई उनले खोजेको जस्तो यौन सन्तुष्टि दिन उनी असमर्थ हुन्छन् । जति सुकै राम्रा सामान र गरगहना ल्याएर दिए पनि उनी त्यसबाट सन्तोष हुँदैनन् । कर्नेल कर्नेल्नीलाई बाहिरी रुपमा औधि माया गर्छन् तर कर्नेल्नीले मागेको माया कर्नेलले दिन नसकेपछि आत्मसन्तुष्टिका लागि उनी सारा समय घोडाको रेखदेखमा बिताउँछिन् । कर्नेलको घोडा हिष्टपुष्ट र बलियो छ कर्नेलबाट नपाएको उनले कुरा घोडाबाट पाउँछिन । कथामा प्रतीकात्मक वर्णनात्मक विश्लेषणात्मक शैली मार्फत कथा अत्यन्त गहन बनेको छ । यौन सन्तुष्टिको प्रतीक घोडा भएकोले अर्थ सापेक्ष प्रतिकात्मक रहेको बुझिन्छ । वास्तवमा यस कथामा अनमेल विवाहप्रति नारी विद्रोहको प्रतिकात्मक अभिव्यिक्ति पाइन्छ ।

नेपाली समाजमा उमेरको बेमेलले गर्दा जीवन गुजार्नु पर्ने पति र पत्नीका बिचमा कस्तो अवस्था जीवन गुजार्नु पर्ने र पत्नीका बिचमा कस्तो अवस्था आइ पुग्छ र यौन सन्तुष्टि नहुँदा मान्छेले अन्य वस्तुहरूको प्रयोग गरेर भएपनि त्यसबाट प्राप्त हुने सन्तुष्टि लिन खोज्छ भन्ने कुरा कथाले देखाएको छ कर्नेल्नी त घोडाबाट आनन्द पाउछन् भने कर्नेलले आफ्नै श्रीमती घोडाप्रति आकार्षित भएर आफू र घरव्यवहारलाई वास्ता नगरेकोले यसको मूल जड घोडा हो भनी निर्दोष घोलालाई मारेर सन्तोष पाउँछ । अतः नेपाली समाजमा विद्यमान बालविवाहा, अनमेल विवाह, बहुविवाह, र त्यसले नेपाली समाजमा पारेको असरलाई मनोवैज्ञानिक तवरबाट पस्कने काम कोइरालाबाट भएको छ । यस कथामा फ्रायडको यौन मनोविज्ञानलाई मूल आधार बनाएर लेखिएको यस कथाको शिर्षक प्रतीकात्मक रुपमा सार्थक बन्न पुगेको छ ।

### ३.५.२.६. **'पवित्रा'**

पवित्रा कथा कथाकार विश्वेश्वर प्रसाद कोइरालाको नारीको यौन मनोविज्ञान लाई मूल आधार बनाएर लेखिएको एक उत्कृष्ट कथा हो । यस कथामा केशवदेव एक सरकारी जागिरे दिन भरी अड्डा जाने गर्दथे तिनको सेवा सुश्रषा गर्ने भनी केशवदेवले एउटी बाहुनी राखेका थिए । उनको नाम थियो पवित्रा । उनी बिहान सवेरै उठेर पानी ल्याउने घर सफ गर्ने खाना पकाउने केशवदेवको लुगा फाटो धोइ दिने आदि सबै काम गर्थिन् । घरमा एक्लो पुरुषको घर व्यवहार चलाउने काम पवित्राले गर्थिन् । केशवदेवलाई भित्रैबाट सेवा गरेर उसको व्यवहार चलाउने काम पवित्रा ले गरेकी छन् । यस कथामा यौन प्रतिकहरूको प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ । कोइरालाको असमान्य नारी मनोवैज्ञानिक कथाहरूको मध्येको एक उत्कृष्ट कथाको रुपमा आएको पवित्रा कथामा नारी यौन मनोविज्ञानलाई मूल आधार

बनाएर लेखिएको छ । पवित्रा केशवदेवलाई भित्रै बाट मन पराउँछिन् । पवित्राले कुशल नोकर्नीको भूमिका निर्वाह गरेकी छ । उसले केशवदेवको राम्रो स्याहार सुसार गर्छे । घरमा गर्नुपर्ने सम्पूर्ण कार्यहरू खाना बनाउने, पूजा गर्ने सहयोग गर्ने आदि कार्य उसले निकै ध्यान पुऱ्याउँछ । पवित्राले केशवदेवको लागी विभिन्न प्रकारको सरसल्लाह दिन पुग्छ । रातको समयमा धेरै पढेमा अनिदो बसेमा मानव शरीर कमजोर हुन्छ भन्ने जस्ता सल्लाहहरू दिनको लागी पवित्रा अगाडि सर्छे । केशवदेवलाई मनपर्ने खानेकुराहरू बनाएर खुवाउन पाउँदा आफू आनन्दित भएको महसुस गर्छे । छिमेकीसँग केशवदेवको प्रशंसा गरेर सुनाउँछे । अरु कर्मचारी भन्दा केशवदेव ठूला भन्ने कुरा व्यक्त गर्छे । कार्यालयबाट आएर घरमा बसेको बेलामा कसैले केशवदेवलाई भेट्न आएमा केशवदेव नभएको जवाफ दिन्छे किनकि उनी थाकेर आएर आराम गरेको बेलामा दुःख दिन आए भनि बाहिरबाटै फर्काइ दिन्छे । केशव देवको बिहेको कुरा चल्छ । त्यो सुनेर ऊ अत्यन्त दुःखी भएको महसुस गर्छे । यद्यपि हुने बेला दुलहीको निकै प्रशंसा गर्छे । केशवदेवसँग केही रुपया मागी दुलहीको लागि बाजारमा गएर चार ओटा सुनका चुरा, सिल्लिकको फरिया र ढाकाको चोलो किन्छे । पछि घरमा आए पछि केशवदेवको बिहेमा रत्यौनी खेलेर आफू दुलहीको भूमिका निर्वाह गर्न पुग्छे । दुलही बनेर अत्यन्त रोएकी हुन्छे । भोलिपल्ट केशवदेवले दुलही ल्याउँछ र केशवदेवकी श्रीमतीलाई पवित्राले किनेर ल्याएको गहना र कपडा दिन्छे । त्यस पछि सबै कुरा सिकाएर नयाँ दुलही लाई भान्सामा पठाउँछे । पवित्राल भाडा माझ्न जाँदा छिमेकी नेवार्नीसँग आफू बुढी भएको कुरा व्यक्त गर्न पुग्छे र यसरी कथाको समापन आदि मध्य र अन्तको रैखिक छायामा समाप्त भएको छ ।

विश्वेश्वर प्रसाद कोईरालको पवित्रा कथामा नारीको असमान्य मनो अवस्थाको विश्लेषण गरिएको छ । यस कथामा कथाकारले आफूले मनपराएको व्यक्तिले अर्कोसँग बिहे गर्दा आफूजीवनमा एक्ली असहाय भएको महसुस गरी कथामा कथाकी पात्र पवित्राले दुःख भाव व्यक्त गरी केशवदेवसँग छुट्नु परेकोमा दुः ख व्यक्त गरेको पाइन्छ । त्यसैले पवित्रा झैं मानव जीवनमा अर्काको आसमा बसे पनि केशवदेवले पवित्रालाई नजिकको व्यवहार नगरेको हुनाले उसले केशवदेवबाट सधैंको लागि विदा मागी आफ्नो एक्लो जीवन आफै श्रीमती हुन नपाए पनि काल्पनिक श्रीमती बनेर रुनुले उसमा रहेको यौन कुण्ठाको सङ्केत गरेको पाइन्छ ।

### ३.५.२.६ 'होड'

नेपाली साहित्यका एक सशक्त प्रतिभाशाली साहित्यकार तथा कथाकार विश्वेश्वर प्रसाद कोइराला द्वारा लेखिएको 'होड' कथा श्रीमान पदम र श्री मती पदमा बीचको बहसलाई होड भनिएको छ । नेपाली समाजको पुरुष प्रधान अवस्थालाई यस कथाले देखाउन

खोजेको छ । श्रीमान्ले आफ्ना श्रीमतीलाई केही पनि शक्ति नभएका व्यक्तिका रुपमा मान्ने उनीहरू लोग्ने मानिसको सुखका लागी जन्मेका हुन् र उनीहरूको आनन्दको अथवा मनोरञ्जनको साधनको रुपमा वा खेलौनाको रुपमा मान्न सकिन्छ । उनीहरू अत्यन्त चरित्रहीन हुन्छन् भन्ने आक्षेप लगाएको कारणले पदमा रिसाएर त्यसको सम्पूर्ण प्रमाण सहित पुष्टि हुनु पर्छ भन्ने कुरा खुलासा गर्छे ।

होड कथामा कथाकार कोइरालाले कथाकी मुख्य स्त्री पात्र पदमाको असमान्य अवस्थाको विश्लेषण गरिएको छ । कथावस्तु अनुसार भर्खरै मात्र आफ्नो वैवाहिक जीवनमा बाँधिएका श्रीमान एवम् श्रीमती पदम र पदमा का बीचमा स्त्री जातिका विषयलाई लिएर बाद विवाद हुन्छ । त्यही विषय वस्तुमा अत्यन्त लामो वा तातो छलफल हुन पुग्छ । त्यसैलाई होड भनिन्छ । श्रीमान र श्रीमती बीचको वाद विवादलाई यहाँ होड भनिएको छ । स्त्री जातिको चरित्रको बारेमा श्रीमानले नकारात्मक रुपमा आक्षेप लगाएको हुन्छ । त्यसलाई त्यतिकै नछाडेर प्रमाण देखाउन श्रीमानलाई चुनौती दिन्छिन् र स्त्रीको चरित्र कमजोर देखाउन उनी विधवाहरूको चरित्रको परीक्षण गर्न थाल्छन् । उनी दुई ओटी विधवामा परीक्षण गर्दा ती स्त्रीहरू पुरुष प्रति नै आकर्षित भएबाट पदमाले हारको सामना गर्नु पर्‍यो । उनलाई निराशाले छायो उनले सोचे जस्ता आइमाई निस्केनन् । उनी अत्यन्त चिन्तित भइन् । त्यो देखेर श्रीमानले पदमालाई सम्झाउन थाल्छन् ।

अतः यस कथामा कथाकार कोइरालाले श्रीमान र श्रीमतीको बीचमा रहेको सम्बन्धलाई एकदमै नजिकबाट हेरिनुपर्छ नकी शंकालु प्रवृत्तिले यदि यस्तो राम्रो सम्बन्धमा शङ्काको जालो फैलियो भने यसले नराम्रो रुप लिन सक्छ । सबै स्त्रीहरू पथभ्रष्ट हुँदैनन् र सबै पुरुषहरू पनि परस्त्री लम्पट बनी पशुव्यभिचारी हुँदैन्न भन्ने सन्देश यस कथाबाट पाइन्छ । एकातर्फ हाम्रो नेपाली समाजमा नारी पुरुषबिचमा दूरीको र कुरा गर्दैमा शङ्काको दृष्टिले हेर्ने परिपाटी प्रति व्यङ्ग्य गरिएको । भने युवा अवस्थामा विधवा हुन पुगेका नारीहरूको मानसिक समस्याप्रति सङ्केत गरिएको छ । तत्कालीन समाजमा विद्यमान पुरुषहरूले नारी प्रति राख्ने द्रष्टिकोण र त्यस्ता नराम्रा एव्म नकारात्मक सोचाईप्रति वादप्रतिवाद गर्ने नारीको उपस्थिति भएता पनि अन्त्यमा पुरुषकै सोचाई वा विचारले थिच्न सफल हुनुले पुरुष प्रधान समाजको यथार्थ स्थितिलाई यस कथाले उजागर पारेको छ । स्त्री जातिको चरित्र भनेको दैवले पनि नजान्ने हुन्छ भन्ने कुरा प्रमाणित गरेर पदम आफ्नी श्रीमतीलाई यथा स्थानमा ल्याउन सफल भएका छन् । तसर्थ पति र पत्नीका बिच समझदार भई अगाडि बढ्नु पर्छ । समाजिक मूल्य र मान्यतलाई र आफ्नो घरपरिवार सुन्दर र शान्तसँग राख्नका लागि दुवैको बीचमा समझदारी हुनु पर्छ । दुवैले होड गर्नु हुँदैन । यसले

घर परिवार देखि समाजमा समेत नराम्रो असर पार्छ भन्ने कुरा यस कथाले देखाउन खोजेको छ ।

### ३.५.२.८. 'कथा'

पौराणिक विषय वस्तुलाई आधार बनाएर लेखिएको विश्वेश्वर प्रसाद कोइरालाको कथा एक उत्कृष्ट कथा हो । यस कथामा कथाकार कोईरालाले अप्सराहरूको सामु जस्तो सुकै ऋषि तपस्वीहरू पनि आसक्त हुन्छन् भन्ने कुरा देखाउन खोजेका छन् । मनोवैज्ञानिक कथाकार कोइरालाको यो कथा अरुहरू कथाहरूको तुलनामा यसको विषयवस्तु भिन्न प्रवृतिको रहेको पाइन्छ । यस कथाको ऋषि शास्त्र ज्ञान भएको महान तपस्विको रुपमा देखिन्छ । जब इन्द्रबाट अप्सरा पठाइन्छन् । त्यसपछि भने त्यो ऋषि अप्सरा तिरै आकृष्ट हुन्छ । ऋषि लाई इन्द्रले गरेको षडयन्त्रले गर्दा त्यस अवस्थाबाट पतन हुन परेको छ । उसको तपस्याका बारेमा कथाकार भन्छन् । शरीरमाथि विजय पाउन उनले आफूलाई नाना प्रकारका कष्ट दिए । बैशाखमा सप्तिग्नि बालेर बसे माघमा नदीमा घाँटीसम्म पानीमा डुबेर बसे भोजन घटाएर कयौँ दिन निराहार बस्न सक्ने भए । भोक, तिर्खा, शीतोष्णको बन्धनबाट मुक्त भएर उनी समाधिमा बस्न थाले । विस्तारै विस्तारै गर्दा गर्दै उनी महिनौ समाधिमा लीन हुन सक्ने भए । सांसारिक विषयवासनाहरू आत्मोन्नतिका बाधक हुन भन्ने ज्ञान प्राप्त गरेको ऋषि को तपस्यालाई हेर्दा ब्रम्ह्ज्ञानी जस्तो देखिन्छ । तसर्थ यस कथाको शिक्षित पुरुष पात्रका रुपमा लिन सकिन्छ ।

पौराणिक सन्दर्भलाई कथाको रुप दिईएको यस कथाको भाषा सरल र सहज रहेको छ । हाम्रो नेपाली समाजमा युगौँ युग देखि चलिरहेको विकृति र विसंगति लाई राम्ररी चिरफार गरी त्यसबाट नेपाली समाजलाई अघिबढ्ने बाटो खोलिदिनु पर्छ भन्ने अन्यन्त मार्मिक र वास्तविक विषयलाई गम्भीरताका साथ प्रस्तुत गरेको पाइन्छ । यसर्थ कथाकार कोइराला ले यौन चाहना सबै प्राणी जगतको नैसर्गिक अधिकार हो र सबैमा रहने तर हाम्रो सामाजिक मूल्य र मान्यता का कारण त्यसलाई राम्ररी प्रकट गर्न सकिएको अत्यन्त मार्मिक घटनालाई यस कथामा प्रस्तुत गर्ने काम कोइरालाबाट भएको छ । ऋाषिले शारीरिक रुपमा कष्ट दिएर तपस्या गरे पनि अप्सरा देख्नासाथ आकृष्ट भई गृहस्थी जीवनमा प्रवेश गरेका छन् । यस कथामा एक तर्फ तपस्वी र इन्द्रलाई माध्यम बनाएर ऋषिको असामान्य यौन मानसिक अवस्थाको अध्ययन विश्लेषण गरिएको छ । भने अर्को तिर असमान्य जनताले पारिश्रमिकपूर्वक अघि बढ्न उच्च तह प्राप्त गर्न खोज्दा उच्च वर्गले बाधा गर्ने तथ्यलाई अत्यन्त कलात्मकतका साथ प्रस्तुत गर्ने काम गरिएको छ । यस कथामा ऋषि इन्द्र शासक र

सामन्त हुन भने ऋषि उच्च पदका लागि परिश्रम रत तर इन्द्रको प्रपञ्चले पतित बनेका शोषित पीडित पात्र हुन् । यसै तथ्यलाई देखाएर सामाजिक सुधारको सङ्केत तथा समानताको आवश्यकता प्रस्तुत कथाले अघि सारेको छ । यसरी व्यक्तिको असमान्य यौन मानसिक अवस्थाको अध्ययन र समाज सुधारको सन्देश दिनु यस कथाको मूल उद्देश्य रहेको छ ।

अतः पौराणिक विषयवस्तुलाई कथाको मुख्य विषयवस्तु बनाएर लेखिएको 'कथा' कथाले नेपाली समाजमा युगौयुगदेखि यथार्थ ऋषिमुनिहरूको पाला दुईदिन घरजम गरी बस्ने ठूलाले सानालाई दमन गर्दै आउने कुरालाई छर्लङ्ग पार्ने काम भएको छ ।

### ३.५.२.९. ' पुस्तक '

विश्वेश्वर प्रसाद कोइरालाको कथाहरू मध्येको उत्कृष्ट कथाका रुपमा 'पुस्तक' कथालाई लिन सकिन्छ । वि.स. २००६ सालमा प्रकाशित 'दोषी चश्मा' कथा सङ्ग्रह मा सङ्ग्रही यस कथाले नेपालको पूर्वी तराईमा वर्षै पिच्छे हुने बाढी पीडित नेपालीहरूको कारुणिक अवस्थालाई उजागर गर्ने काम गरेको छ ।

पुस्तक कथा कथाकार वि पि कोइराला नै 'म' पात्रका रुपमा स्वयंसेवक दलसहित बाढी पीडित जनताको उद्धार को लागी औषधि झुल लिएर दलबल सहितको टोली त्यहाँ पुगेको छ । जलमग्न बाढीका कारणले कोही मरे कोही आफ्नै सुरमा चिच्याइरहेको थिए । त्यस घटनाले लगभग १०,००० मान्छेहरू मरेको अनुमान छ । यस्तो स्थितिमा म पात्र सहित अन्य व्यक्तिहरूले त्यस ठाउँमा मरेकाहरूको दाह संस्कार गर्दछन् । बाँचेकालाई उद्धार गर्दछन् र निरन्तर आफ्नो काममा लाग्छन् । केही समय पछि बाढी कम हुँदै गए पछि ३ दिन पछि सबै स्वयंसेवक एकै चोटी त्यहाँबाट फर्कने निर्णय गर्दछन् । 'म' पात्र एउटा बूढो खेतालाको घरमा पुग्दछन् । उनलाई समय बिताउन निकै गाह्रो हुन्छ । आफ्नो नजिकको साथी पुस्तक लैजान बिर्सेको हुन्छन् । बुढो खेतालाको कुराहरू सुनेर केही समय बिताए पनि 'म' पात्रले उसँग किताब दिन आग्रह गर्दछन् । तर नियतिको खेल भनौं या कसको खेल भनौं बूढा खेतालाले आफ्नी श्रीमती मरेकी साथै छोरो हरिहर पनि मरेको कुरा गर्दछन् । आफ्ना दुःख सुखका कथाहरू पनि सुनाउँछन् । त्यस पछि 'म' पात्र अत्यन्त खुशी हुन्छन् । १९२६ सालको डाबरको सुचीपत्र छानामा घुसारिएको थियो । त्यसलाई पुस्तक भनेर दिन्छन् । त्यस पछि 'म' पात्र पढ्न थाल्छन् । तर त्यस सूचीपत्रमा विभिन्न रोगका औषधी बारे सूचना दिइएको थियो यसरी कथाको कथावस्तु समाप्त भएको छ ।

अतः पुस्तक कथा सरल सरस भाषा शैलीका प्रयोग गर्दै आदि मध्य र अन्त्य को रैखिक ढाँचाको प्रयोग गरिएको छ । यस कथामा कथाकार कोइरालाले गरिब नेपाली का लागि दैवदृष्टि पनि प्रतिकूल भएको चर्चा छ । वि.स. २००७ साल पूर्वको समयावधिलाई मूल आधार मानी तयार पारिएको प्रस्तुत कथामा अशिक्षा गरिबको पीडाबाट अथवा चपेटाबाट दु:ख पाइरहेका नेपाली जनताले मर्माहतका साथ भोगिरहेको जीवन कहानीलाई विश्लेषण गर्न खोजिएको छ । नेपाली जनताको मानसिक एवं आवश्यक सुधारको सङ्केत पुस्तक कथाले गरेको साथै ग्रामिण जनताहरूलाई उचित शिक्षा दीक्षाको प्रबन्ध हुनु पर्ने ग्रामीण समाजको विकासलाई अत्यन्त अग्रगति दिनु पर्ने जस्ता सुधारका सङ्केत हरू यस कथाले देखाएको छ ।

### ३.५.२.१० **'स्कूलमास्टर'**

नेपाली साहित्यमा महत्वपुर्ण योगदान पुऱ्याउन सफल कथाकार तथा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको स्कूल मास्टर कथा हाम्रो नेपाली सामाजिकताको जल पवित्र व्यक्ति समस्यामुलक हुनुका साथै रतिरागेवर चेतनामूलक भएको यथार्थलाई यस कथाले प्रस्तुत गर्ने काम गरेको छ । यस कथामा प्रमुख पात्रका रुपमा नन्दराज र ड्रइङ मास्टरलाई लिन सकिन्छ । भने सहायक पात्रका रुपमा हेडमास्टर र अन्य शिक्षहरूलाई लिन सकिन्छ ।

प्रस्तुत कथामा पुरुषपात्रहरूको सामान्य मानसिक अवस्थाको खोज र विश्लेषणलाई महत्व दिइएको पाइन्छ । यस कथाको सबै जसो संरचनामा प्राकृतिक सामजिक सन्दर्भलाई महत्व दिँदै त्यतिखेर पठन पाठनको स्थिति समेतलाई महत्व दिँदै त्यतिखेरको पठनपाठनको स्थितिको समेत व्याङ्ग्यात्मक रुप प्रस्तुत गरिएको छ ।

स्कुल मास्टर कथामा पुरुष पात्रहरूका सामान्य मानसिक अवस्थाको अध्ययन विश्लेषण गरिएको छ। सामाजिक शैक्षिक परिवेश प्रस्तुत भएको यस कथामा हीन भाव ग्रस्त पात्रहरूमा अस्थिर मानसिकता र त्यसप्रति अर्न्तविरोधी प्रकृतिहरूको अध्ययन गरिएको पाइन्छ । विद्यार्थी हरूलाई नैतिकता र कर्त्तव्य पाठ सिकाउने मास्टरहरू आफै नैतिकता र कर्तव्यबाट महफिलमा जमेर विमुख भएको तथ्य कथामा प्रस्तुत भएको छ ।

अतः 'स्कुल मास्टर' कथामा साना–साना विद्यार्थी भाइ बहिनीहरूलाई शिक्षा दिने शिक्षक जस्तो गरिमामय पदमा बसेर खैराती मास्टरको भूमिका निर्वाह नगरी सधैंभरि आफ्नो पेशामा दत्तचित्त भएर लाग्नु पर्छ र विद्यार्थीको भविष्यमाथि खेलवाड गर्नु हुँदैन । शिक्षालाई सुधार गर्दै लैजानु पर्दछ । शिक्षक भएर आफूले गर्नु पर्ने कर्त्तव्य विर्षनै हुँदैन भन्ने सन्देश यस कथाले दिएको छ । साथै देशका कर्णधार मानिने विद्यार्थीहरूको भविष्य विगार्नु नहुने स्पष्ट

सन्देश दिएको छ । देशको संरक्षण गर्नु क्रममा विद्यार्थीको जीवनलाई असर पार्नु हुँदैन  भन्ने अत्यन्त सकारात्मक सन्देश पनि यस कथाले दिएको छ।

### ३.५.२.११ 'मधेशतिर'

मधेश तिर मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाको दोश्रो चरणको एक अत्यन्त महत्वपुर्ण कथा हो । यस कथामा सामजिक समस्या का साथै एउटी अधवशै विधवाको यौन समस्यालाई उजागर गर्ने प्रयास भएको छ भने अर्कातिर गोरे, धने, भोटे र बूढा जस्ता गरिब कुल्लिहरूका पेटको समस्यापनि उत्तिकै प्रबल रुपमा देखाइएको छ ।
यस कथामा कथाकार कोइरालाले गरिब नेपालीहरू दुई छाक टार्न नसकी दुःख जेलो गरी पेट पाल्ने उद्देश्यले मधेश झरेको तीतो यथार्थलाई प्रष्ट गरेका छन्  । गोरे, धने र भोटे जस्ता पात्रहरूको घर द्वार छैन । यसका साथै बुढाको पहिला घरद्वार भए पनि घरद्धार विहीन भएको छ । यी चारै जनाको आर्थिक अवस्थाको बारेमा कथाकार भन्दछन् , "११३ (दोषी चश्मा कथा सङ्ग्रह ९१) घरद्धार नभएका यी चार जना माग्ने भने वा कुल्ली भनूँ काम पाए कुल्ली नत्र माग्नेका माझमा घरद्धार भएकी विधवा कागको हुलमा हसिनी थिइन ।" ११३(दोशी चश्मा कथासङ्ग्रह ९१) विधवाको माध्यमबाट पेटको भोक भन्दा यौन भोक अति कष्टकर हुन्छ भन्ने देखाइएको छ। मानव जीवनलाई निरन्तरता कायम राख्नका लागि बिहे गर्ने र छोराछोरी पाई घरजम गर्ने रहर सबैलाई हुन्छ । त्यो रहर पनि वास्तवमा यौनभोककै प्रकारान्तर रुपहो । पेटको भोकले साह्रै आत्तिएको विधवालाई गोरेले साह्रै नराम्रो धोका दियो । एका तर्फ विधवाको गहना सबै लिएर भाग्यो भने अर्कातर्फ यौनको भोक त्यसै कायम रहयो तर पनि त्यस्तो कठिन अवस्थामा पनि यसबाट उसमा यौन चाहना तीव्र रहेको बुझिन्छ । जहाँ पातलो त्यहाँ प्वाल भने झैँ लोग्ने नभएकी विधवालाई घरका परिवारहरूबाट पनि हेप्ने, बाटाका सहयात्रीहरूले पनि हेप्ने र त्यस्तो असहाय रुपमा बाँचेकी विधवाकै सम्पत्तिको पोको चोरी झन मनमा अमिलो रस चुहाइ दिएका छन् । धन सम्पत्तिको लोभमा मान्छेले कतिसम्म नराम्रो व्यवहार गर्दछ भन्ने कुराको पुष्टि विधवाको गहना र पैसा चोरेर भागेको गोरे पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ। धन देखे पछि महादेवका तीन नेत्र भने जस्तै पैसाको अभावमा तडपिएको घटना देखाइएको छ । धन सम्पत्ति प्राप्त गरेर पेट भरि खानु उसको उद्देश्य थियो । पेटभरि खानु र आफू इच्छा लाग्दा जति सेक्स गर्नु यस कथाको मुख्य सार वस्तु रहेको पाइन्छ । शोषक र शोषित बीचको द्वन्द्वका साथै मानवीय जीवनका परम्परालाई निरन्तर दिन पुत्र वा पुत्री प्राप्ति र यौनेच्छा साथै भौतिक सम्पत्तिको महत्वपूर्ण भूमिका रहन्छ भन्ने मूल सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

अतः सरल सहज र सरस भाषा शैलीको प्रयोग गरेर मानवीय जीवनका अति आधारभूत पक्षको द्वन्दात्मक रुपलाई अभिव्यक्त गरिएको पाइन्छ । फ्रायडको मनोविश्लेषण र मार्क्सको समाज विश्लेषणलाई कथाकार कोइरालाले कलात्मकताका साथ घट्ना समायोजन गरेका छन् । पात्र अनुकुल घट्नाको समायोजनले कथा निकै उत्कृट बन्न सफल भएको छ।

### ३.५.२.१२ 'सिपाही'

सिपाही कथा कथाकार विश्वेश्वर प्रसाद कोइरालाको आफ्नो कथायात्राका पहिलो चरणको अन्तिम अत्यन्तै महत्वपुर्ण कथा हो । वि.स. १९९५ मा सूर्य विक्रम ज्ञवाली को सम्पादनमा रहेको कथा कुसुम कथासङ्ग्रह मा सङ्कलित भई प्रकाशन भएको यस कथामा फ्रायडवादी अचेतन चेतन मनको कलात्मक प्रस्तुति रहेको छ। सिपाही को स्वभावमा चेतन मन र कामेच्छाको मनोवैज्ञानिक उद्घाटन यस कथामा गरिएको छ।

सिपाही एक चरित्र प्रधान कथा हो । यसमा सिपाही सामाजिक चेतना शिथिल र अत्यन्त यौन मानसिकता प्रबल भएको असमान्य यौन मनोवैज्ञानिक पुरुष पात्र हो । उ लामो समयसम्म उसले आफ्नो घर स्वास्नी छोरा छोरी हुँदा हुँदै पनि सम्पूर्ण दायित्व बिर्सेको छ । उ पेशाले सैनिक हो । आफ्नो पेशालाई पनि निभाएको भएर पनि बाटामा देखेका आइमाईलाई मनपरेकी सासू भन्न पनि पछि पर्दैन बास बस्न गएका ठाउँमा आईमाईलाई जिस्काउने र घण्टौसम्म बसेर गफ गर्ने गर्दछ । उसले बाहिर पनि रखौटी राखेको छ। 'म' पात्रले उसको सैनिक जीवनका सम्बन्धमा विभिन्न जिज्ञासा राख्दा दूधको कुल्ला गर्न पाइने लडाइँमा मरे स्वर्ग पुगिने जस्ता धारणा व्यक्त गरेकाले उ पेशा प्रति सन्तुष्ट र समर्पित जस्तो पनि  देखिन्छ । आर्थिक रुपमा निम्न वर्गको देखिने सिपाही लापर्वाही गर्न पनि पछाडि पर्दैन ऊ अत्यन्त कठोर मन भएको नडराउने यौन पिपासु र व्यभिचारी व्यक्तित्वका रुपमा रहेको छ । उसले सामान्य रुपमा लेखपढ गर्न जानेको छ । लोग्ने मानिसहरूसँग भन्दा आइमाईहरूसँग नजिकको सम्बन्ध राख्न मन पराउँछ । उसको पेशाले लामो समयसम्म घर परिवारसँग भेटगर्न पाएको हुँदैन । त्यसैले उ विचलित भएको छ ।

कथाकार कोइरालाले नेपाली समाजको अशिक्षित र गिर्दो सामाजिक सांस्कृतिक परिवेशको वर्णन गरिएको पाइन्छ । विभिन्न उखान टुक्का र निपातहरूको प्रयोगले कथा रोचक र मार्मिक बनेको छ । कथामा कथाको 'म' पात्रको यात्रा संस्मरणात्मक शैलीमा रचिएको सिपाहीको संवाद अत्यन्तै स्वाभाविक छ । भाषिक सरलता एवम् सहजता संवादमा मनोहारिकता, स्वभाविकता, कौतुहलता एवम् अभिव्यक्तिगत सरलता यस कथाको विशेषता रहेको छ । एउटा विवाह बन्धनमा बाँधिएको जिम्मेवार व्यक्ति भएर पनि आफ्नो परिवारको,

आफ्नो आमा बुवाको, समाजको एवम् सामाजिक मूल्य मान्यताको कुनै वास्ता नरहेको बुझिन्छ । उ एक असामान्य मनो अवस्था भएको पुरुष पात्र हो । घरबाट लामो समयसम्म बाहिर बस्नु पर्दा को कारणले एउटा मानिसमा मानसिक रुपमा कसरी दमन तथा यौन कुण्ठाले प्रभावित हुन्छ भन्ने कुराको रहस्यमय उद्घाटन भएको छ मानव जीवनमा विभिन्न किसिमका दुःखसुख, हाँसो, आँसु आदिकाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले सिपाहीलाई पनि प्रभावित पारेको छ । उ असामाजिक बन्नुको मुख्य कारण पनि लामो समयसम्म आफ्नो घरपरिवारसँग भेट गर्न नपाउनुले हो । यद्यपि जुनसुकै पेसा, समाजमा बस्ने मान्छे भएपनि उसलाई घरपरिवारको न्यानो मायाको खाँचो पर्छ । यदि यसको अभावमा मानिस विचलित भई असमान्य क्रियाकलाप गर्न पनि पछि पर्दैन भन्ने कुरा यस कथाले देखाउन खोजेको छ ।

# परिच्छेद चार

# 'दोषि चश्मा' कथा सङ्ग्रहमा प्रयुक्त पात्रहरूको चरित्रिक अध्ययन

## ४.१ परिचय

बहुआयामिक व्यक्तित्वका धनी विश्वेश्वरप्रसाद कोईराला द्धारा लेखिएको 'दोषी चश्मा' कथाहरूको सङग्रह आफ्नो कथा यात्राको द्धितीय चरणको महत्वपुर्ण उपलब्धिका रुपमा लिन सकिन्छ । सबै कथाहरू भन्दा धेरै कथाहरू समेटिएर प्रकाशित गरिएको यस सङग्रह २००६ सालमा प्रकाशन गरिएको हो । यस कथा सङग्रहमा जम्मा १६ कथाहरू सङ्कलित भएका छन् । यि कथाहरू विभिन्न पृष्टभुमिमा आधारित छन् । तत्कालीन परिस्थिति अनुरुप नेपाली जनजीवनको मनोवैज्ञानिक, राजनीतिक, आर्थिक, सामाजिक , सास्कृतिक आदि जस्ता पक्ष र तिनमा पाइने असल खबर प्रविधिहरूको चिन्तनमा यसमा प्रयुक्त पात्रहरूको महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । समाजइच्छा भन्दा व्यक्तिइच्छा ठूलो हो त्यसकारण व्यक्तिका दविएका इच्छा भावनालाई एवम मनोवेगहरूलाई स्वतन्त्र आत्मा निर्णय गर्ने दिनु पर्छ भन्ने मूल सन्देश दिने कोइरालाको कथा सङग्रहमा प्रयुक्त पात्रहरूले कस्तो चरित्र उदघाट्न गरेका छन् तिनको चरित्र पक्षको अध्ययापन विश्लेषणमा यो परिछेद केन्द्रित रहेको छ ।

## ४.२ दोसी चश्मा कथा सङग्रहमा सङ्ग्रहीत प्रमुख पात्रहरूको पात्र बिधानगत बर्गीकरण तालिका

| क.स | पात्र | पुरुष | स्त्री | अनुकूल | गतिसिल | प्रमुख | सहायक |
|---|---|---|---|---|---|---|---|
| १ | केशबराज | + | − | + | + | + | − |
| २ | जर्साब | + | − | + | + | + | − |
| ३ | करकबहादुर | + | − | + | + | + | − |
| ४ | हरिमती | − | + | + | + | + | − |
| ५ | हरिदत्त | + | − | + | + | + | − |
| ६ | पावर्ती | − | + | + | + | + | − |
| ७ | रामनाथ | + | − | + | + | + | − |
| ८ | रमा | − | + | + | + | + | − |
| ९ | कर्नेल | + | − | + | + | + | − |
| १० | कर्नेल्नी | − | + | + | + | + | − |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | केशबदेब | + | − | + | + | + | − |
| १२ | पबित्रा | − | + | + | + | + | − |
| १३ | पदम | + | − | + | + | + | − |
| १४ | पद्‌मा | − | + | + | + | + | − |
| १५ | बिधवा | − | + | − | − | − | + |
| १६ | ऋषि | + | − | + | + | + | − |
| १७ | इन्द्र | + | − | + | − | − | + |
| १८ | अप्सरा | − | + | + | − | − | + |
| १९ | म | + | − | + | + | + | − |
| २० | हरिहर | + | − | − | − | − | + |
| २१ | नन्दराज | + | − | + | + | + | − |
| २२ | यमानाथ | + | − | + | + | + | − |
| २३ | चन्द्रकुमारी | − | + | + | + | + | − |
| २४ | युवक | + | − | + | + | − | + |
| २५ | मैया | − | + | + | + | + | − |
| २६ | विमला | − | + | + | − | − | + |
| २७ | जानकी | − | + | − | − | − | + |
| २८ | म | + | − | + | + | + | − |
| २९ | बैलहा | + | − | − | − | − | + |
| ३० | धनबीरे | + | − | + | + | + | − |
| ३१ | धनमाया | − | + | + | + | + | − |
| ३२ | सिपाही | + | − | + | + | + | − |
| ३३ | म पात्र | + | − | + | + | + | − |
| ३४ | बिधवा | − | + | + | + | + | − |
| ३५ | गोरे | + | − | + | + | − | + |
| ३६ | भोटे | + | − | + | − | − | + |

## ४.३ प्रमुख पात्रहरूको चारीत्रिक अध्ययन

### ४.३.१ "दोषी चश्मा" कथाका प्रमुख पात्र केशबराज हुन् । उनको चरित्र चित्रण गर्ने प्रयास गरिएको छ ।

#### ४.३.१.१ केशबराज

केशबराज यस कथाको प्रमुख पुरुष पात्र हो । उनको कथामा सूरु देखी अन्तसम्म नै महत्वपूर्ण भूमिका रहेको छ । उनकै अर्न्तद्वन्द्व र आबेग सम्बेगहरूको चित्रण गर्दै कथाले आफ्नो गति अगाडि बढाएको छ । उनी यस कथाका एक गती शील र केन्दीय  चरित्र हुन् ।

केशबराज एउटा सामान्य घर परिवारको व्यक्ति हुन् उनको परिवार सानो छ तर पनि दुई छाक टार्न उनले चाकरी पेसालाइ अपनाएका छन् । उनको रोजगारी नै चाकरीतन्त्र रहेको छ । रातदिन जर्साबको चाकडी गरेर ल्याएको दुई चार पैसा बाट जसो तसो आफ्नो घर चलेको छ । कही कतै उनले जर्साबलाई स्वस्ति गर्न पाएनन् भने आफ्नो अन्नदाता रिसाउने हुनकि भनी सधै उनी त्यहाँ जाने गर्दछन् र अगाडि बसेर स्वस्ति गर्दछन् । केशबराज असामान्य मनोवस्था भएको पुरुष पात्र हुन् । उनको चेतन अचेतन मानसिक द्वन्द्वको विकास भएको छ । सोझा सोभाबका उनी एक दिन जर्साबलाई बाटामा हिड्दा चिन्न सकेनन् किनकि उनको चश्माको पावर कम भइसकेको थियो । त्यसले उनलाई साहै चिन्तित तुल्यायो केही गरी उहाँको रिसानी भएमा हात मुख जोड्न गाह्रो पर्ने गर्दथ्यो । केशबराज नियमित रुपले जर्साबको चाकरी गर्न जाने क्रममा नै उनीले नगरेको स्वस्तिले जर्साब रिसाउनु भयो अब के गर्ने भनी आफै भित्रभित्रै पिरोलिन थाल्छन् । बाटोभरी चिन्तैचिन्ताले घरमा पुग्दछन् । घर पुगेर खानामा बिलम्ब देखेपछि त्यो रिस आफ्नी श्रीमतीलाई पोख्दछन् । चिन्तैचिन्ताले शङ्का उपशङकाले मनलाई पिरोलेर निकै कमजोर भैइसकेका छन् । केशवराज एक शङकालु प्रवृत्तिका पात्र हुन् । आफूले निकै ठुलो गल्ती गरेको उनलाई लागेको छ । बनको बाघले खाओस्नखाउस् मनको बाघले खाएर उनी साह्रै चिन्ताले पिल्सिएका छन् । आफ्नी श्रीमतीलाई उनी केही पनि भन्दैनन् श्रीमतीबाट पनि केही उपाय आउला भने उनलाई लाग्दैन् । रातभरी ननिदाई छट्पटाएको देख्दा आफ्नी पत्नीले के भयो भनेर सोध्दा पनि उनि सोझो रुपमा जवाफ दिन नचाही गोलबोलीमा जवाफ दिन पुग्दछन् । आफ्नी श्रीमतीले सामान्य रुपमा त्यसको समधान गरेपछि विहान हुना साथ माफी माग्न जानछन् । तर माफी दिने गल्ती केही नभएको जर्सावले बताएपछि केशवराज छक्क पर्दछन् । माफी यसरी बिना कारण आफै आफ शङकाले केशवराजको अवस्था नै असामान्य भएको छ उनी एक शङका उपशङका गर्ने पात्रका रुपमा यस कथामा आएका छन् ।

अतः केशवराज एक असामान्य मनोअवस्था भएका पुरुष पात्र हुन् । उनको अचेतन, चेतन मनले उब्जाएका सम्वेगंहरूले नै कथा अगाडी बढेको छ । उनले सारा जीवन नै

चाकरीमा बिताएका छन् । जीवन भर सुखको स्वास कहिलै फेर्ने पाएका छैनन् भने आफ्नी श्रीमतीलाई समेत सुख दिन सकेका छैनन् ।

## ४.४ 'बिहा'

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको दोस्रो सन्तानका रुपमा यसकथाको आगमन भएको पाइन्छ । नेपाली समाजमा देखिएका समस्या तथा ति समस्याको माझमा आफ्नो जीवन गुजारा गर्नुपर्दाको कठिनाईहरूलाई कथाको मूलभावको रुपमा उतारिएको प्रस्तुत ' बिहा' कथामा तत्कालीन नेपाली समाजको नराम्रो संस्कार प्रति व्यग्य प्रहार गरिएको छ । प्रस्तुत कथामा खासगरी वहुविवाहा, अनमेलविवाहा र वालविवाहा को बारेमा प्रस्तुत कथाले व्यक्त गर्ने खोजेको छ ।

विहा कथाको प्रमुख पात्रका रुपमा कटकवाहादुर रहेका छन् । यिनैको मुख्य चरित्रको सेरोफरोमा कथानले आफ्नो गति अगाडि बढाएको छ ।

### ४.४.१ कटकबहादुर

'बिहा' कथाको प्रमुख पुरुष आएका छन् । अधवैसे कटकबहादुरको श्रीमतीको अल्पआयुमा नै मुत्यु भएपछि आफ्नो घरजम चलाउनको लागि दोस्रो विहा गरेका कटकवहादुरको अनमेल विवाहलाई देखाएको छ । ४० ,४५ वर्षका कटकबहादुर र चौध वर्षकी हरिमतीको विवाहले समाजमा व्यक्त अनमेल विवाह भएको छ । कटवाहादुर आफ्नो घरवार व्यवहार चलाउन दोस्री श्रीमती भित्राउन तयार भएका छन् । पेशाले सुब्बा कटकबहादुरलाई आफ्नो व्यवहार चलाउन अप्ठारो परेको छ दुई नाबालक छोराको पालन पोषण र रेखदेख गर्ने उनले दोसी श्रीमती विवाह गर्नुपर्ने बाध्यतालाई उक्त कथाले देखाएको छ ।

### ४.४.२ 'म पात्र'

म पात्र बिहा कथाको प्रमुख चरित्र हुन् । उनले कटकबहादुर र हरीमतीको बिबाहको बिषयलाइ लिइएर गहिरो दु :ख ब्यक्त गरेका छन् । समाजमा एउटा चिन्तनसिल ब्यक्तिका रुपमा 'म' पात्र आएका छन् । छिपीएको कटकबहादुरको दोस्रो विवाहलाई देखेर उनले कल्पना गरेकी दोस्री पत्नी भन्दा भिन्न पाउँदा उनी निकै चिन्तित बनेका छन् ।

समाजमा ब्यापक कुपर्था, अन्मेल बिबाह, बाल बिबाह , बहु बिबाहलाई अधार बनाएर लेखीएको प्रस्तुत कथामा म पात्र एक चिन्तनशील पात्रको रुपमा उपस्थित भएका छन् । उनले कटकबहादुरको उमेर र उनकी द्रोस्री श्रीमतीको उमेरको फरक देखेर कटकबहादुरले किन बिबाह गरेका होलान् । घर चलाउन भएको भए आफूले जन्माएको छोराको उमेरकी

त्यस्ती बालिकाले घर कसरी चलाउछिन् ? छोरीको रहर पूरा गर्ने हो भने ल्याएको  भोली पल्ट विवाह गरी दिने चिन्ता किन लिन्छन् भन्ने कुरालाई मनोबैज्ञानिक ढङगबाट देखाउने काम गरेका छन् । बिहा कथामा म पात्रले मुख्य भूमिका ओगटेका छन् । कथाको सुरु देखीनै अन्तयसम्म नै समाजमा रहेका सामाजिक कुपरम्परा , कुसंस्कार बालबिबाह बहु बिबाह अनमेल बिबाह र त्यसले समाजमा परेका प्रभाबका बिषयमा उनी निकै चिन्तित देखिन्छन् ।

## ४.५ 'हरिदत्त'

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको दोस्रो चरणको महत्व रुपको कथाको रुपमा 'हरिदत्त ' कथालाइ लिन सकिन्छ । यस कथाको प्रमुख पात्रको भूमिका निर्बाह पनी हरीदत्तलेनै गरेका छन् । उनकै सेरोफेरोमा कथाले आफ्नो गति प्राप्त गरेको छ । हरिदत्तको असामान्य मनोअवस्थालाइ यस कथाले देखाउन खोजेको छ । आफुले प्राप्त गर्न खोजेको वस्तु वा सेवा नपाउदा मानिस कसरी असामान्य अवस्थामा पुगी बिभिन्न कार्यहरू गर्दछ भन्ने कुरा यस कथाले देखाएको  छ । हरिदत्तमा आर्थिक समस्या र यौन समस्याले पिर्लसिएको छ । उसको समाजिक आर्थिक एबम यौनमानसिक अवस्थाको बिश्लेषण यस कथामा कथाकारले मनोबैज्ञानिक ढङगबाट गरेका छन् ।

हरिदत्त कथामा मानब जीबन अतयन्त महत्वकाङ्क्षी हुन्छ भन्ने कुरालाई  देखाइएको छ । मानिसले आफूले प्राप्त गर्न खोजेको वा चाहेको वस्तु नपाउँदा मान्छे कसरी असामान्य अबस्थमा पुगेर बिभिन्न कार्यहरू गर्छ भन्ने कुरा देखाउन खोजेको छ । घरको आर्थिक अवस्था कमजोर भएमा उसलाइ अन्य ब्यबहारले पनि फाइदा नभइ अझ उसलाइ घाटा नै हुन्छ भन्ने कुरा देखाएको छ । ब्यपार ब्यब्सायमा पनि नोक्सान पुग्नु साथि भाइहरू आफुलाइ भेट्न आउदा पनि उनीहरूलाइ राम्ररी स्वागत गर्न नसक्नु जस्ता कारणहरूले गर्दा उसको मानसिक एबम शारीरीक रुप कमजोर रहेको देखाएको छ । साथै बि :स २००७ सालमा र त्यस वरपरको राजनितीक , प्रशासनिक प्रजातन्त्र प्रतिको जन अवस्थालाइ समेत  कथाले देखाउन खोजेको छ । तसर्थ सारभुतमा भन्नु पर्दा हरिदत्त कथाको हरीदत्त अस्थिर मानसिकता ,नौराश्य, मानसिकता दुर्बलता र हिन्नता भाबनाले गम्भीत देखीन्छ । हरीदत्त अत्यन्त गरिब भएपनी उसको गरिबीलाई सकेसम्म ढाकछोप गर्न खोजिएको छ । हरिदत्तको अचेतन यौन अवस्थाको उट्घाटन गर्ने काममा कथाकार सफल साबित भएका छन् । ' हरिदत्त ' कथाको प्रमुख पात्रको रुपमा हरिदत्त र रमा आएका छन् । यिनैको चरीत्र चित्रण गर्न प्रयास गरिएको छ ।

### ४.५.१ हरिदत्त

'हरिदत्त' कथाको प्रमुख पात्रको रुपमा हरिदत्त आएका छन् । उनी यसकथाका गतिशील पुरुष पात्र हुन् । युवा अवस्थाका हरिदत्त महत्वकाक्षी आधुनिकतामा आफूलाई ढाल्न खोज्ने र समय परिस्थिति अनुसार चल्न खोज्ने एक सशक्त पात्रका रुपमा उपस्थित भएका छन् । उनी आफ्नो पढाइलेखाइलाई भन्दा पनि पैसा र प्रेमको पूर्तिमा मग्न हुने व्यक्तिगत चरित्र हुन् । सगै बसेर पढेको म पात्र परीक्षामा सफल हुँदा पनि उनीलाई कुनै पनि आत्माग्लानि भएको छैन । पढेर भन्दा पनि व्यापारमा व्यसाय गरेर पैसा कमाउन र आराममय जीवन बिताउन तर्फ उनको ध्यान आकृष्ट भएको हुन्छ । २००७ साल पूर्वको नेपाली समाज र त्यस अवस्थाको युवाले भोग्नु परेका दुःख कष्टलाई मुलआधार बनाई लेखिएका मनोवैज्ञानिक कथा मध्येको एक उकृष्ट कथाको प्रतिनिधि कथाको रुपमा 'हरिदत्त' कथा आएको छ । यस कथामा कथाकारले आफूले प्राप्त गर्न खोजेको वस्तु वा सेवा नपाउँदा मानिस कसरी असामान्य अवस्थामा पुगी बिभिन्न कार्यहरू गर्छ भन्ने कुरा हरिदत्तको चरित्रबाट देखाइएको छ हरिदत्त सामान्य घर परिवारको ब्यक्ति हो । उसलाई आर्थिक समस्याले सताएको छ । उ अत्यन्त दुब्लो पातलो र अत्यन्त साना आँखा भएको ख्याउटे अर्काको गफ गर्न पाए कहिलै नथाक्ने संसारमा धनको मात्र महत्व भएको तर बिद्याको केही महत्व नरहेको धन नै सबै कुरा हो तर बिद्या केही पनि होइन यसले केही पनि किन्न वा साट्न नसकिने कुरा व्यक्त गर्ने व्यक्ति चरित्रको आर्थिक एवम यौन मानसिक अवस्थाको अध्यापन तथा बिश्लेशण यस कथामा हरिदत्तको चरित्रबाट गरिएको छ ।

बास्तवमा युवाहरूले आफूले सोचेको वा खोजेको वस्तु नपाउँदा उ कसरी आफै निरास हुदै जान्छ र कस्तो साना काम समेत गर्न सक्छ भन्ने कुरा देखाउन खोजिएको छ । हरिदत्त र म पात्र सङगै बसेर पढ्ने साथी हुन् । आर्थिक अवस्थाको कमजोरीले म चाडै धनी भई जीबन सुखीमय बस्ने इच्छाले दाजुको ३०० रुपैया चोरेर चियाको ब्यपार गर्न पुग्छ र यौन आशक्तिले गर्दा पार्बतीको नाममा कम्पनी दर्ता गराउँछ । पढाइ भन्दा पनि प्रेममा लिप्त भएको कारणले पढाइ बिगार्छ । चिया बेचेर पछि भविष्यमा आफू सुःखी हुने सपना सँगाल्दछ अत : यस कथामा कथाकार बिश्वेश्वर प्रसाद कोइरालाले युवाहरूले भोग्नु परेको बाध्यता र बेवास्तालाई मनोबैज्ञानिक पक्षबाट उट्घाटन गर्ने काम गरेको पाइन्छ ।

## ४.६ प्रेम

रामनाथ प्रस्तुत कथाको प्रमुख पूरुष पात्र हो । उसकै केन्द्रीयतामा यो कथाको कथा वस्तु निर्मित भएको छ । यही सेरोफेरोमा कथाले आफ्ना गति प्राप्त गरेको छ ।

### ४.६.१ रामनाथ

रामनाथ प्रेम कथाको प्रमुख पुरुष पात्र हो । गतिशील चरित्रको रुपमा देखापरेका रामनाथको कथाको आदिदेखि अन्तयसम्म नै महत्वपूर्ण भूमिका रहेको छ । उसकै अन्तर्द्वन्द्व र आबेश सम्वेगहरूको चित्रण गदै कथा अगाडि बढेको छ । उसकै सेरोफेरोमा कथाका अन्य पात्रहरू तथा घटनाको बिश्लेश्ण गरिएको छ ।

रामनाथमा शिथिल सामाजिक चेतना र प्रवल अचेतन यौन - मानसिकता स्पष्ट रुपमा अभिब्यक्त भएको छ । रामनाथ एक सामान्य सरकारी जागिर खाएको व्यक्ति हो । उसले कार्यालयको दैनिक कार्य गर्नुपर्ने हुन्छ । बिहान सबेरै कार्यालयको ढोका खोल्नु र बन्द हुने बेलामा सम्पूर्ण ढोकाहरू बन्द गर्नु पर्ने बाध्यता रहेको छ । जस्तो सुकै परिस्थितिमा पनि उ नियमित रुपमा कार्यालय उपसथित हुनु पर्दछ । यस अवस्थाले हेर्दा रामनाथ सामान्य कर्मचारी हो । त्यसै बखतमा रामनाथकी पत्नी रमा माइत जान्छिन् । धैरै समयपछिसम्म पनि घर नर्फकदा रामनाथलाई घर ब्यवहार साथै कार्यालयको कामदेखि उनी दिक्क भइसकेको हुन्छ । यसको मूल कारणका रुपमा उस भित्र लुकेर बसेको हीन मानसिकता र मानसिक दुर्बलताले गर्दा उसका हरेक कार्यहरूमा यौन-अचेतनले असामान्य स्थितिको सिर्जना गरेको पाइन्छ ।

घरमा आफ्नी प्रिय पत्नीको अनुपस्थितिले रामनाथको घरायसी जीबनमा बाधा अबरोधहरू उत्पन्न गरेको हुन्छ । केही समयपछि  आफ्नी श्रीमतीको घर आउने खबर आएपछि उसले संसारलाई अकै आखाँले हेर्न थालेको हुन्छ । उसले श्रीमतीको उपस्थिति हुने खबर थाहापाएपछि उसमा परिवर्तन आउन थाल्छ । घरमा मासु ल्याउने घरमा सरसफाई गर्न कोठा सफा गर्न पत्रपत्रिका पढेर अफिस वा कार्यालय नजाने निर्णय गर्नुले उसको जीवनमा नँया विहानीको सुरुवात भएको मूल्याङकन गर्न सकिन्छ । अतः: रामनाथलाई माइत गएकी रमाले केही समय खबरै नपाएर बसेकी हुदा उसमा रहेको यौन कुण्ठाले गर्दा त्यो हरेक कुरामा असन्तुष्ट हुनपुग्छ । केही समयपछि उ घरमा आउने समचार पाएर उसमा खुसीको लहर फैलेको  अनुभव गर्छ । जब रमा घरमा आउछे तब उसमा संसारलाई हेर्ने दृष्टिकोणमा नै परिर्वतन आउँछ । संसारको सुःखमा बाँच्नका सारछ भन्ने अभिव्यक्तिबाट रामनाथलाई जीवनमा बाच्नुको सार्थकता बोध भएको छ । तसर्थ कथाकार कोईरालाले 'प्रेम' कथामा कलात्मक प्रस्तुतिद्वारा मानिसले सुखमय जीवन बाच्नका लागी यौन कार्य अतिआवश्यक रहेको देखाएका छन् ।

अतः प्रेम कथाको रामनाथ यौनवादी पुरुष पात्र हुन् ।  मानवजीवनमा प्रेम अति आवश्यक कुरा हो । त्यो प्रेम पूर्तिको लागी यौन कार्य आवश्यक हुन्छ । मानवीय जीवनमा

आफूले चाहेको कुनैपनि वस्तु उपलब्ध नभएमा मानव जीवनको गोरेटोलाई नै अस्तव्यस्त पार्छ र त्यसको पूर्तिले संसारलाई हेर्न दृष्टिकोण नै वदलिन्छ भन्ने कुरा देखाएको छ । तसर्थ रामनाथ असामान्य यौन मानसिकता भएको पुरुष पात्र हो । त्यसको अभावमा उसले संसारलाई नै अन्धकार देख्न पुग्छ र बाच्नुको अर्थ नै देख्दैन । त्यसैले मानवको जीवनमा प्रेम अति आवश्यक छ त्यसैले संसार सुन्दर र सुखमय बनाउँछ भन्ने कुरा प्रेम कथाले देखाएको छ । साथै रामनाथको व्यवहार परिवर्तनले देखाएको छ ।

## ४.७ 'कर्नेलको घोडा'

'कर्नेलको घोडा' कथाको मुख्य पात्र कर्नेल हुन् । उनी यस कथाको गतिशील पुरुष पात्र हुन् । उनकै सेरोफरोमा कथाले आफ्नो गति प्रदान गरेको छ । कर्नेल एक सरकारी जागीरे हुन् । उनको सुरुमा १९ वर्षकी युवतीसँगको विवाहबाट सुरु भएको कथा घोडालाई मारेर समाप्त भएको छ । कथामा सुरुदेखि अन्तसम्म कर्नेलले महत्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । तत्कालीन नेपाली समाज अनमेल विवाह गरेर समाजमा विकृति र विसङ्गति फैलाउने खराब चरित्रको प्रतिनिधित्व कर्नेलले गरेको छ । ११३(देवकोटा २०६६.८८) उनी नेपाली समाजमा अनमेल विवाह गरेर भित्राएकी कर्नेल्नीलाई असाध्यै माया गर्दछन् । बजारका मंहङ्गा लुगा गर्गहना ल्याइदिन्छन । घरमा भान्से बाहुन राखेर नोकर चाकर राखेर कर्नेल्नीलाई सुखी बसेको, हेर्न चाहन्छन् । बजारबाट राम्रा सामान ल्याउँदै भन्छन् । "हेर मेरो प्राण " के के ल्याएको छु । ११४(दोषी चश्मा) वि पि कोईराला २००६ यसरी कर्नेलले आफ्नी दोस्री पत्नीलाई असाध्य माया गर्दछन् । सँगै हेर्न जाने उनैले पस्केको खाने,सँगै वसाल्ने गर्दछन् । तर उमेर छिपिएको कर्नेलका अगाडि १९ वर्ष युवती सन्तुष्ट हुन सकिनन् त्यसले गर्दा आफू जस्तै जवान हिष्ट पुष्ट घोडाप्रति आकर्षित हुन्छन् । कर्नेल्नी आफ्नो श्रीमान्को सेवा सुश्रुषा भन्दा पनि घोडाको दाना पानीमा समय बिताउन थाल्छन् र तवेलामा नै धेरै समय व्यतीत गर्ने थाल्छिन् त्यसले गर्दा कर्नेललाई असाध्य भएर घोडालाई नै मारी आफ्नी श्रीमती वाट पूरा माया पाउने आशा राख्छन् ।

अतः'कर्नेलको घोडा' कथामा कथाको प्रमुख पात्र कर्नेल हुन् । उनी हुनेखाने व्यक्ति हुन् । घरमा घोडा पाल्नु गोठमा दुध दिने गाई पाल्नु गाईघोडाको रेखदेखका लागि कामदारहरू राख्नु साथै घरमा भने बाहुनी समेत राखेर उमेर छिपिएपनि सानो उमेरकी युवतीलाई भित्राउनुले उनी हुने खाने परिवारका व्यक्ति साथै समाजमा विद्यमान विकृति र विसंङ्गतिलाई निरन्तरता दिने पुरुष चरित्रका रुपमा कर्नेललाई लिन सकिन्छ ।

## ४.८ 'पवित्रा'

'पवित्रा 'कथाकी प्रमुख पात्रमा पवित्रालाई लिन सकिन्छ । उनी यस कथाकी गतिशील स्त्री चरित्र हुन् । कथाको सुरुदेखि अन्तसम्म पवित्राको महत्वपूर्ण उपस्थिति रहेको छ । आँखा तानिएको, घाँटी गाडले विकृत भएको देब्रे गोडा दाहिने भन्दा सानो भएकोले हिड्दा खोच्यार हिड्नुपर्ने, ईश्वरको यो राम्रो सृष्टिमा पवित्रा एउटी यस्ती प्राणी थिइन् । तिनलाई बाहुनी भनिकन भात पकाउने ठाँउमा पस्न दिनु हिन्दू धर्मको खिसी गर्नु जस्तो थियो, तर तिनी केशव देवीकी मान्छे बाहुनी थिइन् (कोइराला२००६दोषी चश्मा) पवित्रा केशवदेबकी एक असल सुसारे थिइन् । उनी केशव देवको सम्पूर्ण कुराको रेखदेख गर्थिन् । विहान सवेरै उठेर पूजा भाडा गर्नु फूलटिपेर ल्याइदिनु कोठामा कुचो लुगाफाटादेखि सम्पूर्ण घरको रेखदेख गर्नु उनको नित्य कर्म नै थियो । केशवदेव अफिस गएको बेलामा घर व्यवहार गर्नु उनले खाए नखाएको विचार गर्नु कस्तो मनपर्छ सोही अनुसार खाना बनाउनु राती सुते नसुतेको विचार गर्नुले उनलाई एक असल सुसारे को रुपमा लिन सकिन्छ ।

पवित्रा अर्कोको घरमा बसेर पनि आफ्नै जस्तो गर्नुले उनीभित्र लुकेर बसेको असामान्य यौनमानसिकताको उट्घाटन गरेको बुझिन्छ । उनी एक सामान्य नारी भएर पनि परपुरुषप्रति नजानिदो तरिकाले आकर्षित भएकी छिन् । केशवदेवको तारिफ छिमेकीसँग गर्छिन् । हाम्रो बाबुले धेरै पढ्नु भएको छ । सब पास सिध्याउनु भएको छ अग्रेजी पढ्न साह्रै गाह्रो हुन्छ ११६ (काशिराम देबकोटा २०६६: ९१) पबित्राले केशबदेबलाई माया गर्नको पछाडि उनीभित्र लुकेर बसेको यौन मानसिकता हो । उनीले नोक्रानी भएपनि एउटी असल गृहणीले गरेको सम्पूर्ण जिम्मेवारी निबाह गरेकी छन् । केशवदेवको विवाहको खबरपछि आफ्नो दुःख गरेर कमाएको पैसाबाट सुनका बाला र सिल्कीको सारी किनदिनाले केशवदेवको विवाहमा रत्यौली खेल्दा नक्कली दुलहाको सामु रोएको देख्दा पवित्रा भित्र रहेको दमित यौन चाहना प्रकट भएको बुझिन्छ । यस्तै विभिन्न कारणले गर्दा पबित्रालाई असामान्य यौन मनोविकृत नारी चरित्र भएको बुझिन्छ । उनी एक अत्यन्त कारुणिक चरित्र हुन् । पबित्रा कथामा तृतीय पुरुष पात्रका रुपमा प्रस्तुत भएकी छिन् र उनकै संवेगतम स्थितिबाट कथा अगाडि बढेको छ । हाम्रो समाजमा विद्यमान पुरुष प्रधान समाजले नारीका आन्तरिक गुणलाई वास्ता नगरी बाध्य रुपमा मात्र काम लिने नेपाली समाजको प्रतिनिधित्व पवित्राले गरेकी छिन् ।

अःत 'पबित्रा' कथामा पबित्रा भित्र लुकेर बसेको असामान्य यौनमनोबिज्ञानको उट्घाटन गरिएको छ । पबित्रा एक कुशल नोकरानी हुन् । उनले आफूभित्र रहेको चाहनालाई भित्रनै दबाएर कर्तव्यमा लीन हुने एक गतिशिल र कर्तव्य निष्ठ भएर कथाको प्रमुख पात्र पबित्रा नै हुन् । उनकै सेरोफेरोमा कथानक अगाडि बढेको छ ।

## ४.९ 'होड'

होड कथा कथाकार बिश्वेश्वर प्रसाद कोइराला दोस्रो चरणको एक महत्वपूर्ण कथा हो । यस कथामा कथाकार कोइरालाले कथाकी मुख्य स्त्री पात्र पदमाको असामान्य अवस्थाको विश्लेषण गरिएको देखाएको छ । यस कथाकी प्रमुख पात्र पदमा हुन यहाँ पद्माको चरित्र चित्रण गर्ने प्रयास गरिएको छ ।

### ४.९.१ पद्मा

पद्मा 'होड' कथाकी प्रमुख स्त्री चरित्र हुन् । उनी यस कथाकी प्रमुख गतिशील पात्र हुन् उनको असामान्य अवस्थाको बिश्लेश्ण मनोबैज्ञानिक तवरबाट गरिएको छ । पद्मा पदमकी धर्म पत्नी हुन् । उनीहरूका बिचमा स्त्रीजातिका विषयलाई लिएर बादबिबाद हुन्छ । त्यही विषयवस्तुमा अत्यन्त लयमा वा तातो छलफल हुन पुग्छ । त्यसैलाई बाजी वा होड भनिन्छ । पदमले स्त्री जातिहरूमा केहीपनि शक्ति हुँदैन उनीहरू लोग्ने मानिसहरूको सुखकोलागि जन्मेका हुन् र उनीहरू आनन्दको वा मनोरन्जनका साधनका रुपमा मात्र हुन् । उनीहरू अत्यन्त चरित्रहीन हुन्छन् भन्ने आक्षेप लगाएको कारणले पदमा रिसाएर त्यसको सम्पूर्ण प्रमाण सहित पुष्टी गर्नुपर्छ भनेर श्रीमानसँग तर्क गर्छे (कासीराम देबकोटा २०६६:६१) अतः यस कथाकी मुख्य पात्र पदमा हुन् । उनी स्त्री जातिहरू चरित्रवान हुन्छन् र चरीत्रको विषयमा बडा बलिया हुन्छन् एक दुइपथ भ्रष्टको कुरा बेग्लै हो । (दोषी चश्मा २००६ :४२ ) पदमले लगातार स्त्रीको चरीत्रलाइ पथ भ्रष्ट देखाउने प्रयास गर्दछन् उनमा क्रोधको सीमा रहेन उनले चिच्चाएर भनिन् प्रमाण दिनुपर्छ जे मनमा आयो भन्न पाइँदैन् । प्रमाण दिनलाई श्रीमान पद्म र श्रीमती पद्माका बिचमा १५दिन होडबाजी सुरु हुन्छ । पद्माले विश्वासले बाजी जित्नलाई उभ्याएकी स्त्री पनि पथभ्रष्ट नै भएर निस्कन्छे पद्मा अत्यन्त दुखित हुन्छिन् । पद्मा स्त्रीजातिलाईसम्मान गर्छिन् तर उसले सोचे जस्ता विधवा समेत नपाउँदा उनी निरास हुन्छिन् र आफ्नो हार स्वीकार गर्छिन् ।

यसर्थ अन्तमा के भन्न सकिन्छ भने पद्मा कथाकी असल नारी पात्र हुन् । उनी पद्मकी असल श्रीमती हुन् । उनले समाजका सबै नारी लाई चरित्रवान हुन्छन् भन्ने नजरले हेर्दछिन् । तर आफूले चटक्कै विर्सदा रहेछन् भन्ने कुरालाई पद्माले स्वीकारेकी छन् । यसर्थ यस कथामा पद्माको असामान्य मनोअवस्थाको विश्लेषण गरिएको छ । पद्मा चरित्रवान असल स्त्री हुन ।

## ४.१०. 'कथा'

'कथा'कथा कथाकार कोइरालाको एक महत्वपूर्ण कथा हो । आफ्नो कथा यात्राको दोस्रो चरणको महत्वपूर्ण मान्न सकिन्छ । पौराणिक विषयवस्तुलाई मुलआधार वनाएर लेखिएको यस कथाले देवताहरूको पालाको समयलाई र त्यसवेलाका ऋषिमुनीहरूको चरित्र उद्घाट्न गर्ने काम भएको छ । यसकथाका प्रमुख पात्रमा महान ऋषि रहेका छन् । उनको चरित्र चित्रण गर्ने प्रयास यहा गरिएको छ ।

### ४.१०.१ ऋषि

'कथा' कथाको प्रमुख पात्र ऋषि हुन् । उनी यस कथाका गतिशील पुरुष पात्र हुन् । उनकै केन्द्रीयतामा कथाको आदि मध्य र अन्त्य अगाडि बढेको छ । ऋषि शास्त्र ज्ञान भएको महान तपस्वीका रुपमा देखापरेका छन् । उनी सांसारिक मोहमाया लाई त्याग गरेर धोर जङगलमा तपस्या गर्न गएका छन् । तिनको तपस्याको प्रथम कार्य थियो शरीरको आफूमाथिको शासनलाई निर्मूल पार्नु , त्यसपछि मानवमाथि विजय पाउनु र अन्त्यमा आत्मा लाई ईश्वरमा लीन पार्नु शरीरमाथि विजय पाउने उनले आफूलाई नाना प्रकारका कष्ट दिए, वैशाखमा सप्ताग्नि बालेर बसे, माघमा नदीमा घाँटीसम्म पानीमा डुवेर बसे । भोजन घटाए अनेकन दिन निराहार वस्न सक्ने भए । भोक, तिर्खा शीतोष्णको बन्धन बाट मुक्त भएर उनी समाधिमा बस्न थाले विस्तार विस्तार गर्दा गर्दै तिन महिनै समाधिमा लीन हुन सक्ने भए ११९ (देषी चश्मा २०६५) यस्तो देखेर माथिबाट इन्द्रले उनको तप्स्या भङग गराउन हो या परीक्षा लिन हो  एउटी सवै भन्दा सुन्दरी र सबैभन्दा सिपालु अप्सरा लाई त्याहाँ पठाए । तपोभूमिबाट आफू तपस्याबाट सफल भएको अनुभव गर्दै आखाँ उधारेका ऋषिको पहिलो दृष्टि स्थान गरिरहेकी एउटी अप्सरा माथि पऱ्यो ।

आफूलाई संसारिक माया र मोहबाट छुटकारा पाउन र आध्यात्मिक ज्ञान बाट आत्म शान्ति पाउने प्रवल अनुवभ गरी आखाँ खोल्दा परेको पहिलो दृष्टिले उनी परम सुन्दरी प्रति आकर्षित हुन्छन् र विवाह गरी घर जम गरी सन्तान जन्माई गाउँमा राम्रो वातावरणमा जीवन विताउन सफल हुन्छन् । उनको स्वागतमा सारा शहर तयार भएको हुन्छ तर जस्तो सुकै जे सुकै भएपनि मानिस भित्र लुकेर बसेको प्रवल यौन इच्छाले सारा कुरा विर्सेर ऋषि पनि सामान्य मानिस सरह जीवन विताउन थालेका छन् ।

अतः 'कथा ' कथा मा प्रयुक्त प्रमुख पात्र ऋषि हुन । उनीभित्रपनि  यौन इच्छा प्रवल रुपमा देखाइएको छ । यौन कार्यको  अगाडि जस्ता सुकै घोर तपस्वी र मैहुँ भन्ने मानिसले पनि नकार्न सक्दैन भन्ने कुरा ऋषि को कार्यले प्रष्ट पारेको छ । कठोर तपस्यामा लयमो

समय विताएका ऋषि अप्सरालाई देखेपछि उनै प्रति आकर्षित भई आफ्नो कठोर तपस्यालाई चटक्कै छाडेर सामान्य मानिसको जीवन विताउन थालेका छन् । उनी भित्र लुकेर  बसेको यौनमानसिकताको पर्दाफास अप्सरालाई देखेपछि भएको छ । संसारमा सामान्य जीवन भन्दा ठुलो केही होइन रहेछ भन्ने ऋषिले प्रष्ट पारेका छन् ।

## ४.११ 'पुस्तक'

पुस्तक कथा कथाकार विश्वेश्वरप्रसाद कोइरालाको एक उत्कृष्ट कथा हो यस कथाको प्रमुख पात्रका रुपमा 'म'पात्र आएका छन् । उनको चरित्र चित्रण लाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### ४.११.१ 'म' पात्र

'म' पात्र पुस्तक कथाको प्रमुख पुरुष पात्र हुन् । उनीहरू यस कथामा गतिशील पुरुष पात्रका रुपमा कथामा उपस्थित भएका छन् । कोशी नदीको बाढीले पूर्वी तराईको एक जिल्ला नै वगाएपछि 'म' पात्र स्वयमसेवकको दलसहित ओषधिलिएर त्यहाँ पुग्छन् । उनी कथाको असल पात्र हुन् ।

पूर्वी तराईको जिल्लामा 'म' पात्र उद्धार कार्यमा गएको देख्दा त्यहाँ कोइराला स्वयम उपस्थित भएर बाढीपीडित नेपालीको उद्धार कार्यमा लिन भएको अभास हुन्छ । समाजसेवी बि पी कोइराला सानै देखिको समाजसेवा  गर्ने बानीले उनी सेवा दलसहित उद्धार कार्यमा गएका छन् । दश हजार मान्छेको मृत्यु भएको कैयौं अपाङ्ग कैयौ अनाथ भएकोले उनी केही समय त्यही बसी सेवा गर्ने निर्णय गछन् तर आफ्नो समय बिताउन नजिकको साथी पुस्तक लैजान बिर्सन्छन् । पुस्तक पढेर समय बिताउने बानी परेका कोइराला अर्थात ' म ' पात्रले पुस्तकको खोजी गर्न थाल्छन् । त्यो देवदृष्टि पनि प्रतिकूल भएको ठाउँमा पुस्तक खोज्दै बूढो खेतालाका घरमा पुग्छन् । 'म' पात्रले उसँग किताब भए दिन आग्रह गर्छन् । तर नियतिको खेल भनौं या कसको खेल भनौं बुढो खेतालाले आफ्नी श्रीमती मरेकी अनि छोरो हरिहर पनि मरेको कुरा गर्दछ । आफ्ना दुः ख सुःख का कथाहरू पनि सुनाउन पुग्दछ । पछिबाट एउटा पुस्तक भएको कुरा सुनाउँछ त्यसपछि 'म' पात्र अत्यन्त खुसी हुन्छ । १९६२ सालको डाबरको सूचीपत्र छानामा घुसारेर राखिएको अवस्थामा त्यसलाई किताब भनेर खेतालाले म पात्रलाई भन्छन् त्यसपछि 'म' पात्रले त्यसलाई पढन् थाल्छन् तर त्यस सूची पत्रमा बिभिन्न रोगका औषधी बारे सूचना दिइएको पाइन्छ ।

अतः पुस्तक कथाको म पात्र एक समाजसेबी पुरुष चरित्र हुन् । उनले बाढी पिडीतहरूको उद्धारकोलागि स्वयम सेबक दल सहित त्यहा गएका छन् । आफू अझै बसेर

सेवागर्ने निर्णयले चाडै शहर फर्केका छैनन् । सबै फर्केपछि उनी बुढो खेतालाको घरमा गएर बसेका छन् । उनको सबै दुःख सुःख को कहानी सुनिदिन्छन् र आफूले हुनेसम्म सहयोग गर्दछन् । तसर्थ पुस्तक कथाको प्रमुख पुरुष पात्र म पात्र हुन् । उनी एक समाज सेबी र कर्तव्यनिष्ट सचेत नागरिकको रूपमा यस कथामा उपर्सथित भएका छन् ।

## ४.१२ ' स्कुलमास्टर'

नेपाली साहित्यका महत्वपूर्ण योगदान पुयाउन सफल कथाकार बिश्वेश्वरप्रसाद कोइरालाको 'स्कुलमास्टर' कथामा तत्कालीन नेपली समाजको शैक्षिक विकृति र बिसङ्गति प्रति लक्ष्य गदै शिक्षामा सुधारको आवश्यकता रहेको र कर्तव्य हीन बन्न पुगेका समाजका अगुवा शिक्षकहरूप्रति तीखो ब्यङ्गय प्रहार गरिएको छ । ' स्कुलमास्टर ' कथाको प्रमुख पात्र नन्दराज र ड्राइङ मास्टर हुन् । नन्दराजको चारित्रिक अध्ययनलाई यहाँ प्रस्तुत गर्ने कार्य गरिएको छ ।

### ४.१२.१ नन्दराज

स्कुलमास्टर कथाको प्रमुख पुरुष पात्रको रुपमा नन्दराज रहेका छन् । उनी यस कथाका एक सचेत शिक्षक हुन् । उनी आफ्नो पेसामा कर्तव्यपरायण भएर लागेका छन् । विद्यार्थीको पढाइलाई साह्रै ध्यान दिन्छन् । बिद्यार्थीले पढ्न मन नगरेको देख्दा उनलाइ असाधै चिन्ताले सताउछ । राम्रोसंग बिद्यार्थी निकाल्न सकिदैन कि भनी उनी बिद्यार्थीहरूलाई भाषामा ब्याकरण एकदमै महत्वपूर्ण हुन्छ । व्याकरणले राम्रो अङ्क ल्याउन सहयोग पुयाउछ भनी आफ्ना बिद्यार्थीलाइ सम्झाउछन् । अफिसमा गएर प्रधानअध्यापकलाई विद्यार्थीको पढाइ कसरी सुधार्ने भनी चिन्ता प्रकट गर्दछन् अतः नन्दराज एक सचेत र कर्तव्यपरायण शिक्षकका रुपमा उपस्थित भएका छन् ।

नेपाली समाजको २००७ साल पूर्वको शैक्षीक क्षेत्रमा देखापरेका नन्दराज आफ्नो कर्तव्यबाट पछि नहटी बिद्यार्थीको कर्तव्यलाई र बाबु अमाको लगानीलाई पनि खेर जान दिनु हुदैन । यसका साथै भविष्यको उज्ज्वल कर्णधार निमार्ण गर्नुपर्दछ । उनीहरूको लगानी सफल हुनुपर्छ भन्ने सकारात्मा सोच भएका एक कुशल शिक्षक हुन् । विद्यार्थीलाई सधै राम्रोसंग पढ्नु पर्छ र पछि समाजमा आफ्नो नाम राख्नुपर्छ भनी सदा सल्लाह र सुझाब दिइनै रहन्छन् । जस्ता सुकै परिस्थितीमा पनि उनी विद्यालयमा उपस्थित भई विद्यार्थीलाई पढाउँछन् । विद्यार्थीले पढाइलाई चासो नदेखाउदा उनी अत्यन्त दुखित हुन्छन् । एउटा कक्षाको पढाइ सकिना साथ पुन अर्को कक्षामा गइ पढाउन थाल्छन् । ठूला बिद्यार्थीको

तुलनामा साना केही राम्रो भएको अनुभब गर्छन् । उनी अत्यन्त हसिलो फुर्तिलो स्वभाबका भएकाले हसाउँदै रमाउँदै पढाउने गर्छन् । बिद्यार्थीको पढाइको बिषयलाइ लिएर उनी सदा सचेत हुने गर्छन् । नराम्रा शिक्षकको व्यव्हारलाई देखेर पनि उनलाई चिन्ता हुने गर्दछ । अत : स्कुल मास्टर कथाको प्रमुख पात्र नन्दराज एक कुशल र कर्तव्यपरायण शिक्षक हुन् । उनी आफ्नो  सदा सचेत भई लागिरहेका छन् । बिद्यार्थीको भबिष्यलाई लिइएर चिन्तित हुन्छन् । आफ्नो पेशामा कर्तव्यपरायण भएर लाग्न सधै शिक्षकसाथीहरूलाई आग्रह गर्दछन् । उनी यस कथाका एक सचेत र कर्तव्य परायण आफ्नो पेशाप्रति दत्त चित्त भएर लाग्ने लगनशील शिक्षक हुन् ।

## ४.१३ 'सखी'

सखी कथाकार बिश्वेश्वरप्रसाद कोइरालाले एक उत्कृष्ट कथा हो । आफ्नो कथा यात्राको दोस्रो चरणको महत्वपूर्ण उपलब्धीको रुपमा सखी कथालाई लिन सकिन्छ । बिबाहित नारीको असामान्य यौनमानसिकताको उद्घाटन गर्नेकाम भएको छ । सखी कथाको प्रमुख पात्रका रुपमा चन्द्रकुमारी रहेकी छिन् । उनको चरित्र अध्ययन यहाँ प्रस्तुत गर्ने कार्य गरिएको छ ।

### १३.१ 'चन्द्रकुमारी'

चन्द्रकुमारी भरखरै विवाहिता एक नवदुलही हुन् । उनी आफ्ना श्रीमानसँग काठमाडौको घरमा घरभाडा लगाएर खाने सम्पन्न परिवारकी छन् । उनी यस कथाकी गतिशील स्त्री चरित्र हुन् । सुरुदेखि अन्तसम्म उनको महत्वपूर्ण भूमिका रहेको छ । यसकथामा  कथाकार विश्वेश्वरप्रसाद कोईरालाले नारी पात्र चन्दकुमारी असामन्य यौन – अचेत अभिव्यक्ति भएको कुरालाई प्रष्टपार्न काम गरेकाछन् । चन्द्कुमारी आफ्नै घरमा भाडामा बस्ने नवयुवक प्रति नजानिदो पाराले आकर्षित हुदै जान्छिन् । उनी विवाहिता नारी भएरपनि आफनै लोग्ने हुँदाहुँदै पनि केही समयको लागि घरभाडा मा वस्न आएको युवकप्रति आकर्षित हुन्छिन् । आफ्नो श्रीमानले उनलाई असाध्यमाया गर्दछन् । र उनले चन्द्रकुमारीलाई पूरै विश्वास गर्दछन् । चन्द्रकुमारी नजानिदो तवरवाट नवयुवकप्रति आर्कर्षीत हुन्छिन् । एउटा राम्रो र सुखी परिवारको नजर अर्कै खाइलाग्दो नबयुवकप्रति आर्कर्षीत भएर नराम्रो रुप लेलाकि भन्दा भन्दै अन्तमा उसको अन्तरहृदयको ढोका खुली पुन आफ्नो स्थानमै फर्किन सफल हुन्छे त्यो कुरा आफ्नी सखीलाई सुनाउँछिन् । यसरी चन्द्रकुमारीको असामान्य यौनमानसिकताको उट्घाटन सखी कथाले गरेको छ ।

चन्द्रकुमारी बिवाहित नारी हुन् । उनी सुखी र सम्पन्न परिवार भएर पनि राम्रो यूवक देख्दा उसप्रति आकर्षण भएकी छिन् । उाी आफ्नो सम्पूर्ण कुरा आफ्नी साथी इन्द्रमायालाई सुनाउछिन् । इनद्रमाया छक्क पर्छिन् । (देबकोटा :२०६६:११४) चनद्रकुमारी आफ्नो त्यस्तो सोझो पतिलाई चिन्न सकेकी हुँदिनन् । त्यसरी परपुरुष आएर आफ्नै कोठामा दुलहा दुलाही भएको ठाँउमा आउँदा पनि उनी कुनै शङ्काको दृष्टिले नहेरी सामान्य रुपमा लिन्छिन् । त्यसपछि मात्र चन्द्रकुमारीको आँखा खुल्छ र आफ्नो पतिलाई माया गर्न थाल्छिन् । तसर्थ चन्द्रकुमारी एक असामान्य यौन अवस्था भएकी नारी हुन् । उनी आफ्नो घरमा श्रीमान हुदाहुदै पनि परपुरुष तर्फ आकर्षित भएकी छन् । तर अन्तमा अन्तर हृदयको ढोका खुलेपछि फेरि सुखी भई आफ्नै बिबाहित श्रीमानसंग जीबन बिताउने एक सफल श्रीमती भएकी छिन् ।

## ४.१४ 'स्वेटर'

'स्वटर' कथाकी प्रमुख पात्र मैया हुन् । उनी गतिशील नारी चरित्र हुन् । कथाको सुरुदेखी अन्तसम्म उनको महत्वपूर्ण भूमिका रहेको छ । यहाँ मैयाको चरित्र चित्रण गर्ने जमर्को गरिएको छ ।

### ४.१४.१ 'मैया'

स्वेटर कथाकी प्रमुख नारी पात्र मैया हुन् । उनी बजारमा आएका नयाँ नयाँ रङ्गका धागोहरू किनेर स्वेटर , मोजा, पञ्जा बुन्ने गर्दछिन् । उनले बुनेको स्वेटरहरू निकै राम्रा रङ्गका साथै राम्रो हुने गर्दछन्र । उनले बुनेका स्वेटरहरू देखेर सबै साथीहरू लोभिन्थे । खुब तारिफ गर्ने गर्दथे । साथीहरूको बिचमा बसेर रमाई रमाई स्वेटर बुन्ने गर्दछिन् । उनी राम्रा स्वेटर बनाएर आफै बुन्ने आफै लाउने भन्दापनि कसैलाई दिन पाए झन् राम्रो हुनथ्यो भन्छिन् । बनाउँदै गर्दा स्वेटर गजराजलाई दिन तयार भइन् । गजराजले स्वेटर बुनिदिने समेत आग्रह गरेको थियो । जती जती बनाउदै गइन् । स्वेटर जतिजति बिग्रदै गयो । त्यसबाट मैया अत्यन्त दुखी भइन् । आफूले बुनेको स्वटर बिग्रेपछि त्यो आफ्नो नोकर रामेलाई दिइन् । रामे अत्यन्त खुसी भयो त्यसको उत्साह देखेर मैया अत्यन्त खुसी भइन् । तिनको मिहिनेत व्यर्थ गएन । रामे  कति खुशी भयो त्यसलाई पो दिदा आत्मा प्रसन्न हुन्छ । गजराज उनले बनाएको स्वेटर पाएको भए खूब खुसी हन्थे तर जति रामे प्रसन्न होला ,जति उसको आत्माको तृप्ति भएको होला , त्यति गजराजको कहाँ हुन्थ्यो १२१(दोषी चश्मा २००:६३)

मैयाँ यसकथाकी सकरात्मक सोच भएकी र समानताको वकलात गर्ने नारी पात्र हुन् । उनले समाजमा बस्ने सबैलाई समान नजरले हेरेकीछन् । गाउँलेले नोकरलाई स्वेटर दिई भनेर नराम्रो हल्ला मच्चाएको सुन्दा उनी साह्रै रिसाइन् रआफ्नौ साथीलाई समेत गाली गरिन् के समाजमा बस्ने मानिसहरू ठूलो र सानो हुन्छ ? मैया भित्रको असामान्य यौन मानसिकताले जरो गाडिरहेछ उनले रामेलाई नजानीदो तवरले मन पराउछिन् र प्रेमका अगाडि सानो ठूलो धनी गरिब कोही पनि हुदैनन् । समाजमा सबै एकै हौँ र सबै एकै हुनु पर्दछ भन्ने कुरा मैयाले देखाएकी छन् ।

## ४.१५ बौलाहा

'बौलाहा' कथाको प्रमुख पात्रको रुपमा 'म' पात्र आएका छन् । उनी हप्तामा दुइ पटक झ्याल खानामा गएर धार्मिक प्रवचन सुनाउने काम गर्छन् । उनी यसै कामकालागि सरकारबाट नियुक्त भएका छन् । झ्याल खानामा परेका पथभ्रष्ट कुर्कम गर्ने ब्यक्तिलाई गीता पाठ पढाएर सही मार्गमा ल्याउने प्रयत्नमा 'म' पात्र सदालागि रहन्छन् । साथै बौलाहालाई आफ्नो ज्ञानको प्रभाबले समाजको साधु बनाउन सफल हुन्छन् ।

'म' पात्र अर्थात् पण्डितजी परम्पराबाट चल्दै आएको सनातान धर्मलाई बाचाइराख्ने पुरुष पात्र हुन् । उनले अज्ञान्ताले अपनाएका नराम्रा बाटामा हिड्न पुगेका ब्यक्तिहरूलाई धार्मिक ज्ञान दिई सत्यको मार्गमा आउन आग्रह गर्दछन् । पाठ पढाउने सन्दर्भमा एक असामान्य मनोवृत्ति भएको व्यक्तिसँग उनी गीता पाठ पढाउँदा पढाउँदै त्यस बौलाहलाई साक्षी बनाउँछन् । यसले गर्दा त्यहाका सुपरिटेण्डन्ट, सिपाहीहरू सबै खुसी हुन्छन् ।

म पात्र बौलाहा कथाको एक गतिशील पुरुष पात्र हुन् । उनले यस कथाको सुरुदेखि अन्तसम्म गतिशील भूमिका निर्वाह गरेका छन् । कथाको सुरुमा जेलरलाई धार्मिक ज्ञान दिन्छन् । ज्ञान दिदा दिदै धेरैलाई ज्ञानी पनि बनाएका छन् । उनी यस कथामा एक शिक्षित ब्यक्तिका रुपमा उपसथित भएका छन् । म पात्र आफ्नो पेशाप्रति सन्तुष्ट नै देखिन्छन् । बिहान सबेरै उठ्ने नुहाई धुवई गरी आफ्नो नित्य कर्म सिध्याएर गीता जस्तो पबित्र ग्रन्थ लिई त्यसको पाठको अर्थ लगाइ सबैलाई सुनाउने उनलाई एक समाज सुधारक ब्यक्तिका रुपमा लिन सकिन्छ । उनले आफ्नो जातको घमण्ड नगरी आफ्नो कर्तव्यलाई पूर्ण रुपमा निर्वाह गरेका छन् । उनी समाजका एक चिन्तनशील र सचेत नागरिक हुन् । त्यसैले गर्दा उनी भ्याल खानामा समेत गएर आफ्नो धर्मको प्रचार प्रसार गरेर मृत्यु लोकको बारेमा ज्ञान बाड्न सफल भएका छन् । कयौँलाई सतमार्गमा ल्याई सत्यको बाटो हिड्ाउन सफल साबित

भएका छन् । यसर्थ बौलाहा कथाका प्रमुख पात्र 'म ' अर्थात पण्डित जी एक समाजसेवीका साथै असल चरित्र हुन् । उनले देखाएका असल बाटोलाई गर्दा धेरै व्यक्तिले नराम्रो काम गर्न छाडेका छन् । त्यसैले देशमा अन्याय, अत्याचार, लुटपाट, चोरीडकैती आदि नहुने कुरमा उनी पूर्ण रुपमा विश्वस्त छन् ।

## ४.१६ मधेसतिर

मधेसतिर कथाकार विश्वेश्वरप्रसाद कोइरालाको दोस्रो चरणको अत्यन्त महत्वपूर्ण कथा हो । यस कथामा कथाकारले खासगरी विधवाको यौन समस्यालाई देखाएका छन् भने गोरे, धने, भोटे र बूढा जस्ता गरिव कुल्लीहरूको पेटको समस्यालाई पनि उत्तिकै टड्कारो रुपले प्रस्तुत गरेका छन् । आर्थिक अभावका कारण उदर बुभुक्षा पूरा गर्न नसकी मधेसतिर झरेका छन् । 'मधेसतिर' कथाकी प्रमुख पात्र विधुवा हुन् । यहाँ उनको चरित्र चित्रण गर्ने प्रयास गरिएको छ ।

### ४.१६.१ "विधुवा"

'मधेसतिर'कथाको प्रमुख स्त्री पात्र विधुवा हुन । उनी एक अधवैसे नारी हुन् । आफ्ना श्रीमानको मृत्युपछि पनि आफ्नो घरपरिवारको सासु ससुरा र देवरहरूको सेवा सुश्रुषामा आफू तल्लिन हुने एक कुशल नारीपात्रका रुपमा उपस्थित भएकीछिन।तर घरपरिवारले उनलाई नराम्रो गर्न थाल्दछन् । उनलाई पोईटोकुई भनेर हेला गर्न थालेपछि सहन नसकी मधेसतिर झरेर केही गरी खाने विचारले घर त्यग गर्दछिन । विधुवा अधवैसे छन् । त्यसै बखतमा मधेसझर्ने क्रममा गोरे नाम गरेको एक खाईलाग्दो युवक देखेपछि नजानिदो गरि त्यसतर्फ आर्कर्षित हुन थाल्दछिन् विपरीतलिङ्गी प्रतिको आकर्षण, चाहना र सम्बन्धको तीव्र इच्छा उनमा बढेर आउँछ । उनीभित्र रहेको यौन इच्छा पूर्तिको लागि गोरेलाई माया गर्दछिन आफूसँग भएको खानेकुरा पनि उसलाई धरै खुवाउँछिन् उसको रेखदेख गर्दछिन साथैसँगैगएर मधेसमा घरजम गरेर बस्ने र सानो परिवार बनाएर बस्ने इच्छा उनमा जागृत भएर आउँछ ।

'मधेसतिर' कथा नारी यौन समस्यालाई मूलआधार बनाएर लेखिएको एक उत्कृष्ट कथा हो । विधुवाको खाने लाउने उमेरमा नै आफ्नो श्रीमानको मृत्युले उनीभित्र रहेका सन्तान जन्माउने सानो र सुखी परिवार बनाई बस्ने सपना अधुरै रहेपछि उनले त्यो इच्छा गोरेबाट पूरा गर्न खोजेकी छिन् । उनी एक असामान्य यौन मानसिक अवस्था भएकी नारी हुन् । बाटामा एकै पटक देखेको युवकलाई मन पराउनु र आफ्नो मनमा लागेका सम्पूर्ण कुरा भनिहाल्नुले नै उनलाई एक सोझी नारीका रुपमा लिन सकिन्छ । गोरे पनि सुरुमा केहिपनि नभन्नु मौका

परेपछि त्यस्ती युवतीको गरगहना चोरेर भाग्नुले स्वर्थी र बदमास पात्रका रुपमा यहाँ देखा परेका छन ।

अतः मधेसतिर कथाकी विधुवालाई स्त्री जातिमा हुने इच्छालाई पुरागर्ने एक गतिशिल चरित्रका रुपमा लिन सकिन्छ । उमेरैमा श्रीमानको मृत्यूले सन्तान जन्माउने, सानो र सुखी परिवार भएको हर्ने सपना अधुरै रहेपछि त्यस इच्क्षा लाई पुरा गर्नै कुनै अर्को पुरुषको खोजिमा लागेकी विधुवाले आफैसँग कामको खोजिमा मधेस झरेको गोरेलाई मनपराउँछिन् । विधुवा एक असामान्य यौन मानसिकता भएकी पात्र हुन् । उनको सुरुदेखि अन्तसम्म गतिशील चरित्र रहेको छ ।

## ४.१७ सिपाही

'सिपाही' कथा मनोबैज्ञानिक कथाकार बिश्वेश्वरप्रसाद कोइरालाको आफ्नो कथा यात्राको पहिलो चरणको अन्तिम समयको एक उत्कृष्ट कथा हो वि.स १९९५ मा 'कथा कुसुम' कथा सङ्ग्रहमा सङ्कलित यस कथामा फ्रायडवादी अचेतन– चेतन मनको कलात्मक प्रस्तुति रहेको छ । सिपाहीको स्वभाबमा चेतन मन र कामेच्छाको मनोबैज्ञानिक उद्घाटन यसमा गरिएको छ । प्रस्तुत कथाको प्रमुख पात्र नै सिपाही हो । उसको चरित्रलाई यहाँ चित्रण गर्ने प्रयास गरिएको छ ।

### ४.१७.१ सिपाही

'सिपाही' कथाको प्रमुख पुरुष पात्र सिपाही हो । उ यस कथाको गतिशिल चरित्र हो । उसकै चरित्रिक सेरोफरोमा कथानकले आफ्नो गति अगाडि बढाएको छ । सिपाही एक सामान्य घरपरिवरको व्यक्ति हो । उ विवाहित पुरुष हो । जागिरको सिलसिलामा उ घर छाडेर बाहिर बसेको छ । उसले आफ्नो जीवनमा धेरै समस्याहरूको सामना गर्नुपरेको छ । तरपनि घरपरिवारलाई छाडेर बाहिर बस्दा उस्ले आफ्ना घरपरिवार स्वास्नी छोराछोरी भएको सम्पूर्ण दायित्व बिर्सन्छ । अलिबूढी आईमाईलाई सासु भन्छ भर्खरकी युवतीसँग घण्टौ जिस्केर बस्ने गर्दछ । सिपाही असामान्य मनोवस्था भएको पुरुष चरित्र हो । पेशाले हो या उसमा रहेको दमित यौन इच्छाले हो । उ बाटामा हिड्दा एकैपटक देखेका स्त्री जातिलाई नजानिदो तरिकाले मन पराउन थाल्दछ । यसै क्रममा समय बितेको पत्तै पाउँदैन ।

अत :सिपाही कथाको सिपाही एक असामान्य मनो अवस्थाभएको पुरुष पात्र हो । उसभित्र लुकेर बसेको यौन इच्छाले गर्दा उ परस्त्री प्रति आर्कर्षित भएको छ । उसले आफ्नो चरित्रलाई आफै बिगारेको छ । घरमा स्वास्नी छोराछोरी भएपनि छाउनीमा अर्को रखेल राखेको

छ । अझै बाटामा हिड्दा एकरात कतै बिताउनुपर्दापनि अरु स्त्रीप्रति आर्कर्षित हुने गर्दछ । यसर्थ सिपाही सामाजिक चेतना शिथिल र अत्यन्त यौन मानसिकता प्रबल भएको भएको पुरुष पात्र हो ।

# परिच्छेद पाँच
# उपसंहार

विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चश्मा' कथा सङ्ग्रहमा प्रयुक्त प्रमुख पात्र हरूको चारित्रिक अध्ययन विषयक प्रस्तुत शोधपत्र लाई अध्यपन सुविधाका साथै सुसङगठित पनाउनकालागि जम्मा पाँच  परिच्छेदमा विभाजन गरिएको छ । उक्त परिपच्छेदहरूको निष्कर्ष यस प्रकार दिएको छ । यस अध्ययनको पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गएिको छ ।यस शोधपत्रका लागि आवश्यक पर्ने अङ्गहरूको उल्लेख गरिएको छ ।यसै अन्तरगत कथाकार कोइरालाको 'दोषी चश्मा'कथासङ्ग्रहमा प्रयुक्त प्रमुख पात्रहरूका बारेमा गरिएको आद्यावधिक अध्ययनको समीक्षा गरिएको छ । साथै 'दोषी चश्मा'कथासङ्ग्रहमा सङ्ग्रहीत कथाका मुख्यपात्रहरूको चारित्रिक अध्ययन गर्ने पक्षलाई शोधकार्यको सीमा निर्धारण गरिएको छ भने कोइरलाको कथाकारिता, कथायात्राको परिचय सहित 'दोषी चश्मा'कथा सङ्ग्रहमा प्रयुक्तपात्रहरूलाई बिभिन्न आधारमा वर्गीकरण गरी सङ्ग्रहीत कथाहरूको समीक्षात्मक अध्ययन प्रस्तुत गर्नु शोधको उद्देश्य हो भन्ने बारे पुष्टि गरिएको छ ।

दोस्रो परिच्छेदमा कथाकार कोइरालाको बहुआयामिक व्यक्तित्वको परिचय दिदै उनको कथा लेखनको प्रेरणा र प्रभाब कथा यात्रा कथागत प्रविधिहरू लगायत कथात्मक प्रविधिहरूका साथै सैदान्तिक मानकका आधारमा उनका कथा प्रवृतिको सामान्यीकरण कथाकारको जीवनी र आख्यानकारिताको अन्तर सम्वन्ध एवम आधुनिक नेपालीको कथाको प्रारम्भिक उत्थान र संवद्धनमा कथाकार विश्वेश्वरप्रसाद कोइरलाको बारेमा संङक्षिप्त चर्चा गरिएको छ । तेस्रो परिच्छेदमा कथाकार कोइरालाको 'दोषी चश्मा'कथा सङग्रहहरूमा प्रयुक्त प्रमुख पात्रहरूको लिङग, कार्य,प्रवृति स्वाभाव,जीवन चेतना, सामाजिक सम्बन्ध असामान्यता, आवद्धताका आधारमा वर्गीकरण गरिएको छ । साथै कथासङग्रहहरूमा संग्रहित प्रत्यक कथामा प्रयुक्त पात्रहरूको पात्र विद्यानगत वर्गीकरण तालिकाद्वारा छुट्‌एको छ ।वर्गीकरण गर्ने क्रममा  कथामा पात्रविद्यान र पात्रको के कस्ता महत्व हुन्छ भन्ने तथ्यलाई समेत प्रष्ट पारेको छ भने कथाको रचना विधानको आधारमा 'दोषी चश्मा'कथासङग्रहमा सङग्रहीत कथाहरूको समीक्षात्माक अध्ययन पनि आवश्यकता अनुसार गरिएको छ । यस अध्ययनको चौथो परिवेच्छेदमा 'दोषी चश्मा'कथासङग्रहमा सङग्रहित कथाहरूमा प्रयुक्त प्रमुख पात्रहरूको चारित्रिक भूमिकालाई अध्ययन विश्लेषण गरिएको छ ।

बीसौ शाताव्दीका विशिष्ट साहित्यिक व्यक्तित्वमध्ये एक मानिने विश्वेवश्र प्रसाद कोइरालाको जन्म स्वर्गीय कृष्ण प्रसाद कोइराला र माता दिव्या कोइरालाको कोखबाट

वि.सं.१९७१ भाद्र २४गते परिवारका दोस्रो तथा माताका जेठा सन्तानका रुपमा भारतको पवित्र तीर्थस्थल काशीमा भएको हो । वि.सं. १९९४मा सुशीला दाहालसँगको दाम्पत्य जीवनमा बाँधिएका विश्वेश्वर प्रसाद कोइराले वि.ए वि.एलसम्मको औपचारिक अध्ययन पूरा गरेका छन् । सङ्गीत र भावको समिश्रणबाट जन्मिएको उच्च दर्शन नै साहित्यहो भन्ने कोइरालाले आफ्नो साहित्य अराजकताबादी सिद्धान्त रहेको आफ्नो धारणा प्रस्तुत गरेका छन् । उनका विचारमा साहित्यका सम्राट पनि नाङ्गो हुन्छ । साहित्य सम्बन्धी यस्ता विभिन्न मान्यता राख्ने वि. पी कोइराला साहित्यिक व्यक्तित्व निर्माणमा मूलत साहित्यप्रति उनको अन्तर्प्रेरणाले नै भूमिका खेलेको देखिन्छ ।यस भन्दा वाहेक सिग्मण्ड फ्रायडको प्रभाब वा यौन मनोविश्लेषण अस्तित्व बादी अराजकताबादी, बैचारिकताले पनि कोइरालाको साहित्यिक व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेके छ । हिन्दी, बङ्गाली, एसियाली, फ्रेन्च, साहित्य र साहित्यकारको प्रभावले स्वतन्त्र साहित्यकार व्यक्तित्वको रुपमा कोइरालालाई स्थापित गरिएको छ । राजनीतिभन्दा धेरै टाढा बसेर साहित्यिक कृतिहरू रचना गर्ने कोइराला सर्वप्रर्थम शान्तिप्रिय दिवेदीको संगतबाट साहित्यिक फाँटमा औपचरिक रुपमा प्रवेश गरेका हुन् । नेपाली मनो विश्लेषाणात्मक कथाका कथाकार एवम प्रणेता कोइरालाको स्थापना नेपाली साहित्यमा रहेको छ । वि.सं.१९८७ मा हिन्दी भाषाको हंस नामक पत्रिकामा 'वहाँ ' कथा प्रकाशित गरी कथा लेखन यात्रा प्रारम्भ गरेका कोइरालाले नेपाली कथा साहित्यमा पहिलो मनोबैज्ञानिक मौलिक आधुनिक कथा 'चन्द्रवदन ' (१९९२) शारदा पत्रिकामा प्रकाशित गरेर नया प्रबृतिका साथसाथै ऐतिहासिक महत्व स्थापित गर्न सफल भएका हुन् । कथा साहित्यको क्षेत्रमा कोइरालाका ' दोषी चश्मा ' (२००६) र 'श्वेत भैरबी ' (२०३९) नामक २ वटा कथा सग्रङ्हहरू प्रकाशित भएका छन् ।

ठूला मान्छे थरी थरीका हुन्छन् तर असल मानिस एकथरीका हुन्छन् । ठुला मान्छे हुन नखोज्नु असल मानिस हुन खोज्नु भनी आफ्नो दर्शन प्रस्तुत गर्ने कोइरालालाई साहित्यकार कोइराला र राजनीतिज्ञ कोइराला गरी दुईभागमा बाडेर अध्ययन गर्न सकिन्छ । राजनीतिज्ञ कोइरालाको राजनीतिक र वकील गरी दुइ व्यक्तित्व देखा पर्दछ भनी साहित्यकार कोइरालालाई द्रष्टा र स्रष्टा व्यक्तित्व गरी दुई भागमा अध्ययन गर्न सकिन्छ । श्रष्टा व्यक्तित्व अन्तरगत कथाकार उपन्यासकार, कवि निबन्धकार र अन्य ब्यक्तित्व गरी उनको अध्ययन गर्न सकिन्छ । विश्वेश्वरप्रसाद कोइराला मनोबैज्ञानिक कथाकार, बैचारिक उपन्यासकार, भावुक तथा स्वच्छन्तावादी कवि यर्थाथमूलक जीवनीकार तार्किक निबन्धकार तथा समालोचक जस्ता बहु आयामिक ब्यक्तित्वका धनी देखिन्छन् । बिश्वेश्वरप्रसाद कोइरलाले कथा यात्राकै अन्तिम चरणमा लेखेका चार कथाहरूभन्दा पूर्वाग्रहमा लेखेका कथाहरूमा आकारका दृष्टि मनोवैज्ञानिक तवरबाट गर्न सफल साबित भएका छन् । कोइरालाका कथा यात्राको पहिलो चरणको 'दोषी

चश्मा' कथा सङ्ग्रहले समाजका बिबिध पक्ष बालविवाह, अनमेल बिबाह,समाजिक कुपरम्परा व्यक्तिको कुण्ठित मानसिकताले पारेको प्रभाब धार्मिक नैतिक ,साँस्कृतिक पक्षको मनोबैज्ञानिक अधारमा प्रस्ट पार्ने काम भएको छ भने अन्तिम चरणमा लेखेका उनका चार कथाहरू आकारका दृष्टिले निकै लामा छन् । यी कथाहरूका माा्ध्यमबाट नेपाली समाज , धर्म, संस्कृति र नैतिकताका आधारमा उत्पन्न पात्रको मानसिक सम्बेगको चित्रण गरेका छन् । कथानक रचनामा अचेतन मनोजगत्को भन्दा चेतन मनको उपस्थापना गरी कथाको रचना गर्ने काम गरेका छन् । 'दोषी चश्मा' कथा यात्रामा फ्रायडीय सिद्धान्त अनुरुप पात्र अचेतनको खोज र उसका दमित यौन आकाङ्क्षाको अभिब्यक्ति पाइन्छ । 'दोषी चश्मा' कथामा केशबराजको अचेतन मनको उट्घाटन गर्ने प्रयास गरिएको छ । तत्कालीन समयमा बिद्यमान अनमेल विवाहलाई मूल आधार बनाएर लेखीएको 'बिहा' कथाले उमेर छिपीएको कटकबहादुरले नाबालक हरीमतीलाई घरमा भित्राएको छन् । यस कथामा खास गरी लनमेल विवाह, वहुविवाह बालबिबाहको समस्यालाई प्रस्तुत गरिएको छ । पहीलो श्रीमती बाट जन्मेको बच्चाको सऱ्याहार सुसार गर्नु रआफ्नो लोग्नेलाई नजिकको न्यानो मायाले सहारा दिनुपर्ने जस्ता जटिल समस्याको समाधानले प्रस्तुत कथामा 'बिहा' नगरी नहुने बाध्यताका उट्घाटन गरिएको छ । प्रस्तुत कथामा लोग्ने मान्छेले आफ्नी श्रीमतीको मृत्यु भएमा अर्के बिबाह गर्न हुने र श्रीमतीले आजीबन बिद्यवाको जीवन बिताउनु पर्ने बाध्यतालाई प्रस्तुत कथाले देखाउन खोजेको छ । त्यसैगरी 'हरि दत्त' कथापनि कोइरालाको एक उत्कृष्ट कथाा हो ।यस कथामा कोइरालाले हरिदत्तको बानिबेहोराको बर्णन म पात्र बाट गराएका छन् । म पात्र र हरिदत्त घनिष्ट मित्र हुन्छन् । हरिदत्त र उसकी दिदी एक धनिका घरमा बसेका हुन्छन् । त्यसै क्रममा हरिदत्त मिठाई खान भनेर म पात्रको घरमा जान्छ । हरिदत्तकी म पात्रकी नोकर्नीको छोरी पार्वतीसँग प्रेम बसेको हुन्छ । उसले एकहोरोमा नोकर्नीकी छोरी पार्वतीलाई प्रेम गर्छ । सहयोग गर्न म पात्रलाई आग्रह गर्दछ । म पात्र अचम्मित पर्छ । त्यसैमा उनीहरूको परीक्षाफल प्रकाशित हुन्छ । म पात्र सफल हुन्छ भने हरिदत्त फेल हुन्छ ।उसलाई पार्वतीको प्रेमले पढाई भन्दा प्रेमप्रतिनै अशक्ति बढेको हुन्छ । आफ्नो प्रेमलाई सफल बनाउन उसले आफ्नो दाजुको ३०० रुपैया चोरेर चियाको व्यापार गर्न थाल्दछ । व्यापार त्यति राम्रो चलेको हुँदैन । तर पछि राम्रो हुने र आफ्नो उज्ज्वल भविष्यको कल्पनामा आफूहरूको जीवन सफल हुने आशा गरिएको हुन्छ ।

वास्तवमा हरिदत्त कथा एकसमाजमा रहेका युवा वर्गहरू लाई लक्षित गरेर लेखिएको एक उत्कृष्ट सामाजिक विषयवस्तुमा आधारित कथा हो । मानव जीवनमा प्रेम अति आवश्यक छ । यदि यसको अभाव भयो भने जीवनशैलीमा नै परिवर्तन ल्याउँदछ भन्ने कुरा प्रेमकथामा व्यक्त गरिएको छ । कर्नेलको घोडा कथामा समाजमा विद्यमान अनमेल विवाह र त्यसले

व्यक्तिमा पार्ने प्रभावलाई बढो मार्मिक रुपमा प्रस्तुत गरिएको छ । मानिस सानो ठूलो जे भएपनि उसभित्र लुकेको अचेतनमनको उद्रघाट 'पवित्रा'कथामा गरिएको छ। समाजमा आफ्नो प्रतिष्ठालाई बचाई राख्न र आफ्नो घरपरिवार सुखी र शान्त राख्न कुनै अनावश्यककुरा लाई लिएर श्रीमान श्रीमती जस्तो पवित्र बन्धनमा होड गर्नु हुँदैन भन्ने कुराको सन्देश होड कथाले दिएको छ । वैदिककालदेखिका ऋषि तथा तपस्वि जस्तोसुकै आफूलाई तपस्यामा लिन गराई संसारिक माया मोहबाट लिप्त हुन चाहने पनि परम सुन्दरी प्रति आर्कषित हुन्छन र यौन इच्छाको तृप्तिका लागी केही पनि जित्न नसक्ने कुरा कथा कथामा पाइन्छ। 'पुस्तक' कथामा गरिब नेपालीका दैवदृष्टि पनि प्रतिकुल हुन्छ भन्ने कुरा लाई देखाइन्छ। कोशीको बाढीले एउटा जिल्ला नै बगाएको छ । त्यहा कति बगे कति भोक भोकै मरे जतातत‍ै रोगव्याधी फिँजिएको आदि जस्ता समग्र कुराको प्रस्तुति गरिएको छ । त्यस्तै 'स्कुल मास्टर' कथामा पेसाले शिक्षा दिने तर पथभष्ट गर्दै जाने आफ्नो शिक्षक पेशालाई नै अपमानित गर्ने शिक्षकहरूप्रति व्यङ्ग्यबाट प्रस्तुत गरिएको छ। 'सखी' कथामा नारीको अचेतन यौन मानसिकताको उट्घाटन गरिएको छ। विवाहित भएपनी राम्रो र खाइ लाग्दो नवयुवक देखेपछि कसरी स्त्रीहरू आकर्षित हुन्छन् भन्ने कुरालाई यस कथाले देखाउन खोजेको छ । 'बौलाहा' कथामा असामान्य मनोअवस्था भएको पात्रलाई पनि निरन्तर ज्ञानका कुरा दिदै जाने हो भने सामान्य अवस्थामा ल्याउन सकिन्छ भन्ने कुरा म पात्रको गीता पाठको निरन्तर प्रयास र बौलाहासँग भएको कुराबाट प्रस्तुत गर्ने काम भएको छ । त्यस्तै 'रिक्सा तान्ने' कथामा हुने खानेहरूका अगाडि दीन-दुखी सधै दुःख पाइरहने र बिरामी हुँदासमेत आराम गर्न नपाइने आफ्ना मालिकले जे भन्यो त्यही मान्नुपर्ने बाध्यतालाई प्रस्तुत गर्ने काम भएको छ । 'मधेशतिर' कथा बिधवाको असामान्य मनोअवस्थाको चित्रण गरिएको छ । खाने लाउने रहरको उमेरमै श्रीमानको मृत्युभएपछि र आफ्नो घर परिवारले नराम्रो व्यवहार गरेपछि सहन नसकी मधेशमा गएर बस्ने र केही गरी जीवन चलाउने अठोट लिएर हिडेकी बिधवा बाटामा नै खाइलाग्दो युवक गोरे सित भेट भएपछि उसलाई मन पराउन थाल्छे र सानो र सुखी परिवारको सपना सम्झाउँछे यस कथामा एउटी अधबैसे बिधवाको यैान मानसिकताको मनोबैज्ञानिक तवरबाट उट्घाटन गर्ने काम भएको छ । त्यसैगरी 'सिपाही' कथामा एउटा सिपाहीको चरित्रलाई उट्घाटन गर्ने काम भएको छ घर परिवार छाडेर देशर जनताको सेवमा लागेको सिपाही कसरी पथ भष्ट हुन्छ र त्यसैले कस्ता कस्ता व्यवहार गर्दे जान्छ भन्ने कुरा सिपाही कथामा देखाइएको छ। यसरी 'दोषी चश्मा' कथासङग्रहका कथामा कथाकार कोइरालाले आफ्नो पूर्वार्द्धको अचेतनमुखी प्रवित्तिका विपरीत चेतन सामाजिक जीवनलाई देखाउने प्रयत्न गरेका छन् । 'दोषी चश्मा' कथामा फ्रायडीय सिद्धान्त अनुरुप अचेतन मनको खोज तथा विश्लेषणको अभिव्यक्ति गरिए पनि बाँकी

कथाहरूमा मानवीय कर्तव्य, मर्यादा र नियतिको अध्ययनमा ज्यादा जोडदिइएको छ । सामाजिक यर्थाथको सीमाभित्र रहेर मानिसको नैतिक दृष्टि, आदर्श व्यवहार, वास्तविक कर्तव्य तथा मूल्यको खोज गर्नु यस कथासङ्ग्रहको महत्वपूर्ण विशेषता हो ।

कथाकार कोइरालाले पश्चात्य चिन्तनको अनुशीलन र मनोवैज्ञानिक साहित्यको अध्ययनको प्रेरणा र प्रभावद्वारा मनोवैज्ञानिक यथार्थवादी प्रवृतिअगाले तापनि तत्कालीन नेपालको राजनैतिक, सामाजिक, प्रशासनिक परिवेशले पनि प्रशस्त प्रभाव पारेको छ । नेपाली समाजको निम्न, मध्य र उच्च वर्गका पात्रीय चरित्रका माध्यमबाट उनले समाजका विकृति र विसङ्गति प्रति व्यङ्ग्यप्रहार गरेका छन् । राणाकालीन पीडा र कुण्ठाले आक्रान्त भएका चरित्रका माध्यमबाट कथाकार कोइरालाले तत्कालीन समाजमा विद्यमान अन्याय, अत्याचार, कुरीति, दुष्प्रवृत्तिहरूको उदाङ्गो रुप देखाएका छन् । मनोवैज्ञानिक कथाकार भएका हुनाले कथाकार कोइरालाले पात्रका अन्तर्तहमा पर्न गएको प्रभावलाई अध्ययन विश्लेषण गरेका छन् । यिनका कथाहरू सामाजिक, आर्थिक, मनोवैज्ञानिक जस्ता विविध समस्याबाट पीडित छन् । नेपाली समाज सापेक्ष पात्र चयन गरेतापनि कोइरालाका कथा पात्रहरू विश्वजनीन मानिन्छन् । तर नेपाली परिवेशलाई महत्व दिएका छन् । कथाकार कोइरालाले आफ्ना सबैजसो कथाहरुमा ‘म’ पात्र माध्यमबाट आफ्नै भाव प्रकट गरेका छन् । सहायक पात्रका रुपमा अन्य पात्रहरूलाई समाबेश गरेता पनि मूल पात्रकै समस्यामा केन्द्रित रही त्यसको विश्लेषणतर्फ कोइरालाको झुकाव रहेको छ । मनोविकृत नारीपात्रहरूको चरित्र–चित्रणमा बढी रुचिदेखाई नारिको असामान्य यौनमनोबिज्ञानको उद्घाटन गर्न कथाकार बढी सफल छन् ।

कथाकार कोइरालाकाकथाका पात्रहरमा एकरुपताको कुशल निर्वाह भएको छ । यिनले सांस्कृतिसापेक्ष पात्रहरूको चयन गरीकथाको सौन्द्रर्यलाई बढाएका छन् । यिनका पात्रहरू मन्द, बुद्धि र हृदय विहीन छैनन् बरु मानवीय संवेदना, धारणा, दर्शन र भावना जस्ता गुणहरूले युक्त छन् । यिनका सबैजसो पात्रहरू सामाजिक आर्थिक राजनैतिक सांस्कृतिक परिवेशअनुरुप रहेका छन् । तत्कालीन नेपाली समाजमा विद्यमान विभिन्न किसिमका समस्याहरूबाट पीडित पात्रहरूको प्रयोगले कोइरालाका कथामा तत्कालीन समाजको यथास्थितिलाई पनि बुझ्न सकिन्छ । कथाका पात्रहरू विभिन्नकारणले गर्दा सामान्य अवस्थाबाट असामान्य अवस्थामा पुगेका छन् । तापनि ती सम्पूर्ण पात्रहरूमा एकरुपताका गुणहरू विद्यमान छन् । कोइरालाले कथा पात्रहरूको चरित्रचित्रण गर्दा प्रत्यक्ष तथा नाटकीय दुवै पद्धतिको प्रयोग गरेका छन् । प्रत्यक्ष चरित्र चित्रणगर्दा कोइरालाले स्वंयम आफैले नै आफ्ना कथाका पात्रहरूका बारेमा पाठकलाई जानकारी दिएका छन् । पात्रहरूको शारिरीक बनावट उनीहरूको रुचि तथा समस्या आदिका बारेपनि कथाकारले नै वर्णन गरेका छन् । नाटकीय चरित्रचित्रण पद्धतिद्वारा पात्रहरूको

प्रयोग गर्दा आफू पात्रका चरित्रका बारेमा नबोली पाठकलाई नै ती पात्रहरूको स्वभाव प्रकृति र रुचि आदि गुणहरूका बारेमा जानकारी लिने अबसर प्रदान गरेका छन् । यो हरेक पाठक बर्गका निम्ति आफ्नै किसिमको दायित्व बनेको छ । अतः 'दोषी चश्मा' कथा सङ्ग्रहमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाले विभिन्न बर्ग अवस्था र परिस्थितिका पात्रहरद्धारा कथालाई कलात्मक मूल्य दिनुका साथै पात्रहरूबका मानसिक संवेदना तथा परिणामहरूलाई केलाउन सफल भएका छन् ।कथाकार कोइराला नेपाली साहित्यकाक्षेत्रमा सदा अविस्मरणीय छन् । आधुनिक नेपाली कथालाई उनले लगाएका गुन साहित्यिक फाँटमा सदैब कोरालाको अनुकरणीय छन् । नेपाली कथा सदैब कोइरालाको ऋणी छ । कथामा मनोबैज्ञानिक यथार्थवादी धारणाको चर्चा गर्ने क्रममा कोइरालालाई त्यसका जनकको रुपमा लिनुपर्ने हुन्छ । यर्थाथमा मूलतः राजनीतिक उद्देश्य भएपनि साहित्यकार र विशेष गरी कथाकार कोइलारा आफै युगान्तकारी र कानजयी प्रतिभाकारुपमा स्थापित छन् ।

# सन्दर्भग्रन्थसूची

## (क) नेपाली पुस्तकग्रन्थ विवरण


- कोइराला विश्वेश्वरप्रसाद– आफ्नो कथा ते.सं.काठमाडौः चेतना साहित्य प्रकाशन २०४० ।
- ........................ 'मोदिआइन' सा.स ललितपुरः साझा प्रकाशन २०६४ ।
- .........................'दोषी चश्मा' -(कथासङ्ग्रह) धै.से, ललितपुर साझा प्रकाशन २०५४ ।
- ...........................'श्वेतभैरी '-(कथासङ्ग्रह) पाँ.सँ.ललितपुरः सफा प्रकाशन २०६४।
- .खनाल, यदुनाथ, साहित्यिक चर्चा,ललितपुर : काठमाडौँ कुलचन्द्र कोइराला स्मृती प्रतिष्ठान, २०५५ ।
- ज्ञवाली, ज्ञानिष्ठ, आख्यानकार विश्वश्वरप्रसाद कोईराला कथा खण्ड, काठमाडौ : हजुरको प्रकाशन २०६१ ।
- गैरे, इश्वरीप्रसाद, आधुनिक नेपालीआख्यान, सिद्धान्त र विश्लेषण, कीर्तिपुर क्षितिज प्रकाशन २०६३ ।
- ढकाल भुपति, विश्वेश्वरप्रसाद कोइलाका उपन्यासहरूमा विचारपक्ष, पोखराः जयनेपाल प्रकाशन, २०५६ ।
- त्रिपाठी वासुदेव, विचरण, काठमाडौः भानुप्रकाशन, २०२८ ।
- त्रिपाठी वासुदेव (सम्पा.), नेपाली सहित्य शृङ्खला -भाग–२) काठमाडौः एकता डिट्रिब्युटर्स,२०५२ ।
- पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (दो.भा.) ललितपुरः साझा प्रकाशन,२४९ ।
- चप्पागाँइ नरेन्द्र र सुवेदी, विश्वेश्वरप्रसाद कोइरालाका साहित्यको समग्र, अध्ययन विराटनगरः प्रतिभा पुरस्कार प्रतिष्ठान,२०५१ ।
- थापा हिमांशु, साहित्य परिचय, दो.सं , ललितपुर साझा प्रकाशन, २०४७ ।
- देवकोटा काशीराम, आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाको र उपन्यासको विश्लेषण, काठमाडौः लुम्विनी प्रकाशन, २०६५ ।
- श्रेष्ठ, दयाराम, नेपाली कथा भाग–४, दो.स., ललितपुरः साझाप्रकाशन ,२०६० ।
- आधुनिक नेपाली कथा पृष्ठभूमि र प्रवृत्ति, पच्चीस वर्षका नेपाली कथा, काठमाडौः ने.रा.प्र.प्र., २०३९ ।
- बराल, ईश्वर, झयालबाट, छै.स., ललितपुर साझा प्रकाशन, २०५३ ।

- नेपाल सरकार शिक्षा मन्त्रालय, हाम्रो नेपाली किताव कक्षा ८ भक्तपुर पाठ्यक्रम विकाश केन्द्र, २०६६ ।
- शर्मा, मोहनराज र लुइटेल, शोधविधि, ते.स. ललितपुर साझा प्रकाशन, २०६२ ।
- शर्मा, मोहनराज, शैली विज्ञान काठमाडौः ने.रा.प्र.प्र, २०४८ ।
- सुवेदी राजेन्द्र(सम्पा.), स्नातकोत्तर नेपाली कथा , ललितपुर : साझा प्रकाशन, २०५१ ।
- शर्मा हरिप्रसाद(सम्पा.), विश्वेश्वरप्रसाद कोइरालाका कथा, ललितपुरः साझा प्रकाशन, २०५० ।
- शर्मा,गोपीकृष्ण र दाहाल, एक भाषा अनेक साहित्य, काठमाडौः विद्यार्थी पुस्तक भण्डार, २०५५ ।

**(ख) अङ्ग्रेजी पुस्तक विवरण**

- आर्थर एक. गउल्ड, हाउ टु राइट फिक्सन, द राइटर्स, म्यानुअल, भाग–२ क्यालिफोर्निया : इ.टी.सी. प्रकाशन, १९७७ ।
- इन्साइक्लोपेडिया ब्रिटानिका, भोल्युम (५–९), प्र.प्र, ब्रिटेनः विलियम वेन्टन, १७६८ ।

**(ग) अप्रकाशित स्नाकोत्तर शोधपत्र विवरण**

- शर्मा, शाारदा, उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्र तथा तिनका दृष्टिकोण र आकाङ्क्षा, त्रि. वि : कीर्तिपुर,२०४९ ।
- न्यौपाने, शान्ति, विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारी पात्रहरूको अध्ययन ,स्नाकोत्तर शोधपत्र त्रि.वि., पद्मकन्या कलेज, २०५५ ।
- आर्चाय, कुमार, विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्व, परिचय र उनका कथा एवम् कथाकाररिताको विश्लेषण र मूल्याङ्कन,स्नातकोत्तर शोधपत्र, त्रि.वि.कीर्तिपुर,२०३७ ।

**(घ) सम्पादित तथा अन्य पत्रपत्रिकामा प्रकाशित लेख रचना विवरण**

- हरिप्रसाद शर्मा, विश्वेश्वर प्रसाद कोइरालाको साहित्यिक व्यक्तित्व, गरिमा, वर्ष १०, अङ्क ८,पूर्णाङ्क ११७,२०४९), काठमाडौ ।
- विश्वेश्वरप्रसाद कोइराला कवितामा प्रकृति, प्रणय र मानवता , समकालीन साहित्य, (वर्ष ८, अङ्क २, पूर्णाङ्क ३०, २०५५) काठमाडौ ।

- रमा सिवाकोटी, निबन्धकार विश्वेश्वरप्रसाद कोइराला, समालोचना र विचारमा, (जीवनचन्द्र कोइरालाद्वारा सम्पादित), काठमाडौँ २०५८ ।
- कुलचन्द्र, मिश्र, हिन्दी साहित्यकार विश्वेश्वरप्रसाद कोइराला,विश्वेश्वरप्रसाद कोइराला: समालोचना र विचारमा (जीवनचन्द्र कोइरालाद्धारा सम्पादित), काठमाडौँ, २०५३ ।
- तुलसी, भट्टराई, विश्वेश्वरप्रसाद कोइराला नेपाली वाङ्मयका ध्रुवतारा, विश्वेश्वरप्रसाद कोइराला समालोचना र विचारमा, जीवचन्द्र कोइरालाद्धारा सम्पा.) काठमाडौँ, २०५३ ।
- कुमार बहादुर जोशी, आधुनिक नेपाली कथाको सेरोफेरो: एक सरसरी सर्वेक्षण प्रज्ञा, (वर्ष १ अङ्क ३.२०२७), काठमाडौँ ।
- अङ्गद, गौतम, कथाकार कोइराला र उनको श्वेतभैरवी कथाको विश्लेषणात्मक अध्ययन, कुञ्जिनी,(वर्ष १ अङ्क १,२०४९), काठमाडौँ ।

**(ङ) अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध विवरण**

- शर्मा, हरिप्रसाद, कथाकार विश्वेश्वरप्रसाद कोइराला:विश्लेषण र मूल्याङ्कन, विद्यावारिधिशोध प्रवन्ध, त्रि. वि कीर्तिपुर,२०४५ ।
- श्रेष्ठ दयाराम, नेपाली कथा र यथार्थवाद, विद्यवारिधि शोधप्रवन्ध, त्रि.वि.कीर्तिपुर, २०३८ ।